श्री

श्रीयूरोप्यात्रा ॥

अर्थात्

स्वस्तिश्री मदति प्रचण्डभुजदण्डेत्यादी श्रीश्रीश्री महाराज मेजर जनरल
सर चन्द्रसमशेर जङ्गबहादुरराणा,जी.सी.बी. जीसी.यस्.आइ. आण्ड
डी.सी.यल्. अनेरारि कर्णेल फोर्थ गोर्खाज् थोङ्.लिन्.
पिम्माको.काङ्.वा.स्यान्. हाइम्मिनीष्टर
आण्डमार्शलका यूरोपको सफर

गोर्खा भषा श्लोकबद्ध ।

श्रीकम्याण्डरकर्णेल लिलिसमशेर थापाक्षत्री विरचित

सम्बत् १९६७ साल ... पलका अवस्थाले ...
... जगतलाइ पालनागर्छे जस्देखी साराज...
... बिल्कूल फरकरहन्छ यस्ती अनन्त कोटीब्र...

☞ यो श्रय ग्रन्थ ...गको भेटघाटको वयानसमेत् लेखिपाकोछ. चो...
पण्डित् नरदेव,मोतिकृष्ण ताहाँका आश्चर्यदायकवस्तुहरु अर्थात् येककोठाम...
नेप ...तिगर्नुहुने इत्यादी कल्कार्खानार ताहाँका पाहाड भ...
... बिरकको भेदर डुरुमुरुकोवयान् औ ताहाँदेखी सवारीफि...
...छापीछ श्रीरामेश्वरपुगी तहाँकातीर्थस्थानर देवदर्शन घेरैदानहरुम...
...ा भित्रीबक्स्या सम्मको वयान लेखियाकोछ.

भूमिका

सैबसज्जनहरू मा प्रकहार्क श्री ३ महाराज सर चन्द्रसंशेरजङ्गबहादूरराणाको बेलायेतसवारी भयो भन्नेबात सबै छोटाबडा द्वा॰आइहरुले सुनेकोर सोचूरोपखण्ड आहादेखीन् कतातिरपर्छ कतिटाढाछ कुनबाटोजानुपर्छ सुखदुखादी र काहाँ काहाँ कुनहिसाबसँग भोगगर्नुपर्छ फेरी श्रीको सवारी केकारणमागया केहो कस्ता कस्ता देश कुन कुन रङ्ग रूपका रहेछन् भन्नेइत्यादी सबैकुराको सबैलाइ तेसैमाछम नहुने हुनाले आहा देर् चार हजार कोशटाढा महा समुद्रको बाटो गरी जानुपर्ने तलबितल क्योभने ज्यान्को खा हुने बहुतै मुस्किलको सफर श्री ३ महाराज बाट आफ्ना भाइ भतिजा छोराहरूलाई र अरु अफिसरहरूलाइ समेत साथमा लिई कैयेक मैनालगाई सवारि भयाको पूराहाल सबैलाइ जाहेरहोस भन्नेहसाबले उठान देखि बैठान सम्मको कुरालाइ चारकाण्ड बनाइयाकोछ पैलो 'प्रस्थानकाण्ड' जस्मा पैलेवारि हुनालाइ कुन बन्दोवस्त भयो कहाँकहाँ सवारीभयो भन्ने इत्यादि बम्बैसम्म सवारी पुगेको दिनको कुरा लेखियाकोछ दोश्रो समुद्रकाण्ड जस्मा समुद्रकोसफर अर्थात् समुद्रको सफरमा कस्तो दुख्ख हुदोरहेछ बीचबीचमा कस्ताकस्ता टापुहरु रहेछन् ताहाँका बासिन्दाहरूले श्रीकोस्वागत कुनतरिक सँग गरे भन्ने विषय हरूछन् तेश्रो 'लण्डनकाण्ड' जस्मा श्रीको सवारी बेलायत पुगेपछी कुनहिस सँग स्वागतगरी सवारीचलाये बादूशाहबादशाहज्यादी प्रीन्स ड्यूकलार्ड इत्यादि ठुल्ठुला मान्य हरुसँग कुनकाइदा सँग भेट मुलाकातर बातचीतभयो जङ्गीफौज, जहाजीफौज, कलकारखाना नाचघर तमासा अरु बिचित्राबिचित्र कुराहरु जोजो देखिये सो सबैको बर्णनर श्रीले जी.सी.बी पदवी अरु ठुल्ठुला बीरहरुले पाउने पदवीर डि.सि.यल. ठुल्ठुला बिद्वानहरूले पाउने पदवी पाईबक्स्याको बात बेलायेत सहरको सौन्दर्यर बेलायेतको पैलेको अवस्थादेखी अैलेकोअवस्थातकको वर्णनर प्रसङ्गबस्देखी साराजगतश्रृष्टिहुन्छ जोसबजगतलाइ पालनागर्छ जस्देखी साराजगतको संहारहुन्छ जस्मा राजगत अडियेकोछ जो जगतदेखी बिल्कूल फरकरहन्छ यस्ती अनन्त कोटीब्रह्माण्डकी मालिकभयाकी श्रीकामाक्षाकोस्तुती औ मृतजन्हरूसँगको भेटघाटको बयानसमेत लेखियाकोछ. चौथो प्यारीसकाण्ड जा प्यारिससहरको बिचीत्रसौन्दर्य ताहाँका आश्चर्यदायकबस्तुहरु अर्थात् येककोठामाबसी बिनातारसँग यूरोपखण्डका मानिसहरूसँग बातचीतगर्नुहुने इत्यादी कलकारखानार ताहाँका पाहाड मैदान दर्बार इत्यादिकोबयान् प्रसङ्गमा गृहस्थीकोर बिरक्तको भेदर दुखसुखकोबयान् औ ताहाँदेखी सवारीफिरी सुइजलण्डरोमकोबाटो गरी जहाज्माचढी श्रीरामेश्वरपुगी तहाँकातीर्थस्नानर देवदर्शन घेरैदानहरूसमेतगरी लङ्काबाट नेपाल सिंहदरबारमा भित्रीबक्स्या सम्मको बयान लेखियाकोछ.



श्रीगणेशाय नमः ॥

यूरोपयात्रा ।

अर्थात्

स्वस्तिश्री मदतिप्रचण्ड भुजदण्डेत्यादी श्रीश्रीश्री माहाराज मेजर जनरल सर चन्द्रसम्शेर जङ्गबाहादूर राणा जी. सी. बी. जी. सी. यस्. आइ आण्ड डी. सी. यल् आनेररि कर्णेल् फोर्थगोर्खाज् थोङ् लिन् पिम्माको काङ्वाङ्स्यान् प्राइम्मिनिष्टर आण्डमार्श्यल् का यूरोप् को सफर

अथ प्रस्थानकाण्ड ॥

रावण्मारि उतारि भारि भुमिको फर्की अयोध्यामहा ।
नीतीरीति विचारलाइ चतुरा मन्त्रीहरूछन् जहाँ ॥
तिन्काबीच बिचित्रगद्दि उपरी राज्भै सिताकाखमा ।
राख्न्या रामजिका चरण्शरणभै कीर्तीरहोस् लोकमा ॥ १ ॥
घाँटीकाबिषले शरिर्गरमिदा होलाकि शीतल्भनी ।
श्रीपेचैसरि चन्द्रलाइ शिरमा लाई कलाधर्बनी ॥
नाच्ता शङ्करले प्रसन्न मनले हेर्न्या जगत्ब्यापिनी ।
श्रीगुह्येश्वरिले गरुन् सकलको रक्षादुरापद् छिनी ॥ २ ॥
ईश्वर्लै सबयो चराचरजगत् सृष्टीगरी पालना ।
गर्नाखातिर आदिराज मनुका मुख्देखि खल्ताडना ॥
कानुन्जङ्गि चलाइ बक्सनुभयो राज्काजका निंतिमा ।

सोजान्दा महाराजको पनि प्रताप् पौच्यो ठुलागिन्तिमा ३
राजालाइ अवश्य रैतिहरुले बाबूइनैहुन् भनी ।
जान्नैपर्छ नजानि हुन्नकहिल्यै कल्ल्याण् कसैको पनी ॥
छोरालाइ इलम् शिकाइ बढिया बाटो लगाईदिनू ।
बाबूले नगरीदिया जगतयो बिग्रन्छ जानी लिनू ॥ ४ ॥
देश्देशान्तरमा प्रजा लखपती सौखिन् पढेकापनी ।
देख्ता कुन्रितले हुनन्तिनसरी मेरा प्रजा झट्भनी ॥
बुझ्वाज्गर्न सवारिहुन्छ जसको उस्ताप्रभूको अहा ।
यात्रा वर्णन गर्दछू अलिकती धेलैंख्नशक्छू कहा ॥ ५ ॥
एक्ले[1] दूइ[2] विचार्गरी तिनपनी[3] चार्लैवसैमागरी[4] ।
पाच्लाइ[5] जिती षट्[6] बुझीकन खराप् सात्लाइ[7] त्यागैगरी ॥
जान्नालायकका कुरा मनमहा संझेर छल्फल्गरी ।
राज्गर्दा महाराजको यसपनी भोचन्द्रमाकैसरी ॥ ६ ॥
निन्द्रातन्द्रा क्रोध आलस्य भीती । दीर्घीसूत्री दुष्टइन्लाइ जीती
हड्वड्कर्त्तीचित्तमावासनगर्दा । झल्क्योकीर्ती लोकको तापहर्दा
योकाम् गर्नसकिन्छ योगरिपछी देखिन्छ कल्ल्याण् पनी ।
गर्दामा पनि हुन्नतक्लिफ रती यैकाम् असल्हो भनी ॥
जानीफुल्फुलमा घुमी रसलिई रच्दा फुलैको गरी ।
डुल्न्या वेस् भ्रमरा दियेर उपमा पाल्नूभयो योघरी ॥ ८ ॥

१ असल्बुद्धि २ असल्कसल् ३ मित्र उदासीशत्रू ४ सामदान भेद दण्ड ५ वाक् पाणी पाद पायू उपस्थ पञ्चेन्द्रिय ६ कामक्रोधलोभमोह मद मात्सर्य ७ स्त्रीसेवाजूवा शिकार मद्यपान दुष्टबचन् क्रूरदण्ड अर्थभूषण

जस्कोनाम सुनेर राजनहरू वस्छन् अदब्मा परी ।
लेख्छन्अर्जि मपाँउ दर्शन भनी सामान्य जन्ले सरी ॥
जस्कोयश् कालिमा विचित्रछ ठुलो इङ्ल्याण्ड लन्डन् शहर् ।
उस्ता श्रीएडवर्ड राज नृपको लागेर मन्मारहर् ॥ ९ ॥
स्वस्तिश्री महराज चन्द्रसमशेर्जङ्का उपर्प्रीतिको ।
आयोपत्र हजूर आउनु भया एक्पल्ट वेस्मैत्रिको ॥
हुन्थ्यो वन्धन मजबुती पछितलक् भंन्या जसै यैवखत् ।
पाल्नूभो महाराज्पनी सुगमले छाडेर आफ्नू तखत् ॥ १० ॥
यूरोप् जान तयार्भई जननिको गर्छू मदर्शन् भनी ।
मन्माश्री प्रभुका हुदा मनहरा फाट्मार टार्मा पनी ॥
वग्गी जान हुन्या सडक् वनिगयो साँखू तलक्को जसै ।
कार्यै सिद्ध हुन्या सुचन् यहिभयो वग्गी गएथ्यो जसै ११
जस्ता रित्सित रथ्पुग्यो जननिछ्यौ अड्काउ कत्ती नभै ।
उस्तै रित्सित यश्पनी प्रभुजिको फैल्यो युरोप् सम्मगै ॥
जस्तो सुन्दर मार्ग योवनि गयो मीली मिली वेस्जहा ।
उस्तैकाम मिली मिली सववन्यो वाँकी रहन्थ्यो कहाँ ॥ १२ ॥
प्रभुजिले दरशन् गरदामहा । असलसूचन साफ मिल्योतहाँ ॥
जननि जानिलिनू इततारिणी । मणिचुरै मणिपूरनिवासिनी ॥
वरषवाहशये अधिभूमिमा । वडधमत्हुनगै सवमाशिमा १३
सकलढाकिलियो यसलेइरान् । मुलुकदेखिलिई पुगिफेर्जपान् ॥

१ वादशाह २ समुद्रपार्को प्रदेश

उतरमा चिनसम्म पुगेरयो । दखिन साँधभई महिसूरको १४
तवत वेद धरम् डुबनै तयार् । हुनगयो मत फैलिनगै अपार् ॥
निगमधर्मखडा गरनैभनी । हुनगयो शिवको अवतारपनी १५
द्रविडदेशविशे द्विजविश्वजित् । हुनगयाइनका सुतकामजित् ॥
वरषपाँचहुदा भइव्रर्तउन् । बरषआठभई कनफेर्जउन् ॥ १६ ॥
सकल शास्त्र पढीकन पारभै । जितन लागिगया चउतर्फगै ॥
उनत्रिशङ्करजी मतबौद्धको । जितनलाइ न्यपालहिपाल्नुभो ॥
मणिचुरै उपरै जव पुग्नुभो । चलन तागत हीनतही भयो ॥
किनजहायसरी गतिबन्दभो । भनिफिकर्इनका मनबढ्नगो ॥
यसइकालबिषे दहिकोघडा । शिरउपर्धरि सामुमहा खडा ॥
हुनगईकन ग्वालिनि सोधनी । गरनलागि गइन् रसिलीबनी ॥
किनजहा यसरीअकडीगयौ । कसरि सानुमती सरि काभयौ ॥
गरभजन् तिमिशक्ति शरण्परी । खुलनजान्छ गतीबुझयैघरी ॥
जवभनिन् तवखुल्न गयोमती । शरणमापरदा खुलिगोगती ॥
जननिकामहिमा यशचालका । बुझअसंख्य नदीसरीवालुका ॥
वजरयोगिनी नामलिई हजुर । गरनुहुन्छदया सवकाउपर ॥
सुफलसिद्धगती प्रभुकोवहाँ । हुनगयोशरणे परदाजहा ॥ २२ ॥
जननिकागिरछन् जसकाउपर । अणुसमान कटाक्षकृपानजर ॥
उजनकोमनको सवतापगो । जुनसमान प्रताप प्रकाशभो २३
सारा पल्टन लाइ हाजिर गरी सब्का अगाडी महा ।

१ शंकराचार्य

इस्पीचै प्रभुवाट बक्सनु भयो अर्ती समानै तहाँ ॥
राजा रैयतको भलाइ निमती जान्छू मता योघरी ।
सर्कारकौ बढिया चिताइ सवले वस्नूज्महा रांररी ॥ २४ ॥
कम्याण्डर् इनचीफका अधिनमा चल्नु सवैलेञ्महा ।
सोझो चालचलेर हर्त्तरहले तत्परह्या कांमहा ॥
लन्डन् वाट फिरी कसूर तजिले येतिगरी छस्भनी ।
कोहिलाइ सजाय गर्नु नपरोस् भंन्या हुकुंभो अनी ॥ २५ ॥
माहाराजधिराजका हजुरमा हुन्छू म वीदा भनी ।
पाल्नूभो प्रभुनाथ मुख्य दरवार्नारान्हिटीमा पनी ॥
जानूपर्छ वहूत लामु परदेश् कष्टै उठाई अती ।
श्रीकाली सवकी सहाय हुनगै तक्लिप् नहोस् येक्रती ॥ २६ ॥
निर्विघ्नै सित फर्कि आइ यसरी चाँडै हवस् भेट्भनी ।
श्रीपाच्ले पहिराइ वक्सनु भयो माला समेतै पनी ॥
श्रीका वाहुलिमा असल् फलपनी वक्सीस् भयेथ्यो जसै ।
साहै दीलपनी उदास हुनगो एक्दं सवैका नसै ॥ २७ ॥
उन्डैस्सै चउसाठ्ठि साल् चइतका पच्चिस् गते सोमवार ।
साढे येक वजे मुहूर्त वाढिया पारेर ठिक्भो तयार ॥
पाल्नूभो अधिराज चीफ जनरल् साहेब् लगायत्सवै ।
ठुल्ठूला अफिसर्हरू लइनका कर्णैल म्याक्डोनलै ॥ २८ ॥
डाक्टर् वर्डनहेरु हाजिर भया दस्तुर्मुताविक् गरी ।

शोभा बेस बढाइ सिंहदरवार् ढोका विषे तेस्घरी ॥
ईश्वर्ले महाराजको जय गरुन् इच्छा पुऱ्याई दिउन् ।
दर्शन्जल्दिदिलाइ फेरिसवको चिन्ताउतारी लिउन् ॥ २९ ॥
यस्तो मङ्गल शव्द निस्कन गयो मुख्देखि सब्का जसै ।
स्यालुट् व्यान्ड विषे बज्यो श्रवणले गान्सुन्न लाग्यो तसै ॥
माला धूप घडा खडा कदलिका खम्बाछ जुन् द्वारमा ।
तेस्देखी प्रभु निस्कि वक्सनु भयो नागेन्द्रका सारमा ॥ ३० ॥
लावा फूल अवीर बर्षण सही घोडा चढी बक्सियो ।
तेसै औसरमा ठुलो शवदको तोप्ले सलामी दियो ॥
दाजा बाउँ खडा थिया सडकका इष्टाफ् बसेका पनी ।
हेर्न्याजन्[1] तिनका पछिल्तिरबासि हेर्थ्या अहो भाग्भनी ॥ ३१ ॥
आदर्साथ सलामि सब् जगतको फर्काइ दिह्ले तहाँ ।
कल्ल्याण्[2] दायक भद्रकालि पदको ध्यानूराखि वेस्मन्महा ॥
टूडीखेल् पुगि बक्सिदा फउजले स्यालुट् वजाई लियो ।
आकस्मिक् मृग[3]आइ सूचन असल् ताँहि वताई दियो ॥ ३२ ॥
लौहै जान्छु मता बस्या तिमि हरु राम्रा हिसाब्ले गरी ।
भन्दामा प्रभुले नयन् जल[4] बह्यो रोक्नै नसक्न्या गरी ॥
पानी घाट तलक् पुऱ्याउनु असल् यैधर्म पालन् गरी ।
भाइ बन्धु फिराइ बक्सनु भयो पुग्दा कमल्पोखरी ॥ ३३ ॥
लावा फूल गुलालका भरि भरी किस्ति अगाडि गरी ।

१ तमाखाहेर्नें २ लुमडी ३ कृष्णसार ४ आँसु

पुर्वासी जनहेरु बाल बंनिता बूढा जवान्का सरी ॥
लाग्या वर्षण गर्न खुप् छरि छरी रथ्का उपभैं भरी ।
थाङ्कोट्सम्म दुवैतरफ्भिडथियो मानू कमीला सरी ॥ ३४ ॥
पच्लीभैरवका नजीक प्रभुजी पुग्नूभयेथ्यो जसै ।
मुर्दा कोइ भिल्यो असल् फलादिन्या साइत् बुझाई तसै ॥
कालीमाटि महाँ सिंबिल् जनहरू हाजिर्थियाभक्तिले ।
लाग्या गर्न सलां जयेजयभनी रक्षागरुन् शक्तिले ॥ ३५ ॥
बैह्लालाइ पनी नआबसभनी मानू बुझायासरी ।
उन्डैस् फैर सलामि तोप् तहिभयो जादा पुलैपार्तरी ।
थाङ्कोट्मा रथवाट उत्रिप्रभुले टीफीन् गरी प्रेमले ॥
सेवा खातिरमा तहाँ जतिथिया तिन्लाइ एक्वातले ॥ ३६ ॥
वीदा वक्सनुभो तथापि मनमा सब्लाइ गाह्रो भयो ।
श्रीका दीलमहापनी अलिकती दिक्दारि पस्तो भयो ॥
आफ्नू देशभलाइका निमतिले जान्छू मता यो घरी ।
यस्तो दील महाँ विचार हुनगै मन्मात धैर्यै गरी ॥ ३७ ॥
साहस्का किरणै फिजाइ रसले चिन्ता सबैको हरी ।
पर्वत् पारगरि बक्सियो पलकमा ताम्दानमा राज् गरी ॥
चित्लाङ् देखि सवारिभो हय उप कैल्हेत ताम्दानमा ।
यस्तै रित्सित पौंचि वक्सनु भयो केहि छदै दीनमा ॥ ३८ ॥
चीसा पानि महाँ थियो बटुक दल् तेस्ले सलामी दियो ।

१ जनाना २ निजामति ३ वग्गी ४ दिउसोको चमेना ५ चन्द्रागिरी ६ घोडा

तोप्को फैर हुँदा चहूँ तरफका पर्वत् हिलाई दियो ॥
त्योरात् राज भयो तँही सुगमले शीतल् हुनाले गरी ।
भोलीपल्ट बिहान सात बजदा कुच्भै ओह्रालो झरी ॥ ३९ ॥
भीँफेदी पुगि बक्सिदा रिफलले दीयो सलामी जसै ।
लौजाऊ मकुवान पुर्वसभनी हूकुं भयो झट् तसै ॥
पुर्वैदिग्तिर आठ कोश् परथियो भिंफेदि देखी जहा ।
कर्णैल् जीतवहादुरैकन मिल्यो तेस्को कमान्सब् तहाँ ॥ ४० ॥
हूकुं पाइ बजाइ स्यालुट फउज् वीदाभई गैगयो ।
लायक् तालिम यो रिफल् प्रभुचरण् देखी अलिक् दुर्भयो ॥
रोगीको दुख देखि दुखित भई सोहर्न लाई भनी ।
अस्पत्ताल खुलाउन्या हुकुमभो धर्मार्थ दानी बनी ॥ ४१ ॥
ढोका फेदि तलक् प्रभू पुगनुभो कार्पेटमा राज्गरी ।
भैसेतक् हयमा भिछाखुरि तलक् पाल्की उज्यालो गरी ॥
ताहाँ देखि प्रभू चढेर रथमा विर्गञ्जतक् पाल्नुभो ।
ताहाँका अमला महाजनहरू कोदिल् खुशी पार्नुभो ॥ ४२ ॥
चन्द्रैको दुतिया महा झल्कि गरी क्यैदीन बाकी महा ।
लाग्या दर्शन गर्न बाल बनिता झूकाइ शिर्सब् तहा ॥
पेस्की गारदका अफीसर हरू हाकिं अमाला पनी ।
चोर्नैगाऊ नजिक्थिया तिसवले सत्कार्गर्न्या नाथ्भनी ४३
गोर्खाली बलिया सुरा बिरहरू सेवा गरौं बेसभनी ।

१ घोडा २ दुजका चन्द्रमा

गर्मीका दिनको प्रवाह नगरी प्राण् सम्म दानी बनी ॥
दौड्या केहि सिपाहि सङ्ग प्रभुको एक्जात् नछाडी जसै ।
तिन्माथी करुणा गरी हपकिले भोभो हुकुंभो तसै ॥ ४४ ॥
हूकुं शुद्ध नटेरि झन् झनाहिडी बिर्गञ्जतक् जोगया ।
तिन्को साहस देखदा प्रभुजिका लागेर मन्मा दया ॥
ईनां बक्सनुभो पुगेर मुरली दर्वार मा राज् भयो ।
साढेपाच बज्यो अलिक्शितलभै सब्को थकाई गयो ॥ ४५ ॥
बाहादुर्करणैल मातहतको भयेर हाफ् कम्पनी ।
रैफल्ले पहरा दियो मुरलिमा जङ्गी कडाका बनी ॥
सत्ताईस गते महाजन प्रजा आई शरण्मा पर्‍या ।
ईश्वर्ले महाराजको जयगरुन् भंन्या पुकारा गर्‍या ॥ ४६ ॥ *
महाराज्का गाथ्मा तकलिफ नहोस् एक् राति भनी ।
हिफाजत्का लागी बृटिस सरकार्रक्षक वनी ॥
खटायाका लेफ्टेन् वाइलि पहिला भेट् गरु भनी ।
तुरुन्तै आयाती मुरलि दरबा हेर्न पनी ॥ ४७ ॥
बडालाठ्को चिट्ठी गजप सित आयो यहि घरी ।
थियो तेस्मा यस्तो लिखत महाराज्को गुण भरी ॥
गयाका कार्तिक्मा अलिकति मिलोस् बन्दुक भनी ।
बृटीस् सर्कार्लाई जुन लिखतगो लेटर बनी ॥ ४८ ॥
महाराज्को ल्याकत् इलम शिल नेक् चाल् चलनमा ।

पुरा पत्त्यार्मानी वृटिश सरकार्ले मगनमा ॥
दियाका पच्चिस्सौकन नगनि फेरी अझ बरू ।
हजारै साढेसात् अरपण मगर्छू यति अरू ॥ ४९ ॥ *
चिठिपनि जव बाची सिद्धियो तेहि वेला ।
दिनपनि छिपिदैगै बज्नगो वाह्रेखा ॥
वहुतदिन विचार्को कार्य सिद्धी भयाको ।
बुझि कन महाराज्को दीलभो ताप् गयाको ॥ ५० ॥
असल बखत पारी राखिभेटी सवैले ।
जय जय महाराज्को भन्नलाग्या क्रमैले ॥
यतिगरि महाराज्ले पोरसाल् पक्रियाका ।
गंजहरुत नजर्भौ चालमा साधियाका ॥ ५१ ॥ *
हावा खान सवारिभो प्रभुजिको साढेछबज्दा महाँ ।
एक्छिन् मात्र घुमी सवारि फिरदा दिन् अस्त भैगो तहाँ ॥
त्योरात् ताँहि मुकाम् गरी चइतका अट्ठाइसै दिन् गयो ।
बीही बार स्वदेशछाडि महाराज् रेल्मा सवारी भयो ॥ ५२ ॥
बग्गीमा चाढि पाल्नुभो सडकका दूवै तरफ् भिड् थियो ।
जोडीले रकसोल जान खुशिभै रस्ता सडक्को लियो ॥
इस्पेसल् महाराजलाइ परखी जाहाँ अड्याको थियो ।
ताहाँ श्री प्रभुउत्रि वक्सनु हुदा शोभा बहूतै भयो ॥ ५३ ॥
मिष्टर्आर्यसर्ग्रान्सिाडिल्स कलट लैंफटेनन्ट वाइली अरू ।

१ सूर्य २ घण्टा ३ हात्ति

डिस्ट्रीक् सूपरिटेन्ट पूलिस समेत् मेजर्सुवेदाहरू ॥
आई स्वागत वेस्गर्‍या प्रभुजिले आफूभनी जोगया ।
तिन्लाईबसलौ मखूशिछुभनी भन्दा मलिन्ती भया ॥ ५४ ॥
रेल्ले सीटि दियो तसै बखतमा जल्दी महिड्छू भनी ।
पैतालीस मिनेट आठ् वजिगयो रक्सोल छाड्यो पनी ॥
पुग्दा राम् गढुवा तहाँ पनि पुलिस् आई सलामी दिया ।
इन्तेजाम निमित्त उस्तरफका पैल्है वसेका थिया ॥ ५५ ॥
आधा कम्पनि वाडि गार्ड रइफल् रेल्मा प्रभू सङ् थियो ।
पङ्खा विंद्युतका थिया तरपनी रेल्मा गरम्ले पियो ॥
येक् वज्दा मजफर्पुरै पुगिगई मीनेट पन्ध्रै रह्यो ।
चार्वज्दा पलजापुगी त्रिपथगा दर्शन्मिली पाप्वह्यो ॥ ५६ ॥
ध्वाकस्मा चाडि पार्हुदा पवनक्यै शीतल् भई दिल्महाँ ।
आँल्हादै हुनगो पुगेर उसपा फेरी चढी रेल्महाँ ॥
साढे पाँच वजाइ रेल पुगिगो वाकीपुरैमा जसै ।
डिष्ट्रिक् पोलिसडीपुटी र कलट आँयेर साम्‌ू तसै ॥ ५७ ॥
लाग्या गर्न सलाम स्वागत समेत सत्कार प्लेट्फार्ममा ।
ष्टेसन् वाहिर वग्गी हाजिर थियो थिया कती मार्गमा ॥
ष्टेसन् देखि निकै परैछ तिरमा गङ्गाजिको जुन्महल् ।
माहाराज टिकारिको छनपनी थियो पर्‍याको पहल् ॥ ५८ ॥
येसैमा महाराज राज् गरनुभो शीतल् हवा चल्दथ्यो ।

१ बिजुली २ भागीरथीगङ्गा ३ हावा ४ आनन्द ५ सिंगारेको ६ रेलबाट उघने जग्गा

गङ्गाजल् शिरमा छरेर मुखमा पर्दात पाप् जलद्थ्यो ॥
नर्नारायणं साह पेस्कि अफिस श्रीभक्त सुव्वा भई ।
राजी सब्कन राखदा तिदुइले आनन्दमा रात्गई ॥ ५९ ॥
भोली पल्ट विताइ ताँहि भरदिन् ठिक् सात् वजेथ्यो जसै ।
वाकीपुर्कन छाडि रेल दगुर्‍यो हावा समान् भैतसै ॥
भोलीपल्ट विहान सात बजदा पुग्यो जवल्पुर्जसै ।
स्यालुट् व्यान्डविषे वज्यो प्रभुजिको ल्हेट्फारमैमा तसै ॥ ६० ॥
झन्डा हातमहाँ लियेर पलटन् केही वस्याको थियो ।
देख्तामा प्रभुलाइ खूसि मनले तेस्ले सलामी दियो ॥
माहाराज् जब उत्रिवक्सनु भयो ल्हेट् फार्ममा तेस् घरी ।
लाग्यागर्न सलाम स्वागत समेत् हाकीं हरू वेसरी ॥ ६१ ॥
मिष्टर्ब्यानर्हसेटै डिपुटि कमिसनर् आदिकेही पुलिस्का ।
हाकिं वाटैत सत्का हुंनगइ प्रभुको खुस्भयो दील सब्का ॥
ढुंडीराज् साहि कर्णैल् मुनसि मदनमोहनै ताँहि जाई ।
साहैखूसी भयाती चरणकमलको स्वागतै गर्नपाई ॥ ६२ ॥
राजा गोकूल दास्को उपवन विचको वङ्गलामा भरी दिन् ।
वीताई चारवज्दा चढिकन रथमा डुल्नुभो नाथएक्छिन् ॥
आठ्वज्दा वेलुकाको गरिकन जिउना भोसवारी ष्टिसन्मा ।
पैल्हेकाझै सलामी लिइकन सवका दीनुभो हर्षमन्मा ॥ ६३ ॥
नौवज्दा छाडिजब्वल्पुर प्रभु खडुवा पुग्नुभो पाँचवज्दा ।

१ वघेचा

कर्णैल् कीशोर पेस्की भइकन सवको सुख्भयो काम पुग्दा ॥
ताहाँ राज्भै छघण्टा गरिकन जिउना फेरि ईगत् पुरीमा ।
पुग्दाघण्टा बज्योषट् दिं[1]नकरमलिना देखिया गै गिरीमा[2] ॥ ६४ ॥
मेज गेङ्गाबहादुर् इगद्पुरिमहाँ पेस्किको कामलाई ।
पण्डीत श्री काशिनाथ्ले सगभइ रहदा ठिक्भयो कार्रवाई ॥
शीतल्साह्नै हुनाले गरमि दिनमहाँ बस्नलाई युरोपिन्[3] ।
जान्छन् जस्कानजिक्मा झिलपनिबाढिया हेर्नलायक्छयक्छिन्
येसैझिल्देखि पानी शहर भर भई कामदीन्या भयाको ।
अब्धी जल्देखि नाप्या दश सत दुइवा फींटउच्चा भयाको ॥
थुल्घाट्को टाकुरामा असल बँगला जोथियो तेसमाहाँ ।
रात्भर्राज्भोप्रभूको झिलिमिलिगरन्या बल्दथ्याबत्तिताह्ना ६६
बैशाखको दुइगते सउँवार बाह्न ।
बज्दा सवारि कुचभो कमिला समान ॥
मानीसको भिड हटाउन लाइ ताहाँ ।
थीया पुलीस पनी बाह्न लिई कमान ॥ ६७ ॥
पाहाड छेडिकन रेल हिडाइयाका ।
धेर्छन् सुरङ्ग निसपट्ट अध्या भयाका ॥
तेस्ता सुरङ्ग तिनपार गरेर जादा ।
देखेर उच्च पुल छक्क भया गयाका ॥ ६८ ॥
टल्कन्छ पानि टलटल् तल तीर तीर्मा ।

१ सूर्य २ अस्ताचल ३ अंग्रेजहरू

देखिन्छ रेल दगुन्या झज्ञि माथि भीर्मा ॥
सुरङ्गका नाजिक पुग्दछ रेल् जसैता ।
थाक्ता हिड्या झज्ञित हिड्दछ रेल् तसैता ॥ ६९ ॥ *
ताहाँ बाट हिडी रिभर्सिङ पुगी ड्राइभर्हरू[1] रेलको ।
लाग्या बक्रगती गराउन भनी फेर्फार्गरी चालको ॥
माहाराज समेत उत्रनु हुदा उत्र्या अरू ष्टाफजन् ।
हेर्दासो सवकाम फुर्तिसितको सब्कोभयो खूसिमन् ॥ ७० ॥
दिन्कोठिक् चारबज्दा स्पिशल प्रभुजिको बम्बई दाखिलैभो ।
भिक्टोरीया भनी फेर् टरमिनस समेत् नामहो ष्टेसनैको ॥
ठूलो राम्रो चमत्कार् साहित अरको छैन यस्का सरीको ।
पैल्हाहो ष्टेसनैको बुझिलिनुजनले इण्डियादेश्भरीको ॥ ७१ ॥
रातो रङ्को बढीया बसन[2] सवमा छापिलेट् फारमैमा ।
लावा फुल्का र माला वारिपरि बिचमा टाँगिबिछ्याइ भैमा ॥
गार्डै आफ् आनरैका दशउपर शये बीरजन् ताँहि थीया ।
दर्शन्पाई प्रभूको झटपटतिनले स्यालुटै झारि लीया ॥ ७२ ॥
स्यालुट्को शब्द निस्क्यो मधुरस्वरगरी ब्याण्डदेखी जसैता ।
झल्का दीयो किरिज्ले अफिसर करको[3] भैबिजुली तसैता ॥
मेजर् जेम्यान रिस्मीथ् सरजन पिपिकेल् केलिफेरी कलेक्टर् ।
संसुद्दी काड्रि फेरीगभरनर जिका एडिकाङ् फेर्मजिष्टर्[4] ७३
पेस्की काम्मा गयाका जयपृथिविबहादूर इत्यादि लीन ।

१ रेल्चलाउने २ कपडा ३ हातको ४ वम्वैकागभर्नर्का अड्पहरिया

आयाका ताँहिथीया प्रभुकन खुसिभै स्वागतै सुद्ध दीन ॥
गुर्ज्यू हेरम्बराज्ले पनि तँहि दिनुभो हाजिरै सामु जाई ।
खूसीदिल्भो सबैका दिलभर प्रभुको स्वागतै गर्नपाई ॥ ७४ ॥
गाथ्मा रुइदा[1]रिपोसाक् पहिरि प्रभुजसै चढ्नुभो बेसरथ्मा ।
लाग्या येति पछाडी प्रभुसित क्रमले कुच् बजायेर पंथ्मा ॥
एडीकाङ्ले सहित्भै कलटर पछि फेर् जङ्गि पोसाक लाई ।
सत्रोटाबाडीगार्डै गवरनरजिका हिड्दथ्या तेज्बढाई ॥ ७५ ॥
चार्दिन्का निंतिचौगुन् च[2]तुर शत दिई चादिका चक्रखण्डा[3] ।
मालावाका शिखर्मा बृटिशसरकार्ले लियाकोत ठण्डा ॥
बंगाला कृष्नदास्को उदय गिरिभयो चन्द्रको त्यैघरीमा ।
[4]प्रत्यक्ठाम्मा कलाका किरणपानिगिरी छाइयोक्षण्भरीमा ७६
किल्लादेखि छुट्यो तोप् गरज अतिगरी फैर उन्डैस ताहाँ ।
पाल्नुभो श्रीमहाराज् भनिकन सबका ज्ञानभो दीलमाहाँ ॥
आधा घण्टा बिराजी श्रमजव सबले दुर्भयाकोत जान्या ।
आफ्नाजंगीअफिसर् हरुकनसगली मार्सिलिज्सम्मजान्या ॥
जाहाज् हेर्न्या इरादा गरिकन प्रभुजी पाल्नुभो फेरि ताहाँ ।
मोटर्काको पछाडी अरुजन दगुऱ्या शोभिइ बग्गि माहाँ ॥
[5]सीटीआफ्भायनाको कतिगरुमबयान् सज्नतक्सज्जियाको ।
हेर्दामा हेरन्याका नजरबलजफत् खैचिईवाधियाको ॥ ७८ ॥
ठूलोराम्रोछ चोटा वि[6]जुलि जडितभै रङ्गरोगन् भयाको ।

१ वाटामा २ सोह्रसय ३ रुपैंया ४ एकेक ५ जाहाजकोनाउ ६ विजुलिवत्ति

हिड्ना डुल्ना र बस्ना कनपनि परतक् साफजग्गा भयाको ॥
इस्मोकिङ्रु तमाखु पिउनकन भनि वाथरुं स्नान लाई ।
दर्जा माफिक् सबैका दुइतरफाथिया खोंपिवेस् बष्नलाइ ७९
तेस्काबिच्मातभान्सा अतिअसलथियो खाइ आरामलिन्या ।
आर्कै बैठक्छ राम्रो सकल तरहले दीलमा हर्षदीन्या ॥
कप्तान्को बासकोठा अझउपर थियो बेस यौटा सजीलो ।
अग्लो मस्तूल[२] तेस्का नजिकतँहिथियो वोटँकोमानुकीलो[३] ८०
डोरीसिक्री कस्याको चहुँतरफ थियो तेसका माथि झण्डा ।
फर्फर्गथ्यों सबैका मनपनि खुसिले मग्नभो पाइठण्डा ॥
कोठा पिच्छेछ पङ्खा बिजुलि अधिनका बल्दछन् वेसबत्ती ।
गम्लाछन् ठाउठाऊ फलफुलहरुका बायुलेहिल्छपत्ती ॥ ८१ ॥
गर्नातक् खर्चअक्कल् गरिकन सिपले सिद्धिइ वेस्भयाको ।
चार्हज्जार् षट्शयेटन् भइकन सहजै दौडन्या योजहाज्हो ॥
बन्दर्देखी पईदल् हिडिकन प्रभुजी फेर्चडी मोटरैमा ।
अस्ताचल्काशिखर्मा दिनमणिपुगदा फिर्नुभोझट्महल्मा ८२
ठण्डा नेपाल देखी गरमि मुलुकमा गर्मिकै याम माहाँ ।
ताहाँ पुग्दा सबैको गरम पवनले कष्टभो दील माहाँ ॥
सागर्का[५] ठीक तिर्मा अतिअसल जमिन् हेर्नलायक् बन्याको ।
मालावांकोंसिखर्मा[६] गइनजरदिया देखिन्या छाल्चल्याको ८३
आरेबीयान्सि शोभा सकल जनहरू हेर्दथ्यां खूसि मन्भै ।

१ कोठा २ जाहाजमा वर्दवान् टाङ्ने ३ जहाज ४ सूर्य ५ समुद्र ६ महल

मौका पारेर पाया अघिपछि सहजै मिल्दथ्योक्या तहाँगै ॥
मानू पर्वत्सरीका जलधि[1] जलउपर् छालआई छुट्याको ।
देखिन्थ्यो फेरिउस्का पनिपछि अरको गर्जिगर्जी फुट्याको ८४
अतीराम्रो बम्बै शहर भरिको वेस उमदा ।
हजारौं लाखौं चिज् हउस भरि देखिन्छ घुमदा ॥
ताहाँका वेपारी[2] लखपति करोडा धिकपती ।
हजारौं छन् तिन्का महल बाढिया लेखनु कती ॥ ८५ ॥
हिफाजत्का लागी पुलिस जनधेर् कम्बर कसी ।
खडाछन् मोड् मोड्मा क्रमसित अहोरात् ताँहिवसी ॥
अलिकेही नीचा[3] उदधि[4] जल देखी परछ्यो[5] ।
यसैले बाध्वाढ्दा हलक[6] पसन्या डर्दुर भयो ॥ ८६ ॥
अहो यस्तो चल्ती शहर विच प्लेग् वर्षिनी भई ।
हजारौं मानिस्को क्षणभर महाँ भक्षक भई ॥
घटायाको देख्ता दिल अधिक दिग्दाहुन गयो ।
कसोरी बस्थाहुन् निडर[7] भइ भंन्या पनि भयो ॥ ८७ ॥
होटल्[8] ताज महल् नजर् गरनको इच्छाभई मन्महाँ ।
तिन्बज्दा बइशाखको तिनगते पाल्नु भयो नाथ् तहाँ ॥
छोरा चार् भतिजार युद्ध समशेर् भाइ अफीसर्अरू ।
सङ्गमा श्रीप्रभुका गया लइनका साहेब्र नोकर्हरू ॥ ८९ ॥
बत्तिस् रोपनिभूमिमा महलयो[9] राम्रो बन्याको ताहाँ ।

१ समुद्र २ वेपारि महाजन् ३ तलतिर ४ समुद्र ५ वम्बई ६ छाल् ७ नडराई ८ अंग्रेजीदोगान् ९ राम्रोघर

कोठा चारशयेछ बल्छ विजुली वत्तीपनी सब् महाँ ॥
पङ्खा सुद्ध विजूलिकैत चलछन् अग्ला तला पाँचछन् ।
चढ्नालाइ भन्याङ्पनी विजुलिकै भैहर्छ सब्कोतमन् ॥ ८९ ॥
ताता नाम पुरुषका अकलले राम्रो महल् योवन्यो ।
क्यावात् धंन्य रहेछयो घरभनी मन्ले सबैका भन्यो ॥
आंर्वीयन्सि पनी असल् तरहले देखिन्छ ताँही गई ।
यस्को सुन्दरता वयान्कतिगरौं वेस्मापनी वेस्भई ॥ ९० ॥
घोडा वेसभया किनौ अलिकती भंन्या इरादा गरी ।
फिर्दामा प्रभु पाल्नुभो अंलगडा तेस्देखि सोही घरी ॥
फर्की वक्सनुभो चतुर्दसि तिथी हुँदा निशाक तंहाँ ।
तेज्ले पूर्णभई उदाउनु भयो दीनान्त सन्ध्या माहाँ ॥ ९१ ॥
आकाश् लालभई समुद्र जलमा कार्पेट् विछयाया सरी ।
लाग्यो देखिन अब्धिले प्रभुजिको स्वागत् गन्याझै गरी ॥
पन्छीले पनिगान् गन्याझन्जि गरी वास्वष्न लाग्या जसै ।
माहाराज पनी घुमी वरिपरी फिर्नू भयो झट् तसै ॥ ९२ ॥
वैशाख् चार गते एघार वजदा सब् रीतले ठिक्कभै ।
गव्वर्नर् संर जार्जफेर सिंडनेम् फेर्क्लार्कले अन्त्यभै ॥
जस्को नाम पुराछ उन्सित प्रभूभेट् गर्नइच्छा गरी ।
जादामा सँगमागया यतिजना नाम्सुन्नुहोस् योघरी ॥ ९३ ॥
मोहन् रुद्र हिरण्य केशर बबर् युद्धादि सम्शेरजङ् ।

१बम्बैकोसमुद्र २ घोडाबिक्रिहुनेटाऊँ ३ चन्द्रमा ४ वेलुकाकोसंध्याकाल् ५ समुद्र ६ सरजार्ज ७ सीड्नेम्क्लार्क

येतीसव् जनरल् किशोरनरसिङ् राणाजिमा एत्तिसङ् ।
बृक्डीयर् करणैल डिल्लिसमशेर् सर्दारमरीच्मान् भया ।
जेम्यानर् इसमीथ साहव बडा लेफ्टेन्ट वाइली गया ॥ ९४ ॥
माहाराज् सँग बग्गिमा लइनका साहेवस्मेत् वाइली ।
बृक्डीयर् करणैल् थिया अरुहरू दर्जाबमोजिं मिली ॥
बग्गीमा चाढि नाथका पछिगया तेजस्वरुप्का जसै ।
आयाका उसतर्फका पनि गया लागी पछाडी तसै ॥ ९५ ॥
एक्काईस जवान जङ्गिरिसला कुच्मा मिलायेर पद् ।
वाडीगार्ड गयो गवर्नरजिको लेफ्टेन्टको मातहत् ॥
सव्भन्दा अघि नङ्गि[१] खड्ग[२] करमा[३] लीई रिसल्ला दुई ।
दौडन्थ्या महाराजका गमनको सव्लाइ सूचन् दिई ॥ ९६ ॥
ढोकामा पहरादिन्या मरहटा सीपाहि हाफ् कम्पनी ।
हाम्रो रैफल हाफकम्पनि भई दीयो सलामी पनी ॥
येस्तारित्सितगै अलिक्क्षणवसी भेट् घाट् गरी वक्सियो ।
फिर्दामा सवका गलाविच असल् मालासुगन्धी थियो ॥ ९७ ॥
मालावार मकानमा प्रभुजिको फीऱ्यो सवारी जसै ।
फिर्तीभेट निमित्त एक्छिनपछी आया गवर्न तसै ॥
प्राय्भेट् सिक्रेटरी रवट्सन सहित् मिष्टर्सयद् सम्सुदीन् ।
एकै बग्गिमहा थिया सवजना यौटाथिया लेफटेन् ॥ ९८ ॥
दोवोटा रिसला अगाडि हिडथ्या सामान्य चाल्हे गरी ।

१ नायकरूपका २ तरवार ३ हातमा

रैफल् कम्पनिले दियो महलमा स्यालुट् जसै तेस्घरी ॥
पूरा जङ्गिपोसाकलाइ हतिया मेजबूतिका सङ्ग् लिई ।
वस्न्या रैफलका उपर्नेजरगै हेऱ्या वहुत्मैं दिई ॥ ९९ ॥
लायक् वेस सिपाहि देखि मनमा अत्यन्त खूसी भया ।
आसा हातमहालिई तिनजना चोप्दा वेसेका थिया ॥
स्वागत्साथ गई वसी क्षणभरी एक्दुइकुरा कैथ गरी ।
फर्कीझट्ट गया गवर्नर पनी तिन् वङ्गगो तेस्घरी ॥ १०० ॥
भोलीपल्ट जहाज चढ्न सजिलो होलाभनी प्याक्गरी ।
वाकस् जङ्गिसमानका चलिगया सव्कात यक्एक्गरी ॥
पानीभर्न भनेर नोकरहरू धेरैगयाका थिया ।
मीठापानि वसारि वोटविचको ट्यांङ्कै दुई भर्दिया ॥ १०१
जाहाज्मा गुरुज्यू गयेर पहिले स्वधर्मको पालना ।
जेगर्दा हुनजान्छ सोगरि बिचार्देशानुसाआफना ॥
माटोछापि उठाइ चौकि बढिया भान्सातयारी थियो ।
गोवर्लै दिनदीन साफगर्दै खाई पिई पोतियो ॥ १०२ ॥
आफ्ना मानिसदेखि बाहिकअरू मानीस भान्सातरफ् ।
जानैलाइ नपाउन्या पनि थियो राम्रो पवित्रै फरक् ॥
दाल् चावल् नुन तेल घीउ गहुकोपीठो समेतै पनी ।
नेपाल्कै सव लादिनाकन गयो फिर्दातलको पनी ॥ १०३ ॥
भान्सा खालि तयार गर्न रुपिञा हजार चार्खर्चभो ।

१ पानिराखनेटुलोटुलोभाँडा

कीर्तीका सगमा स्वधर्म प्रभुको फर्फर्गरी बढ्नगो ॥
बैशाख् पाँचगते अगाडि यतिकाम् तामेल् भयेथ्योजसै ।
पाँच्वज्दा प्रभु निस्किबक्सनु भयो वग्गीचढी झट्तसै १०४
साथ्मा सव् जनरल् हरू लइनका साहेव् गयाका थिया ।
बृकुडीयर् करणैल आदि अफिस तिंन्लेपनी सङ्गदिया ॥
किंभसूरोड महा पुगेर प्रभुको वग्गी अडेथ्यो जसै ।
माहाराज् तँहिउत्रि वक्सनु भयो उत्र्याअरू सव्तसै १०५
राम्रारिस्तित बम्बई सहरका बुर्जा हवेली पनी ।
देखिन्थ्यो सव कामकाज मिलको सो हेर्नलाई भनी ॥
धेरैवेर तहाँ विलम्व नगरी वार्डन् सडक् पार्गरी ।
जानूभो भिकटोरिया अनिपछी गार्डन्महा तेस्घरी ॥१०६॥
धेरैसिंह थिया तहाँ नजरभो लायक हेर्न्या जती ।
हेर्‍या सव् अरुलेपनी खुसिभई लेखौं म गन्थन् कती ॥
ताहाँ वाट गयेर फेर्नजरभो वाघ्भालु हेरूअनी ।
जात्जात्का चिडिया जनावर हरू थीया नजर्भो पनी १०७
यस्तै रीतगरी अरू अरुपनी जोहेर्न लायक् थिया ।
हेर्दामा सवले प्रसन्न मनले आनन्दमानी लिया ।
मानीस्को चलती अतीहुनगई घुम्छन् सडक् सब्भरी ।
हिंड्छन् बग्गिपनी अनेक्तरहका येताउती हर्घरी ॥ १०८॥
फिर्दामा महाराज वम्वइ सहर्हैदै फिरी वक्सियो ।

१ कलकार्खाना २ भिकटोरिया बगैचा

चिज्‌विज्‌ले भरपुर्भई सहरसव् झक्कीझकाऊ थियो ॥
जाहाज्मा चढि उस्तरफ् जतिजती जान्छन् तिसव्‌को तहाँ ।
रोग्‌जाच्न्या अफिसर्लियेर सँगमा आयेर चोकैमहा ॥ १०९ ॥
रोगादि सवको जचायर गया साहेव् लइन्का जसै ।
आधादीन हुँदा प्रचण्ड गरमी खुप् हूनलाग्यो तसै ॥
जेनिङ् नाम थियो तिडाक्टर जिको राम्रा जिऊका ठुला ।
बोल्‌नाका चतुराथिया सरसका ठट्टामहा झन् पुरा ॥ ११० ॥
बैशाख्‌का दिन षट् गते सवकुरा ठिक्‌ठाक् समेतै गरी ।
जाहाज् चढ्न सवारिभो प्रभुजिको एक् वज्‌नगो तेस्घरी ॥
अण्डर्सेक्रेटरी सवारि सगभै वन्द अंपोलो गया ।
मिष्टर्हार्डसले असल् तरहले सत्कार गर्दाभया ॥ १११ ॥
श्रीकानिति खडाथियो मरहटा पल्टन् अगाडी गई ।
हाम्रो रैफल हाफकम्पनि गई मीलेर कालंभई ॥
देखिन्थ्यो सवका अगाडि वलवान् लायक् भयाको पनी ।
थीयो दर्शन निंतिको भिडपनी मानीसको लांबनी ॥ ११२ ॥
[१] वन्दर्मा प्रभुका चरण् जवपऱ्या सव्‌ले सलामी दिया ।
दर्शन्‌पायर चन्द्रका किरणले आनन्द मानीलिया ॥
जस्लाइ जतिभन्नुपर्छ उतिकां सव्‌लाइ एकेक् गरी ।
लायेक् शब्द सुनाइ खुस्‌गरनुभो आसाढको मेघ्सरी ॥ ११३ ॥
ब्राह्मण् चारजना थिया दखिनका चार्वेदका चाररुप् ।


१ जहाजराखनसजीलोकोनिम्ती वनायाकोठाम्

ढोकामा प्रभुको प्रवेश् जबभयो आनन्दमानेर खुप् ॥
आशिर्वाद दिया पदादिक्रमले चार्वेदका मन्त्रले ।
भारी रित्सित अंब्धि पूजनभयो वीधानमा तन्त्रले ॥ ११४ ॥
पूजा सूरभयापछी अलिअली आया समुद्रैबढी ।
श्रीले अर्पण गर्नुभो जतिकुरा सोसब् लिई फेर्घटी ॥
जाँदामा प्रभुलाइ भारि अभिसेक् सागर्जिलेनै दिया ।
आश्चर्यै मनमा भई सकलले आनन्दमानी लिया ॥ ११५ ॥
यात्रामा शुभफल् भई शरिरमा तक्लिफ्नहोस् एक्रती ।
भन्न्याखातिर प्रार्थना पनिगर्न्या संझेर लक्ष्मीपती ॥
मालाली करमा बडागुरुज्युले हेरम्बराज्ले पनी ।
श्रीलाई पहिराइ बक्सनु भयो बेदोक्त स्वस्तीभनी ॥ ११६ ॥
द्विप्द्वीपान्तरको सफर् अतिकठोर् गर्नैत कम्वर्कसी ।
ध्वाकस्मा प्रभुका वरीपरिर फे सांम्नेपछाडी पनी ॥
पौंच्या छिन्भरमा सबैजनहरू थीयो जहाजै जहा ।
झट्पट् माथिचढी समुद्रलहरी हेरौंभनी खुप्तहा ॥ ११७ ॥
ध्वाकस्देखि जाहाजमा चढनसब् येक्येक् अगाडीबढ्या ।
दुर्गा शम्भु गणेश संझि प्रभुसाथ् काल्फालजोडी चढ्या ॥
लाग्याहेर्न नजर्दिई सबतरफ् एकेक कोठागरी ।
वोल्र्याफेरि जहाज मुन्तिरपनी हेर्‍यातहा दिल्भरी ॥ ११८ ॥
जुन्जुन् चीज जहाँजहाँ जतिजती चाहिन्छ भर्पुर्थियो ।

१ समुद्र


बैठक् तीनसजाउ देखि मनले आनन्द मानी लियो ॥
देखिनुथ्यो घरमाफिकै सबकुरा भर्पुर्हुनाले गरी ।
बिर्सायो घरद्वारलाइ यसले देख्तै मगन्मा परी ॥ ११९ ॥ *
जवत यतिभयेथ्यो कामको इन्त्यजाम ।
तिनपनि बजिगैगो दीनको ठिक्क जान ॥
प्रभुपनि तहिं कुच्भै पाल्नुभो वोटमाहाँ ।
फयर पनि छुट्यो तोप् येक कम् बीस ताहाँ ॥ १२० ॥ *
मनन ईश्वरको गरि ज्ञानले । सकल जन्कन खुस्गरि बातले ॥
सकलको प्रियभै गुणकर्मले । दृढगरीकन चित्त स्वधर्मले॥ १२१॥
जव जहाज महा महाराजले। चरण दीकन कोमल चालले ॥
कउचमा बसदा अरुखूसिभै। द्विगुण बीश बस्या प्रभुसेवकै॥ १२२॥
प्रभुजिको चढिगो मसतूलको। उपरझण्डि जसै अति खुल्नगो ॥
अचमभै मनमा सवका नजर्। गिरन लागिगया मसतुल्उपर् १२३
प्रभुकन शिर राखी बीशबिश् मूर्तिधारी ।
अमर गण समान्का नाथका हीतकारी ॥
मिलिकन सववोल्या अञ्जली हस्तपारी ॥
जय जय महाराज्को वेसहोस् गुह्यकाली ॥ १२४ ॥
भइकन चिरजीवी नांचलोस् मानपाई ।
यति विनति सवैको सुन्नुहोस् कालिमाई ।
किरति पनि प्रभूको कल्पभर् गाइ गाई

बहुत खुसि मनाउन् प्रेमले देशि भाई ॥ १२५ ॥



इति प्रस्थानकाण्ड समाप्तम् ॥





अथ समुद्रकाण्ड प्रारंभः ॥

जस्को नाम भजेर आपद् जती घांलागदा शीतझैं ।
आगामा घिउझैं बिलाइ सवपाप् नास्हुन्छ फेर्भस्मभैं ॥
उस्ता श्रीशिवको समुद्र रुपले श्रीलाइ रक्षागरुन् ।
सुन्दा गर्जन सिंहको मृगसरी दुस्मन् प्रभूका डरुन् ॥ १ ॥*
भाग्यैको जोर भारी भइकन प्रभुका पादरक्षक् भईजो ।
सज्झा जादाभया सव् तिनिहरु सवको नाम दर्जा यहीहो ॥
लायक् राम्रो शरीभैं सकल गुणजडित् शीलभूषण् भयाका ।
श्रीश्रीका भाइ पूर्वः जनरल पदका यूद्धसंशेर् लडाका ॥ २ ॥
उःकःजः रुद्रसंशेर्सेराबिर जङ्का पुत्रमा काहिलाभैं ।
बुद्धीको सूक्ष्मबाटो लिइकन अरुको मर्मजान्ने बडाभैं ॥
श्रीतिन्का पुत्रजेठा गुण बचन कलारूप गांभीर्य धारी ।
मोहन्सम्शेरजान्नू जनरल जनले पितृबाक् सत्यकारी ॥ ३ ॥
माहीला लेफ्टिनेन्टै जनरल पदले सोभियाका हसीला ।
बब्बर्सम्शेर जान्नू अकल बलभई बोल्नमा झन् रसीला ॥
साहीला पुत्र केशर्जनरल पदमा लेफ्टिनेन्टै भयाका ।
बिद्याप्यारा भयाका बयकमति भई साहसैखुप् भयाका ॥ ४ ॥
काःहींला सिंहसम्शे र्जनरलपदमा मेजरै लीगयाका ।
सिंहैकाझैं सुन्याञी फुराति अति भई बुद्धि तीखो भयाका ॥
मेजर्जर्णेल् हिरण्य,समशेर माहिला पुत्र श्रीचीफका हुन् ।
खूलादिल्का हँसीला चतुर इलमका त्यागगरेका सवैखुन् ॥ ५ ॥

बद्रीनर्सींह चिफ्का सुतजति सबमा ठाँहिंलानै भयाका ।
कर्णैल् कीसोरनर्सिङ्ग बहुत मिहिनती इञ्जिनीय भयाका ॥
श्रीतिन्का ज्वाञ्जि राजा जयपृथिविवहादूर सच्चा भयाका ।
वृः कः श्रीडिल्लिसम्शे र्तनमनधनसब् चन्द्रपद्मा धन्याका ६
कर्णैल् विष्णुकुमार कस्त्रतिजवान् कर्णैलफेर्चन्द्रजङ्ग् ।
दल्बाहादुर कर्णलै हजुरिया सर्दा मरीच्मानसिङ्ग् ॥
सम्सेर्मान् सरदार मेजर थिया गङ्गावहादुर्भनी ।
नर्नारायणशाह खाालि कपतान् डाक्टर् रतन्दास् पनी ॥ ७ ॥
सुब्बा जान्नुहवस् ग्वविन्दपरसाद् बाबू बटेकृष्न फेर् ।
काशीनाथ अचार्ज पण्डित[1] अनी दिक्षीतपद् जोडि फेर् ॥
गौरीकान्त हरिप्रसाद कमला श्रीकान्त भान्से गया ।
नोकर्को पनि नामलेख्तछु अहा प्रारब्धिभै जोगया ॥ ८ ॥ *
दीर्घमान् जोगमान् जित्मान् भद्रमान् सूर्यमान् अनी ।
कृष्णमान् विजुली रत्नवहादूर हरीसरन् ॥ ९ ॥
ढोके जैमानसिङ्ग् काल्रू धनकृष्ण भयो अनी ।
हर्कर्नर्सिङ्ग जनक्लाल हर्कमान् यत्तिहुन् सबै ॥ १० ॥ *
मेजर्सुवेदार अमर्सिंगैका । सब्बा जुआल्सिङ्ग् दिलरामथापा ॥
आया यडीकाङ्गभइ नाथकाई । बाद्शाहको आडर पत्रपाई ॥
साहेव् लइन्का इसमीथ वाहाँ । लेफ्टेन्ट वाईलि समेत ताहाँ ॥
थीयाअरू धेर मिसेस[2] मिष्टर्[3]। सौका उपर्इञ्जनका ड्राईभर्[4] १२

१ पण्डित् काशिनाथअचार्य्य दिक्षित् २ मेम ३ अंग्रेज ४ खलासी

पत्थर्को कइला हवन्पनि गऱ्या ड्राइभर्हरूले तहाँ ।
अग्नी खुप्सित हर्हरी वलिगयो जाहाजका माझमा ॥
कालो मेघ समानभै गगनमा धूँवा उड्यो जोर्गरी ।
इञ्जन् खोलनलाइ चक्र तिनले खोल्याअनी खर्खरी ॥ १३ ॥
फन्फन् चर्खिचली बडोबलगरी पानी चिरी चर्चरी ।
निस्क्यो शब्दपनी घड्याङ्ग घडऱ्याङ् गर्दैगरी हर्घरी ॥
लाग्यो घुम्न जहाजको कलपनी झल्केर घर्घर्गरी ।
छर्छर्पानि छरी जहाज दगुऱ्यो सागर्महा सर्सरी ॥ १४ ॥ *
नजर सुफल पाऱ्या हेरिभारी तमासा ।
घरिघरि नहुन्याभै तेसले लागिआसा ॥
बहुत जन जमाभै हेरनेका नजर्को ।
पलक चलन छूट्यो क्यैनमानेरझर्को ॥ १५ ॥
बल जफत जहाजै खैचिलेलाभन्याझै ।
सँग सँग पाछिलागी गैगयो पर्कैनझै ॥
तिरतिर नजरैगो बोटका मानिसैको ।
नजर नजर जुद्धै गर्नलाग्या झर्जीभो ॥ १६ ॥ *
दुवैथर्को प्रीती अधिक हुनगै हेरन महा ।
पछाडी हट्नाको मनपनि हरायो अझतहा ॥
जहातक् देखिन्थ्यो नजर बलले हेरनमहा ।
तहा तक्रै फिर्दा फगत छुटिगो हेरनतहा ॥ १७ ॥

बिच्मा भेट्हुदा नजर्नजरको भारीतमासाभयो ।
यक्ज्यूभै दुइमिल्नगै अब अलग् हूनैत मुस्कील् भयो ॥
लाग्योलड्न नजर्दुवै तरफका फर्कीतँ फर्की भनी ।
आखिर्हार भई नजर्पर हुदा फर्क्या निरासी बनी ॥ १८ ॥
वायू बेगधरी ठुलोदउडले राज्हँसले पानिमा ।
दौड्याझै दगुरी आलिक् परपुगी जल्को ठुलो खानिमा ॥
लाग्यो हंसिनिका झञी हिडनझन् ढल्केर ढलपल् गरी ।
घोडाको डुलकी हिडाइ गरदै कैल्हे हिड्यो साँपूसरी ॥ १९ ॥
संध्याकाल तलक् सह ऑलिअली झल्कादियाको थियो ।
आऊन्या उसतर्फबाट दुइटा जहाज् परै देखियो ॥
ताहीं येकथियो ठुलो जलमाहा यक्कालको घर्सरी ।
तेसैका शिरमा कडा बिजुलिको बत्तीहुँदा हर्घरी ॥ २० ॥
देखिन्थ्या अति दूरका पनि जहाज् रात्मा दिनैका सरी ।
येसैमा इसरा बुझी जलमहा हिड्छन् जहाज् ठिक्गरी ॥
लाइट्हौस्[1] यसलाइ ज़ान्नु जनले योहो बडो कामको ।
पानीभित्र पहाडछन् कहिंकहीं तिन्मा जसै ठोकियो ॥ २१ ॥
फुट्थ्या धेरजहाज यस् निमतिले धोका बचाऊ गरी ।
ठाऊँठाउँमहा इनै घरबनी डर्भछुट्यो हर्घरी ॥
दिग् भ्रंहुन्छ जहाज मात हिडदा सारा जलातात् भई ।
यस्तामा झट रातमा पनि सबै जानिन्छ ताहींगई ॥ २२ ॥*

१ लाइट्हौस्मा

रात्दिन् नोकर बस्तछन् तिसबमा ठिक्कामको ख्याल् गरी ।
खानूपीनु सबैतहीछ तिनको झ्याल्खानि जन्कै सरी ॥
पैल्हापालि जहाजमात चढदा आश्चर्य्य धेरै भई ।
हेर्थ्यासब् जनहेरू भारिमहिमा डेक्माबसी खुस्भई ॥ २३ ॥
गर्थ्या बातपनी जहाज् बिषयका आकाशमा पंछिजन् ।
मन्माफीक उड्याझज्ञी गरिगरी खूशीगरायेर मन् ॥
जाहाज् देखिहुन्या अनेक् तरहका रोग्का कुरागर्दथ्या ।
सीसीग्नेस् यसलाइ भन्दछभनी सूनेर दङ्पर्दथ्या ॥ २४ ॥
कोहीरोग सुनी अनेक् तरहका मन्माठुलो डर्गरी ।
बोल्थ्या धैर्य्यगरेर कोहिमनमा क्याहुन्छ डर्मापरी ॥
बात्गर्दै हिडदा जहाज् परपुग्यो केही अगाडी बडी ।
पाल्नूभो सबिता अगाडि झनझन्यक् चक्रको रथ्चडी ॥ २५ ॥
यस्तैरित्ले हिड्दथ्योवोटताहा । खानापीना ठिक्गरीरातमाहा ॥
आठ्नौवज्दा आइसव्डेकमाहा । लाग्याघुंफिर्गर्न शीतल्छजाहा ॥
ठण्डादिल्भो केहिकाल्माजसैता । फर्कीआया जाउँभन्दैतसैता ॥
आफ्नाआफ्नाखोपिमाजाइजाई । आरांलीयाभाग्यलेमोजपाई ॥
हिड्दैथीयो वोटजल्मावरावर् । मालिक्नोकर्सुत्नलाग्याभराभर् ॥
खालीड्राइभर्हेरुमात्रै क्रमैले । जागाथीया कामलाइरितैले ॥ २८ ॥
खूपैहेर्छूभन्नेवोली कराई । जाग्छंरात्भर्हर्वखत्दीठ्लगाई ॥
आवत्जावत्बोट गर्छन्बरावर् । ठक्कर्लाग्याचूरहुन्छन्सरासर् २९

१ जाहाजको चोटा २ सूर्य

ढलपलसलपल्सुत्तमा क्यैभयेन। रात्भर्सुद्दा तैपनी निद्गयेन ॥
वत्तीवाल्दा अन्धकाझैंविलाई। नास्भोरात्री सूर्य्यजलमाउदाई ॥
रातोरोटीथालका पानिमाहा। आधानिस्क्याझैभयो ठिक्कताहा ॥
जलमाडूवी फेर् उदाइजलैमा। झल्क्योविम्वै सूर्य्यकोपलपलैमा ३१
बैशाख सात दिनगै शनिवार ताहा।
ठण्डाभयो अलिकती तहिप्रात माहा ॥
जागाभई प्रभु पनी शिव राम जप्दै।
कुल्लादि कर्म गरि भैकन साथि जस्तै ॥ ३२ ॥
डेक्मा गयेर प्रभुले पनिसव् नजर्भौ।
कालोनिलो जलधि[2] का जलमा नजर्गौ ॥
हीजोथियो हरित[3] वर्ण समुद्र माहा।
योरङ्ग को हुनगयेछ विचित्र आहा ॥ ३३ ॥
भन्दै घुमी वरिपरी सबले तमासा।
हेर्‍या प्रभू चरणका भइ आसपासा ॥
घुम्फिर्गरी अलिकछीन पछी नुहाई।
भज्दा भजौ खुसि भईकन इष्ट लाई ॥ ३४ ॥ *
शालिग्राम पिपल् दुभो तुलसिवोट् माटो र गङ्गा जलै।
पूजा कोठरि मा इराखिनगया गौला विषे वेगलै ॥
हुन्थ्यो पूजन इष्ट को जुन घरी श्रीवाट सन्ध्या गरी।
वज्थ्या शङ्ख र घण्ट झाँझ डमरू मन्दीर मा कै सरी॥ ३५॥

१ चोटा २ समुद्र ३ हरियो

आफ्नू धर्म यथार्थ पालन गरी ज्यूनार लाई पनी ।
मौकाकेहि कमै जहाँ बुझिनगो टाइम् वलीयो वनी ॥
यस्तामा प्रभुको दुदै हुनगयो ज्यूनारको काम् दिन्या ।
धर्मैको प्रतिपालना हुनगयो यैहो परम् पद् दिन्या ॥ ३६ ॥*
जहाज्को कां गर्न्या जनहरु मिली सवूतिर वसी ।
बुरुस् ली हात्हात्मा जल सहित वालू पनि घसी ॥
जहाज् कोठा चोटा सुघर गरथ्या साफ्गरिगरी ।
जलैजल् देखिन्थ्यो नजर भरतक् सब् वारिपरी ॥ ३७ ॥
नजर्देखी साह्रै परपर हुँदा झन्पर वर्नी ।
पहाड् जङ्गल् वस्ती शहर अरु केही चिजपनी ॥
नदेख्दामा ताहाँ मन मलिन केही हुनगयो ।
अनेक् चाल्का वार्त्ता दिनभरि गरी थिर्पनि भयो ॥ ३८ ॥
फगत् देख्यौं यौटा सिगल कहिन्या एक्किसमको ।
चराको फौज्आयो फुरति गरदै वेस् उडनको ॥
चरा ई सानैहुन् तर उडनता वेस उडन्या ।
थकाई लाग्यामा जलबिच बसी ताहि हिडन्या ॥ ३९ ॥
चराको चालाकी नजर गरदा यक्क्षिण पछी ।
तुफानै आईगो उपनि सवहेर्‍यौ ताँहिवसी ॥
जहाज् उफ्रिउफ्री हिडन पनिलाग्यो तसघरी ।
कसैलाइ छोप्यो वमन रिंगटाले वलगरी ॥ ४० ॥ *

१ बालुवा

आठ्नौ वज्दा खानुपीनु गऱ्याका ।
आराम्लाई ठाउँ ठाऊँ वस्याका ॥
थीया तिन्का नेत्रका सामुमाहा ।
मंस्तूल् मात्रै देखियो दूरमाहा ॥ ४१ ॥
चोटा कोठा साफ सव् हेर्नलाई ।
आफ्ना आफ्ना खोपिमा जल्दिजाई ॥
दूर्विन् ल्याई हेर्न लाग्या अतीदूर् ।
वम्वै जान्थ्यो यक् जहाज् माल भर्पूर् ॥ ४२ ॥ *
वैशाख् मासमहा उराठ मनमा पार्न्या अती लामुदिन् ।
काट्नालाइ बिचित्र चालचलन्या खेल्खेलियो येकछिन् ॥
बुद्धीचाल क्रिकेट खेलि प्रभुले भाई पुरव् तर्फका ।
जनूरल्का सँगमार साहव सँगै जोथ्या बृटीस्तर्फका ॥ ४३ ॥
पासा खेलनका पुरा पु.क.ज.का सङ्ग्या प्रभूलेत रङ् ।
खेल्नूभो बृकडीयरै सितपनी जुग्जुग् मिलायेर सङ् ॥
वोतल्वाकस अब्धिका जलमहा धेरै बगाई तहाँ ।
चाद्मारी गरि वक्सदा फयर पाँच् छाद्नूभयो तिन्महा ४४
तीमध्ये तिन चाँहि पूर्ण गतिले लाग्या निसानामहा ।
फल्खायो दुइगोलिले प्रभुजिका चल्ती जहाज्भै तहाँ ॥
साहेव्ले पनि पाँच फैर् तिनमहा छाड्या हनैञा वनी ।
काम्लाग्या दुइगोलि बाँकि अरुता दौड्या रसातल्मनी ॥४५॥

१ बर्दवान्टाङ्ने लड्डा २ अंग्रेजीखेल् ३ अंग्रेज ४ समुद्र

खेल्दामा प्रभुनाथले अरुपनी तास्खेल्न लाइ भनी ।
चोटामा बसि खेल्दथ्या मगनमा दूइचा खेलाडी मिली ॥
बेलूकीपख मेचमा बसि असल् कितापली हातमा ।
हेर्नूभो प्रभुले थियोसब बयान् यूरोपको तेसमा ॥४६ ॥
तेस्बेला अरुसुन्दथ्या प्रभुजिले पढ्नु भयाको जती ।
बुझ्थ्या अर्थपनी चतुर्जन हरू टोल्ही रहन्थ्याकती ॥
जस्सै रातपऱ्यो उसैशबजना कश्रतूहबस् कैथ्यभनी ।
क्वाटर्दूइ जती यताउति घुमी खान्पीन् गरी फेर्पनी ॥ ४७ ॥
भोजन् उत्तरमा हिड्या सयकदं ठिक्बस्छ भोजन् भनी ।
कोहीकोहि यताउती घुमदथ्या बीस्तारि चाल्का बनी ॥
ग्रामोफोन सुनी वहाल गरथ्या दिल्लाइ केही तहाँ
यस्तैरित्सित दिनूविताइ सुखले हीड्थ्या जहाजै महाँ ॥४८॥
दिन्कोवाह्रवंजे तलक् दुइसये यक्काइसै नट् गयो ।
एक्चालिस् मिलको हिसाव गरनू छत्तीस नट् सोभयो ॥
राणाका[2] कुलवंस निस्कन गयो जस्देखि उन्कातवार्[3] ।
वैशाख् आठगते विहान जवभो शीतल् हवा ह्वारह्वार् ॥४९॥
निर्मल् पानि उपर्वहेर झनखुप् हल्का वहूतै भई ।
लाग्यो शीतल गर्न मानिस हरू खूसीभया सुख् भई ॥
जत्ती दीन चढ्यो गरम् उति वढ्योमध्यान्ह कालभो जसै ।
लाग्यो निस्कन देहदेखि पासिनावस्त्रै भिजाई तसै ॥५०॥

१ अघिल्लोदिन्को बाह्रबजेदेखि योबाह्रबजेतक अर्थात् यकअहोरात्र २ राणाजिहरू सूर्यबंशीहुन् ३ आइतबार

ज्यादा भोजन प्रातमा नउबजी बज्दा दशैतक् महाँ ।
डेढ्देखी तिन सम्ममा टिफिंनको हुन्थ्योबखत् ठिक्तहाँ ॥
भान्सामा जवभो बखत् उसघरी आई सबै सर्सरी ।
भोजन्पात्र लिई बसी वरिपरी खान्थ्यासबै खर्खरी ॥ ५१ ॥
बेलूका जिउदारको बखतमा सात्देखि आठ् बज्दथ्यो ।
खान्थ्या फेरि पछाडि सब् अरुहरू जुन्जुन् बखत् मिल्दथ्यो ॥
तर्कारी भुटुवाछ आलु सलगं मासू चराको पनी ।
खावा दूध अचार साग नउनी बन्थ्यात रोटी पनी ॥ ५२ ॥
भूजा दालमहा असल् रंमनिआ छाँटा मुर्गीको अनी ।
जात्जात्का फलफूल उस्बखतमा मिल्न्या अरूचिज्पनी ॥
यस्तै भोजन दीनदीन सबको आनन्दले दिलभरी ।
जाहाज्मा हिडदा पनी हुनगयो श्रीका कृपाले गरी ॥ ५३ ॥
हावा बेसहुँदा समुद्र जलको भोजन् हजम् गर्दिन्या ।
गर्मीमा पनि भोक जागन गई तागत् समेतै हुन्या ॥
बेलूकी पखमा अफीसर हरू साहेब् समेत सब् मिली ।
खेल्थ्या तास क्रिकेट हर्तरहले जाहानझै मन्मिली ॥ ५४ ॥
जाहाज् का कपतान को दिल खुला थीयो रसीलो भई ।
क्रीकेट् खेलन मा पनी ति चतुरा सब् मा अगाडी भई ॥
अज्माईस नआ गरी घरि घरी देखाइ सफ्फा गरी ।
पार्दिन्थ्या सबलाई रद्द मनमा चट् पट् चटक् झै गरी ॥ ५५ ॥

१ दिउसोको खानेकुरा अर्थात चमेना २ असल रहर्कोदाल

कस्तो आवहवाछ यस्वखतमा पूगिन्छ कैल्हे वहा ।
देख्याका तिजहाजको सव वयान् इत्यादि सोद्धामहा ॥
दिन्थ्याउत्तर सर्सरी न झरकी सोद्धा उही हर्घरी ।
ज्यूडाल्मा पनि वेस्थिया मजबुती लायक् पहल्मान्सरी ५६
वेलूका छ दज्या पर्छा प्रभु पनी चोटा महा पाल्नुभै ।
केहीवेर यताउती डुलनु भो डेक्मा सवै साथभै ॥
तेस्वेला प्रभु का पछाडि हिडन्या जो जो थिया भक्त जन् ।
खूला दील मजा उडाइ हरदम् गर्थ्याकुरा खूसिमन् ॥ ५७ ॥
रात्री का विच मा जहाज ढलक्यो ढल्पल् गरी वेसरी ।
आऔ डेक महा तरङ्ग जल को हेर्न्या इरादा धरी ॥
जाहा देखि वहूत दूर वलवान् तोफान आयो र यो ।
आयो छाल जहा उसै लहरि को कप्तान ले भन्दियो ॥ ५८ ॥
केहीवेर तलक् तही सव वसी हास्ख्याल का वात् गरी ।
लाग्यौ सुत्न गई पलङ् पलङ मा नीद्का वसैमा परी ॥
तेस्दिन्का दिन मा वहार वजदा विस्लाइ दस्ले गुनी ।
चौसट्ठी नटका सहित् हिडिगयो जाहाज हावा वनी ॥ ५९ ॥*
वैशाख को नउ गते सउवार दीन्मा ।
गर्मी वढ्यो थकित भो सव देह छिन्मा ॥
खाई पिई सव जना दिन काट्न लाई ।
गर्थ्या अनेक खिलवाड दिलै हसाई ॥ ६० ॥

सव्देखि माथि कपतान जहाजि वस्थ्या ।
ताहा गई दुरपिनै लिइ दूर हेर्थ्या ।
आ[1]काश लाइ डवका सरि मानि मन्मा ।
घोप्ट्याउदा विट मिल्या झझि झल्की जल्मा ॥ ६१ ॥
भा[2]डो समुद्र हुनगै विरको त आकास् ।
लाग्याझझी हुनगयो भइ भीत्र अव्काश् ॥
आकाश् दुई तलर माथि समुद्र जल्मा ।
देख्दा दुई सगरझै भ्रमहून्छ मन्मा ॥ ६२ ॥
माछा उडेर जलमाथि बथान भारी ।
आयो जहाज नाजिकै अति छक्क पारी ॥
दौड् छाडिछाडि बलले थकितै भयामा ।
छ्याप्ल्याङ्ग शब्दगरि पस्तछ झट् जलैमा ॥ ६३ ॥
मानीस को तउल गर्न वहुत् सजीलो ।
हातमा लियेर कल एक वहुत् वलीयो ॥
आया जहाजि कपतान् प्रभुका अगाडी ।
तौल्या क्रमै सित जन्है प्रभुका पछाडी ॥ ६४ ॥
वोजन्थियो जति जती सव को त पैह्ले ।
केही घटेछ उसमा जिउ को त अैह्ले ॥
अङ्ग्रेज का सरि रफ्तत् नहुदा हनाई ।

१ समुद्रकोजलमा आकास डवका घोपट्यायाझैं देखिनेभै सोडवकाको चारौतर्फकोबीट् पानिमा छोयजस्तो देखिन्छ २ समुद्र भाडोजस्तोभै बिर्कोआकासजस्तो देखिने सोसमुद्रर विर्काको आकार भयाको आकास्को विचमा भाडाभित्रको खाली आर्को आकास जस्तो देखिन्छ

चुक्का मह्वा उनि हरू गरथ्यां ह्साई ॥ ६५ ॥
खेलथ्या खिलाडि हरु सव् सङ सङ्ग रमाई ।
पास् तास् क्रिकेट हरुको महिमा जमाई ॥
दिन् दीन येहि रित ले गरमी विताई ।
रात्मा पनी प्रभुजि कै वढिया चिताई ॥ ६६ ॥
डेक्मा बसेर जुनको परि पूर्ण रूप् को ।
पर्दा किरण् जल महा झल झल् स्वरूप् को ॥
हेथ्यौं चहू तरफ का रमिता नजर्ले ।
गर्थ्यौं कुरा पनि शितल् भइ चन्द्र कर्ले ॥ ६७ ॥
खुप् चल्तिका सहरमा दिनमा जसोरी ।
निस्कन्छ शब्द जलमै सुनियो तसोरी ॥
यस्दीनमा दुइसये यकसट्ठि नट्को ।
वाटो हिडेर सहजै जलमात गैगो ॥ ६८ ॥
बैसाख्को दसदिन् गते अलि कती शीतल् थीयो प्रातमा ।
दिन्मा गर्मि भने अरूदिन सरी बढ्दै गयो झन् तहा ॥
यस्दिन्मा जलमा जहाज दुइटा ठूला नजिक् देखिया ।
यौटा डाक जह्वाज् रहेछ तिनमा भन्दैत हेरी लिया ॥६९ ॥
चार्बज्दा प्रभुनाथ सब् उपरको चोटा महा पाल्नुभै ।
मेच्मा राज हुदा अफीसर हरू पौच्यौ तहा झट्ट गै ।
लाग्या गर्न कुरा अनेक्तरहका हेरी तमासा तहाँ ॥

१ किरणले

पर्प्वाइज् जसलाइ भन्छ उनको आयो बथान् यक्तहाँ ॥ ७० ॥
नाच्याझैं गरि उफ्रि उफ्रि जलमा पौडेर खुप् बेगले ।
जाहाज्का नजिकै जसै हुनगया छुट्टी दुई भागले ॥
जाहाज्का दुइ तर्फ बाट तिगया तिन्मा महाराज ले ।
वन्दुक् पाच फयेर छाडनु भयो तर्साउन्या चाल ले ॥ ७१ ॥
आवाज् वन्दुक को सुनी तिनि हरू पानी मनी सब् गया ।
जल् भित्रै दगुरी अलिक्पर पुगी उत्रे र माथी भया ॥
चुच्चो लामु भई अरू सव शरी माछै सरी का थिया ।
चालाकी फुरती गरेर जनको दिल् छक्क पारी दिया ॥ ७२ ॥ *
बाकी अरू सब कुरा पहिला दिनै को ।
ठिक् मिल्न गो दुइ सये छ पचास नट्गो ॥
येघार दिन् जब गयो बइसाख मास्का ।
ब्याहान आठ बजदा बहुतै अजङ्‌ का ॥ ७३ ॥
माछा ठुला नजरका आघि खेल्न लाग्या ।
खाई पिई सब जना तहि हेर्न लाग्या ॥
देख्यौ न आज तक हामि हरू कसैले ।
यस्ता ठुला मछाडि काँहिं भन्या सबैले ॥ ७४ ॥
आरेबियन्सि बिच गर्मि प्रचण्ड थीयो ।
नेपाल बासि जन लाइ जलाइ लीयो ॥
येस्दीन मा दिन भरी नरमाइलो तीर् ।

देख्यौं अलिक् पर पुगेर [1]चटानको भीर् ॥ ७५ ॥
तेस्को ज्यमील हिबि नाम भनेर जान्नू ।
जेबील ज्यांवस अलिक् पर को त जान्नू ॥
येस्दीन मा दुइ सये अझ फेरि छप्पन् ।
जाहाज ले गरिदियो नट को त कप्पन् ॥ ७६ ॥
वाहार दीन गइ जेविल्[2] सम्स माहा ।
लाईट हौस मिलिगो वढियानि ताहा ॥
दश् पन्ध्र कोश तक तेज गयेर यस्को ।
झलकन्छ झल्झल गरी भइ चन्द्र जस्तो ॥ ७७ ॥
लंबाइ पाचमिलको तिनमील गज़्मा ।
तीसैहज़ार जनकोछ निबास जस्मा ॥
आडेन्सको शहर राति यघारबज्दा ।
जाहाज दाखिल भयो तहि हामि वस्ता ॥ ७८ ॥
जाहाज उस्तिर पनी अरु टापु जस्ता ।
देख्यौं अनेक रुप का जल श्रृङ्ग जस्ता ॥
येस्दीन मा दुइ सये छयसट्ठी नट् को ।
वाटो हिडेर प्रभु को जल मा जहाज् गो ॥ ७९ ॥ *
दसै माथी तिन् गो दिन पानि जसै शुक्र भइ वार् ।
पुग्यौं तेस् टापू मा अरबि लिपि को वाफ[3]दरवाज् ॥
रसीयन्[4] केप् व्यावुल् मडेब विच को मार्ग गरि पार् ।

१ झार्पात् नभयेको ढुङ्गेटाकुरा २ ठाउँको नाऊँ ३ वाफद्दर्वाजा फार्सिहरुभन्छन् ४ टाँवेका नाउँहुन्

जहाजै ले भेट्यो अवत न्यंडसी को जल अपार् ॥ ८० ॥
प्यरिंभन्न्या ताहा लइट हउसै देखिन गयो ।
झलक् दीदा यस्ले विश पचिस मिल् झल्झल भयो ॥
तिनैमिल्को लम्बा पउन मिलको गज् हुनगई ।
थियोसफ्फा चट्टान् बृटिस सरकार्कै हुनगई ॥ ८१ ॥
अती नीला ढुङ्गा सुघर गरि छाँटी कन तहाँ ।
वनायाको अग्लो पनि पचिस हात्को भइ तहाँ ॥
पुआल्धे माँरूको चहुतरफ पर्खालछ जहाँ ।
बसेका छन् सेना बृटिस सरकार्का अझ तहाँ ॥ ८२ ॥
अगाडी आयाका अलबुकर नां पोर्चुगिजको ॥ ।
निसाना क्रास् देखी स्मरण अझतक् हुन्छ दुख को ॥
छ सौ बत्तिस् सन्मा मजबुति जहाजै चाढि इनी ।
सफर्गर्दै आया मुलुक कति छन् खोजन भनी ॥ ८३ ॥*
लाईट सिग्नेलि ष्टिसन् ताहि देखि पूर्व ।
दूई सये चउध फीट भयेर उच्च ॥
पश्चिं कुना तिर पनी सय माथि बाह्र ।
फिट् उच्च को छ वाढिया ताहि येक् पहाड ॥ ८४ ॥
कैला ष्टिसन् छ तही वन्दर भै सजीलो ।
मानीस वस्तछ जहा प्यरिमै तरफ् को ॥
पेरीं टेलीग्रफर कम्पानि को वलीयो ।

१ लालसमुद्र २ पैले अलबुकर जाहाजाइदा नजिकलाई बडोकष्टभ याको हुनाले दुःखको निसाना क्रासराखि गयेकाहुन्

लाईटहौस यउटा तहि सानु थीयो ॥ ८५ ॥
जल्पान निंति जलछान्न भनेर यौटा ।
कण्डेन्सरेन्स् कलपनीछ बिचित्र ताहाँ ॥
इष्टेटव्यावुलमडेव् द्विपलाइ दूई ।
भागै गराइ ञहि वस्तछ चिह्नदीई ॥ ८६ ॥
ठूला जहाज हिडछन् तहि येकतर्फ ।
साना जहाज हिडछन् भइ येकतर्फ ॥
पेरीसका दुइकुना तिर फेरि ताहाँ ।
लाईटहौस झलझल् झलकन्छ वाहा ॥ ८७ ॥
ढुङ्गासरी बगरका द्विपका टुकूरा ।
देखिन्छ ताँहि कति लेखनु लम्बिकूरा ॥
यस्लाइ पार गरि प्रात सवेर ताहाँ ।
जाहाजगो च्यडसि लाल समुद्र माहा ॥ ८८ ॥
विर्वीरका समरमा रगतै वह्याको ।
जम्बा भयाझञि गरेर तँही रह्याको ॥
ञाहापनी अतिबिचित्र विचित्र टापू ।
हेर्थ्यौं जहाज हरु मग्न भयेर आफू ॥ ८९ ॥
गर्मी भन्या सहिनसक्नु ञहाभयाको ।
धारासमान पसिना जिउमा वह्याको ॥
गर्मी हुँदा कुकुर गाइ समेतलाई ।

राखी हिऊ शिरमह्हा लिइयो वचाइ ॥ ९० ॥
यै रीतले दिन वितायर टापु हेर्दै ।
हुन्थ्यो वयान पनि केहि किताप हेर्दै ॥
चारै वजायर ह्वानिस् द्विप देखि पार्भै ।
सेवुन् अपिंसल पुग्यौं दशघण्ट रातृगै ॥ ९१ ॥
सव्देखि ऊच्च द्विपमा दिपहौस थीयो ।
यस्दीनमा दुइसये वहत्तर्नटैगो ॥
बैशाखको चउधदीन गते विहान ।
अत्यन्त शान्त जलराज भनेर जान ॥ ९२ ॥
वज्दा वहार दिनमा गरमी भयाको ।
कोसकुछ भन्न अहिले उहिले सह्याको ॥
यकुवज्नका अमलमा अति जल्दि हिड्न्या ।
घण्टा पिछे कम दुईविसमिल् दउड्न्या ॥ ९३ ॥
पी.आन.ओ.क. हरुको त जहाज जानी ।
हेर्‍यौ अहो शिप भनेर विचित्र मानी ॥
साह्रै ठुलो भइ वहूत छिटो हिड्या को ।
पानी विषे परवतै सरि देखिया को ॥ ९४ ॥ *
मक्का को र जहाज को जव भयो संसूत्र रेड्सी मह्हा ।
मक्केश्व शिव लाइ सांझि मनमा श्रीश्री प्रभू ले तहा ॥
गङ्गाजल् जनइ सुपारि रुपिञा अर्पण् गरी वक्सियो ।

मार्कण्डेश्वर नाम शास्त्रहरु मा इन्को अगाडी थियो ॥ ९५॥
नदीपुष्पभद्रातहीछन्वह्याकी । सवैलोककोपापहर्न्याभयाकी ॥
अघीहिन्दुहेरूजतीसब्वरावर् । गईआउनूगर्दथ्याफेर्सरासर् ९६
गरमिखुप्भयो पन्ध्रादिनूगई । ढलक ढलकदै कोलटे भई ॥
हिडनलागदा वोटले तहाँ । नजरखोलन्या होस्थियोकहाँ ९७
अवडुव्यो भन्याझै गरीगरी । उछलदैगयो फूलका सरी ॥
जुनतरफ्जहाज् ढल्कदोभयो ।उसतरफ्सवै पानिनैभयो ॥ ९८॥
लहरिका पहाड्माथि झट्गई । झरछझट्जहाज् वीजुलीभई ॥
दसदिशासवैतीर पानिकै । गिरिसमानका छालघेरभै ॥ ९९ ॥
गजवचालको खाडलैमहा । परिगञौभन्याझै भयोतहा ॥
अडिनपाउले मुस्किलैभयो । डरभईमुटू हल्लैनगयो ॥ १०० ॥
मनपनीभयो विह्वलैअती । वमनगर्दछ न्सुत्तछन्कती ॥
यसरियेकाछिन्बोट हिड्नगो । किरणसूर्य्यको केहिमन्दभो १०१
मिलिजुलीसवै मित्रकैसरी । गरदछन्सवै कामवेसरी ॥
गरनसाक्तिनः योपराइकाम् । नभानिगर्दछन्भ्याइ आफ्नुकाम् ॥
डरगरीअती आफुमाथिको । नचुकिगर्दछन् कामसाथिको ॥
मिलतिड्राइभर् हेरुमाअती । बुझिनगो अहालेखनूकती १०३
यतिनभैतहा बोटसर्सरी । कसारिहिड्दथ्यो छालमातरी ॥
गरमिमातहा धेर रोगको । जउनडार्थियो सोपनीगयो १०४
प्रभुजिकोप्रताप् पुण्यलेगरी । सहजमागया आपदैटरी ॥

१ जहाज

दुइसये उपर्सातसाठिनट् । चलतिबोटले गर्दियोनिचट् ॥ १०५॥
सोह्रै गते हुनगयो बइशाख् जसैता ।
डीडेल्स पर्वत उपर्द्विप हौस् तसैता ॥
देख्यौं फलाम सरि को दिन मध्य माहा ।
सूर्य्यास्त पारि धंलकै भनि भन्छ जाहा ॥ १०६ ॥
पूग्यौ अनेक द्विप को थुपरो भया को ।
हेर्‍यौ अनेक् तरह का रमिता भया को ॥
ई टापु का उतर दक्षिण का कुना मा ।
सानै चटान छ असल् हुनतक् हुना मा ॥ १०७ ॥
उत्तर्दखीन द्विपका बिचमाछ यक्रुमील् ।
ईटापुका व़रिपरी गहिरो अतीनील् ॥
सौदेखि ढाइशय सम्म फ्यदं रह्याको ।
षट्फीटको फ्यदम एक भनी कह्याको ॥ १०८ ॥ *
जती तेज् बढ्दैगो उतिउति ठुलो विम्ब हुनगै ।
विचित्रै देखीयो जलउपर सूर्यास्त हुनगै ॥
अकार्मा नारङ्गी सरि पृथिविको जानि मनले ।
भुमी भाग् चौखण्डी विच तिनञि ढाकीइ जलले ॥ १०९ ॥
रह्याकीछन् पृथ्वी गगन विच अड्न्या कँहिनभै ।
रवी अस्ताचल्का नजिक पुगदा घेर परभै ॥
ठुलाझै देखिन्छन् किरण सव तेसैत हुनगै ।

१ नाम

जहाँ हामी वस्छौ उस जमिन देखी तलतिरै ॥ ११० ॥
अमेरीका भन्छन् उदय हुनगो उस्तरफमा ।
अध्यारा‍ले छोप्यो क्रमसित बढी येस्तरफमा ॥
नजान्दा सोध्नन् यो तलतिर जलै अड्छ कसरी ।
जउन् रितले ज्याहा सव अडिनगो जान्नु उसरी ॥ १११ ॥
गगन्मा तारागण् झलकन गया रातपरदा ।
सवैजल् ऐनाझै झलकन गयो छाल चलदा ॥
समुद्रैको शोभा पनि वढनगो झल्झल भई ।
उनासत्तर्माथी दुइसय गयो नट् चटभई ॥ ११२ ॥
गयो वैशाख् मास्को दिनपनि जसै सत्र हुनगै ।
सुयज्मा दाखील्भो नउ दश वज्याको बखतभै ॥
मिसर्देश् अर्वीया दुइतिर गरायेर हिडदा ।
वलौटो अड्वड् तीर्दिनभर मिल्यो वोटहिडदा ॥ ११३ ॥
सुयज्क्यानल् माहा ष्टिमर हरु धेरै मिलिगया ।
सुयज्का शोभाले सकल जन मोहित् पनि भया ॥
अठारैसौ माथी उनसतरि सन्मा सुयजयो ।
तयाभै ब्यापारी ष्टिमर हिडन्या लायक भयो ॥ ११४ ॥
सुयज्को लम्वाई असिउपर सातै मिलछयो ।
यसैमा एक्काइस् मिल मिलनगो झील तिनको ॥
अठाइस् फुट् गैह्रो तिनशाय विसै फुट्छ गजमा ।

१ मुलुक्र २ आकाश ३ सुयजक्यानल्भन्ने नहर ४ जहाज ५ तिनझीलजोडि लम्बाइ २१ मिल

वनाया फर्डीन्यन्ड् लिसपस गुणीले सहजमा ॥ ११५ ॥
सतासीका सन्मा कामिसन बसी क्यानल महाँ ।
कसैको हक्दारी नबुजि कन छाडे हक तहाँ ॥
यसैले ब्यापारी मिलटरि मुशाफिरि सबका ।
जहाज् हिड्छन् रोक्का नभइ हतियालै सहितका ॥ ११६ ॥*
पाच्बज्दा पुगियो मुहान बिचमा आफीस ट्रां सिट् थियो ।
ताहागै कपतानले यति कुरा लेखेर कागज् दियो ॥
जान्याहो यस ठाउमा यतिजना येस्मा बसेका पनी ।
आयाको यसठाउदेखि सबको नाम्दिन्छु लेऊभनी ॥ ११७ ॥
क्यानल्मा हिडदा जहाज जतिले जुन्जुन हिसाब्ले गरी ।
तिर्नूपर्दछ छन्छनी गनिदिया कप्तानले त्यैघरी ॥
ईजीप्सेन् हरुले लगारि हिडदा येहूदिलाई जहाँ ।
रेड्सीले सडकै खुलागरि दियो त्यैठाउजान्नू जहाँ ॥ ११८ ॥
जाहाज् अड्न गयो सुयेज् सहरको नज्दीक पारी जसै ।
डाक्टर्लै सवलाइ जाच्बुझ गर्‍यो आई जहाज्मा तसै ॥
यक्घण्टा जतिकों लियेर मुहलत् नाङ्ले पसल् वेचन्या ।
आया हाकर डेकमा अलिअली चिज्विज् कसैले किन्या १९
टेलीग्रां जसलाइ वम्वइ सहर्बाटै दियाको थियो ।
गोभी प्याज लसून आदि उसले आही पठाई दियो ॥
येसै औसरमा जहाज कलको जाच्गर्न लाई भनी ।

आयो कम्पानि तर्फको इञ्जनियेर् हेर्‍यो सबै कल्पनी १२०
तेस्को आडरपाइ बोटकुचभो केही अघाडीगई ।
देख्यौं एक जहाज बोजनमहा हज्जारदश्टन्भई ॥
दौड्न्या पानिमहा पहाडसरिको हल्काबहूतै बनी ।
छीटो गोलिसमानको गमनमा जान्नू बिचित्रै पनी ॥१२१॥
जान्थ्यो चीनतरफ् प्रसन्नमनलेलसानूनहभैं तहा ।
आपस्आपसमा मिल्याझञ्झिभयो वाण्वाणकाझै तहा ॥
भेट्भो जुन्घडिमा प्रसन्नमनभो हेरी गजब्को झलक् ।
झल्कामा अतिलुब्धभै नजरले छाड्योत गिर्नै पलक् ॥ १२२ ॥
राती भेटहुदा पनी दिनसरी बत्ती झका झक् बली ।
आपस्मा सब देखिन्या झलझली बिस्तारि चाल्मा चली ॥
दस्तुर्माफिक हिड्दछन् नहर मा सङ्कीर्ण रस्ता भई ।
देखिन्थ्या बिच बीचमा गजबका ष्टेशन् अलिक् दुर्गई ॥ १२३॥
हेर्नाको मतलब् पुरा हुननगै राति हुनाले गरी ।
निद्राका वसमा परी क्यंविन मा लेट्यौ घरैमा सरी ॥
बाटो दीनभनेर बोट हरु को हाम्रो जहाज् जुन् वखत् ।
लाग्यो येकतरफ् धसी जमिनमा फेर्चल्नमा भो सकस् ॥ १२४ ॥
डोरी खर्च गरेर धेर जनले तान्नू समेतै पर्‍यो ।
पानी थोर हुदा तहा नहर मा एक्छिन् विलम्बै गर्‍यो ॥
येस्दिन्मा दुइसौ उपर्चउध नट् जाहाज ले हिड्दियो ।

हेर्दामा रमिता पनी तिरमहाँ यैदीनमा बेस्थियो ॥ १२५ ॥
दिनगते भइ दोवर नौतहाँ । पवन शीतल पायर प्रातमा ॥
वरिपरीतिरको रमितापनी । नजरसामुभया नजिकैबनी १२६
नहरका नजिकै सडकैपनी । मिसररेल निमित्तमहा बनी ॥
सडकउस्तिर बालुपहाडझै । तहाँथिया थुपरापनीसङ्गसगै १२७
नहरकानजिकै जवपौचियो । नुनगुदाम यकातिरदोखियो ॥
यकतरफम्यनजींझिलदेखियो । अलिकगाउँपनी परदेखियो १२८
अलिकबालुजमी जुनठाउँमा । हिडनमुस्किल मान्दछबोट्जहाँ
शिपिकिजालचलाइ जलैमुनी । झिकदथ्याबलुवापनिसव्चुनी ॥
अकल भारिगरी नहैरखनी । घंटनगो पञ्जितिस् सयमिलपनी ॥
कलकतालनडन् बिचसात्हजार् । नउसयेरपचास्मिलवारपार् ॥
इस्तमस् अफसुयेज् यसलाई । भन्दछन् सवजना तँहिजाई ॥
अफ्रिकारयसिया बिचमाहाँ । जांनुयैदशगजा भनिताहाँ १३१
बोनापार्ट निपोलियन् जुनबखत् ईजिप्टदेशमा गया ।
सोही औसरमा न्हा नहरयो ठिक् गर्छु भन्दा भया ॥
मीसदेखि लगारिदा फउजसव् इन्का इरादा गया ।
फर्डीन्याण्ड लिसप्सले नहरयो तैयार गर्दा भया ॥ १३२ ॥
क्याबात् धन्न्य रहेछ यस्पुरुषको बुद्धी बिचित्रै अती ।
जस्का बुद्धि पछी पछी नहरमा घुश्न्या नदीकांपती ॥
बाटो बेस बनाइ धेर दिनतक् जाहाज चल्न्या गरी ।

१ बाटोघच्यो २ राज्यराज्यको साध ३ समुद्र

कीर्तीएक खडागऱ्या पछितलक् आम्दानिले घर्भरी ॥ ३३ ॥
ब्यापारीहरुलाइ झन् असलभो बाटो घटाईदिदा ।
फाईदा अरुलाइ शुद्धहुनगो सीधानहैंदिदा ॥
बालूबालु जताततो हुनगई भत्कन्छ तिर्तिमहाँ ।
सोसफ्फा सित राखना कनपनी पर्खालछन् धेर्तहाँ ॥ ३४ ॥
कौंही नर्कट गर्जछन् तिरमहाँ वृक्षै खडाछन् कँही ।
गर्नासम्म हुदैछ तज्बिज पनि फ्याकिन्छ बालू कँही ॥
रात्मा जौन जहाजमा बिजुलिको बत्ती झरीला गरी ।
बल्छन्हिड्न हुकुंछ तिन्कनफगत् अड्छन् अरूरात्भरी ३५
चार्बज्दा तिर पोर्ट्सयद् शहरमा उत्रेर हेर्दा महाँ ।
डीलेसेप् इनकोछ सालिक साहित् सानू बघैचा तहाँ ॥
अग्ला घर्अति सागुरा सडकभै ट्र्याम्वे हिड्याको पनी ।
टर्कीका[१] सुलतानका हुकुमले काम्काज् चल्याकोपनी ॥ ३६ ॥
सेन्ट्रल्क्यानल आफिसै पनि असल् ताँही रह्याको थियो ।
जाहाजी अरु कम्पनी तरफका आफीस धेरै थियो ॥
राम्रो एक पसल् महाँ प्रभुजिले केही किनी बक्सियो ।
मीक्याडोभनि नाम्थियो पसलको मध्यम् सजाऊथियो ३७
पर्दामा रहन्या यसै सहरका नारी हरू नाकमा ।
थौटा सानु छडी मिलाइ हिडन्या योचाल देख्यौं तहाँ ॥
बन्दर्देखि सगै गई शहरमा जस्ले घुमाई दियो ।

१ टर्किमुलुक्

जाहाज्मा फिरदा प्रसन्न मनले बक्सीस तेस्ले लियो ॥ ३८ ॥
बन्दर्का नजिकै स्वजाति लयको गाना बजाना गरी ।
यूरोपीयन छोकडी हरुपनी नाच्थ्या छरीतो गरी ॥
हात्को लक्षण हेरन्या मुसलमान् आयेर बन्दर्महाँ ।
श्रीका बाहुलिको बिचार गरिफे हेर्न्यो अरुको तहाँ ॥ ३९ ॥
वीत्याका सवबात् मिलायर पछी हून्या समेतै पनी ।
भन्दामा तसलाइ बक्सनु भयो यक्पौण्ड लौ ला भनी ॥
जाहाज्मा कइला भरेर हिडदा आठै वज्याको थियो ।
हावा शीतलभै नजर्नजरमा निन्द्रा भरीदै गयो ॥ १४० ॥
उण्डैस् दीन गयो भयेर बुधवार् ठण्डा थियो भोरमा ।
आयो दीनमहाँ प्रचण्ड रुपले तोफानका चालमा ॥
उठ्यो छाल समुन्द्रका जलमहाँ बज्यो वडो जोर्गरी ।
तोपैका सरिशव्द निस्कनगयो छालै फुटी वेसरी ॥ ४१ ॥
चौतर्फी फिंदई फिंदै हुनगयो सारा समुद्रै भरी ।
लाग्यो हल्लन वोट ढल्मलगरी ढल्ला भन्याझै गरी ॥
सब्लाई रिगटा अजोड बडदा वाक्वाक गर्दा भया ।
बस्नाको हबिगत् नभै बमनले कोही तसुत्ता भया ॥ ४२ ॥
यस्तै रित्सित दिन्वित्यो कठिनले तोफान आई तहाँ ।
वेलूकी पख शान्तभो सवकुरा आनन्दभो मन्महाँ ॥
जाहाँ सम्म थियो तुफान बलवान् ढोकार झ्याल् सव्थुनी ।

१ जहाज अडिनेठाऊँ २ कंरु १५ को १ पाण्ड हुन्छ

पासातास अनेक खेलि रहियो ताही जहाज्कामुनी ॥ ४३ ॥
साढेसात वजाइ भोजन गरी क्यैकाल घुंघां गरी ।
दिन्का तक्लिफले सुत्यौ सवजना आनन्दमा रात्भरी ॥
तोफानूले गरदा जहाज्कन पनी हिड्नैत मुस्कील्भयो ।
येसैले गरदा शये उपर को चौतीस मात्रै गयो ॥ ४४ ॥
शूक्रवार बिशदीन गयाको । शान्तरूप जलराशि भयाको ॥
वर्णमा अतिनिलो अतिकालो । हेरदा मनभयो अझकालो ४५
सोह्लाइ दुइसून्य दियाको । फेदमै जलरहेछ तहाको ॥
चौसठी दुइसये सहितैको । येसदीन हिडदा नटगैगो ॥ ४६ ॥
बीशएक दिनगैकन फेरी । लागिगोनि रिगटा जलहेरी ॥
छादिछादि हइरान भयाका । हौसिला पनि उडेरगयाका ४७
खोपिका पलङ्मा सवलेट्यौं । कष्टको अनुभवै तँहिभेट्यौं ॥
[2]रूमरूम सवका प्रभुआफै । पाल्नुभो सकलका अधिनाथ्भै ॥
हेरिहासि मुखले सवलाई । आज्ञभो अवसुत्या नडराई ॥
आजका दिनदुई सयमाथी । छप्पनै नटगयो जलकाटी ४९
वैशाख्कादिन वाइसै जवगयो श्रीसूर्यको वार्थियो ।
पैतालीस मिनेट् गई दुइ वजी जाहाज माल्टापुग्यो ॥
भ्यालेटा विच उत्रनाकन गञौ वन्दर्यहीहो ञहा ।
किल्ला मेडिटरेन्सिका नजिकको राम्रो भयाको तहाँ ॥ ५० ॥
ञाहादेखि सिसीलिटापु मिलनौ पच्चास्सहित्कोभनी ।

१ समुद्र २ कोठा

आफ्रीका सयमाथिको उनसतर्मीलैछ टाढापनी ॥
सारा जङ्गिजहाजका अधिपती डियूकका एडिकाङ् ।
येच्. ई. वक् कपतान फेर्अरलका सेक्रेटरी लीइसङ् ॥ ५१ ॥
जोनग्रीनफेल् भनि म्याक्सुवल् जनरलै मेजर्सहित्का थिया ।
कंम्याण्डर् इनचीफ चार्ल्सडुरिको जोएडिकाङ्गै थिया ॥
लेफ्टनेन् ई. य. निकोल्सनै साहितका आयेर बन्दर्महाँ ।
स्वागत् वेसगर्‍या प्रसन्न मनले श्रीको सवैले तहाँ ॥ ५२ ॥
वार्ता केहि गरेर येक्छिनपछी वीदाभई कैगया ।
राख्याका प्रभुका निमित्त दुवृटा ध्वाकस् ताँहिनै थिया ॥
जाहाजी ल्यफटेनहुन् इयनिकोल्सन्लाइ सङ्मा गरी ।
जेम्यानर् इसमीथ फेरिअफिसर् आफ्नापनी सङ् गरी ॥ ५३ ॥
ध्वाकस्मा चाढि पाल्नुभो प्रभुतहाँ जाहाज हेरौं भनी ।
इम्प्लेकेंवुल नाम्भयेर जङमा भिड्न्या गजव्को बनी ॥
दस्हज्जार टनैत वोजनभई सात्सौ त्रिहत्तर्जहा ।
वस्छन् जङ्गिसिपाहि हर्वखतमा लड्छन् सहज्ले तहा ॥ ५४ ॥
छाउनी तिनको तहीछ वर्लियो किल्ला समेतै पनी ।
वन्दुक् तोप लडाञिका सवकुरा गोदां रसद्को पनी ॥
ताही घुम्फिर गर्दछन् सवजना खान्पिन् समेतैगरी ।
हर्दम् तालिमहुन्छ ताहि तिनको खेल्छन् परेठैगरी ॥ ५५ ॥
सप्फाई यसको वयान्नगरिन्या देखिन्छ पैह्ला नञा ।

१ जाहाजको नाउ

लेखौं कुन्रितले वयान यसको हेर्दैं म मोहित् भञा ॥
सात् आठ्सौ जनलाइ बस्नसाजिलो होला कती ठाउयो ।
ठूलो येति रहेछ जानमनले यौटा ठुलै गाउँहो ॥ ५६ ॥
इन्को हालबुझौं भनी प्रभुपनी येताउती जुन्घरी ।
पाल्नुभो जुनतर्फ उस्तरफमा दस्तुर्मुताविक् गरी ॥
दिन्थ्योसव् फउजै सलामि प्रभुको पायेर दर्शन् तहाँ
गर्थ्याजङ्गि अफीसरै हरुभन्या रैट्हेण्ड स्यालुट्तहाँ ॥ ५७ ॥
हेर्ना लायकको सवै नजरभै ताहाँ प्रभुले पनी ।
हेर्दामा मखुसी भञा हुकुमभो क्यावात् जहाज् ईभनी ॥
घाम्जान्या बखतै हुदा फिरनुभो आफ्ना जहाज्मा पनी ।
येस्दिन्मा दुइसौ उपर्भइगयो अट्ठाउनै नट् पनी ॥ ५८ ॥
तेइस् दीन गते विहान सवले खान् पिन् समेतै गरी ।
लाञो जङ्गिप्वसाक दस् वजनगै हिड्न्या तयारी गरी ॥
भाईश्री यडवर्डका डियुकआफ् क्यानाटका साथमा ।
माल्टाका सवमाथिका गवरनर् इन्कापनी साथमा ॥ ५९ ॥
श्रीश्रीश्री प्रभुवाट भेटगरन्या यैदिन् तयारी थियो ।
दर्वार्गर्न भनेर सुन्दर ठुलो इष्टारवोर्ड् तोकियो ॥
माला धूपध्वजा सजाउ हुनगो जाहाजमा खुप् गरी ।
राखीया दुइमेच ताँहिवढिया जोडी मयूर्का सरी ॥ १६० ॥
ठुल्ठूला अफिसहरू कनभनी धेरै अरू मेचपनी ।

१ जहाजको दाहिना तरफको चाँटा

राखीया इनका दुवै तरफमा केहीत बेञ्चैपनी ॥
रातो वस्त्र विछाइ योसवमहाँ कार्पेट् समेतै गरी ।
जात्‌जात्का फुलदानमा फुलभन्यौं शोभादियोवेसरी ॥ ६१ ॥
ध्वाकस्मा चढि पाल्नुभो प्रभुपनी भन्सार घर्तक् तहाँ ।
मोटर्वग्गि तयार्थिया सडकमा बन्दर्अंगाडी महाँ ॥
इस्कायेर भनेर भालट अनी जस्लाइ सव् भन्दछन् ।
भारी येक विचित्रकोछ दरवा किल्लैसरी ठान्दछन् ॥ ६२ ॥
मोटर्ले सडकै लियो उसतरफ् वग्गी पछाडी भया ।
तेजस्वी अफिसर्हरू सवतहाँ शोभायमान् भैगया ॥
ढोकामा दरवारका प्रभुजिको सत्कार निमृती भनी ।
जंगी ज्वान पचास हाजिर थिया पूराभयी कम्पनी ॥ ६३ ॥
श्रीको दर्शन पाइ स्यालुट दियो नेपालि वोल्मा तहाँ ।
व्याण्डै बज्नगयो मधुर्स्वर गरी दर्बारका फ्रान्टमा ॥
डीयुक् आफक्कनाटका आधिनका आई अफीसर्पनी ।
लाग्या स्वागत गर्न मोटर नजिक् मीलेर काल्म्वनी ॥ ६४ ॥
ढोका देखि लियेर बैठक तलक् रातो बनातै थियो ।
ढोकामा प्रभुका चरण् जवपऱ्या शोभा बहूतै दियो ॥
डीयुक् आफकनाट आउनु भयो सत्कार निंती तहाँ ।
लैजानू पनिभो प्रभूकन सँगै वाद्साहि बैठक्महाँ ॥ ६५ ॥
हाजिबैठकमा थिया जतिजना तिन्लाइ एकेक् गरी ।

श्रीकासङ्ग चिह्नाइ वक्सनु भयो आफै अगाडीसरी ॥
हाम्रासव् अफिसर्हरूकन पनी साहेव् लईन्का गई ।
डीयुक्आफकनाटका हजुरमा वोल्या चिह्नौन्या भई ॥ ६६ ॥
केहींवेर वसी भलाकुशलका वार्ता रसैका भयो ।
दर्वावैंठक राजगद्दि वइठक् सर्ज्जीसजाऊ थियो ॥
झन्राम्रो अरकोत वैठकपनी शिल्खान भारीपनी ।
आफै डीयुकले दखाउनु भयो सव्मा अगुवा वनी ॥ ६७ ॥
वैठक्का वरणन् कहाँतक गरौ राम्रा विचित्रै थिया ।
हेर्दामा मनमग्नभै नजरले आनन्दमानीलिया ॥
गर्दावैठक मात तास्बिर हरू बोल्नन् भन्याझै थिया ।
बैठक्जो फरमायसी छ उसमा रोगन्सिलिङ् वेस् थिया ॥६८ ॥
पच्चीस्पौन्ड फलामको मुकुटयक् देख्यौं ठुलाबीरको ।
टोपी येहि थियो लडाञि गरदा पैह्ले धनू तीरको ॥
योहो तेस् घरिको जउन् बखतमा बिर्सैण्ट जोर्वज् भया ।
इन्ले जुन् हतियारले मुशलमान् दुस्मन् छिंवल्दा भया ॥६९॥
राख्याका अझसम्म छन् ति हतिया सफ्फा हिफाजत् गरी ।
नेपोलीयनकोछ सालिक तहीं दूरूस्त फोटो सरी ॥
योहो मार्वलको सफाइ मुरती यौटाछ वग्गी तँही ।
पैह्ले चार्लसफष्टका वखतको ढाचै पुरानू भई ॥ १७० ॥
जुन्भाषा सवमा ठुलोछ अहिले सोवोल्नमा जात्तिको ।

राख्नू पर्दछ ल्याकतै आतिअसल् श्रीका सबै पूत्रको ॥
देख्दामा मनमा प्रसन्न आतिभो डीयूकजींको पनी ।
तेसै औसरमा विदापानि भञौं ढुंगे भन्यांगै मुनी ॥ ७१ ॥
डीयुक्‌ले जनरल् हरू कनपनी पक्रेर वाहूलिमा ।
सेक् ह्याण्डै गरनुभयो सरसले देखाइ प्रेम्को सिमा ॥
इष्टाफ्का अफिसर्हरू डियुकका आया प्रभूका पछी ।
ढोका सम्म गई फिऱ्या उनिहरू मोटर्गयो क्यैबढी ॥ ७२ ॥
ताहाँ बाट अवर्गडी अनि अरेगन्नामको बेस्महल् ।
हेर्ना लाइ सवारिभो प्रभुजिको थियो पऱ्याको पहल् ॥
ढोकामा प्रभुलाइ स्यालुट दियो झण्डा लिई हातमा ।
जङ्गी पल्टनका पचास जनले हल्लाइ बेस्चालमा ॥ ७३ ॥
व्याण्डैले यहि देशको लयलिई स्यालुट् बजायो तहाँ ।
जङ्गी सेक्रटरी गभर्नरजिको मेम्बर्हरू सङ् महाँ ॥
लाग्या श्रीप्रभुलाई लीकन गया दर्वार ढोका महाँ ।
पोसाक् जङ्गि लगाइ आउनुभयो आफै गभर्नर्तहाँ ॥ ७४ ॥
वैठक्मा प्रभुले चिंह्वाउनु भयो आफ्ना अफीसर्जती ।
साधारण् दुइचार्कुरा कन गरी हेरेर लायक् जती ॥
फिर्नूभो प्रभुका पछाडि अफिस ढोंका तलक् सव् थिया ।
गारद्‌ले पहिले झन्डी प्रभुजिको स्यालूट ताहि दिया ॥ ७५ ॥
ताहावाट जहाज मा सव फिऱ्यौं यक्छिनू पछी त्यै घरी ।

फिर्तीं भेट निमित्त आउनु भयो डीयूक मित्रै सरी ॥
सत्कार्गर्नु भयो भन्याङ् तलतिरै जर्णैल् पुरब् तर्फले ।
जेम्स्यानर्‌इसमीथले पनि गर्‍या ताही बडा भक्तिले ॥ ७६ ॥
ईष्टापूका अफिसर्लिई सगमहाँ जाहाज् नजिक्मा जसै ।
डीयूक् आउनुभो फयर्पनि छुट्यो एक्तीस तोप्‌को तसै ॥
फिल्डैमार्सलको प्वसाक पहिरी तेस्का उपर्आरको ।
पोसाक् वेसकिसीमको पनि थियो जी.सी.वि इत्यादिको ७७
साधारण् दुइचार्कुरा कन गरी फर्की तुरुन्तै गया ।
ध्वाकस्सम्म पुर्‍याइ वक्सनु हुदा श्री ले वहुत् खुस्भया ॥
प्रारब्धै वलवान उस्जनमको केही हुनाले गरी ।
बाटो खुल्न गई इलम् तरफको राम्रा हिसाब्‌ले गरी ॥ ७८ ॥
बुद्धीका वलले गरी अमरसिङ् मेज र्सुवेदा भया ।
भाग्यैका पछिलागि बुद्धि हिडदा दर्जा बढाई लिया ॥
कुन्तप्का बलले प्रभू सगसगै इङ्ल्याण्ड जादा भया ।
श्रीका वर्णनमा पनी सहजले नाऊँ चढाई लिया ॥ ७९ ॥
भाईहुन् यडवर्डका डियुक खास् इन्कोत दर्वारमा ।
जाहाजी कपतान लाइ पनियो मौका मिल्यो बस्नमा ॥
जस्ताका सगमा रहन्छ दुनिञा सोसङ्गको फलपनी ।
केहीता मिलन्या रहेछ उसको दृष्टान्त यैभो भनी ॥ १८० ॥
यस्का केहिपछी गवर्नर पनी आया तुरुन्तै तहाँ ।

१ बादस्याहका भाई

दस्तु मांफिक सबकुरा हुनगयो सत्कारका साथमा ॥
फेरी मेडिटरेनियन् विचजती जङ्गी जहाज् वस्तछन् ।
तिन्कामालिक आड्मिरल् सरपछी चारल्स् डुरीनाम् जउन् ८१
आया भेटनलाइ यक्छिन वसी फर्केर जादा भया ।
जी .सी. वी. सि. वि के. अनेक रितका इन्कात तक्मा थिया ॥
ख्वामित्का सगमा अफीसर हरू आया जतीको तहाँ ।
नामासी सव लेखि वक्सनुभया दीन्याछु धन्न्यै जहाँ ॥ ८२ ॥
कप्तान् जङ्गि जहाजले यति कुरा लेखी कितापै पनी ।
भेज्दामा प्रभुले पनी उहिघरी लेखी दिनूभो गनी ॥
दीनूभो खुकुरी पनी आति असल् उन्लाइ वक्सिस् भनी ।
इम्लेकेबुलको दिया हजुरमा फोटोत उन्ले पनी ॥ ८३ ॥
आड्मीरल् कन फिर्तिभेट्दिनभनी जादा प्रभुले तहाँ ।
श्रीकाश्रीजतिछन् उतीबजनगो ठोकेर घन्टा महाँ ॥
सङ्गमा पू.क.ज. पाल्नूभो अरूपनी केही अफीसर्गया ।
ढोकामा उनका पनी प्रभु जिको स्यालूट बोल्दाभया ॥ ८४ ॥
नामादीइनले पनी सव लिया हामी हरूको तहाँ ।
मेरी स्त्री यहिहो भनेर निजले जाहेर गर्‍या श्रीमहाँ ॥
ताहाँबाट बिदाभई इटलिका मानिस् हरूको जहाँ ।
बुद्धी खर्चहुँदा असल् हुन गयो राम्रो बनाई महाँ ॥ ८५ ॥
गिर्जा हेर्न गञौ कवर्पनि थिया बिर् बीर जन्का तहाँ ।

देखिन्थ्यो तिनको जनम् मरणको तारीख ढुङ्गा महाँ ॥
ताहाँदेखि सवारिभो प्रभुजिको स्यान्आन्टनीयो महाँ ।
गार्डन्पार्टि थियो तहाँ डियुकको श्रीका निमित्तै महाँ ॥ ८६ ॥
माल्टाका सबनामुदी जन हरू निमूता हुनाले गरी ।
हाजिर्धैर थिया सलामि प्रभुको वज्दो भयो जुन्घरी ॥
पत्नीयुक्त डियूक आइ झटपट् सत्कार स्वागत् गरी ।
मेरीप्यारि इहुन् भनी कहनुभो देखाइ तेही घरी ॥ ८७ ॥
राज्पूत्री यसलाइ सम्झनु ह्वस् भन्दै त इन्ले पनी ।
छोरीलाइ चिह्नाउनू तहिभयो साह्रै सुसीला वनी ॥
फेरीसव् अफिसर्हरू सित पनी हात्हात् मिलाई तहा ।
सत्कार्गर्नुभयः असल् तरहले डीयूकले भोजमा ॥ ८८ ॥
फोटो उत्रनगो तसैवखतमा सब्को यकै साथमा ।
श्रीपेच् लाइ उतारि टोपि सवले लाग्यौ फरेज् माथमा ॥
हाम्रा मानिस कै लियेर सँगमा फर्कर डुङ्गी महा ।
जाहाज्मा पनि गैगया पगारिसव् हालेर वाकस्महा ॥ ८९ ॥
गार्डन्मा सवलाइ रानि अगुवा भैसव् घुमाई लिइन् ।
शोभा गार्डनको वयान गरदै आनन्द पारी दिइन् ॥
धेरै नारिहरू पनी तहिथिया भोज्खानलाई भनी ।
स्वागतसव् इनले पनी गरिलिया झूकेर नम्रै वनी ॥ १९० ॥
पुड्का भैकन डालमात बढिया काला नजर्का तहाँ ।

देख्यौ सुन्दरि बोल्दछन् अरविक्यै जोडी इटाली महाँ ॥
माल्टाका जनहेरु जाहि उहिले मज्जा लहड् गर्दथ्या ।
फोहोरा यउटा तहाँ तिन सये बर्षै भयो भन्दथ्या ॥ ९१ ॥
छाँट्याका सबछन् अनेक् तरहले ठूलात बृक्षै जती ।
फूल्याका कहिछन् फलेर बहुतै हागा नुहेका कती ॥
फुल्का झाँगपनी अनेक् तरहका झ्याम्मै पऱ्याका थिया ।
काही मार्बल छापि पालिस दिई सफ्फा बन्याका थिया ९२
माल्टाका सारिस्वादका सुनतला पृथ्वी भरीमा कही ।
फल्दैनन् यसले प्रसिद्धछ जमिन् दाना ठुला लालभई ॥
जात्‌जात्का फलफूलकाछ बिरुवा क्यारी महाँ जलभरी ।
हेर्ना लायकको थियो जातितहाँ हेऱ्यौ सबै बेसरी ॥ ९३ ॥
माल्टाका सबठाउमाछ बढिया खेती गऱ्याको असल् ।
जात्‌जात्का फलफूल अन्न उत्रजी झीक्छन् बढीया फसल् ॥
यस्ता रित्सित भोजमा नजरले आनन्द पानै गरी ।
फर्की बक्सनुभो प्रसन्न मनले भोजन् गऱ्याझै गरी ॥ ९४ ॥
भन्सार्घ नजिकै प्रभूकन भनी ध्वाँकस् रह्याका थिया ।
तेस्मा राजभयो जसै प्रभुजिको सबले सलामी दिया ॥
ध्वाकस्मा हिडदा अरू जाति जती जङ्गी जहाज्देखिया ।
ताहाँ बाट पनी बिकुल् बजनगै तिन्ले सलामी दिया ॥ ९५ ॥
येती काम भया पछी ब्युलकिको आठै बज्येथ्यो जसै ।

माल्टा छाडि जहाजले पनि लियो बाटो जलैको तसै ॥
चौविश् दीन गते विहान हिडदा प्यान्टेरिया नामको ।
बाझोएक चटान देखिनगयो झ्यालखानका कामको ॥ ९६ ॥
राखिन्छन् तसमा कसूर गरन्या ईटालि सर्कारको ।
हेर्दामा नरमाइलो सबजमिन् ढुंगे विना झारको ॥
येस्दिन् येकशये सतासि नटको बाटो गर्‍यौ पार्गरी ।
पच्चिस् दीनगते पनी हुनगयो वार्मा बुधैको परी ॥ ९७ ॥
जाहाजी कपतान् रबट् यसामिलर् इन्लाइ श्रीले तहाँ ।
बक्सिसभो खुकुरी असल्छ सुनको कोथी समेत् दाप्महाँ ॥
काम्गर्न्या हरुलाई एक्सय उप पाँचपौण्ड वक्सिसभयो ।
भोली ऊत्रन लाइ सबूतरहले ठिक्ठाक् समेतै भयो ॥ ९८ ॥
गाई दूइर माल केहि गरुका कप्तान जिम्मा गया ।
येस्दिन्मा शय माथि सत्तरी गई फेरी छनट् गैगया ॥
छव्वीस्दीन विहाउदा अलिअली क्यैरात बाकी महाँ ।
यौटालाइट हौसका व़रिपरी टापू मिल्या क्यै तहाँ ॥ ९९ ॥
मार्सैलिज् जसलाई भन्छ बढिया फ्रान्सीस सर्कारको ।
भारि बन्दर यो ब्यपार चलन्या धेर्धैर कार्वारको ॥
ताहाँ दाखिलभो जहाज प्रभुको बज्दा छघण्टा महाँ ।
चार्लाख् मानिसकोछ वस्तिबाढिया भारी महल्भैतहाँ ॥ २०० ॥
गल्ली घर्सब साफछन् सहरमा काज्काम् चल्याको पनी ।

केही दिन् अघियो स्वतन्त्र थलहो छुट्टा शह बैंस्ननी ॥
फोसन्नाउ थियो जउन् पुरुषको उस्देखि जग् वस्नगो ।
सन्मा चौधसये यकासि जवभो योफ्रान्समा मिल्नगो २०१
योपोर्ट् लाइ लिदा यघारउँ लुई राजा थिया फ्रान्समा ।
योवन्द अंझतक् छदैछ वलियो फ्रान्सीसका हातमा ॥
मार्टीन्सेसिन गर्नकौसल महाँ जर्णेलि दर्जा भई ।
डी.यस्.यं.बृटनीकले प्रभुजिको सत्कार्गन्या झट् गई ॥ २ ॥
हाम्रा सब् असवाव रेल विचगै लादी सकीयो जसै ।
नौ वज्दा इसपेसलै खुलिगयो फ्रान्सीस् तरफको तसै ॥
धेरैपार गऱ्यौ सुरङ्ग यसदिन् यस्का पछी धेरवेर् ।
सागर्का तिर तीरभै चलिगयो नाग्वेलि चाल्मात रेल् ॥ ३ ॥
छाड्यो देखिन तिर्पनी जुनघरी पाहाडका काखमा ।
लाग्यो हिड्न विचित्र देखिन गयो पाहाडका माझमा ॥
फेदी फेदिमहाँछ खेतिबाढिया उब्जा भयाको अती ।
ठाऊ ठाउमहाँछ वागवगिया राम्रा भयाका अती ॥ ४ ॥
गाऊ भैकन साफछन् सहरझै कीसानि जन्का पनी ।
साहै सुघ्घर देखियो सवजामिन् फस्सल्सहित्को वनी ॥
एक्काइस् दिन खालि जल् नजरले देखीजती आतियो ।
उत्तीकै खुसिभो जहाँ नजरको दिक्दारि सव्छाटियो ॥ ५ ॥
फेरी रोन नदी तिरै तिर गऱ्यौ हेर्दैतमासा तहाँ ।

आनन्दी सवछन् गरिपूहरु पनी सफ्फाइका चालमहाँ ॥
वास्गर्छन् झुपडी महाँ तरपनी साहस् र हिक्मत् गरी ।
काईदा सितकोछ खेति तिनको हर्साल बढ्न्या गरी ॥ ६ ॥
जाहाँ जन्म भयो उसै जमिनको अत्यन्त माया पनी ।
देखीयो तिनमा मिलान सवको भाई समान्का वनी ॥
भर्दिन् येहि हिसावको सवजमिन् हेरेर पाच् वज्नगै ।
इस्पेसल् प्रभुको डिजन् ष्टिसनमा दाखिलभयो सामुभै ॥ ७॥
पर्देस्मा हिडदा नरेस हरुतक् पौचन्छ केहीत क्लेश् ।
भाषा मिल्न गयेन फेर्अन्नभन्या मिल्दैन आरामि लेश् ॥
योठाऊ आतिकष्ट दायक भयो चिज्वीज् हरोह भैई ।
खानूपीनु सवै परै रहनगो भाषा नमिल्न्या भईं॥ ८ ॥
तम्वूएक खडागर्‍यौँर पहिल्यै ताही नजीकै महा ।
जाडोभै कुइरोपनी अलिअली थीयो उठ्याको तहाँ ॥
यस्माथी अन्नपानि सिंसिमपरी गर्‍थ्यौं सवैको पुजा ।
केही जुक्तिगरी फगत् प्रभुजिका निंती तयार्भो भुजा ॥ ६ ॥
पानीका टपका सहेर प्रभुको जिन्तीन भोजन्नभयो ।
धेरैका थसदीन पेटभरन्या आहार माछा भयो ॥
तिन्काटर्नउवज्नगै खुलिगयो स्पेशल् प्रभूको तहाँ ।
भोली पल्ट विहान नौवजि भयो दाखील क्याले महाँ २१०
सत्ताईस भयो दिनैगतपनी वैशाख मास्को जहाँ ।

जाडोधेर भयो विचित्र रुपको लागेर हुस्सूतहाँ ॥
श्रीकादर्शनं निंतिको भिडपनी ठूलै जम्याको थियो ।
खान्पीन् सुद्ध तहीथियो प्रभुजिको क्यैकाल फुर्सत्थियो ११
क्यालेदेखि जहाजमा चडिगञौ इङ्लीस च्यानल् महाँ ।
श्रीका निमति भनी बृटीस सरकार् लेराखियाको तहाँ ॥
थीयो तेसउपर्पनी प्रभुजिको झण्डा चढी खुल्नगो ।
मस्तूलमा फरफर्गरेर जलमा जाहाज झन्खुल्नगो ॥ १२ ॥
तेस्माथी किरती पनी प्रभुजिको फर्फर्गर्‍यो झन्तहाँ ।
धेरैलाइ बिमारि देखिनगयो जाहाज् पुग्यो तिर्महाँ ॥
वार्डेन् होटलमा गयेर प्रभुले आराम् लिनूभो तहाँ ।
खानु पीनु भयेन खालि हुनगो आरामि मात्रै तहाँ ॥ १३ ॥
कर्णैल् विष्णुकुमार मामुलि कछाड् खाली कसी जाँघमा ।
स्नान् गर्न्या मतलव् गरेर झटपट् रूमालली हातमा ॥
फुर्तीसाथ गयेर च्यानल अगाध् जलमा डुबुल्की दिई ।
हिन्दूधर्म प्रकाश गर्ने मनले पूराउमदै लिई ॥ १४ ॥
बार्बारै हरहर् भनेर मुखले वाँकव्य छप्का दिई ।
ग्राहै खेल्दछकी भन्याझाजि गरी खेल्दा सुन्याञी लिई ॥
मानिस्को भिडलागिगो तिरमहाँ ज्यात्रा समानै गरी ।
तिन्का दीलमहाँ अचम्भ हुनगो नौलो नजर्मा परी ॥ १५ ॥
येक्वित्ता भरिको कछाड पहिरी सब्का अगाडी महाँ ।

१ इङ्गलिस्च्यानल् भाऊँभयाको समुद्र २ समुद्र

न्वाहून्या चलनै युरोप भरमा सुन्न्यै हुनाले तहाँ ॥
लाग्या आपसमा मुखामुख गरी सोधपूछ गर्नैं पनी ।
डाहाभो इनलाइकी किनञ्हा न्वाह्या यसोरी भनी ॥ १६ ॥
हिन्दूको धरमैत येहि वुझनू सागरं पुण्यै नदी ।
भेट्याामा उसमा पनी फजिरमा घाम् चर्कनै धेर्नदी ॥
तागत्यो शरिरै महाँ छतभन्या स्नान् गर्नु बेस्बातहो ।
येडीटर् हरुले सुचन्गारिदिया स्नान्यो गजब् चालको ॥ १७ ॥
छापीयो अखवारमा उहिदिनै नौलो खवर् योभनी ।
संक्षेपै रितले बयान इनको फुर्ती समेतै पनी ॥
धर्मैंको दृढतार साहस मिली सब्को दिलै खुस् गरी ।
फैलीयो खवरै पनी मुलुकमा डङ्कै बज्याझै गरी ॥ १८ ॥
सर्कर्जन् करणैलका सगमहाँ सेक्रेटरीले पनी ।
सत्कार् वेशगर्‍या तहींमहलमा आफ्नै समान्का वनी ॥
फेरीरेलमहाँ चढेर प्रभुजी पाच्बज्न ठिक्कै गरी ।
लन्डन् दाखिल होइ बक्सनुभयो भारी समुद्रै तरी ॥ १९ ॥
बाद्साहा यडवर्डले प्रभुजिका निमूतीत योरल् पनी ।
राख्याको इसपेसलै बुझिलिनू पाल्नू भयो श्रीभनी ॥
पोसाक्मा रुइदारि सुर्ति रँगको फ्राग्कोट कालो थियो ।
टोपी मिल्टरि लाउदा शिरमहाँ श्रीलाइ शोभा दियो ॥ २० ॥
फ्राग्कोट् माथि फरेज क्याप सवको पोशाक नेपालिभै ।

सोभा ष्टेसनको पनी बढिगयो श्रीले तहाँ पाल्नुभै ॥
स्वागत् गर्नभनेर हाजिर थिया जोजो अफीसर् तहाँ ।
तिन्को नाम सुनाउछु आलिकती भन्नैत अड्वड् ऩहाँ ॥ २१ ॥
मिष्टर् येफ. य. हट्. जलै, रअरका मिष्टर्सि. ई. यड्. भनी ।
हब्. हाऊस, भनेर कृष्ण पाछिका गोबिन्द गुप्तै, पनी ॥
आर्थगार्डलि, सर्उईलि यमली ब्यानार्थिया, फेर्पनी ।
सर्फीलिप् इटचिंस, सर्. हियुभनी वार्नर्स, आर्कापनी ॥ २२ ॥
कर्णैल् डेभिडबार् भनेर सरजेडी लाटुसै फेर्पनी ।
मिष्टर् फेरमिसिस् यलीयटपछी मिस्येलि येटैपनी ॥
सर्चार्लस् जरणैल लेडवड्ली कर्णैल राभेन्स फेर् ।
कर्णैल् फेरपियर्स मिष्टरथिया यस्. येच. विल्ग्रामिफेर् ॥ २३ ॥
मिष्टर्कोलिनजर्ज क्यांब्यलसहित् सर्बाल्टरै फेर्तहाँ ।
मिष्टर्मिन्स्यटहिल् सहीत थिवडो मिष्टार्थिया फेर्तहाँ ॥
सर्फेलिक्सर हुष्टरैअनितही म्यानर्समिथ् फेर्पनी ।
रेल्बेकंपनितर्फ कातजनरल् इत्यादि धेरैपनी ॥ २४ ॥
खालीदर्सन निम्तीको भिडपनी ठुलैजम्याको थियो ।
नाम्सुन्दा झरको ह्वलाकितभनी थोरैऩहा लेखियो ॥
सब्कोस्वागतली प्रसन्न मनलेपुग्याँ ब्यलायत् भनी ।
साहेखूसि भयीतहाँ हुकुमभो श्रीतीन् प्रभूले पनी ॥ २५ ॥
वाद्शाही रथ हाजिरै पनि थियो तेस्मा त राजै गरी ।

मार्टीम भंनि नामका महलमा पाल्नूभयो त्यै घरी ॥
डोभर्मा जिउनार को सब कुरा संयोग् नपर्दा महाँ।
ज्यूनारै नगरी सवारि कुचभो थियो सवेरै तहाँ ॥ २६ ॥
मर्टीमर् महलै महाँत पुगदा दीनान्त सन्ध्या भयो।
भान्सा चौकि तयार पारि पहिले चिज्वीज पाक्को भयो ॥
येसैले निशिको नउ बजनगै भोजन् तयारी गऱ्या।
सायम् प्रातरको यकै बखतसव् भोजन् गरी खुसभया २२७

इति समुद्रकाण्ड समाप्तम्।

अथ लन्डन्‌काण्ड प्रारंभः ।

जस्देखी सवयो चराचर जगत सृष्टी भयो पालना ।
जोगर्छन् पछि अन्त्यका वखतमा सन्सार कै ताडना ॥
आमा बाबु सरूपका जगतका श्रीशम्भु गुह्येश्वरी ।
रक्ष्या गर्नुहवस् कृपा नजरले श्रीचन्द्र को यो घरी ॥ १ ॥
वाद्साहा यडवर्ड का अतिथि भै स्वाधीन नेपालका ।
माहाराज सवारि भो भनि वहुत् यूरोपिका चालमा ॥
मानिस्को भिड भारि ष्टेशन महा जम्मा भयाको थियो ।
नौला मानिस हेरन्या रित पनी तिन्मै अती देखियो ॥ २ ॥
सोभा वेस् रथको बढाइ प्रभुले जादा महल्मा तहा ।
जेम्यानर्स् इसमीथ. ले. क. करजन् वाईलि फेर्सङ् महा ॥
लेफ्टेन् वाइलि फेर्थिया प्रभुजिका यक्साथ वग्गी महा ।
वग्गी मोटर मा चढी अरु गञो खुसी हुदै सव् तहा ॥ ३ ॥
राजाका अधिराज का हुकुमले गार्डीलिई सङ्महा ।
मालमत्ता सव लादि लीकन गयो नाऊ टमस्कूक् तहा ॥
चाडैनै पुगि गैगञौ महल मा हेर्दैतमासा पनी ।
मार्टीमर्पनि खुप्थियो साजिसजौ श्रीनाथ वष्न्या भनी ॥ ४ ॥
राताका सँगमा निलोर हरियो सेतोर कालो गरी ।
रङ्गैको जसमाछ धेर्किसमको बुट्टा फुलैकासरी ॥
कार्पेट् भै मखमल्सरी घरभरी वीछ्याइयाको थियो ।
कुर्सी मेच कउच् जहाँ जतिजती चाहिन्छ भर्पुर्थियो ॥ ५ ॥

रङ्गरङ्का तसवीर वैठक महा कोठा महा खुप् थिया ।
आफिस् वैठकमा कलम् र मसिनी कागज् समेतै थिया ॥
सभ्यैमा गणना छ जुन् मुलुकको आज्काल यस्भूमिमा ।
राज्धानी यसमापनी जउनभो आनन्दको भै सिमा ॥ ६ ॥
पुण्यै धेर्जसको छ उस्‌जनमको वास्‌गर्छ ताहाँ गई ।
तिन्‌लाई जुनरीतले जुनवखत् दर्कार माफिक् भई ॥
आराम् मिल्दछ सो तयार्छ सवमा भोग्‌गर्दछन् सव्‌तहाँ ।
ताहाँका जन सभ्यसौखिन गुणी केलेखनू धेर्जहा ॥ ७ ॥
वादृशाहा यडवर्डले अतिथिको सत्कारमा जत्तिको ।
गर्नूपर्दछ सोसवै गरनुभो देखाइ प्रें चित्तको ॥
श्रीलाई पनि मर्टिमर्हइउसले आनन्दपारी दियो ।
साहैलायक यो महल्‌ प्रभुजिका निंती तयारी थियो ॥ ८ ॥
घां लाग्यो दिनमा अठाइस गते आनन्द दीन्या भई ।
येघारै जव वज्नगो तसउप मींनेट पन्ध्रै गई ॥
दंर्जा भाइपछी कउन्टमरले इन्सीत भेट् गर्न को ।
इच्छाले सगमा अफीसर लिई श्रीतिन् तहा पाल्नुभो ॥ ९ ॥
हिन्दुस्थान् सवको त आफिस महा पुग्नूभयो जुन् घरी ।
कर्णेल् कर्जन वाइली र हटजल्‌ प्राइभेट सिक्रेटरी ॥
ढोकातक् लिनलाइ आइ इनले सत्कार स्वागत् गरी ।
भाईकौन्ट थजी प्रभूकन लग्या तूरुन्त सोहि घरी ॥ १०

१ भाइकोन्ट दर्जा

देख्दामा प्रभुलाइ झट्पट उठी स्वागत् समेतै गरी ।
पक्री वाहुलिमा सलाम् गरिलिया राम्रा हिसाब्ले गरी ॥
मार्लेका सगमा बसी प्रभुजिले वात्चीत गर्दा महाँ ।
जनरल् सर्व म्वक्कीर फेरिकपतान् नांलिण्डसेले तहाँ ॥ ११ ॥
देखाया अरुलाइ ताँहि बढिया कोठार चोटा जती ।
हेर्‍यौ ताँहि थिया अरू अरुपनी ब्राञ्चैत आफिस्कती ॥
आफिस्मै महलै सरीछ बढिया सफ्फाइ धेरै तहाँ ।
हेर्दामा सवको प्रसन्न मनभो घुंफीर गर्दा महाँ ॥ १२ ॥ *
सबै काठै काठ्को तँहि नजिक आफिस अघिको ।
थियो यौटा राम्रो अवल दरजा कारि गढिको ॥
मुलुक् माफिक् तिन्मा फरक बुझियो केहि आहिले ।
यसै चाल्का बन्थ्या महल वढिया धेर उहिले ॥ १३ ॥
तहाँ देखि फिर्दा सहर विच वेस् ठाउछ जती ।
हइड् पर्कादीसब् नजर हुनगो नाम्भनु कती ॥
उनन्तिस् दिन्जादा ब्युलुकि पख पानी परि गयो ।
हवा ठण्डा चल्दा दिलपनि बहूतै खुसि भयो ॥ १४ ॥
कसेलीका लागी चिज विज लग्याका जाति थिया ।
खुल्या तिन्का वाकस् पुछनु परन्या झट्ट पुछिया ॥
वसेका जोर्थीया अघि लइनमा हाकिम भई ।
सि. डव्ल्यू न्याभेन्सा दरज करणेली हुन गई ॥ १५ ॥

१ सोमुख्येआफिस्को अरुआफिसहरू

यसै दिन्मा आया दरसन प्रभूको गरु भनी ।
गया भेटी खुस्भै ब्यलुकि परख भैगो दिन पनी ॥
गयो बैसाख् मास्को दिन पानि जसै तीस हुनगै ।
असल् हावा चल्थ्यो दिन भरि सफा सर्ग पनिभै ॥ १६ ॥
यसै दिन्मा श्रीमान् यडवरड नाम् इम्पररको ।
महाराज्का सङ्मा मिलन पहिला दिन् मुकरभो ॥
लगाञ्यौ पोसाकै पगरि सहितै जङ्गि रुपको ।
भयो सोभा भारी एडवरडका मित्र भुपको ॥ १७ ॥ *
साढे यघार वजदा प्रभु निस्कनूभो ।
बाद्साहि बग्गि प्रभु लाइ तँहीं तयार्भो ॥
मोटर्महाँ अरु गञ्यौ प्रभुका अफी सर् ।
बग्गी गयो सहरमा नअडी सरा सर् ॥ १८ ॥
बाद्साहको महल लाइ बकीङ् ह्याम ।
प्यालेस भन्छ यसमाछ बिचीत्र काम ॥
ज्यादा ठुलो नभइ लायक वेस् भयाको ।
कारी गढी अंति भई महलै वन्याको ॥ १९ ॥ *
अगाडी यो घर्हो रइति हरुको लायक भई ।
समर्सेट् भन्न्या घर् इन कनत साटो पनि दिई ॥
लिया सर्कारैले अलिक दिन खाली पनि भई ।
अठारै सौ फेरी सत्रितिस सनैमा हुन गई ॥ २० ॥

यसै घर्मा फेरी अरु अरु बढायेर धनले ।
बासिन् भिक्टोरिया कुइन हुनगै पूर्ण बलले ॥
लमाञीमा यो घर् तिन सय उपर् साठि फिटभै ।
तला यस्मा उच्चा दुइ फगत छन् भारि हुनगै ॥ २१ ॥
गुमज् वुर्जा माथी रँग विरँगका मूर्ति हरु छन् ।
फगत् यौटा तिन्मा पउन भारिया झट्ट हिंडछन् ॥
गजुर् जस्ता वुर्जा विच विच अटाली वरि परी ।
असल्छन् झ्याल् फेरी सय उपर ताँही घर भरी ॥ २२ ॥
फ्लाम्का डण्डीको चहुँ तरफ पर्खाल्छ यसमा ।
सफा रोगन् सब्मा झल झल गऱ्याको चमकमा ॥
मुहूडा दक्षिण्भै सडक नजिकै पर्दछ महल् ।
अती राम्रो सफ्फा वनवट भयाको परि पहल् ॥ २३ ॥
जंउन् दिन्मा राजा नभइ कन खाली महलभो ।
प्रमाना च्याम्वर्लेन् सित लिइ फगत् हेर्छ जनयो ॥
महल्देखी उत्त फल फुल हरूको आति असल् ।
वघैचा देखिन्थ्यो रँग विरँग फुल्को ताहि फसल् ॥ २४ ॥*
उत्तर्तिरैछ सुकला गरन्या त खोपी ।
बादसाहका महलमा सवमात रोजी ॥
सत्कार निमति प्रभुको ताहि हात माहाँ ।
झण्डा लिई कन थिया शव ज्वान ताहाँ ॥ २५ ॥

१ दुनियाले राजा नभयेका वेलामा प्रमानाली दर्वार हेर्न पाउछन्

कप्तान मातहतको तिन लाइ जान ।
ब्याण्डै पनी गरदथ्यो बढिया बजान ॥
हेरौ सवारि भनि मानिस धेर लाई ।
भीडै थियो महलका नजिकै रमाई ॥ २६ ॥
ढोका महाँ जब प्रभू पुगि बक्सनूभो ।
दिया सलामि सबले खुसिले लिनूभो ॥
बादसाहका हजुरिया साहितै भयाका ।
सत्कार गर्न करजन् बइली गयाका ॥२७ ॥
थिया प्रभू कन लियेर चढ्या महल्मा ।
तत् पर्थिया तिनि हरू प्रभुका टहल्मा ॥
द्वारदेंखि बैठक तलक् सडकै भरीमा ।
थियो बनात बढिया पनि त्यै घरीमा ॥ २८ ॥
बादसाहको ड्रविङरूम भनी कह्याको ।
तस्वीर धेर जसमाछ पर्डी रह्याको ॥
श्रीलाइ ताहि पहिले लागि राखि लीया ।
बादसाहका हजुरमा अनि हाल दीया ॥ २९ ॥
लाइन् मिली अरु बस्यौ प्रभुका पछाडी ।
बल्थ्यो प्रताप प्रभुको मुहुडा अगाडी ॥
सर्डाइटन् प्रविन लाइ लियेर सङ्मा ।
आया ज्वहोन मरले ताहि रूम माहाँ ॥ ३० ॥

१ बादशाहको बैठक

हाकीम जान्नु इनलाइत इण्डियाका ।
काज्कामको सकलभार समेत् लियाका ॥
येसैत औसर महाँ बय साठ्ठि साल्मा ।
हैजा उठ्योर बनमा अति घोर चाल्मा ॥ ३१ ॥
तेस्ले सिकार नहुदा चितऊन बन्मा ।
जानै दियेन भनि लाग्दछ ताप मन्मा ॥
नोक्सानभो हजुरको पनि धेर ताहाँ ।
सोसम्झदा अझतलक् दिक लाग्छ त्राहाँ ॥ ३२ ॥
सर्डाइटन् प्रविनले यस रीत माहाँ ।
भन्दा जवाब दिनुभो प्रभुलेत ताहाँ ॥
तेस्बर्षमा विपद भारि मिल्यो मलाई ।
सोसम्झि आज तक जान्छ मनै बिलाई ॥ ३३ ॥
त्यै बर्षमा मकन छाडि पियारि रानी ।
जादीं भईन् सकल शील हरूकि खानी ॥
लोट्याँ महात्ति विच वाट खराप चाल्ले ।
छोप्यो मलाइ दुखका बलवान जाल्ले ॥ ३४ ॥
श्रीप्रिन्सका सग त भेट सिकार माहाँ ।
होला भनी खुसि थिञा मपनीत ताहाँ ॥
क्याराँ अभाग्य वसले ताहि घोर वन्मा ।
हैजा उठ्यो डर गरायर भारि मन्मा ॥ ३५ ॥

मानीसको पनि खती वहुतै भईगो ।
सङ्को मनै यसइलेत उराठ् भईगो ॥
यस्ता कुरा प्रभुजिका सुनि फेरि उन्ले ।
अफ्सोस सूचन गऱ्या अझ भित्रि मन्ले ॥ ३६ ॥*
कर्णेल् कर्जन वाइलि लइनका साहेब् समेतै भई ।
वाद्साहा सित भेटभो प्रभुजिको आफ्ना अफीस लिई ॥
जन्रल् जत्ति सवै तहाँ प्रभुजिका सङ्मा गयाका थिया ।
कर्णेल्मा पनि सव् गया सग महाँ सर्दार मेज थिया ॥ ३७ ॥
गोर्खा रैफलका अमार्सिङ गया मेज सुवेदार्पनी ।
प्रारब्धै सवको हुदा मिलि गयो दर्वार हेर्नै पनी ॥
फिल्डै मार्सलको प्वशाक पहिरी साथमा अफीस लिई ।
वाद्साहा यडवर्ड आउनु भयो सव् माथि सोभा दिई ३८ ॥
कोल्ब्रुक् लार्डर डाइटन् प्रविन नाम् जर्णेल सङ्मा थिया ।
सिड्नीग्रेभिल आरकात करणेल् आर्थ ड्यांभिड्सन् थिया ॥
कर्णेल् यच्रासि ल्यगी पनी तहिथिया घर्कांजिहून् तेहि वेर् ।
डिप्टी माष्टर अफ्दि हाउस हलड् कर्णेल यफ् डव्ल्यु फेर् ३९
जेकार्पेन्टर ग्रेनियर्पनि थिया कप्तानि दर्जा महाँ ।
दर्जा माफिकका प्वशाक वढिया थिया सवैका तहाँ ॥
राजाश्री बलिका महल् विच गई द्यौता लिइ सङ्महाँ ।
इन्दैलेत मिल्या झञ्ची हुनगयो शोभा बहूतै तहाँ ॥ ४० ॥

जेम्यानर्स्मिथले अफीसर जती ताही चिन्हाई दिया ।
सेक्ह्यान्डै जनरल् सबैसित गरी आनन्द मानी लिया ॥
साहेखूसि भञा तपाञि सितयो भेट्गर्न पाई ञहाँ ।
भन्नूभो यडवर्डलेर प्रभुले उत्त र्दिनूभो तहाँ ॥ ४१ ॥
झन्खूसी मभञा बहूत दिनको इच्छा पुराभै ञहाँ ।
आञादर्सन निम्ति सो सुफलभो आनन्दभो मन्महाँ ॥
अंग्रेजी जुनरीतले प्रभुजिले बोल्नू भयो तेस् घरी ।
सोसुन्दा यडबर्ड खूस्हुनु भयो ताडीफ् समेतै गरी ॥ ४२ ॥
मार्लेले पनि वेस बोलनु भयो भन्दाभया झन्तहाँ ।
केहीदीन तलक् निबास गरन्या फुर्सत् छकी क्यै ञहाँ ॥
भन्दाफे उँनले जबाव दिनुभो इच्छाछ मेरो पनी ।
केहीदीन बसेर लन्डन सह हेर्सौविचित्रै भनी ॥ ४३ ॥
यस्ता रित् सितका भला कुसलका बात् चीत केही गरी ।
फिर्दामा पनि स्यालुटै बजि गयो श्रीको अगाडी सरी ॥
ताहाँ वाट सवारिभो प्रभुजिको मर्टीमरै हौस्महाँ ।
फोटोग्राफरले सडक् विचविचै तस्वीर् खिच्या धेर्तहा ॥ ४४ ॥
आराम् केहि गरी टिफिन् पनि गरी तेश्रा प्रहर्मा तहाँ ।
जानूभो प्रभुजी अफीसर लिई मारल् वरोहौस्महाँ ॥
व्यान्डैका सँग गारतै पनि थियो श्रीप्रिन्सका घर्महाँ ।
श्रीको स्वागत प्रिन्सले गरनुभो रानी समेतभै तहाँ ४५ ॥

नेपाल् जङ्गलमा शिकार गरुला भन्न्या उमेद् खुप् थियो ।
हैजा उठ्न गयोर रङ्ग रसको भङ्गै गराई दियो ॥
अप्सोच् लाग्दछ भेट् भयेन उबखत् भेट्भो अहीले जहाँ ।
जुन्कूरो नहुन्याछ सो वलगरी हुदैन जाहाँ तहाँ ॥ ४६ ॥
श्रीमान् प्रिन्स जिले प्रभू कन लगी अकैंत खोपी महाँ ।
छोरा छोरि जती चिह्नाउनु भयो आफ्ना भया भर्तहाँ ॥
सन् अट्ठार शताब्दिका सुरु महाँ मारल् वरो नामको ।
डीयुक् कोहि भया उनैकनभनी योघर्वन्यो कामको ॥ ४७ ॥
केही काल पछी खरिद् गरि लियो सर्कारले हौसयो ।
आज्काल् श्रीयुवराज राज गरन्या भारी महल् यैभयो ॥
भारत् वर्ष महाँ नरेश हरुले जेजे चढाई लिया ।
तिन्मध्ये वाढिया तहीमहलमा श्रीप्रिन्सका देखिया ॥ ४८ ॥
यकै छीन वसी प्रभू फिरनुभो मर्टी मैर हौस्महाँ ।
आया धेर अफीसैर हरुपनी भेट् गर्न लाई तहाँ ॥
जर्णेल् स मुरक्री अनी सरपछी चारल्स् इलीयट् पनी ।
मिष्टर् यस्. यम. मित्रफेरि करणेल् यफ्. ब्राउनिङ्ग पनी ॥ ४९ ॥
गोर्खाली चउथो जउन्छ पलटन् तिन्कात कप्तान् दुई ।
फिर्तो भेट निमित्त लार्डमरले कर्णेल कर्जन् दुई ॥
वार्मा मङ्गलभै मसान्त हुनगो बैशाख मास्को जसै ।
ब्याहानै चिजकेहि किन्दछुभनी श्रीनिस्कनूभो तसै ॥ ५० ॥

हौस् हौस्मा नजरै दियेर बढिया माल् ताल किन्दा महाँ ।
धेरै काल वित्यो तथापि क्षणभर् वीत्या झर्भो तहाँ ॥
ताहाँ वाट सवारिभो प्रभुजिको अज्जायवै घर्महाँ ।
देस् देशान्तरका अनेक् तरहका माल्छन् भरी पुर्तहाँ ॥ ५१ ॥
अट्ठारै सय माथि सन् असि हुदा योघर् तयारी भयो ।
यस्मा खालि तयार गर्न रुपिञा चार्लाख पौण्डै गयो ॥
लम्वाई छसये फुटैछ यसको पच्हत्तरै फेर्पनी ।
उच्चाइ सय फीट फेरि यसमा आठै घड्याको पनी ॥ ५२ ॥
धेरैछन् बुरजा सिपै सहितका राम्रा भयाका तहाँ ।
वेल् बुट्टा सव रङ्ग रोगन सहित् झल्कन्छ सव् घर्महाँ ॥
हक्स्ले नाम् इनकोछ सालिक पनी बीचै दलान्मा तहाँ ।
घोडा पारसी मन् भनेर उहिले पैल्हा हुन्या दौडमा ॥ ५३ ॥
चादीको उसकोछ सालिक पनी दौड्ला भन्याझैं तहाँ ।
हेर्ना लायकको रहेछ बढिया दूरुस्त सक्कलमहाँ ॥
वानर् स्याल हुडार दुम्सी कछुवा मल्सापरो चौगडा ।
इन्का खोर पनी अनेक् तरहका लाखन् तहीं पिञ्जडा ॥ ५४ ॥
येका खण्ड महाँ थिया यति सबै पश्चीम लङ्मा पनी ।
माछा धेर किसीमकार भञिमा घश्रेर हिड्न्या पनी ॥
जस्को कान खडाछ त्यो जाति सवै जन्मन्छ रूपै लिई ।
सानामा इनि बढ्दछन् जननिको खाली दुदैदुद् पिई ॥ ५५ ॥

१ एकपौण्डको १५ रुपैञाहुन्छ

यस्‌जात्का सब जानवर् हरु थिया येक्‌लङ् भरा भर् गरी ।
फुलपान्र्या जातिकोछ कोठरि अलग् आर्को घरैका सरी ॥
प्वालै मात्र फगत्‌छ कान जसको फुलपार्छ यस् जातले ।
नाउँ लेखन मात्र खालि तिनको सक्तैन यस्‌हातले ॥ ५६ ॥
मूगा मोति हिरा निलम् लसुनिञा पन्नार माणिक् हरू ।
येका कोठरिमा थिया रँग बिरङ् पथ्थर् समेतै अरू ॥
फल्‌फुल्‌का बिरुवा अनेक् तरहका देश् देशका चिज्‌पनी ।
राख्याका तँहिछन् हिफाजत गरी हेरून् सबैले भनी ॥ ५७ ॥
फाईदा सबलाइ दिन्छ यसले तेस्मा सबै राजिछन् ।
लाखन् मानिस हेर्नलाइ हरसाल् सर्वत्रका आउछन् ॥
गुड्‌फ्रैडे दिनमार क्रृष्टमसका दिन्‌मा फगत् बन्दभै ।
सारा दीन अरू खुलाछ यसमा हेर्छन् सधै उत्तिकै ॥ ५८ ॥
मिष्टर्‌वाल्टर हौसका अकलले तज्‌बीज यस्को भयो ।
हेर्दामा सबको मनै बलजफत् खैंचेर तेस्ले लियो ॥
ताहा बाट फिरेर भोजनगरी आठै बजेथ्यो जसै ।
भाई पू.क.ज. लाइ केहि अफिस लांई समेतै तसै ॥ ५९ ॥
सङ्‌माली प्रभु पाल्नुभो अति असल् प्पालेस ठेट मंहाँ ।
शृङ्गारबेश गरेर मानिस हरू जम्मा थिया धेर्तहाँ ॥
नाचै घर्पनि सुन्दरै हुनगई हेर्थ्यो मनै झन्तहाँ ।
गानागर्न सिपालु मीमदुवटी राम्राथिया खुप्‌तहाँ ॥ ६० ॥*

१ ढुलोचक्रबार

तिन्मा पनी यउटि प्यानु वजाइ गाना ।
गर्थी मधूर स्वरले दिइ लम्बि ताना ॥
सुन्दा सभासदहरू अति रद्दपर्थ्या ।
नच्चाइका नकलले अझ छक्क पर्थ्या ॥ ६१ ॥
ज्ञान्छैन जौन जिउमा उसलाइ सव्ले ।
भन्छन् पशू तर तिनैकन ज्ञानि जन्ले ॥
तालिम् जसै गरदछन् तिपनीत ज्ञानी ।
जस्ता भइ गरदछन् सव काम जानी ॥ ६२ ॥
ठेट बेहूत बढियात हवस् तथापी ।
घोडा हरू गरदथ्या बहुतै चलाकी ॥
ताडीफ लायक तहाँ कइयेक थीयो ।
हेर्दा महाँ मन प्रसन्न गराइ लीयो ॥ ६३ ॥
आज्देखि जेठ महिना हुनगो प्रवेसै ।
हावा पनी वहँदथ्यो भर दीन वेसै ॥
वाद्शाह लाइत चढाउन जोलगेका ।
नोक्सान् नभै कन अली आलि विग्रियेका ॥ ६४॥
सफ्फाइ गर्न दिटिकेमर कम्पनीले ।
लादो भयोर सब ठिक्क गऱ्यो यसैले ॥
तिन् बज्नका अमलमा चिज बीज किन्न ।
धेरै गया शहरमा सडकत चिन्ह ॥ ६५ ॥ *

बेल्कूी पख बग्गिमा चढि प्रभू रिच्मान्ड पार्कै महाँ ।
जानूभो बढियाछ टेमस नदी कीनारमै भै तहाँ ॥
ठाऊ ठाउ महाँ अनेक् तरहका मन्मोह गन्र्या बनी ।
आनन्दै सवलाइ मिल्दछ तहाँ क्षण् मात्र बस्ता पनी ॥ ६६ ॥
दिन्का दीन वसी सधै सहरमा मानीसको मन्जसै ।
पट्टायो बहलाउना कन भनी पुर्वासि जान्छन् तसै ॥
विर्सन्छन् घरको अनेक रितको ऐश्वर्य्य भोगै पनी ।
गोल्माल् देखि फरक् हुदा अझतहाँ आनन्दमान्छन्पनी ६७
ताहाँ वाट सवारि मर्टि मरमा फिर्दा भयेथ्यो जसै ।
आया भेटन लाइ नामुदि हरू औसार्मिलाई तसै ॥
रावट् कर्जन लाठई दुइजना कर्णेल म्याकेन्टरै ।
मिष्टर् जर्जसि वाइली र करणेल् गल् राइटै गृभसै ॥ ६८ ॥
सर्से भिल्कसली भनेर सरफेर् वाल्टर्लरेन्सै पनी ।
दर्शन् पाइ खुसी भई फिरि गया केही गयो रात् पनी ॥
जेठैका दुइ दिन् गते वदालिभै हावा खरापै थियो ॥
येक्जीवीसन हेर्नेलाइ यहिदिन् श्रीलाइ निम्ता थियो ॥ ६९ ॥
श्रीमान् प्रिन्स वयल्स मालिक भई योकाम खोल्दा भया ।
पाल्नूभो रथमा चढेर प्रभुजी केही अफीसर् गया ॥
रानी लाइ लियेर सोभित भई श्रीप्रिन्सले आउदा ।
साढे दूइबज्यो आलिक् मनमालिन् पार्‍यो खरापदिन्हुदा ७०

भित्रीया आफिसर् हरू पनि थिया श्रीप्रिन्सका साथमा ।
यक्जीवीसनका अगाडि इनको स्यालुट् बज्यो द्वारमा ॥
हर्रायल् हइनेस प्रिन्स्यस लुई दिअर्ल आफ्डर्विफेर् ।
थीया ताँहि डियूक आर्ग इलका जेकक् वरन् लेडिफेर् ॥ ७१ ॥
लार्डै डेशवरो पियारि सगभै थिया किराल्फे पनी ।
क्यानाडा तिरकात् लाठ् तहि थिया आष्ट्रे लियाका पनी ॥
थीया घेरतहाँ अरू अरु पनी नाऊँ बताऊँ कती ।
सब्ले स्वागत प्रिन्सको गरिलिया हेर्थ्या तमासाकती ॥ ७२ ॥
श्रीश्रीले पनि ताँहि भेट् गरनुभो वात् चित् समेतै गरी ।
प्रोसेसन् जब कोर्टका भितरगो व्याण्डै वज्यो वेसरी ॥
आड्मीरल्[२] दरजा प्वशाक पहिरी तक्मात के. जी पनी ।
लाई प्रिन्सजि आउनू तँहिभयो एक्जीवी सन्मापनी ॥ ७३ ॥
आपस्मा शिपको इखा इख गरी ईलम् वढाई अरू ।
बाटो उन्नतिको लिउन् सवमिली सोदेसि भाई हरू ॥
भन्ना खातिर एक्जीवीसन जहाँ फाङ्को बृटिस् नामले ।
खोल्या हेरभनेर इस्पिचपनी दियातहाँ प्रिन्सले ॥ ७४ ॥
अतिविचित्र बयान मगर्दछू । समझिसो अझदङ्गहि पर्दछू ॥
घुमिघुमी नजरै गरदातहाँ । पुगिगञौ सवहामि नदीमहाँ ॥
रहित माहुत हात्तिसमानको । डुँगिपनी रहितै कल कामको ॥
प्रभुजिलाइलिई नादिमा वही । हिडनलागिगयो नअडीकँही ॥

१ दर्वार २ जहाजको मालिक

वहिवहीकन पर्वत भित्रगो । अतिअचम्भ तिलस्म[2]समानभो ॥
प्रभुजिवाट कृपाजातिलाइभो । सुफलनेत्रतहाँ तिनकैतभो ७७
कहितडूँगि हिमालय माझमा । वहनलागिगयो कहिकाखमा ॥
कहिताहिड्दछ जंगलभित्रभै । कहितहिड्छ सुरङ्गसुरङ्गभै ७८
कहितहिड्छछिटो छिहिरामहाँ । जलबहन्छाभिरै सरिभैजहाँ ॥
कहितरातपन्याझञि अन्धभै । कहिताहिड्छ असंख्यप्रकाशभै ॥
कहितदेखिनगो चउरैपनी । कहितभारि चटान शिलाअनी ॥
कहितलाउछ निर्मलपानिको । कहिवडारथिया घरमाफिको ॥
शवदगर्छकही अझ्वाङ्ग्वाङ् । कहिवहन्छजलै गरिछ्वाङ्छ्वाङ्
कँहिभन्यामनमा डरभैगयो । कँहितमग्न भईकनहेरियो ८१
बघञिचाकँहिछन् अतिसुन्दरै । विचविचैतिनमा अझछन्घरै ॥
वनपनी घनघोर कँहीथियो । मनविषेडरधेर भरीदियो ॥ ८२ ॥
गरजना सुनियो कँहिमेघको । कँहितवादलले गरिमोजभो ॥
कँहितपानिपरी झरिझैभयो । विजुलिको चमकै कँहिदेखियो ॥
वहुत फूलफुलेर फलैफली । उपवनै सरिका वनछन् काँहि ॥
कँहितइन्द्रिानि देखिनगोतहाँ । कँहितगर्मिभयो शरिरैमहाँ ८४
कँहित घामछदैछ प्रकासभै । कँहित रातपन्याझञि साफभै ॥
झलमलैगरन्या कँहितारका । वहुतहेरिलिञौ यसचालका ८५
सकलअन्तर छिन्तरमापनी । क्रमासितैबाहिगो फुलझै वनी ॥
नजरगर्न मुनासिवजोथिया ।घुमिघुमी हिडदा सवदेखिया ८६

१ भ वड्डका आफसेआफ पर्वत्कोठुलोगुफाभित्र पस्यो २ इन्द्रजाल

यसरि पर्वत भित्र गईतहाँ । फिरनगो कइ येक घडी महाँ ॥
कसइले डुँगिलाइ खियाउनू । नपरन्याअझ मार्गवताउनू ॥ ८७ ॥
जसरि कृष्णजिका मुखमापसी । वहुत कालविताइ तँहीवसी ॥
ऋषिमृकण्डुजिले चउधैभुवन् । सकलहेरिलिया थिरपारिमन् ॥
वहुतकालवित्यो तिनकोतहाँ । घुमिघुमी हिडदा भुवनै महाँ ॥
ऋषिजिलाइ भन्याअरुख्यालगयो । नजरमात्र तमासवैसभयो ॥
नजरतृप्तनभै फिरनैपऱ्यो । निकसिवाहिर छक्कहुनै पऱ्यो ॥
उहिसमान अहाँपनिभैगयो । सकललेखनलाइ कठीनभो ९०
गगनमा उडछन् सुरसुन्दरी । भनिसुनिन्छ वयान उयोघरी ॥
नजरमाअहिले नपरीतिनी । कविकिउक्ति रहेछगफैभनी ॥ ९१ ॥
सकलकामनमा दृढयौथियो । उहिकुरासब साचिनदेखियो ॥
गगनबीचमहा नटिकासरी । शरिरलाइ नचाइछिटैगरी ९२
अघिपछि सरदै लयताललले । करहिलायर भाउकिचालले ॥
अफसरासरिका मिमलेतहाँ । पुतलिमाफिघुमी गगनैमहाँ ॥
खतमनाचगरी तहिअल्पिया । मनबलैसितखैचि लिईगया ॥
चटकभन्नपनी नहुन्यातहाँ । छइनतारपनी कतइतहाँ ९४
कसइकामनमा द्विविदाभया । हरनलाइछडी घुमदै थिया ॥
कसारियोइलमै इनलेगरी । सकलकामनलाइ लियाहरी ॥ ९५ ॥
अकलका वलले गरियोघरी । गरिलिया इनले मयकै सरी ॥
अलिकतीपरगै कनफेर्तहाँ । पुगिगञौ परदाहरुछन्जहाँ ॥ ९६ ॥

१ मनाचकोभाकासा केहीचिजभज्याउनेछकभित्री लही मैंको चारोतर्फघुमाइजाच्दथ्या

नदितलाउ पहाड उचाशिखर् । वहुतसुन्दर जङ्गलजानवर् ॥
नजरपर्नगया भ्रमयक्रती । नपरन्यामनमा भनुयोकती ॥ ९७॥
सकललाइसकल् भनिभानभो । नकालिहोभनिभन्न कठीनभो ॥
कसइलेसिढिमा चढनैपनी । मनगन्यासयलै गरछूभनी ॥ ९८॥
सडकमापनि हिड्नमनैगन्या । आलिकतीवढि फेरिपछीसन्या ॥
मयाविनिर्मित पाण्डुसभासरी । वनिगयेछतहाँ अवयोघरी ॥ ९९॥
फटिकमाफिकको जलदेखिन्या । असलपोखरि झल्झलटल्कन्या
शिखरयेकतहाँ तिरमैथियो । शिखरको बनवोटसफाथियो १००
शिखरदेखि लिईकन पोखरी । तलक लीग पनीछ भिरै भरी ॥
शिखरमाथिगइ कमरैकसी । रसिकमानिसगै डुँगिमावसी ॥ १॥
बिजुलिकाचमकै सरिभैखसी । शिखरदेखिवही जलमापसी ॥
ठकरखायर गेंदजसोगरी । उछलन्या भुमिमा उहिचाल्गरी २
जलमहाँउफरी तिनचारवार् । हिडनलागिगयो डुँगिवारपार् ॥
कसइकागिरन्या भिरमैतटोप् । कसइकाभिजथ्या जलमातकोट्
रफत धेरहुदा नलडी तहाँ । गरदथ्या कउतूक जलै महाँ ॥
रहरलेगरि हामिहरूपनी । चढिगञौडुँगिमा ख्यलनैभनी ॥ ४॥
नजरलेरमिता जातिदेखियो । सकल लेखन तागत कोथियो ॥
महलयेकतँही अरकोथियो । सकललाइअचम्भ गरीदियो ॥५॥
महलभित्रपस्यौ जवहाँमिगै । महलढल्कन लागिगयो सवै ॥
जामिनमाहिडदापनि सीमझै । गिलिगिली गरन्यातजतातनै ६

आलिकतीपरगैकन अन्धकार्। अउँसिकानिसि माफिकवारपार्
जसरिहिल्छ महल्भञ्जिचालमा।हिलनलागिगयोउहिचालमा॥
चरण चालनलाइ कठीनभो। उभिनलाइत झन् अझकष्टभो॥
कँहिकँही विचमा बिजुलीपनी। चमकदै गरथ्यो रङरङ्अनी ८
वहुतमुस्किलभै हिडदा महा। मनपनी अझआतिइ झन्तहाँ॥
उपछिऊ हिडछौ सवताँतिभै। दिलअचंभ जलैविच डुब्नगै॥ ९॥
महल हेरनलाइ भनीअरू। जतितहाँ घुमथ्या अवलाहरू॥
मनउजार गराइ कराउथ्या। कँहितवोलि मधूर सुनाउथ्या १०
नजरलेसागिसाथि नदेखिन्या। उसित ऊ मिलदाहुँदि ठोकिन्या॥
कसरिपार भईकन जाउँला। अवतफर्कि ञहा किन आउँला ११
यहिकुरा मनमा पइदा गरी। हिडदथ्यौ सव छामछुमै गरी॥
यहिघरी अझ बीचमहा तहाँ। हरफ झल्कनगो नजरैमहा १२
महल हेरन जोजन आउला। कसरि उम्कन त्योजन पाउला॥
नालिनु आस ञहा जिउँला भनी। लिखत योहि थियो तसबिर्बनी॥
मनमहा यसले अझडर्दियो। हउसले पनि केहित छाड्दियो॥
ब्यरथ आइगञौ यसमा भनी। परनगो सवका मनमा अनी १४
शरिर लाइ तहा जति कष्टभो। जातितहा मनमा भयपर्नगो॥
सकलत्यो समझी नरकै पनी। बुझिनगो यहिचाल हलाभनी १५
बहुत मुस्किलले गरि पार्भञौ। अवत होभनि दङ्ग परीगञौ॥
तहिकहीं अरको शिखरै पनी। परवतै सरि साफथियोअनी १६

सिखरकाचुचुरातक जानको । निमतिलीग बनाइफलामको ॥
सरपले रुखलाइ जसोगरी । लपटन्या उहिचाल ऋहाँगरी १७
समथरै भुमिदेखि घुमाउँदै । लिगबसायर पेचजमाउँदै ॥
भिरमहाँपनि मार्गछदैथियो । अतिअचम्भपनी तँहिदेखियो १८
नभइइञ्जन तेसाहिदौडन्या । भिरभिरै हिडदा अझ दौडन्या ॥
बहुतरेल्ल बिनाछतकातहाँ । बहुतमानिसली शिखैरमहाँ ॥१९॥
वरिपरी घुमथ्या रमितैगरी । कमलका नजिकै भवँरै सरी ॥
टिकटलीकन हामिपनीगई । चढिगञौ कउतूकबसैभई ॥१२०॥
कँहितरेलहिड्यो मइदानमा । कँहितहिड्दछ भीर समानमा ॥
शिखरमाहिडदा बिजुलिसरी । गिरनगैकन खाडलमापरी २१
अतिछिटोगरि फेरिउपर्गई । गिरनगो अनिफेरि उसैभई ॥
डरभई गिरदा मनमाअती । पकडथ्या अझरेलसमेत्कती २२
पुरुषवालख नारिहरूपनी । जतितहाघुमथ्या सफरीवनी ॥
तिनिहरू भिरमाहिडदातहा । डरअसंख्यभईकन मन्महा २३
ककहलो तिनले गरदाभया । जवतफेरि उपर्पनिभैगया ॥
खुसिभई अवहोभनिदिल्महा । गरदथ्या सवहास्यठुलोतहाँ २४
समथरैभुमिमा हिडदाअनी । सहजले गरथ्या तिकुरापनी ॥
कहितादिछागि खूपगरीगरी । थपरिमारिलिन्या पटपट्गरी २५
कहितहिड्दथ्यो भ्यागुतैसरी । कहितहिड्दथ्यो सर्पझैगरी ॥
कहितदौडन्या मोटरैसरी । नआडिघुंदथ्यो पर्वतैभरी ॥२६॥

कहितलागन्या खुप्कहालिनै । कहितादिल्हुन्या शान्तजिन्तिनै ॥
यसरियोतमास् खूपहेरियो । अलिअलीत्महा समझिलेखियो ॥
मीनेटै भरमा खिचेर तसबि पारी तयारी पनी ।
फोटो ग्राफरले दियो आतिसफा लौहेर फोटो भनी ॥
धेरैदीन लगाइ तस्बिर तया गर्छन् सबैले त्महाँ ।
बिद्युत्का बलले छिनैभरमहा गर्दाभया ठिक्तहाँ ॥ २८ ॥
शेफर्डस् बुस नामको थल महा योकाम् भयाको थियो ।
हेर्दामा सबलाइ भारी हुनगै आनन्द पारी दियो ॥
खाली हेरनलाइ मानिस हरू साज्सम्म जादा महाँ ।
यक्लाख् माथि हजार तेइसपनी गंती पुग्याछन् तहाँ २६
लाग्यो बादल तिन्गते दिनभरी तेश्रा प्रहर्मा तही ।
यक्छिन् पानिपऱ्यो भयेन प्रभुको डुल्नै सवारी कही ॥
वाद्शाहा यडवर्डले प्रभुजिको सत्कार निम्ती महाँ ।
रात्रीकाबिच आफना महलमा बाद्साहि चाल्हे तहाँ ॥ १३० ॥
गर्छू भारि सभा भनेर निमता सब्लाइ दीनू भयो ।
देश् देशान्तरका वकील जतिछन् तिन्लाइ सुद्धै गयो ॥
लन्डन्का सरनामि मानिस हरू जङ्गी तरफ्का पनी ।
डाकीया जब रातिको नउबज्यो हुकुम्बजाउ भनी ॥ ३१ ॥
प्यारी सङ्सङमा लिई खुसि भई बार्ता प्रभूकै गरी ।
दस्तु माफिक हाजिरै हुन गया निम्ता भयाका भरी ॥

बल्थ्यो सब् महलै भरी बिजुलिको बत्ती झका झक् गरी ।
झल्कन्थ्यों सवरोगनैपनि तहाँ तिर्मिर् नजर्मा गरी ॥ ३२ ॥
वाद्शाहा यडवर्डका महलको वाद्शाहि बैठक् महाँ ।
हज्जारन् जन शोभिना कन गया लेडी सहित्का तहाँ ॥
दस् वज्दा प्रभुको सवारि हुनगो केहित जर्णेल् हरू ।
सङ्मा जानु भयो वस्या घर महा कर्णेलआदी हरू ॥ ३३ ॥
वाद्शाहा यडवर्ड खास चढन्या वग्गी त ढोका महा ।
श्री का निंति खडा थियो प्रभु पनी चढ्नूभयो तेस्महा ॥
सोही बग्गि महाँ गया प्रभु सगै सर्सी वईली पनी ।
श्रीका पाउपन्या जसैमहलमा सत्कार निमृती भनी ॥ ३४ ॥
हर्मेजेष्टि कुइन् अलेक ज्यनड्रा खास् राज लक्ष्मी कहाँ ।
श्रीश्रीश्री प्रभुकोत स्वागत गरी झट्पट् अगाडी महा ॥
रानीको सव काम काज गरन्या आरल् हवे लार्डले ।
रानीका सँग मा चिह्नाउनु भयो श्री लाइ सब् अर्थले ॥ ३५ ॥
श्रीमान् युद्ध र रुद्र मोहन बब केंश संहित्का तहाँ ।
जनरल् लाइ पनीं चिह्नाउनु भयो श्रीरानि का सङ्महा ॥
वाद्शाहा सित जोथिया हजुरिया यिन्को पानि नाम्जहाँ ।
केही लेख्तछु अड्बडै गरिगरी हाम्रा इअक्षर्महाँ ॥ ३६ ॥
कोल् ब्रुक् लार्डर भाइ कौन्ट अलथप् ष्टेवार्ड लाठ् फेर्तहाँ ।
डेन्म्यान् लार्डर फेर् अलेन्ड्यल पनी दर्जात लाठै महाँ ॥

ष्ट्र्याचीयड् वरडै खजाञ्चि सहितै सर्डाइटन् प्रोविनै ।
सिड्नीग्रेभिल एचसी लिगाभिफेर् यल्भर्निइन्लेसगै ॥ ३७ ॥
सर्ड्येलस् डअसन् चरल्स फ्र्यडरिक् आर्थर्ड्य बिट्सन् पनी ।
यफ्डब्ल्यूर मिली यती जन हरू कर्णेलि दर्जा अनी ॥
इष्ट्र्यान्ले भनि क्लार्क फेरि ग्यनडुड् नालड्त जन्रल्थिया ।
भाईलेट् बिभिआन मिष्टरभया डिग्रेअरल् फेर्थिया ॥ ३८ ॥
इन्साफ् साफ गरेर रैति हरुको बाधा फुकाई दिनू ।
पनूपक्षै नगरी बहस् गरिगरी सल्लाह सब्को लिनू ॥
राजाको गुण धर्म येहि समझी योसब् हवस् ठिक् भनी ।
पार्लीमेन्ट सभा जउन्छ उसका थीयात मेम्वर्पनी ॥ ३९ ॥
डीयुक् मारकुइस् बिसप् जाति सवै वाद्शाहि खान्दानका ।
देअर्रायल हाइनेसस हरू प्रिन्सेस्र प्रिन्स् मानका ॥
देस्देस्का सरदार नामि जातिछन् राज्काजि हाकिम् पनी ।
सब्का लेडि पनी थिया सगमहाँ छीटा छरीतावनी ॥ १४० ॥
यस्ता धेर थिया तहाँ महलमा लेखौं म नाऊँ कती ।
वाद्शाहा यडवर्डका महलमा जम्मा भयाहुन् कती ॥
जङ्गीका करणेल मेजर हरू कप्तान धेरै थिया ।
मेम्वर्लार्ड सभासदै सिभिलका हाकिम् हरू धेर्थिया ॥ ४१ ॥
वाद्शाही वडिगार्ड फेर्तहि थियो लाठ्को भई मातहत् ।
गारत् इज्जत नितिको पनि थियो जङ्गी प्वसाकै सहीत् ॥

साढे दस् ज़व बज्नगो सँग महाँ रानी समेतै लिई ।
गादी बैठकमा प्रवेस् गरनुभो अत्त्यन्त सोभा दिई ॥ ४२ ॥
कार्चूपी जसमाछ बेस सुनको जस्तो पहेलो गउन् ।
हिदुस्थानि जुहार गार्टर हरू मूकुट् हिराको जउन् ॥
रानी श्रीमतिले असल् तरहले पैहेर जादा महाँ ।
वाल्टर् प्यारटकोत मातहतभै वाद्शाहि ब्यान्डै तहाँ ॥ ४३ ॥
लाग्यो वज्न स्वदेशको लय लिई राम्रो मधुर् स्वर्गरी ।
दस् दीशा सव ढाकिना कन गयो आकास भेदन् गरी ॥
वाद्शाहा यडवर्डकोर उनकी रानी कुइन् को पनी ।
स्यालुट् बज्न गयो यसै बखतमा ढोग्भेट् समेतैगरी ॥ ४४ ॥
सब्ले झट्ट गरी खडा हुनगया दर्जा बमोजिम् तहाँ ।
वाद्शाहा यडवर्डकोर प्रभुको हात् हात् मिल्यो फेर्तहाँ ॥
रानीका सँगमा पनी प्रभुजिको हातै मिलेथ्यो जसै ।
जर्णेल्का सगमा पनी मिलि गया बाहू दुवैका तसै ॥ ४५ ॥
राज् राजेश्वर रानिले सग भई जुन्ठाउ राज् गर्नुभो ।
इन्कै दाक्षिण तर्फ मा प्रभु पनी सझ्मा गई वस्नुभो ॥
मन्माफीक मिलाइ जोडि रसले गाना समेतै गरी ।
मिष्ट लैंडि सवै खुसी अति हुदै तालीमि जन्का सरी ॥ ४६ ॥
छोरीहो यसकी पियारि यसकी भन्न्या विचार्क्यैं नभै ।
लेडी का करमा समाति घुमथ्या मिष्टर्हरू मिल्नगै ॥

लाग्या नाचन बाल नाच कहिन्या आनन्द सागर्परी ।
श्रीश्रीले पनि यो सबै नजरभो राम्रो हुनाले गरी ॥ ४७ ॥
गोपीनी जतिछन् उती रुप लिई श्री कृस्नले वन्महा ।
रास्मण्डल् गरदाझन्नी हुनगयो भारी तमासा तहाँ ॥
राती बाह्र बजे तलक् हुनगयो आनन्दको नाच् तहाँ ।
तेस्का बाद खतम् पनी हुनगयो पूरा नभैमन्महाँ ॥ ४८ ॥
आज्ञाले यडवर्डका सगमहाँ वीदा हुनूभो जसै ।
लेडीमिष्टर जत्तिले प्रभुजिको दर्शन् गऱ्या फेर्तसै ॥
तिन्को नम्र स्वभावमा प्रभु पनी अत्यन्त खूसी भई ।
झन् बढ्ता अझ नम्रता गरनुभो फिर्नै तयारी भई ॥ ४९ ॥
मिष्टयेंस् यम मित्र सर् उइलियम् वार्नरहरू येक छिन् ।
आया दर्शन लाइ मर्टिमरमा फिर्दा भया येस दिन् ॥
जेठ्को चार गते शनिश्चर थियो भर्दीन सफ्फा थियो ।
तिन्बज्दा प्रभुको सवारि व्यलग्रेभ् हस्पीटलैमा भयो ॥ ५० ॥
श्रीका सङ्ग महाँ अफीसर हरू जम्मा जना तिस्थिया ।
वेल्ग्रेभ्को सवहाल हेरि मनले आनन्द मानी लिया ॥
ताहाँ वाट सवारि लण्डन फयर् वृगेडमा फेर्भयो ।
केही दीन अगाडि लण्डन शहर् सब् आगलागी भयो ॥ ५१ ॥
ताहाँ देखि समाज राखिन गयो फाय वृगेड् नामको ।
आगा देखि वचाउन्या सकलको योहो ठुलो कामको ॥

ताहाँका अफिस हेमिल्टन थिया कप्तानि दर्जा महाँ ।
श्रीको स्वागत वेस् गरेर इनले श्रीलाइ फेरी तहाँ ॥ ५२ ॥
आग्लागी जव हुन्छ मानिस पनी तेस्मा जसै पर्दछन् ।
तेस्वेला जुन रीतले सकलको ज्यान् बच्छ सो गर्दछन् ॥
देखाया यसको कवायद पनी कप्तानले त्यै घरी ।
सव्कासङ्गथिया भन्याङ छरिता साज्वाज्स्मेत् सङ्गरी ॥ ५३ ॥
पचिसकोश सहर्भरीमाजहा । जुनघरी वखतैपनि जुन्महा ॥
जलनलागिगयो महलैजसै । खवरआउछ सोहिघरीतसै ॥ ५४ ॥
विजुलिलेचलन्याट्यलिफोनको । जगनिमाफिकको अतिजोरको
शवदनिस्कनगो झनझन्गरी । हतपतैवाढिगो फुरती भरी ५५
महललम्वर गल्लिपनीतहाँ । बुझिनगो सवअर्थ स्वरै महाँ ।
फुरतिला जनहेरु सधैभरी । महजुदै रहन्या क्रमलेगरी ॥ ५६ ॥
तिनिहरू हयछेउपनीगया । वखतआइपन्यो भनिखुस्भया ॥
हयकलैहरुछन् सवपचमा । हयशिरैछिरिगो अवतेसमा ॥ ५७ ॥
हयकलै हयका शिरपस्नगै । कलवसैवासिगो गलसम्मगै ॥
अझअरू सवसाजकिलाभरी । तहिथियाझिकदा सजिलोगरी ॥
सयसलेपनि साsभरी महाँ । सकल साजसजाइ लियो तहाँ ॥
जुनघरी अगनी वढदैगई । गरनलाग्दछ खागखुसी भई ॥ ५९ ॥
उसघरी वहुतै छरितोगरी । पहुचिझट्ट वहाँ विजुली सरी ॥
अगनिमारन कामदिन्याजती । सकलथोक छिटाछरीताउती ॥

भरिभराउ भई रथहर्घरी । हिडनलायक ठिक्क तया र्परी ॥
महजुदैरहन्या कतिहुन्कती । मजबुदै हलुकाछरिताअती ॥ ६१ ॥
वहुततालिम पायरतालमा । हयपनी हिडन्या उहिचालमा ॥
दुहुनलाइभनेर फुकाउदा । जननिछेउ पुगौभनि धाउदा ॥ ६२ ॥
जसरि पुग्दछ वत्स स्वमाउमा । हयपनी पुगिगो उस ठाउमा ॥
जउनबग्गिछ आफ्नुभागमा । अडिनगो उसकै भइपासमा ६३
मिलनगो जव पोजिसनैतहाँ । वमरजोत जुट्या झटपट्वहा ॥
जनपनीगइ कोचमहाबस्यो । फुरतिगर्नभनी कमरैकस्यो ॥ ६४ ॥
लिनुलगामर चाबुक फेर्दिनू । सगसगै हुनगो फरकै विनू ॥
हिडनहत्पतभै तँहिदेखिनै । रथगयोदगुरी गरिसेखिनै ॥ ६५ ॥
असतवल् विचकात दुवार्पनी । खुलिगया कलकैवसमा वनी ॥
भयबुझाइ हटाउनलाइखास् । शवदघन्टिमहाँ भइयेकनास् ६६
चलतिका सहरै विचमापनी । भिडहटीकन मार्गखुलावनी ॥
वहुतजल्दिवढी पवनैसरी । रथगयोदगुरी कनसर्सरी ॥ ६७ ॥ *
यस्तारित्ले वागछाडीदियाका । घोडालाई चाबुकैझन्दियाका ॥
पुग्छन्मानिस् आगलागीभयाका । घर्माचाडै येसचाल्हेगयाका ॥
पैल्हेयौटा तेसघर्माभन्याङै । लाईलिन्छन् बग्गिदेखिवहाँगै ॥
त्योताछोटो भैदिदाठाउमाहाँ । पुग्नालाई कष्टभैझन्ताहाँ ॥ ६९ ॥
तेस्मापेचै फेरिकस्छन्जसैता । आर्कोउस्तै निस्कन्याफेर्तसैता ॥
तेसैदेखी फेरिआर्कोखडाभै । दर्कामाफिक् पुग्नगैमाथिसम्मै ७०

फोहोराको भारि वर्षादगर्न्या । सोहीहुन्थ्योअग्निको तेजहर्न्या ॥
धेरैछुट्थ्या येसचाल्काफुहोरा । आगोमार्न्या गर्दथ्यावेस्थ्यहोरा ॥
रवरका नलवाट जलैगई । प्रलयको समवर्तक झैं भई ॥
गगन वाट गिन्या छहरै सरी । चहुतरफ् यकनास घरैभरी ७२
फोहोराका जल्ले गरिकन अध्यारो पनि भयो ।
सवै फुर्ती हेरी मन पनि विलख्वन् परि गयो ॥
जसै कोर्हो मानिस् अगनि विचमा नै परि गयो ।
तहादेखी उम्की वचन पनि कष्टै जव भयो ॥ ७३ ॥ *
देहै वचाउन उपाय असल् भयाका ।
डोरी लियेर सगमा ति उपर्गयाका ॥
त्यै डोरिलाइ कहिवाट खसाइ भैमा ।
ओर्लन्छ मानिस पनी वहुतै सहज्मा ॥ ७४ ॥
फुर्सत् मिलेन अझ तेति पनी जसैता ।
फाल्हाल्दछन् महल देखि पनी कुनैता ॥
टाँगिन्छ जाल पनि झट्ट तही विचैमा ।
फाल्हाल्दछन् महल वाट पनी यसैमा ॥ ७५ ॥ *
आगामा पनि मानिसै परि गया तेस्लाइ झट्पट् गरी ।
आरामी सित हाल्दछन् रवरका थैला विषे राम् ररी ॥
डोरी वाट पुऱ्याउछन् जामिनमा तेस्लाइ शुद्धै पनी ।
थैला भित्र हुदा महाँ अगनिको पुग्दैन राफै पनी ॥ ७६ ॥

१ प्रलयकाल्कोमेघ.

कामगर्न्या जनका समेत सबका पोसाक टोपै पनी ।
आगाले हतपत् अस नगरन्या थीया बिचित्रै पनी ॥
आगोमारी सक्या पछी नदिसरी घर्दोखि पानि पनी ।
बग्छन् फेर्छहरा समान जलका धारा असंख्यै पनी ॥ ७७ ॥
लंडन्का जन आफनू महलको अन्सार गर्छन् बिमा ।
येसैले निरधक्क मानि रहन्या मानीस आग् लागिमा ॥
सूचन् पाइ गयेन कंपानि भन्या नोक्सान् भयाको जती ।
भर्ना गर्दछ कंपनी सकलको छाड्दैन कोही रती ॥ ७८ ॥
जुन्जून् कामञहा भयो फुर्तिले सोसो भया भर्जती ।
फैलाऊ बहुतै गरेर अहिले लेखौं ञहाती कती ॥
मोटामोटि कुराजती नजरले देखी लियो तेसमा ।
सारांसै झिकि लेखिनाकन गयो संक्षेपले येसमा ॥ ७९ ॥
बल्बुद्धी तिनको चलाकि सितको हेरी प्रभूले तहाँ ।
ताडिफ् धेरगरेर फर्कनु भयो मर्टीमरै हौस्महाँ ॥
माल्मत्ता हरूाकिन्न लाइ जनरल् कोहीत जानूभयो ।
फिर्दामा सबले दिनान्त हुनगै सन्ध्या समेतै भयो ॥ १८० ॥
आया लाठ अवर्डियर् सहितभै सिल्भ्यानलेभी पनी ।
प्रोफेसर् इत जान्नु फ्रान्स तिरका कालेज यक्को भनी ॥
श्रीकोदर्सन पाइ येक्छिन वसी फर्केर जादा भया ।
वार्ताचित् वेसहुदा तहाँ तिनिहरू अत्यन्त खूसीभया ॥ ८१ ॥

जेठ्को पाँच गते जसै तिन बज्यो श्रीतिन् महाराजको ।
अल्वर्ट् हांलमहा सवारि प्रभुको अफ्सर्सहित्ले भयो ॥
योहो येक बिचित्रको घर ठुलो छैनन् तला येक्पनी ।
गोलाकार महल्छ देवल सरी खाली गुमज्कै वनी ॥ ८२ ॥
दस्हज्जा जनलाइ बस्न सजिलो तेस्मा भयाको पनी ।
भित्री बारदली तही वरिपरी आकासमा गोल्वनी ॥
दर्जामा तिनछन् तला झन्नि ठुला अत्यन्त राम्रा भई ।
काम् पर्दा अवला जती खुसि हुदै हेर्छन् तिनैमा गई ॥ ८३ ॥
गाना हुन्छ तहाँ ठुला दिन महाँ कैह्लेत राज्काजको ।
भारी हुन्छ बहस् सभा सदहरू जम्मा हुदा कामको ॥
सन् अट्ठार सयेर सत्तरि हुदा श्रीप्रिन्स अल्वर्टको ।
समझौटो पछितक्चलोस्भनि खडा योभो ठुला रङ्गको ॥ ८४ ॥
श्रीरानी भिकटोरिया र उनका रैती हरू र्धेमिली ।
यस्घर्मा तिन लाख खर्च हुनगै राम्रो भयो झिल्मिली ॥
येसैका उसतर्फ ताँहि नजिकै राम्रो भयाको अती ।
अल्वर्ट् प्रिन्सथिया ठुला गुणिपुरुष् भिक्टोरियाका पती ॥ ८५ ॥
समझुन् इन्कन केहि काल पछितक् भन्न्या बिचार्लै गरी ।
राजारैयत सब् मिलेर खुसिले चन्दा यकट्ठा गरी ॥
लाग्यो खर्च अठार लाख यसमा भारी तवकों वनी ।
सर्गिल्वर्ट् इसकाट यस्महलका तज्बीज वाला बनी ॥ ८६ ॥

पैह्लेका सरनामि गायक हरू ठूला कवीका पनी ।
कालीगढ् हरुका पनी मुरतिछन् मार्बूलका साफ् बनी ।
बाजा वेस बजाइ होमर कवी गाना समेतै गरी ॥
अर्कालाइ सुनाउछन् कितभन्या जस्तोछ फोटू सरी ॥ ८७ ॥
सब् मूर्ति हरुकोत भाव उनकै गाना सुन्याझै तहाँ ।
देखिन्छन् सव हालका व़रि परी दूरुस्त सक्कल् महाँ ॥
मार्वल्का मुरती हरू अरु अरू श्रीप्रिन्सका छन् तहाँ ।
पित्तल्को यउटाछ तेह्र फिटको उच्चाइमा भै तहाँ ॥ ८८ ॥
नाइट् आफदिगार्टरै त कहिन्या थीयो प्वसाकै पनी ।
शालिक्भै अति रामरो शरिरको दूरुस्त सक्कल् वनी ॥
भैदेखी सय माथि सत्तरि फिटै अग्लो भयाको पनी ।
मूर्तिकै ठिक माथी छत्‌छ बढिया आकार गोलावनी ॥ ८९ ॥
आफ्ना रैयतको भलाइ निमति प्राण् सम्म दीन्या थिया ।
उस्ता सुन्दर प्रिन्स आल् व़रटको स्मारक् वनाई लिया ॥
सुन्का अक्षरकोछ लेखत पनी छत्मा यही वातको ।
कार्खाना बढियाछ कालिगढिको सफ्फाइका साथको ॥ १९० ॥
यस्मा मद्दत श्रीमती कुइनको रैती हरूको पनी ।
लाग्दामा सवयो तयार हुनगो भारी तवर्को वनी ॥
हेर्दामा सव लाइ रद्द सहजै गर्दिन्छ तेस्ले तहाँ ।
ताहाँभो प्रभुको सव़ारि पहिले गाना नहूदा महाँ ॥ ९१ ॥ *

योहाल लायक विचित्रछ हेन लाई ।
हेरेर रहू परछन् अति मोज पाई ॥
चारौ तरफ़्छ यसको वढिया बगैचा ।
देखिन्छ फूल हरुको पनि वेस् गलैचा ॥ ९२ ॥
चौकोण पारि विचमात फलाम ढाली ।
दण्डी वनाइ परखाल उठाइ जाली ॥
यस्का पनी चउकुना विच चौपहल्का ।
आसन् वनाइ कन उज्वल मारवल्का ॥ ९३ ॥
तिन्माथि मुर्ति हरुछन् सिपले वनेका ।
ताडीफका महलमा सवले गनेका ॥
छापेर मार्वल सिला परखाल भीत्रै ।
टल्कन्छ पालिस दिई झलकेर चीत्रै ॥ ९४ ॥
तेस्भीत्र फेरि चतुरश्र[2] सिढी वनाई ।
उच्चाइमा सिढि हरू क्रमले घटाई ॥
तेस्माथि फेरि चतुकोण उठाइ भारी ।
मूर्ती वनाइ कविका अति ठिक्क पारी ॥ ९५ ॥
राखी तँही वरि[1] परी अझ तेस माथी ।
सुर्सूरमा सुरति छन् मिलि सङ्ग साथी ॥
लट्ठा उठाइ इनमाथि विचित्र चारै ।
तेस्माथि राखि सव गुम्वजकोत भारै ॥ ९६ ॥

१ वैठक २ चौकोण

चार्सूरमा गजुर माफिक कै वनेका ।
हेर्दा अहो शिप भनी सवले भनेका ॥
त्रीकोण पारि कन गुम्वज माथि माहाँ ।
काली गढी अति विचित्रछ फेरिताहाँ ॥ ९७ ॥
इन्देखि वीच विच पारि उठाइ याको ।
अग्लोछ देवल सरी सुरिलो गयाको ॥
विच् वीचमाछ यसको अझ काम भारि ।
लेखौं कसोगरिञहाँ सवठिक्क पारी ॥ ९८ ॥
यैभित्र देवल महाँ मुरती सरीको ।
सालीक अल्वरटको शरिरै भरीको ॥
देखिन्छ सक्कल सरी उभिई रह्याको ।
अग्लोछ आसन पनी इ खडा भयाको ॥ ९९ ॥
देस्देसका जन हरू यस लाइ हेर्छन् ।
क्यावात कालिगढियो भनि छक्कपर्छन् ॥
जस्‌ले उँही गइ सवै सिप लाइ हेरे ।
तिन्कै नज सुफल भैकन स्वाद फेरे ॥ २०० ॥
मेमोरी यल हाल देखि फरकी गाना सुनी बक्सियो ।
गानाले म खुसी भञा अति भनी हुकुम् समेतै भयो ॥
ताहाँ वाट शह घुमेर फिरदा श्रीकोत मोटर्पनी ।
ट्र्याफल् गार महाँ खडा हुन गयो हेरौं तमासाभनी ॥ १ ॥

नेल्सन् नाम ठुला अघी विर भया इन्ले ट्रूचफल् गारको ।
सङ्ग्राम् भारि जितेर योवनि गयो स्मारक् हुन्या चालको ॥
साहै लायकको जमीन हुनगै फेरी बघैचा पनी ।
झन् राम्रो अरु बन्नगो शहरमा हेरुन् सवैले भनी ॥ २ ॥
खम्वा येक खडाछ ताँहि बलियो तेस्माथि सालिक् पनी ।
नेल्सन्को बढियाछ सक्कल सरी धातू हरूको वनी ॥
सर्हेन्द्री ह्यवलाक फेरि जनरल् गार्डन् हरूको पनी ।
इष्टाच्यू अझ धेरछन् वरी परी दस्तुर्वमोजिम् बनी ॥३ ॥
ताहावाट सवारि मर्टिमरमा फीऱ्यो प्रभूको जसै ।
राभेन्सा करणेल डाक्टर पनी स्याण्डर्स आया तसै ॥
श्री का सङ्ग वसेर वात्चित गरी फर्केर जादा महा ।
यो दिन् भुक्त भयोर रात्पानि पऱ्यो अस्ताइ सूर्य्यैतहा ॥ ४॥
सौवाभैं कन जेठको छदिनगै दूवै बजेथ्यो जसै ।
पार्लीमेन्ट सभा महाँ बहसक्यै सुन्न्या बिचार्लै तसै ॥
वृग्डीयर् करणेल डिल्लिसमशेर् सर्दार् मरिच् मान फेर् ।
लेफ्टेन् वाइलि साहवै लइनका बावू बटेकृस्न फेर् ॥ ५ ॥
ईन्लाई सँगमा लियेर प्रभुजी पाल्नूभयो जुन्घरी ।
टी डी वट्लर नामकात कपतान् आयेर स्वागत् गरी ॥
हौस्आफ् लार्ड विषे प्रभुकन लग्या पैल्हे सरासर्तहा ।
ताहावाट सवारिभैपनिगयो कामन्स हौसै महा ॥ ६ ॥

मिष्टर्सी हवहाउसै र अरका ग्याली समेत्तभै तहाँ ।
देखाया सब ठाउँ लायक जती कामन्स हौस्को तहाँ ॥
येजूकेसंन वीलका विषयमा मिष्ट म्यंक्यन्नामले ।
दिन्थ्या इस्पिच भारिमतलब भरी पाण्डित्यका चालले ॥ ७॥
ग्यालेरी विच राजभै प्रभुजिले इस्पीच् सुनी बक्सियो ।
टोपीमिल्टरि शीरमा पहिरदा अत्यन्त शोभा थियो ॥
सन् अट्ठारशये चऊतिस हुँदा यो हौस् अचानक् महा ।
आग्लागी हुनगोर सब् डढिगयो पूरानु चाल्को तहाँ ॥ ८ ॥
फेरी यो महलै तयार्हुन गयो पच्चासका सन्महा ।
हेर्ना लायकको ठुलोछ महलै सुन्दर्सफा खुब् तहाँ ॥
लम्बाई यसको हजार फिटको उच्चाइमा सौ जती ।
कोठाछन् यसमात पान्सय जती छन्फेरि आफिस् कती ९
यक् सें एक विचीत्रका ति सबछन् रोगन् झकाझक् गरी ।
सफ्फाई सबमाछ हद्दसँगको गर्नूहुन्यातक् गरी ॥
गिल्डेड्च्यांवर नामको पनि भयो रोगन् सुनौला भई ।
यैहो लार्डसभा पनी गजबको भारी सजाऊ भई ॥ २१० ॥
सिंहासन् सुनकोछ दक्षिणकुना पायेर भारी तहाँ ।
छाताझै जसमाथि छत्छ बाढिया रङ्झै सुनौलै तहाँ ॥
श्रीमान् श्री युवराजका निमतिमा केही अलिक्सानुभै ।
मुख्यैका नजिकैछ दक्षिण तरफ् अकोंत सिंहासनै ॥ ११ ॥

१ शिक्षासंबन्धी २ बार्डली

तेसैका दुइतर्फ पून्सहरुका निम्ती र लाठ्का पनी ।
धेरैछन् कुरसी तही नजिकमा दस्तुर्वमोजीं अनी ॥
देश्देशान्तरका प्रतापि नृपती निंती वकिल्का पनी ।
कुर्सीछन् अरु वस्तलाइ वढिया वस्लान्सभासद् भनी ॥ १२ ॥
सिंहासन् दुइका अगाडि वढिया गद्दी नरम् फेर्तहाँ ।
लार्डैका पछि च्यान्सलर्कन भनी राम्रोछ यौटा तहाँ ॥
सिंहासन्हरु वाट इस्पिच हुँदा सूनुन् सवैले भनी ।
तेसैका उसतर्फ वार कहिन्या राम्रोछ हालै पनी ॥ १३ ॥
बुद्धीमान ठुलाठुला इलमिभै विद्या पढेका पनी ।
कामन् लार्डसभा विषे छलफलै गर्छन् ति मेम्बर्वनी ॥
दिन्छन् इस्पिच मतलवै भरिभरी धाराछुट्याझै गरी ।
सो सून्दा अरुलाइ मिल्छ रसको मज्जा उखूको सरी ॥ १४ ॥
विच्मा वोलनलाइ छैन अधिका ठुले हवस्ता पनी ।
सुन्छन्सव् चुपचाप सभ्य रितले तस्विर्समानै वनी ॥
यौटाको जवहुन्छ मतलव पुरा अर्को खडाभै तहाँ ।
आफ्नू राय प्रकाश गर्छ बढिया सव्का अगाडी महाँ ॥ १५ ॥
यस्ता रित्सित मिल्नगो जुनकुरो सोही बमोजिम् सदर् ।
गर्छन् मतलवले गऱ्यो जुन कुरो सोहुन्छ झट्टै वदर् ॥
काम् गर्छन् पनपक्ष केहि नगरी ठिक्ठिक् निसाफै गरी ।
बेहक्मा मरदैन कोहि दुनिञा सारा मुलूकै भरी ॥ १६ ॥

पार्लीमेन्ट सभामहा छलफलै गर्दा सबै कामको ।
जस्‌जस्ले जतिवेर इस् पिचजती दिन्छन् पृथक् रायको ॥
इस् पिच्‌का सब अक्षरै क्रमसितै दिन्भरर्भयाका जती ।
काहीकत्ति बुँदा समेत नचुकी भूलै नपारी रती ॥ १७ ॥
कापी छापि लिन्या उसै घरीमहा आश्चर्य्य यस्तो तहाँ ।
देखीयो फुरती बहूत तिनको छप्पाइका काम् महाँ ॥
ताहाधोबि चमार काम गरन्या मानिस् समेतै पनी ।
हेर्छन् चित्त दियेर बेस अखबा हेर्नू असल्‌हो भनी ॥ १८ ॥
उस्तो सो नगरी महा इलमले बिद्या बलैले गरी ।
मेम्बर्भै रहन्या ठुला गुणि हरू धारा प्रवाहै सरी ॥
दिन्छन् इस्पिच मतलवै भरि छिटो वोली भनाई महाँ ।
उस्तो बोलि समान हातचलन्या मानिस् रह्याछन् तहाँ ॥ १९ ॥
सङ्केती रितले टिपी खरखरी फैलाउ सोही गरी ।
इस्पिच्‌भै सकिदा भया भर जती छापिन्छ सोहि घरी ॥
टाइम् पुग्न गयेर मेम्बर हरू निस्केर जादा महाँ ।
ढोकामा पुगदा तिकापि सबका पर्थ्या तँही हातमा ॥ २० ॥
भित्री बारदलीछ बैठक महाँ बस्छन् रिपोटर् हरू ।
बस्छन् ताँहि गयेर हेरन भनी देश्‌देशका सब् अरू ॥
लम्बाइ यसकोछ नब्बय फिटै चौडाइ पैतालिसै ।
उच्चाई पनि माफिकै छ बढिया फिट्‌मा त पैतालिसै ॥ २१ ॥

१ खबरनैंबलनेहरू

झ्याल्झ्याल्का बिचमाछ सालिक पनी व्यांरन् हरूको तहाँ ।
भारी काम पऱ्या सभासद् हरू गर्छन् बहस् सव् तहाँ ॥
लम्बाई जसकोछ सत्तरि फिटै पैतालिसै गज्महाँ ।
उच्चाई यसमा पनीछ बाढिया पैतालिसै फिट् तहाँ ॥ २२ ॥
यस्का भित्र पनीछ बार्दलि हरू बस्छन् रिपोट हेरू ।
यौटामा अझ वस्तछन् सुगमले खाली तमासे हरू ॥
सालिक्छन् यसमा पनी नृपतिका नामूदि जन्का पनी ।
यस्लाइ सव भन्दछन् जन हरू कामन्स हाउस् भनी ॥ २३ ॥
कामन् हौसर लार्डहौस बिचमा सेन्ट्रल्छ हाल् फेर्तहाँ ।
यस्मा आठ कुनाछ साठिफिटको फराकभै बिचमहाँ ॥
उच्चाई पचहत्तरै फिट भई राम्रो भयाको अती ।
कालीगढ् हरुको अही खरचभो अक्कल् भया भर्जती ॥ २४ ॥
येसैका नजिकै ठुलोछ गिरजा मुख्यै सवैमा भई ।
यस्को नाम व्यष्ट मिष्टरअवे भछन् वढीया भई ॥
राज्यैको अभिषेक हुन्छ यसमै राजा हरूको पनी ।
गाडीन्छन् सरनामि राजन हरू येसैत गिर्जा मनी ॥ २५ ॥
ओल्डै प्यालस यार्ड आफिसमहा पायेर सित्तै महा ।
टीकट् लीगइ हेर्नुपर्छ नहिता पाइन्न जानै तहाँ ॥
सुन्नाको मतलव्भया बहसफे मेम्व पिंयर्को पनी ।
आज्ञालीकन मात्र मिल्दछ फगत् सो हेर्नलाई पनी ॥ २६ ॥

१ कोहीयेक ठुलोपर्जा

तिन्बज्दा तक मिल्छ बाद यसका मिल्दैन पर्स्नै पनी ।
येस्तो यो सबहाल हेरि प्रभुको फीऱ्यो सवारी अनी ॥
पैल्हेका रजिडेन्ट लेडि सँगभै यच् वाइली दीनको ।
आया बाह्र बजाइ दर्सन गऱ्या श्रीतिन् महाराजको ॥ २७ ॥
जेठ्को सात गते सगर्दिन भरी सफ्फा भयाको थियो ।
प्राइम्मिष्टर लाइ भेट्तछु भनी श्रीको सवारी भयो ॥
येघाँरै पनि बज्नगो लइनका साहेब सङ्मा थिया ।
फोटो ग्राफरले सडक् सडकमा तस्वीर खिच्ता भया ॥ २८ ॥
मिष्टर्आस्क्विथ साथमा प्रभुजिले बात् चीत गर्दा महाँ ।
खाली पन्ध्र मिनेट् गयेछ प्रभुजी फिर्नू हुदामा तहाँ ॥
डेढ्बज्दा विश पौन्ड दीकन जहाँ वाक्सै लियाको थियो ।
सोहीले हउसै महाँ प्रभुजिको फेरी सवारी भयो ॥ २९ ॥
ताहाँ स्वागत वेस्गऱ्या अरल लाठ् शावट् अगाडी सरी ।
भेटेरेन्सरिलीफ फन्ड निमती नाच् गर्दथ्यो वेसरी ॥
कर्णेल् मार्सल वेष्ट वाट सब काम् पूरा हिसाब्ले भयो ।
सोहेर्दा खुसिभै दुईसयउपर् दस्पौन्ड वक्सिस् गयो ॥ २३० ॥
लाड् फोर्ड्का अरलैर लार्ड म्यटल्यान् पत्नी सहित्का तहाँ ।
धेरै मानिस हेर्दथ्या अरु पनी चाख् मानि खुप् मन्महाँ ॥
ताहाँ वाट सवारिभो प्रभुजिको मर्टीमरैमा जसै ।
नाटक् हेर्न भनेर जन्रल हरू जानू भयो फेर्तसै ॥ ३१ ॥

आठ् दिन्‌गै बुधवारका दिन महाँ हावा असल् क्यै थियो ।
गात्‌मा रोग भया जचाँउछु भनी इच्छा गरी वक्सियो ॥
जस्का सामु महाँत रोग हरुको चल्दैन केही गती ।
डाक्‌टर् ग्याान्टभनेर नामजसको प्रख्यात्‌भयाकोअती ॥ ३२ ॥
ब्याहानै इनका घरै प्रभुजिको आफै सवारी भयो ।
जाच्‌तामा तिनले शरीर विचमा आनन्द बढ्दै गयो ॥
ताहाँ वाट सवारि फेर्हुन गयो हव् हाउसैका पनी ।
घर्मा स्वागत वेस् गर्‍या प्रभुजिको केहीभया वात्‌पनी ॥ ३३ ॥
सर्यर्वाईडडुरेन्डु का सग पर्नी श्रीको भयो भेट् तहाँ
इन्की लेडि सितै पनी हुन गयो थीइन् तँही साथमा ॥
येसै दीन महाँ अफीसर हरू चिज्वीज किन्नै भनी ।
धेरै वाहिरगै घुमेर दिनभ र्फिर्दा भया तीपनी ॥ ३४ ॥
नेपाल्का महराजको गमनयो इङ्ल्यान्ड मा फेर्अनी ।
यूरोप्का अरु भाग भाग हरुमा हूदो भयो सोपनी ॥
सर्कारी निमता भईकन भयो किंवा खुसीले भयो ।
पाहूना यदि हुन्भर्न्या तपनि फेर्मन्मा द्विवीधै भयो ॥ ३५ ॥
आतिथ्यै सतकारको खरच सव् वृटीस कोश् वाट वा ।
हून्याहो कित इण्डिया तरफको जो फंण्ड तेस् वाट वा ॥
यस्तो प्रश्न गर्‍या उईलियमबुल् ले ता जसै तेस्घरी ।
अण्डर्सेक्रयटरी बुकेननजिले दीया जवाव् येसरी ॥ ३६ ॥

१ वढता कामको निमित्त रहेको नगेरा

नेपाल्का महराज् वृटीश भरराज्का पाहुनाभै ञहा ।
आया खर्चपनी वृटीश ढुकुटी देला अवस्यै ञहा ॥
यो प्रश्नोत्तर छापिनाकन गयो टाइम्स पत्रै महा ।
विस्तारिख् मंइमा र लेखिनगयो सोही खवर्फै यँहाँ ॥ ३७॥
पांच् हजार छसये यकपौन्डै । उन्डईस सिलिङै प्यानिआठै ॥
नाथकोत सतका र्निमतीको । येतिखर्च वृटिसै तरफैभो ॥ ३८ ॥
जेठ्का नौदिनगै असल् असल माल् पाइन्छ धेरै जहाँ ।
आक्सै फोर्ड् कहिन्यात ष्ट्रीट विचमा पाल्नू भयो श्रीतहाँ ॥
उत्तर्पश्चिमका कुना तिर भई राम्रो वहूलै वनी ।
सारा सव् पसलै भरी धनि हरू मन्माफि किन्नैभनी ॥ ३९ ॥
भर्पूर्छन् भरदीन येक रितले रात्मा पनी दिन्सरी ।
बिक्रीहुन्छ भराभरै खरखरी फुर्सत् नभै यक् घडी ॥
किन्न्या मानिस फाल्छ फत्फाति नगद् हुर्हुर्त नोटै पनी ।
गीन्नी फेर्झरछन् झनाझनगरी लौ ला यती भो भनी ॥ २४० ॥
भर्खर्का नवयौवना पसलमा जो जान्छ किन्नै भनी ।
तिन्लाई कुनचीज हाजिरगरौं भन्दैत सोध्छन् पनी ॥
आफूले इसरा फगत् गरिदिदा बूझेर झट्पट् गरी ।
ल्याऊछन् हासिलो मुखै गरिगरी वोल्छन् मिठो स्वर्गरी ॥ ४१ ॥
यस्रित्का अबला पसल् पसलमा छीटा छरीता बनी ।
राख्नू झीक्नु गरेर हर्तरहले बेच्छन् सुशीला बनी ॥

मन्जूरी जुन मालमा हुनगयो तेस्मालको त्यै घरी ।
बाँधून झट् झटी गर्दछन् खरखरी ताडीफ गर्न्यागरी ॥ ४२ ॥
माल्मत्ता यसमा यती तरहका यस्ता रह्याछन् भनी ।
अड्कल् गर्न कठीन् हुन्या पसलमा चित्तै बिलख् बन्बनी ॥
हज्जारौ यस चालका पसलछन् ठूला महल्का सरी ।
आधा कोस लमाञ्जि माछ सबयो वार्पा र्सडक्का गरी ॥ ४३ ॥
हावा वेस थियो विहान सुकवा र्दस्दीन जादा महाँ ।
विश् पच्चीस मिनेट पानि परिगो वज्दा दुवै फेर्तहाँ ॥
कर्णेल् कर्जन वाइली लइनका साहेव ले. वाइली ।
इन्लाई सगमा लियेर अफिसर् आफ्ना समेतै लिई ॥ ४४ ॥
जल्सा हेर्न भनेर रायल न्यभ्याल् मिल्टेरि टुर्नमेन्टमा ।
वाद्शाही रथमा चढेर प्रभुजी पाल्नू भयो झट् तहाँ ॥
निमता सव् आफिसर्हरू कन हुदा बस्न्यात ठाऊँ वहाँ ।
सब्का निम्ति तयार्थिया सुखसितै हेरुन्तमासाभनी ॥ ४५ ॥
रानी लाइर प्रिन्स लाइ सँगली वाद्शाह पाल्नू भयो ।
फिल्डै मार्सलको प्वशाक पहिरी शोभा दियाको थियो ॥
रानीको ह्यलियोद्रिओक कहिन्या पोशाक माथी तहाँ ।
बिस्कुट्का रँगको थियो अतिअसल् कोटै अमोल्को तहाँ ४६
ईज्जत्का निमतीत गारत तहाँ थीयो वस्याको पनी ।
स्यालुट् बज्न गयो त्यसै वखतमा आया अधीराज् भनी ॥

जुन्बाटो यडवर्ड वाकस तलक् जान्याभयाका थिया ।
तेस्मा लाइफ गार्डका जनहरू लामै वसेकाथिया ॥ ४७ ॥
ब्यान्डैमा जव स्यालुटै वजि गयो पैह्ले वसेका जती ।
ईज्जत्का निमती खडा हुनगया मानीस झट्पट् उठी ॥
वादशाहा यडवर्ड जुन्वकसमा राज्गर्नुभो तेस्महाँ ।
रानी श्रीमतिलेर प्रिन्स इनकी रानी सहितभै तहाँ ॥ ४८ ॥
हाम्रा श्रीमहराज राज् गरनुभो सर्जान्फि सर्फे तहाँ ।
इष्ट्रयान्ले पछि क्लार्क फेरि डइटन् प्रोभिन्समेतै तहाँ ॥
नामुद्दार जती अरू हरु वस्या अन्न्यत्र जग्गा महाँ ।
स्वाखी मानिसको पनी भिड थियो धेरैहुनाले तहाँ ॥ ४९ ॥
नामुद्दार ठुलाठुलात जनरल् कर्णेल कप्तान् हरू ।
खान्दान्का सरनामि हाजिर थिया सामान्न्य मानिस् अरू ॥
दाम् तिर्दा टिकटै नपाइ कतिता येताउती डुल्दथ्या ।
भारी भीड भयो कसोगरि पसौ भंन्या कुरा गर्दथ्या ॥ ५० ॥
रायल्बाकसमा जतीजन थिया बाद्शाहि खान्दानका ।
जागिर्दार पनी तहाँ जति थिया डीयूकलाठ् मानका ॥
श्रीका सङ्ग मिलाइ हात सबले दस्तु बमोजिम गरी ।
वस्ता खूपरमाइलो हुनगयो सारा मकानै भरी ॥ ५१ ॥
स्वीडन्मा रहन्यात मानिस हरू पैल्हे अगाडी सरी ।
लाग्या कश्रत गर्न हर्तरहले फुर्ती वहूतै गरी ॥

सोदेखी कन रानि खुस् हुनु भयो श्रीशाहजादी पनी ।
फेरी वग्गि चलाउन्या फुरतिलो कश्रत् भईगो अनी ॥ ५२ ॥
तेस्का वाद जहाज कार थलका आई सिपाही तहाँ ।
लाग्या गर्न लडन्त हर्तरहले तेसै अखाडा महाँ ॥
चालाकी सितको लडन्त तिनको देखेर फुर्ती पनी ।
हेर्न्या मानिससव्खुसी हुनगया क्यावात क्यावात् भनी ॥ ५३ ॥
आफ्रीकन् र्‍यजिमेन्टका पनि भयो सङ्ग्रामको खेल् तहाँ ।
तिन्बज्दा सुरुभो अनेक रितले कश्रत् हरूको तहाँ ॥
एकेक् खेल महाँत दस् दस मिनेट् लायेर गर्दा महाँ ।
डेड् घण्टा जति काल् वितछ सवयो हेर्दा तमासातहाँ ॥ ५४ ॥
आर् एच् ये इनले अनेक् तरहले बग्गी चलाइ तहाँ ।
देखाया फुरती अनेक गर्दै सब्का अगाडी महाँ ॥
यस्का बाद लडाञिका बखतको तोप् खोल्नु जोर्नू गरी ।
पाऱ्या सब् कन रद्द हर्तरहले साफै लडाञि गरी ॥ ५५ ॥
आफ्रीकन् र्‍यजिमेन्टका सग लड्यो नेटिभ् अगाडी सरी ।
झुट्टाहो भनि भन्न मुस्किल भयो सङ्ग्राम् दुरुस्तै परी ॥
आर् एच् आर्टिलरी सिपाहि हरुले घोडा चढी फेर्तहाँ ।
खाडल् टाट्टि डकाउदा पनिभया तेस्रङ्ग भूमी महाँ ॥ ५६ ॥
केआर्आ जसलाइ भन्छ उसका चालीस् बिकूले भई ।
येकै सोर गरेर मार्च गरदा हेर्थ्याँ सवै रद् भई ॥

फेरी घोड् चडिको तमास हुनगो चारै बजेथ्यो जसै ।
जंगीतोप चलाउन्या फउजको कामैभयो फेर्तसै ॥ ५७ ॥
आफ्रीकान्सित पूर्बिया हरु लड्या फेरी तह्ा बेसरी ।
ताना तानपनी तही हुनगयो भारी बलाबल् गरी ॥
संगीन्को पनि फेर्लडन्त हुनगो ठिक् पाच् बजाइ तहाँ ।
घोडाको दउडै पनी छुटिगयो खाडल् डकाइ महाँ ॥ ५८ ॥
येती कामभयो जहा उघरमा पैल्हे अध्यारो थियो ।
बत्तीबालि झकाझकी हुनगई छर्लङ्ग सब् देखियो ॥
धेरै मानिसगै सक्या पछिपनी हुल्ला थियो झन्तहाँ
पाच्बज्दा प्रभु फर्किबक्सनु भयो मर्तीमरै हौस्महाँ ॥ ५९ ॥
सोही रातमहात दस्बजनगै श्रीतिन्महाराजको ।
बाद्साहा यडवर्डका महलमा फेरी सवारी भयो ॥
भाई पू. क. ज. रुद्रमोहन बब हीरण्य सम्शे भया ।
राजा जैपृथिबी बहादुरसहित यत्ती प्रभू सङ्गया ॥ २६० ॥
केही बाकिथियो सभा खुलनमा सोहीत औंस महाँ ।
राजाकूच विहारका पुगिगया भारी सभामा तहाँ ॥
इन्कापुत्र थिया जितेन्द्र पछिका नारायणै सङ्महाँ ।
पुत्री सूक्रातिदेवि लाइ सगली वेगम् थिइन्फे तहाँ ॥ ६१ ॥
हिज़्हैनेसनवाव नाम अहमद्खाँ सुद्ध सङ्मा थिया ।
मिष्टर् इसप्यन ले तहाँ प्रभुजिका सङ्मा चिह्नाई दिया ॥

यूरोप्मा पइदा भयाकि इनकी बेगम् हुनाले गरी ।
जान्छन् ई हरसाल लण्डन महाँ यूरोपियन्कै सरी ॥ ६२ ॥
खान्दान्का लडका हरू तलवक्यै खादै नखाई पनी ।
दिन्छन् काम बराबरी अरु सरी ठिक् जागिरेझै बनी ॥
यस्चाल्को बडिगार्ड बैठक महाँ पालो बस्याको थियो ।
इज्जत्का निमतीत गारद पनी चोकमा बसेको थियो ॥ ६३ ॥
रानी लाइर छोरि लाइ सगली श्रीप्रिन्स सोही घरी ।
पाल्नूभो सगमा अरू पनि लिई बैठक् उज्यालो गरी ॥
टेक्का प्रिन्स अलेकजेन्डर पनी रानी सहित्का थिया ।
अल्व्यानी कि डचेज क्रिश्चियननाम् श्रीशाहज्यादा थिया ६४
बाल्टर्प्यारात् ब्याण्डका जान्नु वस्ताज् ।
इन्का मात्हत् भै वज्याका थियो राग् ॥
बाजा सुन्दा दिल् खुसी पारि लिन्थ्यो ।
हेर्दा बैठक् भारि आनन्द दिन्थ्यो ॥ ६५ ॥
दस्कामाथी फेरिआधावजाई । गादीबैठक् शोभियोनाथजाई ॥
गानाताना नाचकोरङ्गताहाँ । हेर्दाखूसी पार्दथ्योदीलमाहाँ ६६
गानाभारी अप्सराहेरुगर्छन् । तेस्कामाफीक्अन्तजोहुन्नभन्छन् ।
तिन्कोउच्चीउल्टियोसाफअैह्ले । बुद्धीमान्लेराख्तथ्यावाकिकैह्ले ॥
अगाडीकै माफिक् अरुजाति सबैथोक् हुनगयो ।
सवारी फिर्दामा अलिकाति बिलम्बै पनि भयो ॥

अतीराम्रा पोशाक् पहिरि कन नाच्दा झलकले ।
नज तिर्मिर्गर्दा थपरि पनि माथ्र्या सकलले ॥ ६८ ॥ *
जेठ्‌को यघार दिनगै शनिवार माहाँ ।
ईयार्क इस्कुल भनी कन नाम्‌छ जाहाँ ॥
पाल्नू भयो मटर बग्गि चढेर ताहाँ ।
जर्णेल साहब हरू पनि साथ माहाँ ॥ ६९ ॥ *
इस्कुलमा प्रभुको सवारि पुकदा पढ्‌न्या सबै वालखै ।
जम्ह्राभै कन व्याण्डमा प्रभुजिको नेपालि वोल्मै सफै ॥
दस्तु र्माफिकको सलामि तिनले दीदा भया झट् तसै ।
पढ्‌नू पल्टन खेलनूत गरन्या तिन्सौ थिया ती सबै ॥ २७० ॥
शोभाभयो पाहिरिकोट फरेज टोपी ।
पोशाकले मुलुक आफनु साफ खोली ॥
मध्याह्नका वखतमा सगमा पियारी ।
रानी लियेर रुपकी सिलकी भकारी ॥ ७१ ॥
श्रीशाहजादि कहिन्या भिकटोरियाजुन्‌ ।
प्रिन्सेस पुत्रि सुकुमारि कुमारिनै छन्‌ ॥
हात्‌मा समाइ इनलाइ हिडाइ फेरी ।
आनन्दले सकल रैयत लाइ हेरी ॥ ७२ ॥
राजा धिराज यडवर्डजि आउनूभो ।
आदर्लिई सकलको अति खुस् हुनूभो ॥

१ नेतिसाना केटाकेटिले नेपाल्‌को सलामि तयार्पारिराखेकोदेखनाले असलतालिम पायाकारहेछन्‌ भन्ने थाहाभयो

गस्फोर्डका कउन टेस पछाडि थीया ।
सार्लोट् नलिस् इपनी ताहि सगैतथीया ॥ ७३ ॥
सिड्नीग्ग्यभील करणेल् अरथर्ट्रथभिड् सन् ।
लाठे पनी सगथिया बुझुरुक् वह्यागन् ॥
वाद्शाहका चरणले इसकूल छूदा ।
तोप्को फयेर यकतीस समेत हूदा ॥ ७४ ॥
रानी लियेर सगमा सतकार भारी ।
श्रीप्रिन्सले गरनुभो झटपट् अगाडी ॥
भाई कउन्ट क्रिकटन् कपतान ताहाँ ।
कौन्टेस् भनेर स्यफटस् परिफेरताहाँ ॥ ७५ ॥
हाकिं पनी सगथिया इसकूलका धेर् ।
मेम्वर्हरू पनि थिया सगमा अरू फेर् ॥
हिज् यक्सिलेन्सि लिचँ फ्याङ्कर आइभाँच्यो ।
चिन् तर्फको वकिलभै कन खान्कि खान्थ्यो ॥ ७६ ॥
जर्णेल एच् यस भनी जरमोल्फ नाम्का ।
मानिस् रसीयन थिया इ वकीलि काम्का ॥
कप्तान आर्टर टियाग् जरमन् तरफ्का ।
मानिस् ठुला अरु थिया अरु देस देस्का ॥ ७७ ॥ *

जुट्यारोकमूराभनी नांभयाका। वकीलीगरीकां जपानीरहेका॥
म्ययोआफलण्डन्भनीलाठताहा। लियाकापियारीपनीसाथमाहा॥

अरल्मीथकालाडंइंट्यालवुट्फेर्। भईकौंटभ्यालेसियानामकाफेर्
थियाकर्णलै योकुरानामताहा। थियाजर्णलै गोरुसीवारताहा ॥
अरूधेरमानिस्थिया हेर्नलाई। गयाकाखुसीले सँगीसाथ्जमाई
इजतनिंतिको गारदफेरिथीयो। महल्काअगाडी सलामीतदीयो
स्वदेशीलयैली तहीव्याण्डवज्थ्यो।
हसीलोगरी मुखसवै लोक हेर्थ्यों ॥
जउन्भारि शोभा मिल्यो तेस्वखत्मा।
मिल्याको सवैथोक् युरोपी तखत्मा ॥ ८१ ॥
वहूत्वर्षकावादयो भारिशोभा। लियोइस्कुलैले मिलीवेसमौका॥
गईभीत्र राजाहरूकातराजा। वस्यामेचमाहा सवैकातसाजा ॥
विद्यार्थि हेर्दछु भनेर हुकूम हूँदा।
आया ति वालखहरू पनि खुसि हूँदा ॥
यौटा अचम्व तिनका विचमात देख्याँ।
क्याबात साहस भनेर किताप लेख्याँ ॥ ८३ ॥
पढ्दै रहेछ तिनमा यउटा सतासी।
बर्षैभइ कन पनी धनको निरासी ॥
जन्मेर साहसि भई इलमी कुलैमा।
यस्को जनम् विति गयेछनि इस्कुलैमा ॥ ८४ ॥
लायक् शरीर वलवान भयेर ताहाँ।
वोल्दोभयो सकलका ताहि सामुमाहा ॥

दस्वर्षको जुनवखत् माथिञा उहीले ।
पढ्दै थिञा मतञहा वहुतै खुसीले ॥ ८५ ॥
तिन्ताक आउनु भयो यकपल्ट ञाहाँ ।
चौथा धिराज उइली यमनाम माहाँ ॥
उस्का वहूत दिनवाद धिराज आई ।
शोभा वढाइ रहदा अति हर्ष पाई ॥ ८६ ॥
झन् गद्गदै हुनगई सगमा प्रतापी ।
देखेर इम्पररका अरु मित्र साथी ॥
आनन्द यो जुन भयो मनमा अहीले ।
यस्तो भयेन भनि भन्छु मता उहीले ॥ ८७ ॥
यक्ता मवालख थिञा उस माथि यक्कै ।
वाद्शाह आउनु भयो सव चाल वेग्लै ॥
भाग्यैभयेर दरसन् दुइपल्ट ञाहाँ ।
पाञा धिराज हरुको भरजन्म माहाँ ॥ ८८ ॥
पढ्दैछु आज तक पास गरेर धेरै ।
छाड्न्याछु पढ्न शरिरै सँग येकवेरै ॥
बूढो भयेर पनि वालखभै रसैले ।
भन्दा अहो इलम झट्ट भन्या सवैले ॥ ८९ ॥
कुन्मतलवै लिई पढ्यो त्यसले यसोरी ।
तेस्ता उमेर तक पढ्नु पनी कसोरी ॥

सारा जगत् धन कमाउन लाइ पढ्छन् ।
थोरै बुझेर मतलव् म ठुलोछु भन्छन् ॥ ९० (printed २९०)
बिद्या रहेछ कतियो पृथिवी भरीमा ।
पढ्‌नू पनी अझ कती जनमै भरीमा ॥
वेदान्तझै फगत अर्थ सुनेर मुक्ती ।
मिल्दैन तिन् कन इलम् गरि मिल्छ भुक्ती ॥ ९१ ॥
हिम्मत् गरेर जसले जुन काम आहाँ ।
गर्छन् अवस्य फल मिल्दछ जान्छ काँहाँ ॥
हाम्रा पनी अघिभया कहि येक ब्राह्मण्
पढ्‌दा भया भरजनम् पद[1] बेद[2] ब्राह्मण्[3] ॥ ९२।
सौबर्ष जुन्दिन पुग्यो उस दीन माहाँ ।
शाक्ष्यात शङ्कर अगाडि भयेर ताहाँ ॥
आयू समाप्त हुनगो सब आज तिम्रो ।
दिन्छू बरैपनि मता मनमाफि तिम्रो ॥ ९३ ॥
यस्ता वचन् शिवजिका सुनि हाँसि हेरी ।
वाकीछ पढ्‌नु अझ आयु मिलोस फेरी ॥
भन्दा तथास्तु भनि शङ्कर पाल्नु भैगो ।
वेदै पढेर इनको सब आयु गैगो ॥ ९४ ॥
जुन् दीन फेरि सय बर्ष पुग्यो उसैदिन् ।

१ बेदकोपद्पद् छुट्यायेरभन्नेहो फेरि शिखा १ माला २ लेखा ३ ध्वजा ४ दण्ड ५ रथ ६ घन ७ जटा ८।२ संहिता भाग्
३ सतपथ्ब्राह्मण वेदकोपक्भाग् ईपनीभिन्नभिन्न हिसावले भन्ने वेदका भागछन्

दर्शन् मिल्यो शिवजिको पनि ताँहि यक् छिन् ॥
आयू मपाउँ अझ पढ्छु भनेर माग्या ।
लैहुन्छ वेस भनि शङ्कर नाथ भाग्या ॥ ९५ ॥
सात् पल्ट येहि रितले थप आयु पाई ।
पढ्दै थिया खुसि गरायर शंभु लाई ॥
सातौ समाप्ति हुनगै कन फेरि ताहाँ ।
शङ्कर् प्रकट् हुनु भयो तँहि सामु माहाँ ॥ ९६ ॥
पाऊँ म आयु अझ पढ्छु भन्या जसैता ।
आश्चर्य्य मानि शिवले पनि फेर्तसैता ॥
सम्पूर्ण शास्त्र हरुको थुपरो गराई ।
देखाइ बक्सनु भयो तँहि तीन लाई ॥ ९७ ॥
आज् तक् जती पढि लियौ उसवै मिलाई ।
मुष्टी भरै लिइ सक्यौ थुपरो चलाई ॥
साह्रै खुसी हुनगई अझ तीन लाई ।
भन्नू भयो शिवजिले रमिता द्यखाई ॥ ९८ ॥
सात्कल्प सम्म तिमिले अव वाँचि लीनू ।
तिमलाइ समझि रहन्या कन आयुदीनू ॥
छोरा मृकण्डु ऋषिका भनि नाम चल्ला ।
तिम्रो तपोवल सरासर धेर बढ्ला ॥ ९९ ॥
रातो निलो रङविरङ् सवरेसमैको ।

कामै भयेर सकली फुलझै भयाको ॥
लेडी फ्यरर् अघिसरी तहिरानि लाई ।
गूलाफको फुल दिइन् करमा चढाई ॥ ३०० ॥ *
येतीकाम भयापछी इमपरर् श्रीकाकुरा क्यैभयो ।
जापानी चइना रसीयन वकिल् इन्सीत शुद्ध भयो ॥
इस्कुल् सामु पटाङ्गिनी बिच महा बिद्यार्थि बालख् हरू ।
कालं बाधि खडाथिया सँग महा इस्कूलि मेम्व अरू ॥ १ ॥
ब्रीटीस् ग्रेन डिय भनेर कहिन्या बाद्साहि ब्यान्डै पनी ।
लाग्यो वज्न मिठो मधुर्स्वर गरी मन्मोह गर्न्या गरी ॥
बालख् को तहि मार्च पाष्ट पनिभो इयांफैट् गऱ्याक्यै घरी ।
सो रोक्न्या इनको चलाकि पनिभो दूरुस्तसँग्राम् सरी ॥ २ ॥
यस्काम्मा यउटा लड्यो जमिनमा तेस्कात गोडा महाँ ।
चोट् लाग्यो अरू साथिले फुरतिले त्यस्लाइ झट्टै तहाँ ॥
पट्टीबाधि दिदा खुसी हुनगई बाद्साह ले त्यैघरी ।
स्याबास् बालखहो भनी हुकुमभो ताडिफ् समेतै गरी ॥ ३ ॥
कुस्ति खेल्न कवाजमा तिनि हरू गर्थ्या चलाकी अती ।
साह्रै खूसि भया अरू हरु पनि हेर्नै गयाका जती ॥
तेस्का वाद अगाडिभै दुइ जना घुस्सार घुस्सी दिई ।
लाग्या लड्न मजा गराइ रसले ताडीफ् सबैको लिई ॥ ४ ॥
येती काम भया पछी इमपरर् यड्वर्डले फेर्तहाँ ।

१ मुद्दालवाजी

सव् ठाऊ नजरै गराउनु भयो श्रीलाइ इस्कूलमा ॥
सव् भन्दा पछि कौसिमा सव जना पाल्नू भयो जुन्घरी ।
इस्कुल्का लडिका हरू सव मिली गाना गऱ्या वेसरी ॥ ५ ॥
येती काम गरेर बालख हरू क्यै खान थाल्या.जसै ।
खायाको तिनले मजा गरि गरी हेऱ्या सवैले तसै ॥
डेढ् घण्टा जति काल् वितेछ खुसिले हेर्दा तमासा तहाँ ।
फिर्नूभो प्रिय रानि पुत्र साहितै वाद्शाह प्यालेस् महाँ ॥ ६ ॥
माहाराज पनी फिरी महलमा क्यै काल आराम् गरी ।
घोड् दौड् हेर्न भनेर फेरि प्रभुजी पाल्नू भयो त्यै घरी ॥
प्रिन्सेस् भिक्टुरिया लियेर सगमा केही अफी सर्पनी ।
मोटर्मा चढि रानि आउनु भयो हेरौं तमासा भनी ॥ ७ ॥
सत्कार् डाक्टर जार्जहेस्डिङ्स ले गर्दा भया सव् तहाँ ।
रानीले प्रभुका समाइ करमा भेट् घाट् भयो फेर्तहाँ ॥
रानीको मुखपद्म खूप हसिलो थियो फुलैका सरी ।
शोभा येक किसीमको खुलनगो आनन्द दीन्या गरी ॥ ८ ॥
पोलोम्याच् जसलाइ भन्छ उहिखेल् थीयो भयाको तहाँ ।
तेस्को मर्म बिचार केहि प्रभुमा हासिल् हुदा रस्महाँ ॥
भारी खेल मजा नजर् गरनुभो चाखै गऱ्याझै गरी ।
सफ्फाई सित खेल्दथ्या सवजना आनन्द सागर्परी ॥ ९ ॥
घोडा वाट गिऱ्या चर्ल्स जनरल् दुर्भाग्य वस्मा परी ।

कुम्मा चोट पऱ्यो आलिक् भरपरी अंन्यत्र हल्का गरी ॥
सोलिङ्टन् यकतर्फ मालिक थिया चारल्स यक् तर्फका ।
मौकापायर जितहुदा खुसिभया खेल्मास्वलिङ् तर्फका ॥ ३१० ॥
जेठ्को वाहगते अफीसर हरू केही लिई सङ्गहाँ ।
ह्यांटन्कोट महाँ सवारि पुकिगो राज्भैत मोटर्महाँ ॥
जुन्घर्मा प्रभुनाथ राज् गरनुभो त्यस्को म्यनेज थियो ।
आर्मीटेज् यसकोत नाउ पनिहो मानीस बेसै थियो ॥ ११ ॥
येसैकी फुपु बर्ष नब्बय दुई भुक्तान् सुखैले गरी ।
श्रीका सामु महाँ खडा हुन गई तागत् सरिर्मा भरी ॥
ह्यांटन् कोट अगाडिका बखतको दर्वार जानी लिनू ।
येसैले क्यहि वात लायक भयो समक्षेपले लेखनू ॥ १२ ॥
कार्डीनल् उलसी इनै पुरुषले योघ सिंपारस् गरी ।
पाहूना हरु लाइ राखन भनी तैया गऱ्या रङ् भरी ॥
आठौ हेन्द्रि भनी जउन् नृप भया उनले महल् योलिया ।
कार्डीनल् इनले पनी महलको सामान् समेतै दिया ॥ १३ ॥
तिन्को दोवर रानि लाइ सँगली आफू इसाई भई ।
इन्को जन्म वित्थो यसै महलमा आनन्दले दिन् गई ॥
छैटौ यड् वरडैत दस् बरषका छोरा फगत् यक् थिया ।
येसैमा इनलेपनि अलिक दिन् दर्वार्वनाई लिया ॥ १४ ॥
रानी मेरिपनी बसिन् अलिकदिन् तेसै महल्मा गई ।

१ छवटी रानी

पैह्ला जेमस पर्वका दिन महाँ बस्थ्या इराजा भई ॥
केही काल तलक् कयेद् हुन गया चार्ल्स पैह्लाजहाँ ।
वाइट् टापु महाँ पछाडि इगया भागेर बस्नै वहाँ ॥ १५ ॥
केही दीन बस्या उलिंक्रम वयल् हैकम् समेतै लिई ।
दोश्रा चार्लस फेर्बस्या यस महाँ क्याथ्रीन रानी लिई ॥
सान्है मन् परथ्यो उईलिम कनै फेर्शानि आनी बासिन् ।
पैह्ला जार्जर दोसरा जरजको दर्बार् भयो केहि दिन् ॥ १६ ॥
तेश्रा जार्ज भयेर धेर दिनतक् राज्यै गर्न्या तैपनी ।
तिन्को दील बसेन यस्महलमा यक् रात बस्नै पनी ॥
हेरुन् सब् दुनिञा भनी कुइनले टीकट् छुटाई दिइन् ।
रानी खूप दयावती जगतकी आमा समान्की थिइन् ॥ १७ ॥
आमाको सव धर्म पालन गरी यड्वर्ड इन्ले पनी ।
लायानन् यसमा टिकट् अझ तलक् हेरुन् सवैले भनी ॥
ठुल्ठूला दिनमात उत्सव गरी दर्बार गर्न्या पनी ।
दखिन् लङ्गतिर भारि बैठक थियो ढाचा पुरानै वनी ॥ १८ ॥
औटर्गेट् कोर्टफेरि कचहरिगरन्या बैठकै लाइ हेरी ।
आने वोलीन ढोका असल तँहि थियो कोर्ट फौन्टेन फेरी ॥
तेश्रा राजा उईलि जउन हुनगया खोपि तिन्को छभारी ।
ठूलोहाल्भै अगाडी नहरपनि ठुलो फ्रेन्टमा पूर्व पारी ॥ १९ ॥
रानीमेरीकि खोपी तँहि नजिकठुलो अङ्गुरे झाङ्वन्याको ।

टेनिस् खेल्न्या चउर्का वरिपरि बढिया साफ बाटो भयाको ॥
ढोकामा सिंह देख्यौं बनबट बढिया पारि राखी लियाको ।
फोवोरा भारि यौटा तँहि नजिक थियो डायनानाम् भयाको २०
ठूलो लामू उचाई जउनछ फुलको गुम्वजै हेरि लीञौ ।
रानीका बार्दलीमा गइकन दुइचा खाँपिफे हेरि लीञौ ॥
जुन् हेर्‍यो सोहि राम्रो कतिगरनु वयान् धेरादिन्को पूरानू ॥
वाद्शाहा हेरुवष्न्या असलछ दरवा ताँडिफै क्यावताऊँ ॥२१॥*
हन्टन् कोटमहाँ सडक् दुइतरफ् लेखपाँगरा धेरछन् ।
वृक्षैका सवपत्र लाइ फुलले ढाकेर खुप् फुल्दछन् ॥
राम्राछन् रुखती सवै आतिठुला छाट्‌काट् परेका पनी ।
हेर्‍यौं सब्रर्मीता घुमी वरिपरी मिल्लाकहाँ फेर्भनी ॥ २२ ॥ *
सौंवार तेर्‍ह दिनगै वदली भयाको ।
हावा खराप भइ पानि समेत् पर्‍याको ॥
यैदीन फ्रान्स भरिका प्रसिडेन्ट आया ।
हेर्नानिमित्तभनि मानिसधेरधाया ॥ २३ ॥
जुन्मार्गले इहिडथ्या उसरोड माहाँ ।
गर्थ्या ध्वजा फरफरै रङरङ्ग ताहाँ ॥
मानीसको भिडथियो सव ठाउ माहाँ ।
गर्थ्याकुरा सवजना अववस्नु काहाँ ॥२४॥
वाद्शाह आफयि गई कन इष्ट सन्मा ।

सत्कार सब् गरनुभो भइ खूसि मन्मा ॥
बाद्साहि बग्गि बिचमा प्रसिडेन्ट बस्ता ।
बाञातरफ् बसनुभो यडवर्ड जस्ता ॥ २५ ॥
तेस् बग्गिका अघिपछी वडिगार्ड थीया ।
इष्टाप् पनी सडकका दुइ तर्फ थीया ॥
लाग्या पछाडि इनका अरु लार्डधेरै ।
श्रीप्रिन्सका पनिथिया अरूबाग्गिधेरै ॥ २६ ॥
बाद्शाहका सँग महा प्रसिडेन्ट लाई ।
गर्थ्या सलाम सबले वहुतै रमाई ॥
टोपी उतारी कन नम्र भयेर हेरी ।
गर्थ्यासलाम फिरता प्रसिडेन्ट फेरी ॥ २७ ॥
फेलेरका निम्ति सुन्दर स्पन्ट जेसस् ।
प्यालेस् तयारपनि थियो बढिया अतीबेस् ॥
बाद्साहले इज्जत निम्ति भनेर उन्को ।
सत्का गर्‍या खुसिभयो दिलशुद्ध उन्को ॥ २८ ॥ *
यस्तो उत्सब हेर्नलाइ प्रभुजी साथ्मा अफीस लिई ।
पौने चार वजेर निस्कनु भयो वग्गी विषे सोभिई ॥
प्रेसीडेन्ट गया यसै दिनमहाँ नाम् टुर्नमेन्टै महाँ ।
फेरीजानुभयो प्रदर्शनि ठुलो थीयो खुल्याको जहाँ ॥ २९ ॥
इज्जत् निम्ति भनेर प्यालस महाँ नाच्गान् भयाको थियो ।

१ इर्ज्जद

यस्तोयो रमिता नजर्हुन गई फीर्ती सवारी भयो ॥
आराम् केहि गरेर फेरि प्रभुजी बग्गी चढी फेर्वहाँ ।
पीकेडेलि तरफ् सवारि हुनगो राम्रोछ साह्रै जहाँ ३० ॥
जेठ्को चौध गते असल् न कमसल् भर्दीन मध्यम् थियो ।
टेंपुल् फ्लावर सो नजर्हुन प्रभू बग्गी चढी वक्सियो ॥
सङ्गमा सव् जनरल् हरूर अफिसर् केहीत जादा भया ।
जेम्यानर् इसमींथ वाइलिपनी सङ्गमा प्रभूका गया ॥ ३१ ॥
टेंपुल्मा सतकार वेस् गरिलिया सर्हेन्द्रि लारेन्सले ।
देखाया सवथोक श्रीकन तहाँ बूझाइ ताडीफले ॥
बर्खैमा यक पल्ट हुन्छ यसमा उत्सब् गजब् चालको ।
बागैमा हुनगो बिचीत्र रुपको उत्सब् यसैसालको ॥ ३२ ॥
फ्लावर्सो फुलको प्रदर्शनि ठुलो हेरुन् सवैले भनी ।
चीत्राका घर धेर बैठक सरी पारी तयारी पनी ॥
सोघभींत्र सडक् बनाइ तिनचार् वार्देखि पार्तक् सिधा ।
बाटाका दुइतर्फ घाट हरुका सीढी समानै थिया ॥ ३३ ॥
लाखौ जात अनेक रङ् विरङ्का फल्फूल हेरू तहाँ ।
गम्लामा अति साफ देखिन गया सीढीजती सब् महाँ ॥
योनाऊ यसको ज्हाँ मिलछयो दाम् येसको येतिहो ।
काठैमा यतिवात लेखि सवमा झुन्डाइ याकोथियो ॥ ३४ ॥
सानू बोट छतापनी फलफुलै लट्न्याम्म धेरै फली ।

१ फुल्को प्रदर्शनि

हागा केहिनुहेर सुन्दर थिया टुप्पा जमिन्मा मिली ॥
साक्ष्यात् शङ्करले विहार गरन्या कैलाशका वन्महाँ ।
फुल्फुल्छन् जसरी उहीसरि थियो शोभा विचीत्रैतहाँ ॥ ३५ ॥
सोहेर्न लाइ रुपिञा दस दीनु पर्थ्यो ।
मानीसको भिडभई कन अड्नु पर्थ्यो ॥
लम्व टिंपेर फुलको अनिभीड सर्थ्यो ।
हेर्दातहाँ हृदयको सवताप हर्थ्यो ॥ ३६ ॥
पैह्ला पटक् सवजना फुल हेर्न लाईं ।
जादा नजर्गिरनगो जुन वेच्न लाईं ॥
कैफूलको अति असल् विरुवा जमाईं ।
मोलैपनी दसर पाँच हजार्जनाईं ॥ ३७ ॥
जन्तर्झर्झी विलपनी सग वाधियाको ।
देखेर बोट फुलको दिल छक्क झट्भो ॥
प्रारव्धि वान कुनले यसलाइ लेला ।
यौटा फुलै निमति तेति कसोरि देला ॥ ३८ ॥
यस्तो विचार दिलमा गरि फार्कि आई ।
दोश्रा दिनैपनि गर्ञौं उहि हेर्न लाईं ॥
कैदौलथी पुरुषले लिइ तेस लाईं ।
समझेन सौख सरिको धनतेति लाईं ॥ ३९ ॥
कस्तो रहेछ फुलत्यो धन फेरि कस्तो ।

कुन्कामले हुनगयो धन तेति सस्तो ॥
लण्डन् निवासि जनको धन सोख देखी ।
पुग्दैन बर्णन जहाँ सवथोक लेखी ॥ ३४० ॥ *
रानी श्रीमति पूत्रि लाइ सगली पाल्नू भयेथ्यो जसै ।
ब्याण्डैमा पनि वज्नगो कुइनको स्यालुट् मधूर्स्वर्तसै ॥
कोमल् वाहुलि वाहुली मिलनगो रानी प्रभूका जसै ।
प्रिन्सेस्का करमा पनी मिलनगो वाहू प्रभूका तसै ॥ ४१ ॥
वाद्शाही कुलका ठुला जन हरू धेरैत लाठै हरू ।
मेम्वर्जज् सव हाजिरै ताहि थिया सामांन्य मानिस् अरू ॥
सब् ठाऊ भरपुर्थिया भिडभई साहै सकस्मा परी ।
हेर्थ्या उत्सव खूसिमन् गरिगरी छापीइ गार्डन् भरी ॥ ४२ ॥
रानीका सगमा प्रभू घुमनुभो येता उती जुन् घरी ।
हून्थ्या वात पनी अनेक् तरहका सुन्दात अमृत् सरी ॥
डेड्घण्टा जतियो नजर्हुनगई फीऱ्यो सवारी जसै ।
घण्टामा तिन वज्नगो अलिकछिन् आराम्गरी फेर्तसै ॥ ४३ ॥
छोरा भाइ हरू लियेर सगमा आधा सहित्त चार्वजी ।
हावाखान सवारि भो प्रभुजिको वाद्शाहि वग्गी चढी ॥
यक्छिन्मात्र घुमेर फर्कनुभयो घामै समेतै गयो ।
निंता नाचमहा हुदा प्रभुजिको ज्यूना समेतै भयो ॥ ४४ ॥
फ्रान्सिस्का प्रसिडेण्टका निमतिमा वाद्शाहले भारि नाच् ।

आफ्नै वैठकमा गराउनुभयो ठिक्ठाक् गरी साज वाज् ॥
येस्ता नाच भया अघी जतिजती तिन्मापनी भड्किलो ।
उम्दा यो हुनगो अनेक रसको गानासमेतभै ठुलो ॥ ४५ ॥
गारत् इज्जत निंतिको पनि थियो जङ्गीप्वशाकै सहित् ।
ब्यान्डैमा उहिदेशको लयलिई वज्थ्या मिठा राग गिद् ॥
श्रीका निम्ति हुदा जती जनहरू जम्मा भयाका थिया ।
तेस्भन्दा अरु धेरमानिस हरू यस् नाचमा देखिया ॥ ४६ ॥
भाई पू. क. ज. रुद्र मोहन बबर् केसर् सङैमा लिई ।
श्रीतिन्को पनिभो सवारि उसमा श्रीपेच् शिरैमा दिई ॥
छोरा छोरि वजीर रानि सगली दस्तु बंमोजिम् गरी ।
राजा कूच बिहारका पनि गया यूरोपि यन्कै सरी ॥ ४७ ॥
सङ्गमा श्रीहरसिंह पुत्र कनली जस्लाइ सब् जान् भनी ।
भन्छन् ऊपनि ताँहि हाजिर भया राजा नवन् गढ् अनी ॥
प्राइममिष्टर आदि लार्ड जनरल् कर्णेल् भया भर्जती ।
देस्देशान्तरका वकिल् तँहिथिया नाऊबताऊँ कती ॥ ४८ ॥
आफ्ना सब् परिवारले सहितभै डीयूक् बिसब्ले पनी ।
वाद्शाहा यडवर्ड आउनु भयो शोभाय मान्का बनी ॥
भित्रीया अफिसर्हरू सग थिया वाद्शाहका धेर्अरू ।
नाऊ मात्र बताइ खालि कतियो कागज् मसीले भरू ॥ ४९ ॥
कर्णेल् इन्चिफको प्वशाक पहिरी वाद्शाहले आउदा ।

ब्यान्डैले पनि खुप् मिठो स्वर गरी स्यालूट बोल् गाउदा ॥
दस्तु माफिकले अफीसर जती सब्ले सलामी दिदा ।
शोभा येक किसीमको हुनगयो बैठक्विषे सोभिदा॥ ३५० ॥
सुन्कै तार पिटी वनाइ सलमा बत्तू यसैको गरी ।
कार्चूपी भरदा अनेक रितले बुट्टा फुलैका सरी ॥
हीरा मोति जडेर फेरि फुलका विच् वीचमा झल्कन्या ।
साटन्भै रङमा पनी सुनसरी झन्घोटले झल्कन्या ॥ ५१ ॥
यस्तो घाँगर लाइ रत्न हरुका पैहेर हारै पनी ।
हीराको मुकुटै लगाइ शिरमा लक्ष्मी स्वरुप्की वनी ॥
रानी श्रीमतिले पनी दिनुभयो दर्शन् सभामा जसै ।
सङ्मा मारसनेस् विसप् हरुथिया वाद्शाहि खान्दान्सवै ५२
प्रेसीटेन्ट पनी अफीसर हरू आफ्नालिई सङ् महाँ ।
दस्बज्दा दसतु मुताविक गरी पाल्नूभयो फेर्तहाँ ॥
येघारै वजि नाच् सुरू हुनगयो भारी तवलै गरी ।
डेड् घण्टा जति मात्र योहुनगयो वाल्नाच नाचैसरी॥ ५३ ॥
ठुल्ठूला जनका पियारि हरुमा जस्लेत वाद्शाहको ।
पायाको पनिछैन दर्शन कवै जस्कोत वा सादिभो ॥
यस्ता नारि छसात हात तकको लामू लगाई गउन् ।
नाइट् कोर्ट विषे गई सरसरी वाद्शाह गद्दी जउन् ॥ ५४ ॥
येसैका पनि सामुमा पुगनुगै हुन्छन् खडाती जसै ।

लार्डै च्याम्बर लेनले क्रमसितै पूकार्छ नाऊँ तसै ॥
साहै नम्रंभई झुकी अदवसाथ् दर्शन् सिरैले गरी ।
फिर्छन् लेडिहरू लतारि लहँगा मूजूर पुच्छे सरी ॥ ५५ ॥
साहीला जरणेल येहि दिनमा लण्डन् शह देखिजो ।
पच्पन्नै मिल आक्स फोर्ड कहिन्या त्यस्ठाउमा जानुभो ॥
राजा जैपृथिवीवहादुर अनी सर्दार् मरिच्मान् पनी ।
प्रिन्स्पल् वाबु बटेकृसन् हरुगया सङ्गमा तयारी बनी ॥ ५६ ॥*
येसैदिन्का साँझमा फर्कनूभो । सान्हैराम्रो देखिखूसीहुनूभो ॥
टैंपुल्क्ष्रावर्सोभनीभन्छजाहाँ । श्रीतिन्सर्कार्पाल्नुभोफेरीवाहाँ
ताहाँदेखी फर्किचाडैयसैदिन् । आक्केडेमीमा भयोफेरीयक्छिन्
प्राचिन्चाल्कादेखितस्बीरताहाँ । पैदाभैगोहर्षक्यैदीलमाहाँ ५८
यौटा पूल विचित्रको दुइकरोड् चालीस लाखै अनी ।
खर्चै लागि तयारभो बरषआठ् सम्मै वराव बनी ॥
लम्वाई यसकोछ पाउ भरको बर्गीर गाडा गरी ।
दस्हज्जार पचिस्हजार पइदल् मानीस रात दिन् गरी ॥ ५९ ॥
हिड्छन् जुन्घरि पानिवाट अगला जाहाज सोही घरी ।
आँखा झिम् गरनै नपाइ झटपट् मानू विजूली सरी ॥
पूलको माझमहाँ दुईसय फिटै लम्वा दुई भागभै ॥
वोका लड्न उठ्या झझी दुइतिरै सीधा उपर् उठनगै ॥ ३६०
जाहाजै निकसी गया जवतर्फ मिल्छन् अगाडी सरी ।

योकाम्‌ हुन्छ मिनेट डेढ दुइमा फूर्ती वहूतै गरी ॥
येतीथोरइ काल पर्खन पनी सक्तैन जो मानिसै ।
डेढ्सौ फीट उचा वनाइ बुरजा दूवैतरफ्‌ जीवमै ॥ ६१ ॥
तेसमाथी अरकोछ पूल हलुका हिड्छन्‌ यसै मार्गले ।
यस्को मर्मतहुन्छ वर्सिनि दुई लाखै अयुत्‌ खर्चले ॥
खुल्दोभो पुलयो अठारसय चौरान्नब्ध्यये सन्भई ।
यो पुल्को रमिता सबै नजरभो श्रीवाट आजै गई ॥ ६२ ॥ *
पन्ध्रौदिन्‌गै जेठकोप्रातमाह्या । हावाखासाभैवह्यो दीनमाह्या ॥
सङ्गमाभाई युद्धसम्शेरलाई । फेरीजर्णेल्‌ रुद्रसम्शेरलाई ॥ ६३ ॥
लीईकर्जन्‌ वाइलीलाइफेरी । प्रेसीडेण्टै भेट्नभैगो सवारी ॥
पोशाक्सब्का जङ्गिअंड्रेसथीया । वाहासत्कार्खांगतै भारिदीया ॥
जाहाफेलीयेर पर्खीरह्याका । थीयावैठक्‌वीच पाल्नूभयाका ॥
श्रीकावाहूपक्र उन्लेरसैले । भेट्घाट्गर्दा हर्षमान्यासवैले ॥ ६५ ॥
उन्कोपोशाक्‌सुन्दरैभारिथीयो।सङ्गमायंक्यांवोनवोकीलथीयो॥
जङ्गीपोशाक्‌लाइधेरैअफीसर्‌।बृटिस्सर्कार्‌थियाकेहिनोकर्‌ ६६
यक्छिन्‌राज्भै प्रेमकावातकेही । गर्दाखूसी झन्भयानाथदेखी ॥
ताहाँदखी फर्किफेरी प्रभूजी । सङ्गमाकेही मानिसै आफना ली ॥
लण्डण्टाव पाल्नुभो हेर्नलाई । सारालण्डन्‌ देखिन्या ताहिंजाई ॥
हज्जार्माथी आठसत्त गंयामा।उईलीयं बीरराजा भयामा॥ ६८॥
किर्तीराख्या येहिटाव बनाई । बुद्धीमानी आफनू नाम्‌ चलाई ॥

धेरै कूरायेसमा इन्पछीका । राजाहेरूले बनाया बढीया ॥ ६९ ॥
यस्काचारैतीरकेहीउठ्याको । पल्टन्खेलन्याबेसमैदान्वन्याको ॥
दर्वाकिल्लाकैदखानातिनैकाम् । यस्लेदीन्यामज्बुतीकोछसब्काम्
मीटील्हाइट्आनसेन्टामटावर् । ग्रेटस्ढोकायेकमिल्टैछटावर् ॥
यस्माधेरैखण्डछन् थैरकम्कै । खूसीहुन्छन् हेर्नेजान्यातहागै ७१
दोश्रारीचाड्लेह्वाइट् टावरैमा । छाड्याआफ्नू राजपाट्सब्करैमा।
चौथाहेन्द्री खासजस्काभतीजा । इन्लेलीया पापकोक्यैनतीजा॥
छैटौहेन्द्री दुख्खलेकाटिधेर्दिन् । येसैटावर्मा रह्या राज्यले हिन् ॥
चौथायड्वर्ड्जोभयाफेरिइन्का । भाईडीयुक्प्राणगोञ्याहितिन्का
ठूलीरानी येलिजेवेथ लाई । येसै टावर्बीचमा कैदखाई ॥
वस्नैपार्‍यो कालकोचक्रआई । सानूठूलोछैनभेद् दैवलाई ॥ ७४ ॥
येसैटावर्वीचमा धेरचाल्का । ढाचासाचा शुद्धप्राचीनकाल्का॥
धेरैताही हात्हतीयारहेका । हेरीलीञौ खुप्हिफाजत्गरेका ७५
येजीनूकोर्ट महा लडाञि जुनभो तेस्मा जउन्काममा ।
लाग्या ती हतियार्हरूपनि थिया राम्रा असल् दापमा ॥
ब्रेयेक्फिल्ड् बुरजामहा नृपतिका सारा जुहारात् जती ।
कोहीनूरहिरापनी तहि थियो जग्मग् भयाको अती ॥ ७६ ॥ *
रानी विक्टोरियाले परमपदको मार्ग लीयेर जादा ।
जुन् वग्गी कामलाग्यो सव सरिर धरी कब्रमा गाड्नलादा ॥
सो वग्गी राखियाकोपनि तहिछ असल् वेस्हिफाजत् गरेको।

बाद्शाहाहेरुलाइ लुकनपनि पहल् येहि टावर्परेको ॥ ७७॥
रानीआयेनिवालिन् इपनि इहि मरिन् बागिले राति काटी ।
लार्डै लोम्यान आदी अरुपनि यसमा काटिया बागि छाटी ॥
यस्तोटाव र्नजभैं फिरिकन प्रभुजी रातिफेर्नौं बजाई ।
सर्कर्जन् वाइलीले सहित अफिसरै आफना साथलाई ॥ ७८ ॥
पाल्नूभो ग्यालनाटक् भानिकन कहिन्या भारिनाच् हेर्नलाई ।
फ्रान्सैका प्रेसिडेन्टै फ्यलर निमतिको इज्जतै गर्न लाई ॥
राम्रो काभेन्ट् बगैचा अतिअसल सफामा थियो भारि उत्सब् ।
ताहीयौटाछ नाच्घर् अतिअसल ठुलाकामसब् हेर्नलायक् ७९
रङ्रङ्का फूलमाला हरुपनि शिपले ताहि सर्बत्र सज्दा ।
फुल्का थूँगा सरीको महल हुनगयो भन्दथ्या हेर्न बस्ता ॥
बाद्शाहा हेरुबस्न्या जउन थलथियो तेसमा झन् सजेको ।
बर्णन्गर्नू कसोरी अझ नृपति हरू येकमै तिनूबसेको ॥ ३८० ॥
मेल्बा भंन्यार टेट्ट्राजिइनि द्वटी गर्दथ्या गान भारी ।
गानामा नाम् चलेका इनिहरु बुझनू रागले मोह पारी ॥
नाच्घर्का भित्रबाहिर् अधिक भिडाथियो धेरमानीस धाई ।
तेजीलो भड्किलोभै आतिअसल थियो नाचखुप् हेर्नलाई ८१
हार्मोनी काहिन्यार प्पानु कहिन्या बाजाबज्यो जुन् घरी ।
व्रस्ताज्का तिनमात हातचलथ्या मानू विजूली सरी ॥
औंला चालनको चलाकि तिनको देख्नैत मुस्किल् थियो ।

रागैका लयले भन्या सकलको मन्मोह पारी दियो ॥ ८२ ॥
मेच्मेच्मा सबका पछाडि वढिया दुर्विन् रह्याका थिया ।
दूर्विनूलीकन हेरन्या मनसुवा दिल्मा कसैले लिया ॥
हाल्नूपर्छ सिलीङ येक उसले सो मेचका प्वालमा ।
येतीकाम नभै सहजूसित उसै आउन्न त्यो हातमा ॥ ८३ ॥*
वाद्शाही खानदान्का सकल जनहरू लाठ मेम्वर्अफीसर् ।
आयाकाताहि थीया व्ःकिलहरुपनी फेरि कोही गभर्नर् ॥
दर्जामाफीक पोशाक् सकल जनहरू जङ्गि लायेर आई ।
वस्दा शोभा महल्कोपनि अतिवढिगो ठुल्ठुला धेरआई ॥ ८४॥
शीर्मा कल्कीसहित्को पगरि शरिरमा जङ्गिपोशाक लाई ।
हाम्रोदेसी रवाफैपनी अझ खुलिगो नाथले ताहि जाई ॥
आड्मीरल् जङ्गिपोशाक् पहिरि इमपरआँउदा फेरी ताहाँ ।
प्रेसीडेण्टै त आया इपनि उहिप्ःवशाक् लाइ तस्ताच माहाँ ८५*
आफ्ना देशमहा जहातक ठुलो शृङ्गार् असल् मान्दछन् ।
सो शृङ्गार् गरि ्काचुँपी सहितको लाई पहेलो गउन् ॥
रत्नैका सब हार हेरु पहिरी ढाकेर छाती महाँ ।
हीराको मुकुटै लगाइ शिरमा श्रीरानि आइन् तहाँ ॥ ८६ ॥
रानीका सँगमा थिया अरु पनी नारी ठुलाका तहाँ ।
शृङ्गार् धेर गरेर हाजिर थिया तेस् रङ्ग भूमी महाँ ॥
जुन्बेला तिनथ मिलेर खुसिले ढोग् भेट बातचित्त गरी ।

१ वादसाह २ घाँगर

आसन् आसनमा गयेर क्रमले राज्भो अनी जुन्घरी ॥ ८७ ॥
शोभा येक किसीमको हुनगयो लेख्नै नसक्न्या गरी ॥
अड्कल् गर्नु हवस् गुणीजन हरू आफ्नै मनैमा धरी ॥
केहीं काम बिसेसले रवि शशी अग्नी मिल्याझैं भयो ।
शीतल्भै दिलमा कमल् फुलिगयो आश्चर्य यस्तो भयो ॥ ८८ ॥
यूरोपीयन हाजिरै जति थिया ताहाँ ठुला तेस्घरी ।
सब्भन्दा झरिलो प्रताप प्रभुको बल्थ्यो अखाडा भरी ॥
नाटक् सूरहुदा पनी सकलका आँखा प्रभूमा थिया ।
शोभा धेर हुँदा प्रसन्न मनले आनन्द मानीलिया ॥ ८९ ॥ *
आकास् गङ्गासरीको कलकि हुनगई रत्नका धेर तारा ।
झल्झल् गर्दा उज्यालो अझ तहिं हुनगो तेजले ढाकि सारा ॥
साक्ष्यात् चन्द्रै समान्को बदन उदयभो चन्द्रको तेस् महल्मा ।
शोभा भारी हुनाले सकल जन हरू हेर्दथ्या तेज ताहाँ ॥ ८० ॥ *
शयकडौं रुपिञा खरचै गरी । बहुत सुन्दर काम घरै भरी ॥
नजरले जब देखिलियो तहाँ । पुगिगयो मनझट् झमटी वहाँ ९१
बसिगञौं सबभित्र तहाँगई । कउच कुर्सिबिषे मगनै भई ॥
कउच कुर्सि अरूपनि धेरछन् । रसिकजन् तिनमै वसिहेरछन् ९२
तिनमहा दरजा अझचारछन् । इजतसाथ तहाँ जनवस्तछन् ॥
बखतभो अवनाच हुन्याभनी । सुचनघण्टिवज्यो झनझन्अनी ॥
जुनसरीबिजुली बलिघर्भरी । बहुततेजभयो दिनकैसरी ॥

अतिमसीनुरऊँ पानिदेखिन्या । तसविरैपनि लेखिलिनूहुन्या ९४
अमरराजभवन् विचनाचमा । अपसराहरुगै कनमाझमा ॥
जसरिगाइलिन्या उहिचालगरी । मिमजनादुवटी मिलितेस्घरी ॥
सुरगन्या जवगाउनको वहाँ । स्वरसुनी मन मग्नभयो तहाँ ॥
मधुरतालसुनेर लयैमहाँ । बचनहीनभया सवजन्तहाँ ॥ ९६ ॥
कुनघरीतिनको स्वरप्यानुझै । कहित हारमनी सितमिल्नगै ॥
कहिसितारसरी सुरिलोअती । मधुरमा पनिझन्मधुरैवनी ९७
कहिकहीमइना सरीकोपनी । कहिंत अग्निर पट्टुसरी पनी ॥
कहितशास्त्रियगानगन्याझनी । सुनिनगो सवतानपलट्तही ९८
अतिमधूर मिठोमधुमाफिको । हुनगई पृथझन् रसरागिको ॥
वहनलागिगया गिदकानदी । अलिकतीपानि वयकतैनदी ९९
करणपात्रविषे रससोभरी । गरदथ्या सव पान दिलैभरी ॥
यसरिगानगरीकनकोहिकाल् । सुरुभयोअवनाचनलाइताल् ४००
वहुतसुन्दर हावर भावले । वसगरी सवलाइ कटाक्षले ॥
जवतनाचनलागिगया तहाँ । बसभयो सवको मनझन् तहाँ ॥ १॥
विजुलिवत्तिपनी असमानिरङ् । भइवल्या महलैभरीयेकदम् ॥
सुंधरमासरी रङ्गमहलभयो । हृदयको सवतापउडीगयो ॥ २॥
कमलमाफिक कोमलपाउले । सवदछमछम गर्दछ तालले ॥
जुनघरीतिनले लयतालमा । अपसराहरुका झञ्जि चालमा ३
गरदथ्या करकोपनि भाउझन् । हरिलियायसले सवकोतमन् ॥

२ इन्द्रसभा

सम्भु प्रसाद सर्म्मा भट्टराई सास्त्री.

घुमनुहातहिलाउनु नाचनू । वखतमाकमरैपनि भाचनू ॥ ४ ॥
नजरका पलकै सरिभै तहाँ । पलक गिर्नछुट्यो नजरै महा ॥
तसविरै सरिका सवभैगया । मनभुलीकन रङ्गवसै भया ॥ ५ ॥
तिनिहरू लयताल समैमहा । नयनका तिरछाडि सभामहा ॥
पलकमा कलको पुतलीसरी । फननन घुमथ्या छमछम्गरी ६
विजुलि भीत्रभन्या सरिका भई । जमिनवाट पयर्छुटनैगई ॥
विचविचै अङ्गफन्नपनी घुमी । पयरछुन्छ कऊन्पलमा भुमी ७
नजरलेपनि भेटन कष्टभो । फुरति देखितहाँ दिलमोहभो ॥
बदनका तिनका कपडापनी । बहुतलागतले बढियावनी ॥ ८ ॥
फुरतिले घुमदा झलझल्गरी । झलकन्या निशिमा विजुलीसरी ॥
सकलको मनमोह गराउन्या । मदनको मदलाइ वढाउन्या ९
वदनको वनवट् अतिसून्दरै । हुनगईकन शोभिनगो घरै ॥
शरिरको वरणै दुदझै अनी । सुनसमान रङ्ँ शिरकोपनी ४१०
कमलका क्वपिला सरिकादुई । हृदयका गहना सरिका भई ॥
अतिकठोर भयेर जुहारका । विचमहा परदा अङ्ग शोभिया ११
अतिविशाल मनोहर जाँघको । उपर छातिभईकन माझको ॥
कमर एकमुठी भर देखिन्या । कउतुकै सवलाइ गरीदिन्या १२
जघनका तनका विचमाअती । मसिनुदेखिनगो भनुयोकती ॥
जघनभारिविषे कुचभारगै । मिलिगयाझञ्जिभोकमरैनभै ॥ १३ ॥
हृदयमापनि हारजुहारका । झलकन्या कइयेक हजारका ॥

मदनकोधनुमाफिक आँखिभै । सरसमान कटाक्षसमेतभै १४
रसिकका मनमिर्गउपर्तहाँ । गिरनलागिगया रसवन्महा ॥
असलरत्नजडाउ चुरापनी । झलकदाकरमा विजुलीवनी ॥ १५ ॥
जसरिहातमहा झरिलोदियो । लिइघुमाइ लियाझन्जिदेखियो ॥
असलकुण्डल लोतिविषेथिया । झलकदा विजुलीसरिदेखिया १६
कुंनुरुमाफिक लाल अधर्भई । वदन सोभिनगो खुलनै गई ॥
अधिकसून्दरदन्त सफेदभै । अझतहाअधरैपानि मिल्नगै ॥ १७ ॥
भनिनसक्नुझलक् निकसीगयो । झलकलेवदनै झलझलभयो ॥
अधिकगम्भिर गानजलैमहा । मगनभैमनले डुवदातहाँ ॥ १८ ॥
हुनगया तिनकै तन तुम्बिझैं । बचिगया मनयो तहिं अड्नगै ॥
जुनघरी तिनका लयले गरी । बहुत मग्नभई जन बेसरी ॥ १९ ॥
थपरि मारि अहो शवदै पनी । गरदथ्या तिमिधंन्य समेत्भनी ॥
सकलको सनमान ग्रहण् गरी । मुसुक्क हाँसि लिदा हुँदि तेस्घरी २०
मुखकमल् तिनको जवफुल्नगो । सकलनेत्र भ्रम तंहिंपुग्नगो ॥
भ्रमरधेरवसीकन भारभै । झुकिगयाझन्जिभो सिरनम्रभै ॥ २१ ॥
अझतहाँ लजतैपनी मिल्नगै । मुरति मोहनिभो अतिखुल्नगै ॥
मनझुकाइलिया अरुकोपनी । परसपर्हुनगो झुकनैपनी ॥ २२ ॥
फिसपनीइनको यकरातको । दशर सात हजार्वधुवैथियो ॥
टिकटकिन्नपनी दरयेकसौ । अझठुलाजनलाइत डेढसौ ॥ २३ ॥

१ कुनरु फल परवर जस्तो हुन्छ सो पाकदा वहुत् राम्रो लाल रङ् हुन्छ. २ अर्थात् आफ्नु ताडिफ सुन्दा सवका सामान्यमा आइ लज्जत साथ शिर झुकाउछन् सो झुकाउनु जोहो सलाम्को चिन्हहो.

सहरकासरनामि ठुलाजती । सकलकारमणी कतिहुन्कती ॥
सजिसजाउ जुहारहिलेभई । नजरकोसुफलै गरथ्यागई ॥ २४ ॥
रतनकामुरती सारिसुन्दरी । भरिभराउथिया महलैभरी ॥
नजरकोसुफलै भइतेस्घरी । मनप्रसन्नभई कनबेसरी ॥ २५ ॥
जउनहर्षभयो दिलमातहा । गजुरलागिगयो सुखकोवहा ॥
अघिपछी मनमा कतिहुन्कती । समझिन्या तिकुरानभईरती ॥
नजर कान मनै इ तिनैकुरा । मगनले गरि तृप्तभया पुरा ॥
नजरले उँहिंगै जतिदेखियो । त्यरिजमापनि तेरिज लेखियो २७

साढेयघार वजदा यसरात माहा ।
नाटक् खतम् हुनगयो अति वेसताहाँ ॥
थीयो भयाभर महा सवदेखि माथी ।
फीऱ्यो सवारि प्रभुको भइ मध्य राती ॥ २८ ॥
जत्ती कलाछ प्रभुको उति दिन्गईगो ।
तेश्राप्रहर्तक असल् पवनै भईगो ॥
जर्नेल साहवहरू सवलाइ फेरी ।
कर्णेल डिल्लिसमशेर समेत फेरी ॥ २९ ॥
कर्णेल् किशोरनरसिङ् ल्यफटेन् वईली ।
इस्मीथ मेजर हरूकन साथमाली ॥
जङ्गी जहाजहरु हेर्न भनी सवारी ।
निस्क्यो यघारवजदा भइ ठिक्तयारी ॥ ४३० ॥*

केंम्याण्डर् इनचीफ चारलसफे वेरेसफोर्ड् नामले ।
सत्कार्डोभर मा गऱ्या प्रभुजिको देखाइ प्रेम् कामले ॥
पैह्लनै प्रभुलाइ लीकन गया क्रनूवाल वोट्मा अनी ।
देखाया सवथोक हेरि मनमा आनन्द लाग्योपनी ॥ ३१ ॥*
जङ्गीजहाज बुझनू क्रनवाल् भनेको ।
जलमा लडाञि गरन्या गाढिनैवनेको ॥
श्री का इजत् निमति गारद ताहि थीयो ।
व्याण्डै सहीत भइ स्यालुट झट्ट दीयो ॥ ३२ ॥
फेरी अफीसर सगै प्रभु फ्लाग सिप्मा ।
पाल्नूभयो उपानि ताहि थियो नाजिक्मा ॥
टीफीन् गराउन भनी फुलले सिगारी ।
कोठाथियो प्रभुजिका निमती तयारी ॥ ३३ ॥
येस्देखि डायमन नाम जहाज माहा ।
जादा सलामि वजिगो प्रभु लाइ ताहाँ ॥
धेरैथिया अरु पनी यसता जहाजै ।
हेर्नूभयो प्रभुजिले पनि धेर् उहीगै ॥ ३४ ॥
दिन्थ्या सलामि प्रभुलाइ सवै जहाज्मा ।
व्याण्डैपनी वजदथ्यो उहि देसि राग्मा ॥
डिष्ट्रायरै पनी थिया ताहि धेर चाल्का ।
फोड्छन् जहाज इनले दुसमन् तरफका ॥ ३५ ॥

१ जहाज

ठूला पचास जाति जङ्गि जहाज थीया ।
एकेक् गरी सकल वोट घुखाइ लीया ॥
जस्मा चढेर प्रसिडेन्टजि हाल आया ।
त्यस्मापनी प्रभुजि लाइ लगी घुखाया ॥ ३६ ॥
त्यस्माजती फउज फ्रान्सिसकात थीया ।
तिन्लेपनी प्रभुजि लाइ सलामि दीया ॥
जाहाज सुन्दर ठुलो इनकोत थीयो ।
हेर्दा प्रसन्न मनलाइ गराइ दीयो ॥ ३७ ॥
फौज्को तालिं हेरिताहा प्रभूले । रीझ्यू सुद्धै हेर्नुभो खूसिमन्ले ॥
तिन्को फूर्ती हेरि भारी तवर्को । तेस्काधेरै कारखाना नजर्भो ३८
फिर्दा सातैवज्नगो मर्टिसर्मा । खान्पीन्गर्दा नीदआयो नजर्मा ॥
सत्रैदिन्गो जेठको शुक्रवार । हावाबेसै वग्दथ्यो मन्दचार ३९
जर्णेल्कर्णेल्सव्लगायेत्अफीसर् । लेफ्टेन्वेलीम्यानरिस्मीथमेजर्
सङ्गालीई श्रीप्रभूको सवारी । रीडीङ्गाहा जानभैगो तयारी ४०
ताहायौटा जार्जऊईलियं नां । विष्कुट् वेच्न्यागर्दथ्योभारिनैकां
थीयोयस्को कारखानात जाहा । रेल्माराज्भै पाल्नुभो नाथवाहा
रीडीङ्फारं कामका मेम्वरैभै । पोर्का सालमा आउदा ईन्यपालै ॥
श्रीकासङ्गा जानपैचान्भयाका । सीकार्खेलीकेहिदिन्तक्गयाका
पामहूदा खूपसन्मान गर्दै । सभ्यै चाल्को रीतले प्रेमछर्दै ॥
आफ्नाघर्का पाहुनानैवनाया । आफ्नामानिस्लाइ ताहीचिनाया

आफ्नू भयाभर जती फ्यकटेरि माहा ।
ख्वासीद लाइ सँगमा लिइ झट्ट ताहाँ ॥
देखाउँदा पनि भया क्रमले सवैथोकं ।
यस्तै इलं नगरि मिल्छ कसोरि त्यो भोग् ॥ ४४ ॥
घेरैजमीन विच फैलिइ कांभयाको ।
सर्वत्र काम कलको पनि भै रह्याको ॥
चल्दैछ येक रितले सव ठाउँ काम ।
वस्तैन कालिगढ येकछिनै विकाम ॥ ४५ ॥
काम् गर्दछन् जन हरू पनि आठ् हजार ।
विस्कुट् तयार गरछन् विकन्या वजार ॥
त्यै आठ् हजार विच लेडि हजार थीया ।
काम्मा वहूत फुरती तिनले द्यखाया ॥ ४६ ॥
तोरी गहुँ टिपन जत्ति छिटो परेवा ।
चुच्चो चलाउछ उही सरि हात् चलेका ॥
खाली हुदैन यकादिन् पनि तेस माहा ।
वन्दैछ विक्र पनि हुन्छ उतीत वाहाँ ॥ ४७ ॥
सवलाइ जान्छ तलवै महिना भरीमा ।
चालाख् अनी आसिहजार उही घरीमा ॥
यस्लाइ वर्ष दिनमा कति खर्च लाग्ला ।
माल् ताल् खरीद गरनै कति खर्च लाग्ला ॥ ४८ ॥

गर्नू हवस् मनमनै यसकोत अड्कल् ।
क्याबात साहसि जवान् इलमैछ औवल् ॥
चिज् बीजले भरिभराउ तला ठुलाछन् ।
काम् गर्दछन् सकल ठाउ तला भरी जन् ॥ ४९ ॥
सब् ठाउसाफ यकनाश भयेर ताहा ।
आनन्द भारि हुनगो अझदील माहा ॥
नोटीसमा इनि हरू अझ खर्चधेरै ।
गर्छन् नफा हुनुकती इन लाइधेरै ॥ ४५० ॥
थोकाम् खडागरनमा जतिखर्च लाया ।
ब्याजै लियेर उसको धनधेर् कमाया ॥
घंटा दुईजति घुमी कल काम हेरी ।
बाकी भईकन छुट्या अझ हेर्न फेरी ॥ ५१ ॥
यस्तो बिचित्र कलको सब थोक हेरी ।
श्रीको प्रसन्न मनभै कन उत्नि खेरी ॥
सोध्नूभयो प्रभुजिले बिस कूट बारे ।
दीदा जबाब उनले अझ रद्द पारे ॥ ५२ ॥
यकसौ बयालिस किसिम् बिसकूट भन्छन् ।
स्वादै पनी हराकिसीं इनमा रहन्छन् ॥
साधा बहूत गुलिया नुनिला पनीछन् ।
खाया मदौरु हरु सुद्ध पचाइ लिन्छन् ॥ ५३ ॥

१ इस्तिहार

यस्देखि चौध मिलपर्छ जऊन ठाऊँ ।
मारल् सटन् हउसहो उसको त नाऊँ ॥
पामर्जिको घर भनेर यहीत जान्नू ।
भारी महल् सजि सजाउ समेत जान्नू ॥ ५४ ॥
वाहा पनी प्रभुजिलाइ लगी द्यखाया ।
ऐश्वर्य भोग उनले शिपले जनाया ॥
तम्बूमहाँ प्रभुजि लाइ चलाइ फेरी ।
फल्फूल को टिफिन राखि तही घनेरी ॥ ५५ ॥
क्रीपा गरेर म उप जिउनार यै होस् ।
यस्ले मलाइ कृत कृत्त्य गराउनू होस् ॥
येती भनेर उगया फलफूल सब्ले ।
खाञौ थिया फल हरू भरपूर रस्ले ॥ ५६ ॥
वाहा पछी प्रभुजि लाइ लियेर सङ्मा ।
देखाउदा अझ भया सवथोक घर्मा ॥
काम् चल्दथ्यो बिजुलिको पनि ताँहि फेरी ।
श्रीको प्रसन्न मनभो फुलवारि हेरी ॥ ५७ ॥
सभ्यै मुलूक बिच जन्मि इलम बढाई ।
आर्जन् गरेर दउलथ् घरमा बढाई ॥
सारा मुलूक भरि नाउ चली रहेका ।
बिद्या पढेर गुणले भरपु भयाका ॥ ५८ ॥

पामं हुंदात इनले प्रभुलाइ धेरै ।
सत्का गन्या घर महाँ अझ धेरवेरै ॥
खूसी गराउन भनी जतिदुख् उठाया ।
खूसी हुदा प्रभुजिले उतिसुख् बढाया ॥ ५९ ॥
यूरोपमा गुणि हरू अति सोख गर्छन् ।
ईलम् गरेर धनले धनि नाम धर्छन् ॥
उद्योग केहि नगरी जनलाइ खान ।
मुस्किल् हुन्या मुलुक येहि भनेर जान ॥ ४६० ॥*
यस्ताधेरैकारखाना युरोप्मा । गर्छन्मानिस् द्रव्यकोपूर्णभाग्मा ॥
देस्कोवृद्धी गर्नधेर्खर्चगर्दा । पाल्छन्पेटै निर्धनीदुख्खपर्दा ॥ ६१ ॥
मिष्टर्पामरको महल् नजरभै तिन् लाइ धन्न्यै दिई ।
सात् बज्दा प्रभुको सवारि फिरिगो आनन्द मन्मा लिई ॥
नौको दोबर जेठको दिन गयो हावात वेसै थियो ।
बेलूकी पख केहि रूप वदली हावा खराप् भैदियो ॥ ६२ ॥
साढे दूइ बजाइ लार्डट्विडेल् लेडी सहित्का भई ।
आया भेटन लाइ मर्टिमर मा श्रीतीनमा प्रेम् दिई ॥
श्रीका साथ महाँ बसी दसमिनेट् सारांस बात् चित् गरी ।
दूवै तर्फ महाँ प्रसन्न मनभो घैला रसैले भरी ॥ ६३ ॥
फक्र्या लार्ड पनी पियारि सगभै बिद्वान् थिया ई गुणी ।
श्रीलाई उनले पनी बुझि लिया बिद्वान माका मणी ॥

बेलूकी पख बग्गिमा चढि प्रभू हेर्लीङघां क्लब् महाँ ।
जादामा फिरती पनी दिनुभयो भेट् लार्डलाई तहाँ ॥ ६४ ॥
हर्लिङ्मा उडथ्या विमान सरिका बेलून आकासमा ।
बस्थ्या मानिस पाच सात सुखले उड्दा पनी तेसमा ॥
जर्मन् फ्रान्स इटाली रूस सुइसी इत्यादि देस्का पनी ।
धेरै वेलुन हाजिरै तहि थिया दौड् छाड्न लाई भनी ॥ ६५ ॥
इञ्जन् चल्छ तही बहूत हलका उड्छन् उपर्कोस् भरी ।
उत्रौ आहि भनेर खालि नहुन्या साना विमानै सरी ॥
गर्दैछन् अझ येसको पनी विचार् ठिक् गर्न लाई भनी ।
इन्को बुद्धि विचित्रकोछ आहिले गर्लान्पछी ठिक्पनी ॥ ६६ ॥
छुट्थ्यो दौड पनी अनेक रुपका वेलूनको तेस्घरी ।
हेर्दामा सवको प्रसन्न मनभो दौड्का रसैले गरी ॥
आकास्मा उडदा ति वेलुन हरू तारा समान् देखिया ।
जित्नालाइ भनेर फुर्ति गरदै कोहीत उड्दै थिया ॥ ६७ ॥ *
तिन्मध्य को व्यलुन येक उडी गगन्मा ।
चाल् खुस्कदा ठकर लाग्न गयेर रुख्मा ॥
हागा गिराइ गजले झन्नि फेर् उडीगो ।
देखेर जोर यसको दिल छक् भईगो ॥ ६८ ॥ *
यस्दिन्मा जरणेल साहव हरू केही अफीसर्पनी ।
श्रीका सङ्ग थिया व्यलून हरु को दौड् हेर्नलाई भनी ॥

१ आजकालका विमान

फिर्दामा प्रभुको सवारि घरमा वोल्यो छ घण्टा पनी ।
ठेटहेर्न लाइ फेरि प्रभुको निस्क्यो सवारी अनी ॥ ६९ ॥
नाटक्लाइ पनी तहाँ सवजना भन्थ्या मिक्याडो भनी ।
हेर्नालायकको थियो अति असल् हुन्थ्यो त गाना पनी ॥
येघारै वजि नाटकै खतमभो फिर्दा सवारी तहाँ ।
आधारात भयो सुत्यौ सवजना आनन्दभै मन्महा ॥ ७० ॥ *
उण्डईसदिन जेठ गयाको । प्रातमा पवन वेस भयाको ॥
येसदीन प्रभुले त जुलाफै । लीइ वक्सनुहुदा मलसाफै ॥ ७१ ॥
गर्नलाइत अलिक् ढिलपारी । भोजनै हुनगयो दिनआधी ॥
इण्डियातरफ आफिसमाहाँ । मेम्वरै हुनगया जुनताहाँ ॥ ७२ ॥
केपिगुप्त प्रभुका सगभेटै । गर्नहाजिरभया इनियेकै ॥
वीसपच्चिसमिनट् वसिफर्क्या । बुद्धिमानिसित वात इगर्थ्या ७३
जनूरल्साहव हेरु केहि आफिस संङ्मा लिई येस दिन् ।
मोटर्मा चढि पाल्नुभो जुनथियो घर्देखिता सात मिल् ॥
क्यूगार्डन् भनि नामको अति ठुलो राम्रो वघैचा पनी ।
हेर्नालायकको थियो अति असल् भारी तवलैं वनी ॥ ७४ ॥
आइत् वार हुदा तहाँ भिड थियो आनन्दि जन्को ठुलो ।
आनन्दै दिलमा दिलाउन पनी वागै थियो झन् पुरो ॥
लेफ्टेन् वाइलि साथमा हुनगई राम्रा हिसाब्ले गरी ।
मुल्ढोका विच पार्गरायर लग्या भीडैमहाँ सर्सरी ॥ ७५ ॥

लाग्यौं घुम्न तहाँ प्रसन्न मनले हेर्न्या इरादा लिई ।
छाट्याका विरुवा महाँ नजरगो शोभा वहूतै भई ॥
जात्‌जात्का फुलकोछ गुम्वज पनी उच्चार लम्वा भई ।
घामै पस्न पनीछ मुस्किल तहाँ मास्तीर झ्याम्मै भई ॥ ७६॥
जाई वेलि चमेलि केतकि जुही गोदावरी थल्कमल् ।
सुन्क्यौंडा गुनकेशरी मखमली चागे गुलाफ् नील्कमल् ॥
कर्वी कुंन्द निवारि कल्कि चिनिञाचम्पा जपापुष्पभो ।
दम्ना ज्ञान्तका मदार कटहर् चम्पादिको वन्‌थियो ॥ ७७॥
नास्पाती कठ्हल् मेहेल सरिफा जामुन् बयेर् वेस् जुनार् ।
स्याऊ चागसी भोगटेर अमला आरू अमीली अनार् ॥
ओख कैरख सुन्तलार निबुवा ज्यामी विंमीरो पनी ।
फाल्सा खिर्नि बदाम अञ्जिर हरू थीयाइ जङ्गल्वनी ॥ ७८॥
तेस्देस्मा नहुन्यात बृक्ष फल्का फुल्का जती छन्‌सवै ।
अैनाका घरभीत्र फैलिन गई रंगाउँदैनन् कवै ॥
विच्‌विच्मा मइदान भारिछतहा दूभो हरीयो भई ।
मेवै शुद्धहुदा तहाँ सवजना वस्छन् मजामा गई ॥ ७९ ॥
येकै नास गराइ छाटि छिमली अत्यन्त राम्रा तहाँ ।
वाटाका दुइ तर्फ लाइ शिपले सीधा सलामी महाँ ॥
हेर्दामा मन लाइ रह गरन्या घुम्दै वघैचा महाँ ।
हिड्दामा यकलासमा पुकिगञौ झन्‌खूसीदिल्भो तहाँ ४८०

यस्ता रितासित हेरिहेरि अरको पांहौंसमा फेर्गञौं ।
तेस्को सुन्दरता वनावट हरू देखी विलख् वन् भञौं ॥
गर्मी देश महा हुन्या फल हरू अम्वा लिची खिर्नि आँप् ।
इत्यादी हरुको वनाइ वगिचा दस्तु मुतावीक साफ् ॥ ८१ ॥
राख्याका ताहिछन् हिफाजत गरी फल्छन् वखतमा पनी ।
जातजात्का मल हाल्दछन् तिनमहाँ धेरै फलाऊँ भनी ॥
लण्डन् खास हिमाल भूमि हुनगै तिन्लाइ ठण्डा नहोस् ।
भन्ना खातिर काँचको घरवन्यो जान्नू यही पामहौस् ॥ ८२ ॥
घार्भित्रै सव योछ भारि बगिचा जाँदा तहाँ गर्मिभै ।
खुम्रिस्क्यो पसिना शरीर बिचमा धारा समेत् बग्नगै ॥
ठण्डा देशमहा जमीन अझ झन् ठण्डा हुनाले गरी ।
गर्मी भूमि सरी गराउन भनी भैमा बिजूली भरी ॥ ८३ ॥
गर्मीका जिमिमा झञी तिन महाँ फल्फुल् फलेका पनी ।
गर्मीका फुलको बहार्पनि थियो बास्ना सहित्को बनी ॥
धर्मात्मा हरु धर्म भोगन भनी स्वर्गैमहा बस्तछन् ।
नन्दन् वागमहा घुमेर सुखले दिन् काट्तछन् भन्दछन् ॥ ८४॥
गर्छन् वर्णन वागको पनि ठुलो राम्रो विचीत्रै भनी ।
लण्डन् स्वर्ग भनेर नन्दन मता ठान्छू यहीहो भनी ॥
केही वेर तलक् हिंडेर परगै हल्का भञ्याङ्मा घुमी ।
उक्ल्यौं माथि तलामहाँ चढिगञौं बागै गराई मुनी ॥ ८५ ॥

१ भइनःपर जह्माकीसे जगाता नहुनसक्ने रुखहरुराखिन्छन् २ इन्द्रकोवगैचा

जात्‌जात्‌का फुलका अनेक रुपका गम्ला तहाँ खुप् थिया ।
देश् देशान्तरका सवै फुलहरू राम्रा बहुत् देखिया ॥
माथीबाट नजार्दिंदा चहुरतफ् शोभा दियाका अती ।
देखिन्थ्या सव झील पोखरि हरू गुम्वज् फुलैका कती ॥ ८६ ॥
कुर्सी मेच जताततीं तहिं थिया आरामि लाई भनी ।
देखिन्थ्या तिनमा त सौखिन हरू आरां लियाका पनी ॥
आर्कातर्फ गयेर उत्रन गञौं सीढी त उस्तै थियो ।
फिर्दामा अरको दुवार हुनगै वाहीरि रोड्[1] निस्कियो ॥ ८७ ॥
तेसैका नजिकै थियो झिल ठुलो तेस्कै किनारै किनार् ।
गर्दै सोख शयल् गञौं टहलिंदै हेर्दै अनौठा वहार् ॥
तेस्रा जार्जहुदा महल् जुन वन्यो कीयूप्यलेस् नाम् भई ।
सन् अट्ठारसये अठारइ हुदा सार्लोट रानीभई ॥ ८८ ॥
यिन्को प्राण गयो जउन् महलमा त्यै हेर्न लाई भनी ।
हाम्री हेरु गञौं तहाँ अझ थियो राम्रो सफाई पनी ॥
जुन् हेऱ्यो उहि रामरोछ वढिया मन्‌लाइ खैंची लिन्या ।
साह्रै चञ्चल दीललाइ पनिसो थीरै गराई लिन्या ॥ ८९ ॥
साढे पाँच वजाइ फर्कि घरमा आञौं मजा खुप् गरी ।
आनन्दै सितयो दिनै गइगयो पुष् माघका दिन्सरी ॥
हावा खान सवारिभो प्रभुजिको सूर्यास्तका कालमा ।
हेर्न्याचीज वहूतभै रथपनी हिड्थ्यो धिरा चालमा ॥ ४९० ॥

[1] सडक

जेठको विशगते भरदीन्साफ् । सूर्य्यकाकिरणले गरथ्योताप् ॥
येसदीन् पु. क. ज. काशरिरैमा । गड्बडैहुनगयो यकदम्मा ९१
येसैदिन् न्यडनार लार्ड र अरल् ग्रेब्रोकका घर्महाँ ।
हेर्ना लाइ सवारिभो प्रभुजिको रेलमा चढी झट् तहाँ ॥
सङ्मा मेजर इस्मिथै सहितका जर्णेल् अफीस पैनी ।
जानूभो हिडदा विताइ घडि पाँच् रेल्का मुसा फिर्वनी ९२ *
स्यालिस्व्‌री ष्टिसनमा प्रभुको सवारी ।
सत्कारगर्न न्यडनार थिया तयारी ॥
लाङ्फोर्ड क्यासिल भनी जसलाइ भन्छन् ।
न्यड्नार को महल तेहि भनेर भन्छन् ॥ ९३ ॥
श्रीको सवारि घरमा निजले चलाया ।
सत्कार भारिगरि प्रेम बहुत् जनाया ॥
राम्रो दुभोछ जसमा उस चौर माहाँ ।
टागेर पाल वढिया अझ फेरि ताहाँ ॥ ९४ ॥
राखेर फूल हरुका गमला सिगारी ।
टिफीन् निमित्त फलफूल थियो तयारी ॥
श्रीलाइ हामि हरु लाइ समेत भारी ।
देखाउदापनि भया घरको तयारी ॥ ९५ ॥
फुल्बारि बैठक महल् अतिवेस् बन्याको ।
ऐश्वर्य्य भोग गरन्या सवचिज् भन्याको ॥

हेऱ्यौं तहाँ चिज थिया कइयेक् पुराना ।
चाल्का अनेक रितका सिपका घराना ॥ ९६ ॥
केही अगाडि सव माथि बडा भयाका ।
लाठ् वारनै ह्यसटिङस् चतुरा भयाका ॥
इन्ले गवर्नर भई कलकत्ति गद्दी ।
माथी हुकुंदिइ लगी कन वग्गिरद्दी ॥ ९७ ॥
राखीलिया उपनि ताहि थियो निशाना ।
मेचैपनी तहि थिया अघिकात वाना ॥
जोजो भया अघिठुला विरहेरु तिन्का ।
तस्वीरपनी तहि थिया अति धेरदिन्का ॥ ९८ ॥
रेड्नारले महलका नजिकै वढीया ।
गिर्जापनी प्रभुजि लाइ द्यखाइ लीया ॥
तस्वीरखिंचिन् इनकि पुत्रि सिपालु आई ।
सब्का सगै प्रभुजि लाइ खुसी गराई ॥ ९९ ॥
येतीजहाँ नजरभै प्रभु मोटरैमा ।
राज्भै चरण् दिनुभयो अरको घरैमा ॥
प्रेंब्रूकका अरलको महलै भन्याको ।
उल्ट्यान हौस भनि नाम चली रह्याको ॥ ५०० ॥
इन्लेपनी महलमा गरि भारि सत्कार् ।
देखाउदा पनिभया सवसाफ दर्बार् ॥

१ सन् १७७४ देखि १७८५ सम्म वस्नेसप्रभन्द्यिन्डे मायाका वडालाठइन्

येलीजवेथ भनि रानिअघी भयाकी।
गद्दी उपर्भइ हुकूम समेत दियाकी ॥ १ ॥
तिन्कोतकेश शिरको तहिँदेखि लीऔ।
हेर्दा अनेक चिज हर्ष मनाइ लीऔ ॥
वाटर्लु देखि हवहाउस नाम् भयाका।
दोस्तै थिया प्रभुजिका सगमा गयाका ॥ २ ॥
फिर्दा सवारि घरमा घडिआठ् बजीगो।
ज्यूनार रात विचको पनिझट् भईगो ॥
वाद्शाहले दिलमहाँ प्रभुलाइ लीन।
बग्गी पठाउनु भई कन योहिँदीन ॥ ३ ॥
फर्कैछ खालि प्रभुको दरसन् नपाई।
विस्तार हाजिर गरेछ सवै जनाई ॥
जेठ्को पनि दिन गयो अव सातलाई।
तिन्‌ले गुनेर अनि मङ्गल वार पाई ॥४ ॥
हावा असल् वहँदथ्यो यसदीन माहाँ।
ज्यूनार्भई दसवजी कन प्रात माहाँ ॥
पित्तै बढाउछ कवै कुन हेतुलेयो।
भन्न्या विचार गरि झट्ट सवारि भैगो ॥ ५ ॥
डाक्टरहरू सित गई शरिरै जचाई।
फर्क्यौ सवारि प्रभुको घडि पाँच्विताई ॥

घोड्दौड हेरनभनी जरणेल केसर् ।
जानू भयों यसदिनै चढि वेस मोटर् ॥ ६ ॥
कर्णेल् विष्नुकुमार मेजर गया गङ्गावहादुर्अनी ।
नर्नारायण साथमा भइगया श्रीपाद रक्षक् वनी ॥
हेर्न्या मानिसको पनी भिड थियो घोड्दौड् मजाको भई ।
वाजी थापि जुवा समेत गरथ्या कोही अगाडी गई ॥ ७ ॥
छुट्थ्यो दौड पनी तहाँ गजबका घोडा हजारन् उडी ।
धक्का मात्र दियेर खालि भुमिमा टाप् लेत पैञा छुटी ॥
हेर्न्या मानिसको भिडै खुसि भई आँखा उसैमा दिई ।
आनन्दै मनमा वढाइ कनखुप् चालमात सभ्यै लिई ॥ ८ ॥
आफ्ना जाँघ ठटाइ शब्द गरथ्या कोही तहाँ सेर झन् ।
हुर्रेयो सवदै समेत गरथ्या बार्बार सौखीन जन् ॥
माथ्र्या पट्पाटि हातलेत थपरी त्यैदेशका चालमा ।
वात् गर्थ्या अवला हरू पनि तहाँ आनन्दका तालमा ॥ ९ ॥
आकास्मा पनि सब्द निस्कन गयो गुन्जाय मानै भई ।
हेर्थ्या कोहि तहाँ मनै थिर गरी तस्वीरसमानै भई ॥
यस्तोयो रमिता सवै नजरभै जर्णेल साहेब् पनी ।
फिर्नूभो घडिमा पनी बखतभो चार्पांचको विच्वनी ॥ ५१० ॥
हावा खान सवारिभो प्रभुजिको चाडै फिरी वक्सियो ।
पीकेडेलि महाँ यसै निशि महाँ श्रीलाइ निमता थियो ॥

१ रात्री

नौबज्दा प्रभुनिस्कि बक्सनु भयो भोज्हेर्न लाई भनी ।
जेम्यानर् इसमीथले प्रभुजिको सत्कार निम्ती भनी ११
आफ्ना भाइ बिरादरी हरुकनै दीयात भोजै पनी ।
जर्णेले हरु जानुभो सँग महाकेही अफीसर् पनी ॥
फ्राक् कोट् मिल्टरी लालटोपि पहिरी श्रीलेत जादा महा ।
फ्राकैकोट् अरुले पनी पहिरदा शोभादियो झन् तहा ॥ १२ ॥
होटल्मा सब पाहुना जबजुट्या लेफ्टेन वाईलि गै ।
श्रीलाई समचार् दिई लिइगया हाम्रा सगी साथिभै ॥
होटल्मा शतकार् अरल् रबटले राम्रा हिसाब्ले गर्‍या ।
श्रीका सामुमहा युरोपि हरूले आनन्दले पेट्भर्‍या ॥ १३ ॥
खानाखाइ सकेर गान हुनगो नाच्या नचैया पनी ।
फेरीभो चटकै पनी अति असल् सफ्फाइ हात्का बनी ॥
गानानाच चटक् मिली तिनकुरा सब्लाइ खूसी गरी ।
आनन्दै दिलमा पनी हुनगया तिन्चालको रसभरी ॥ १४ ॥
भोज्मा हाजिर मानिसै जतिथिया तिन्मध्यमा घेरका ।
सङ्मा प्यारिथिया पुशाक पहिरी राम्रासफा मेलका ॥
जोजो लैनमहा बस्याअघि अघी काज्मा रजीडेन्टभै ।
तिन्मा घेरइदेखिनाकन गया प्यारीथिया साथमै ॥ १५ ॥ *
जेष्टबाइस गते बुधबाभैं । बग्दथ्यो पवन शीतल बेसभै ॥
डारबी भनित नाम कह्याको । पन्ध्रमील घरदेखि रह्याको ॥

घोडदौडवढिया हुन्‌लाई। तत्परै पनिथियो जन जाई ॥
दोपहरढलकंदा सँगमाहा। भाइपुत्रआफिस लिइ ताहाँ ॥ १७ ॥
नाथसोभिनु हुदा अतिराम्रो। देखियो फरक पैहृन हाम्रो ॥
वादशाहपनि आयरताहाँ। हेर्नुभो प्रभुजिका सगमाहा ॥ १८ ॥
वाजिथापिकन दौडछुट्याको। दौडमा पयरमात्र उठ्याको ॥
हेरदा मनप्रसन्न भयाको। ताडिफै गरनयोग्य भयाको ॥ १९ ॥
येसमा प्रभुजिलेपानि बाजी। थापिबक्सनुभयो जुनछानी ॥
सोहिअश्वपाहिला भइधेरै। वाजिमाथ हुनगो कइदेरै ॥ ५२० ॥
भीडभारिभइ ठामनपाई। मोटरै विचप्रभू पनिजाई ॥
गर्नुभोटिफिन दुख्खउठाई। हामरोपनिभयो तहिख्वाई ॥ २१ ॥
जल्पान् श्रीप्रभुले गरेर रहदा उस्तर्फ मानिस् अरू।
जानैलाइ नपाउन्या गरिगरी रोक्थ्या पुलिस् जन् हरू ॥
यस्तो दौड नजर्गरेर प्रभुजी फिर्नू भयेथ्यो जसै।
मर्ल्बीम विंच दाखिलै हुनगई सातैवज्यो झट् तसै ॥ २२ ॥
मर्ल्बीम र्महलै महा जातिदिनै श्रीको निवासै भयो।
उत्तीदिन तलक् खुलेर वहुतै श्रीको निवासै भयो ॥
वाहीरी जुन द्वारको उस महा अङ्ग्रेज हेरू वसी।
बक्स्याका प्रभुवाट जङ्गी रुपका पोसाक् वदन्मा कसी ॥ २३ ॥
चौकीदारि गरेर हर्घाडि खडा हुन्थ्या खव दीरिले।
फ्राक्कोट् लाइ खुलाइ वीर रुपखुप् फोरेज नाम् टोपिले ॥

पेटी कम्बरमा कसेर किरिचै लड्काइ तेसै महा ।
दर्जा माफिककोत स्यास पनिसाफ् हालेर काधै महा ॥ २४ ॥
जनूरल् येकर फेरि येक करणेल् जङ्गी कडाका वनी ।
वेटीङ् रूम महा क्रमै सित सवै बस्थ्यौत पालो पनी ॥
श्रीको दर्शन निम्ति मानिस ठुला आया जतीको तहाँ ।
हाजीरी विनती चढाइ पहिले लान्थ्यौ अनी सङ्महा ॥ २५ ॥
तेइस् दीनगते विहान बढिया हावा चल्याको थियो ।
दिन्मा गर्मि प्रचण्डको हुनगई दिक्दार् गराई दियो ॥
डाक्ट मिक्टर हार्सली नउन्नजी आयेर गाथ् जाचदा ।
जस्तो देखिलिया विचारगरदा आराम दिन्या सर्वदा ॥ २६ ॥
केहीऔषधिको वयान इनले लेखी चढाई दिया ।
राम्रा रित् सित जाचदात इनले घण्टै विताई गया ॥
पूत्रै जनूरल मोहनै कनर फेर् जनूरल् हिरण्यै कनै ।
नीशानी चिज किन्न लाइ प्रभुले दीयेर धेरै धनै ॥ २७ ॥
जाओलौ हुकुमै हुदा तिन बज्यो साथ्मा अफीस लिंई ।
जानूभो जरणेल हेरु खुसिले पाऊ म्त्रटमा दिई ॥
येसै दीन महा ब्यलूकि परवमा सिम्सीम पानी पऱ्यो ।
गर्मी ध्वस्त गराइ सोहि घरिमा मनूलाइ शीतल्गऱ्यो ॥ २८ ॥
धेरै वेर परेन पानि यसले गर्मी भई रातमा ।
पार्ला छट्पटि की भन्या झजि भयो केही बखत् देहमा ॥

साहै सुन्दर हिज्मजेष्ट्रि कहिन्या नाटक् भयाको थियो ।
सोहेर्ना कन रातमा प्रभु वहाँ पाल्नू भई वक्सियो ॥ २९ ॥
नामूदी कवि स्यक्सपीयर जिको अज्माइसी नाच्भई ।
हेर्न्या मानिस तस्विरै झन्जि भई हेर्थ्या खुसी खूप्भई ॥
जेठ्को चौविस दिन् गई भर दिनै हावा वढियै थियो ।
गर्मी केहि कमै हुदा शरिरमा आनन्द केही भयो ॥ ५३० ॥
भाई पू. क. ज. आदि जनूरल हरू राजा जये फेर्भया ।
जेम्यानर् इसमीथ वाइलि सहित् केही अफीस भया ॥
सञ्झा लीकन लार्ड स्यालिसवरी इन्सीत भेट् गर्नको ।
इच्छाले ह्यटफील नाम घरमा श्रीको सवारी भयो ॥ ३१ ॥
स्वागत् वेस गरेर श्रीकन तहाँ आफ्ना महल्को सवै ।
देखाया घर वाग वैठक हरू आफै प्रभू साथगै ॥
ज्ञाऊ ज्ञाउ तहाँ थियेन रतिभ लंण्डन् सहर्मा हुन्या ।
हेर्नालायकका थिया सव कुरा मन्लाइ खुस् गर्दिन्या ॥ ३२ ॥
चौतर्फी हरियो दुभो हुनगई शोभा दियाको थियो ।
भारी यो महलै हुँदा सकलको मन्मा खुसी भर्दियो ॥
चौविस्दीन गयेर वादल भई हावा खरापै थियो ।
तिन्बज्दा वदलि हटी अलिअली घांको मुखै देखियो ॥ ३३ ॥
नौवज्दा जिउना गरेर जनरल् केही अफीस पनी ।
सञ्झाली प्रभुको सवारि हुनगो हेरौ तमासा भनी ॥

ब्रुक्ल्यान्डस् जसलाइ भन्छ उसमा मोटर् प्रसस्तै भई ।
छुट्थ्यो दौडपनी अनेक रितले हावा समानै भई ॥ ३४ ॥
थाप्थ्या बाजिपनी तहा जनहरू जूवा समानै गरी ।
हामीहामि पनी परिगयो बाजी उनैका सरी ॥
श्रीजेठा जनरल् जिका म्वटरले यक्बाजि बाजी जित्यो ।
फेरी आपसमा दुई तरफभै बाजी पऱ्याको थियो ॥ ३५ ॥
यस्माश्री प्रभुका तरफ् जितभयो आर्को तरफ् जिल्लियो ।
मोटदौंड असल्हुदा सकलको मन्लाइ खैची लियो ॥
ताहा बाट फिरेर राति जनरल् साहेब यक्जीबिसन् ।
हेर्ना लाइ भनेर निस्कनु भयो सङ्गमा गया केहि जन् ॥ ३६ ॥
जेठ्कोछब्बीसादिन् गयेर रबिबार् बीहान बेसै थियो ।
दुर्दीन्भै दिनभ ब्र्यल्रूकि पखक्यै झूलुक्क घाम् देखियो ॥
भेट्गर्नू परन्या ठुला जनहरू तिन्लाइ भेटौ भनी ।
येलेक्ट्रो मुवईल मोटर चढी पाल्नूभयो श्रीपनी ॥ ३७ ॥
फिर्दामा प्रभुले दुई वजनगो तेस्रा प्रहर्मा अनी ।
क्याथेड्रल् गिरजामहा गइ सबै हेरौ तमासा भनी ॥
जानूभो जनरल् हरू तर तहाँ मानिस्भराभर्भई ।
गर्थ्या पाठ पुजा भजन् सबजना गिर्जाघरैमा गई ॥ ३८
येसैले बाढिया हिसाव सितत्यो मीलेन हेर्नै पनी ।
यक्छिन् मात्र घुमेर फर्कनु भयो घाम्जान लाग्यो भनी ॥

१ लार्ड जार्जह्यामिल्टन्, लार्ड ल्यामिङ्टन्, लार्डरे, जनरल सर्ड्यल्क्लार्क, मिष्टर ड्युक्यानल्, इ पाचका घर कार्ड छाडी लार्डयावर्डियर लाइ भेटिने बक्सियो,

सत्ताईस गते असल् न कमसल् मध्यम भई दिन् गयो ।
यस्तैमापनि दोपह ढलकदा श्रीको सवारी भयो ॥ ३९ ॥
रीजेन्टस् भनि पार्क सर्किल महा घोडार बग्गी पर्नी ।
जम्मा भैकन हेर्न लायकथियो भारी तमासा बनी ॥
घोडा लण्डनका भया भरजती जात् जात माका सिरा ।
हाजि र्ताहि थिया सफाइ सितका चालमार बलमा पुरा ५४०
घोडाको सवमर्म पालनहरू जस्लेत जानी लिया ।
वृक्डीयर्जरणेल वीड् र सरवाल् टर्गिल्वि अर्का थिया ॥
घोडाको पनि मार्चपाष्ट हुनगो तिन्मा असल् जोभया ।
तिन्ले नामवरी लियेर वढिया तक्मा लगाईलिया ॥ ४१ ॥
सर्वाल्ट गिंलवीटले जजहरू दोस्ती हरू लाइ फेर् ।
क्यामब्रीज्हौस महा लगेर चम्यना ख्वाया तहाँ येक वेर् ॥
खाना खाइ सकेर फेरि सवती आयेर जम्मा भई ।
लाग्या हेर्न खुसी भइ मनमहा आनन्द पैदा भई ॥ ४२ ॥*
लार्डक्लार्ड् हमिलट्न्कि सुपुत्री । मिस्इडाह मिलटन् तहिउत्री ॥
कामकाज गरन्या हरुलाई । बकिससैदिदि भईन्सबलाई ॥ ४३ ॥
तमासाखतम्भै दिईधन्न्यवादै । सवैकोदिलैभो खुसीयेकनासै ॥
बजीयेकघण्टा सवारीफिरीगो । पुगीमर्टिमर्मा टिफीनैभईगो ४४
सम्वत् साठिर चारका हिउदमा नेपाल आई जउन् ।
केही दीन बसी गया सिक्किमका राजा भयाका तिहुन् ॥

इन्का पुत्र पनी इलम् पढनका निमृती गयाका थिया ।
आयाती प्रभु लाइ भेटनभनी यक्छिन् बसी ती गया ॥ ४५ ॥
क्रान्फोर्ड् लार्डजिको महल् अति असल् खासा वनेको थियो
मर्टीम घरदेखि पच्चिस मिलै टाढा रह्याको थियो ॥
सोहेर्ना कन पाल्नुभो तिन बजी मोटर्मंहा सोभिई ।
सञ्झा केहि गया अफीसरहरू श्रीपाद रक्षक् भई ॥ ४६ ॥
भाई पू.क.ज. फेर्किशोरनरसिङ् कर्णेल फेर्चन्द्रजङ् ।
वृक्डीय कॅरणेल डिल्लिसमशेर् जादाभया नाथसङ् ।
राजाजै पृथिवी बहादुर साहित् वाबू बटेकृष्न फेर् ॥
जेम्यानर् इसमीथ मेजर गया गङ्गावहादूर फेर् ॥ ४७ ॥
सर्कर्जन् वइलीर लेडि इनकी मिष्टर्थिया आर्मिटेज् ।
इन्की वैहि थिइन् तहाँ महलमा प्वशाक लायेर वेस् ॥
जेम्यानर् इसमीथका पनि थिया छोरी तिनोटी तहाँ ।
श्रीको दर्शन पाउदा गरि लिया सत्कार तिन्ले तहाँ ॥ ४८ ॥
पर्सीले पनि स्वागतै गरिगरी आफ्नू भया भर्जती ।
देखाई पछिवाट लीकन गया राम्रो भयाको अती ॥
रुख्को गुम्वज मुन्तिरै तहि थियो टीफीन् तयारी पनी ।
इष्टावेरि चिनी अरू फलहरू चोखा इनै हुन्भनी ॥ ४९ ॥
आर्मीटेजकि वैनिले तसविरै खिच्ती भइन् त्यैघरी ।
डेड्घण्टा जाति घ्याम् वितेछ घुमदा वस्ता मगन्मा परी ॥

इस्मिथ्का परिवार निमति यउटा मोटर्दिई बक्सिदा ।
मोटर्दूई मंहा वसी सवजना आञौ सह फर्कदा ॥ ५५० ॥
अट्ठाईस गते विहान वदली केही भई आठ् वजी ।
सिम्सिम् पानि परी सग खुलि गयो फेरी तहाँ नौ वजी ॥
लाग्यो चम्कन सूर्यको किरण वेस् आनन्द दीन्या गरी ।
वैढीयो प्रभुको सवारि पनिझट् आठ् नौ विचैकोघरी ॥ ५१ ॥
श्रीडिल्लीसमसेर फेरि करणेल् दल्वाह दूरै पनी ।
गोविन्दै परसाद मेजर थिया गङ्गावहादु अंनी ॥
इन्लाई सगमा लियेर प्रभुजी वाटर्लु ष्टेसन्महा ।
इस्पेसल् विच राजभै प्रभुजिको एघार वज्दा वहाँ ॥ ५२ ॥
आल्डर्साट महा सवारि पुगदा मेज ल्युंक्यास् झट् गई ।
श्रीको स्वागत भारि तौसित गऱ्या अत्त्यन्त नम्रत् भई ॥
गोर्खा पल्टन फिप्थका इनकनै जान्नूत मेजर्भनी ।
मर्टीमर्विचगै सवारि इनले श्रीको चलाया पनी ॥ ५३ ॥
मार्शेली कपडा लगाइ शिरमा मिल्टेरि टोपी अनी ।
घूँडासम्म हुन्या थिया चरणमा श्रीका त बूटै पनी ॥
ष्टेसन् वाट चढेर मोटर महा जङ्गी तमासा जहाँ ।
हुन्थ्यो दाखिलभै गञौ सवजना हेर्दै तमासा तहाँ ॥ ५४ ॥
वृक्टीय जेंनरल् सिजेम्यकनजी जुन्तर्फ हाकिं थिया ।
तिन्का टोपी विषे वरीपरि सवै खैरैत व्यांडेज्थिया ॥

ब्रिङ् भन्न्या जनरल् थिया जुन तरफ् तिन्कोत ब्यांडेज्पनी ।
देखिन्थ्यो वढिया सफाइ सितको रङ्ग मात सेतै पनी ॥ ५५ ॥
धेरै पल्टनको पईदल फउज् संग्राम गर्नै भनी ।
पोसाक् जंगि लगाइ हाजिर थिया मीलेर कालम् बनी ॥
कोसन् दूर गिराइ दुस्मन उपर् गोलात वोला सरी ।
आपत्को बरषा गराइ रहन्या तोप्लाइ झट्टै भरी ॥ ५६ ॥
हान्यां पल्टनको पनी तहिथियो कालाम कालाम् भई ।
ब्याटेरी फरकै जनाइ क्रमले बिच्बीच जग्गा लिई ॥
भाला हातमहा लियेर सँगमा पिस्तौल् किरीजै पनी ।
घोडामा चाढि दौडन्या रणमहा जान्नु रिसल्ला भनी ५७
यस्ताको पानि पल्टनै तहिथियो उड्ला भन्याझै गरी ।
टाप्को ठक्कर मारदा जमिनमा नाच्ला भन्याझै गरी ॥
सङ्ग्राम्का वखतै अनेक रितले किल्ला वचाई लिन्या ।
किल्लैभीत्र पसेर दुस्मन उप आपत् पुऱ्याई दिन्या ॥ ५८ ॥
देखिन्थ्यो इनको समेत पलटन् दस्तुर्मुताविक् तहाँ ।
वैरीको सव हाल हेरनभनी जो उड्छ आकासमा ॥
यस्तो व्यालुन ब्याटरीपनि थियो ब्यालून सङ्गा लिई ।
इन्जीनीयर हाजिरै तहि थिया काम्मा विचारै दिई ॥ ५९ ॥
श्रीका नींति भनेर पूर्वतिरका जर्णेल मोहन् ववर् ।
हीरण्यैहरु लाइ सुद्ध वढिया घोडाथिया खुप् जवर् ॥

श्रीको दर्सनपाइ जङ्गि पलटन् झुट्टा लडाञी गरी ।
हेर्न्या मानिसलाइ रह्‌ गरथ्या सच्चा लडाञी सरी ॥ ५६० ॥
फारन्ब्रो कहिन्या ठुला चउरमा सङ्ग्रां सुरू जब् भयो ।
चालाकी सितको अनेक रितको अद्‌भूत लडाञी भयो ॥
ताहीपर्नगयो घचाघच ठुलो ठाम्‌ठाम जग्गा लिई ।
आफ्नूकाम कमान पालन भनी तन्मन् उसैमा दिई ॥ ६१ ॥
सेता टोपिजती पुरब् तरफभै खैराभया पश्चिमा ।
इन्कावीच महा पनी हुनगयो झण्डाहरूको सिमा ॥
बेजीङ् बाट हिंडेर ओकिङ तलक् जान्या इरादा गरी ।
खैरोटोपि लगाउन्या हिडिगयो धावागरी खर्खरी ॥ ६२ ॥
सेता टोपि लगाउन्या पनि थिया बाटो बथान्न्या गरी ।
जूबीली हिंलदेखि लाङ्‌हिल तलक् छापा दिनै ठिक् गरी ॥
वैरीको फउजै अगाडि वढदै हम्ला विर्चीत्रै गरी ।
आऊदा उसलाइ रोकनभनी लुक्थ्या उ चोरै सरी ॥ ६३ ॥
घस्रीघस्रि जमीनमा परपुगी आडा वलीयो गरी ।
कोहीता अझ लम्पसार परदै वन्का मुढाकै सरी ॥
हिड्‌थ्या लड्‌बडिदै पनी कहिं कहीं काहींत बामेसरी ।
उच्चा शीर गरेर बीच बिचमा हेर्थ्या क्ष्यपारै सरी ॥ ६४ ॥
बैरीका नजरै छलेर जसरी आफ्नू मुरादै पुरा ।
जेगर्दा हुनजान्छ सोहि गरथ्या कांकाम मा भै सुरा ॥

१ माना साना पाउंड

सर्कर्जन् व़इली पनी दसवजी आया प्रभूछ्यौ तसै ॥
हेऱ्या मालपनी कसेलि निमती श्रीले लगेका जती ।
जात्जात्का सवमाल हेरि इनको खूसीभयो दिल् अती ॥ ८३ ॥
इन्कोमर्म बुझेर ताडिफ गऱ्या लाग्न्याछ धेरै घरी ।
फुर्सत्छैन मलाइ धेर अहिले भन्दै फिऱ्या त्यैघरी ॥
येतीकाम भयापछी प्रभुपनी ऊइन्सरै क्यासिलै
लन्डन् देखि व़हा तलक् बिचमहा पर्छन्त धेरैमिलै ॥ ८४ ॥
सोहेर्नाकिन पाल्नुभो ष्टिसनमा प्याडीङ टन् नामको ।
इस्पेसल् पनि हाजिरै ताहिथियो सोहीचढी पाल्नुभो ॥
जन्रल् जत्तिसबै अफीसर महा किसोर डिल्ली जये ।
इस्मिथ्वाइलि फेर्मरीचि सबई श्रीका पछाडी गये ॥ ८५ ॥
तिन्बज्दा उसठाउमा प्रभुजिका पाऊ समेतै पऱ्या ।
लीओनेल् कसटै ह्यरि भ्यरनिले सत्कार स्वागत् गऱ्या ॥
सर्चारल्स् फ्रयडरिक् यसै महलका हाकीम कर्णेल् थिया ।
सत्कार्गर्न भनेर हाजिर भइ आनन्द मानी लिया ॥ ८६ ॥
ताहावाट सवारिभो प्रभुजिको वादसाहको वग्गिमै ।
फ्राग्मोर्मौस्वालियम्भनेर कहिन्या वीचीत्रको ठाउमै ॥
रानी श्री भिक्टोरिया जुन थिइन् तिन्को कवर्तै थियो ।
माला येक तहाँ दियेर फुलको वागै घुमी वक्सियो ॥ ८७ ॥

१ बादशाह बाट उइन्डसरक्यासिलभन्ने हाम्रोकिल्लादर्वार देखाउन लैजानू मलाइ फुर्सद्नहुनाले मेरोसट्टा अफीसर्हरूले श्रीको सत्कारगर्नू भन्ने हुकुंहुदा सवारीभयेको

घुम्दै क्यासलमा पुगेर प्रभुले वाद्साह जाहाँ वसी ।
गर्छन् चर्चमिना उसै रुममहा हामी सवै गै वसी ॥
खाञौ फल्फुल स्वादमा अतिमिठा जुन्जुन् वढीयाथिया ।
श्रीलाई सुनका रिकाविहरुमा फल्फुल् तयारी थिया ॥ ८८ ॥
सर्कर्जन् इनले उइन्सरमहा भेट्या सवारी अनी ।
गोठ्नेरा सरडाइटन् प्रविनले भेट्या अगाडी अनी ॥
नर्मंडी उइलीयमै विरहुदा यो घर्वनाई लिया ।
यस्कोनामपनी उइन्सरक्यसल् भन्न्या चलाईदिया ॥ ८९ ॥ *
इन्कापछी जतिभया नृपती सबैको ।
दर्बारगराइ रहन्या महलैत यैभो ॥
भिक्टोरियार यडबर्ड समेत्ल्य यस्को ।
मर्मत् गराइ कन भित्रसमेत बेस्भो ॥ ५९० ॥ *
येसैका बुरजा महा गइसबै चौतार्फि हेर्दामहा ।
जङ्गल्देखि लिञौ उइन्डसरनाम् केही परैको तहा ॥
केहीदीन अगाडि, लंडन महा आग्लागिको डर्हुदा ।
आगोमार भनेर उर्दि दिइन्या टावर्बन्यो ऊमदा ॥ ६१ ॥
ऊईली यमले खडा गरिलिया यस्लाइ जानीलिनू ।
येहीभो इनकोपनी अझ तलक् कालानुसार्को चिन्हू ॥
ताहाबाट गञौ महल् बिचपनी हेर्दैमगन्मा परी ।
कोठा घेरथिया अनेक रितका राम्रा अतीरङ्ग भरी ॥ ६२ ॥

१ दरवार २ बैठक ३ वकिंघं प्यालेसवाट गयाका

ठाऊठाउ महा ठुला नृपतिका थीयात फोटू पनी ।
बुड्ढा धेरकिसीमका सिलिङमा थीया छरीता पनी ॥
दोश्रा चारलसैकि रानि रथमा सोभीइ राज्हंसले ।
तान्याको धरमैकि मन्दिर तरफ् देखिन्छ साफ् रङ्गले ॥ ९३ ॥
आडीयन्स् वइठक् उपार्सिलिङमा चित्रै विचीत्रै थियो ।
हेर्दामा मनमा अनेक रितले आनन्द पारीदियो ॥
इस्काट्ल्यान्डकि रानि मेरि कहिन्या जुन्रूप कद्की थिइन् ।
तस्वीरै इनको पनी तहिथियो त्यैभन्छ यस्ती थिइन् ॥ ९४ ॥
भित्तामा सजदा अनेक रितका मूर्ती वन्याका पनी ।
देखिन्थ्या शिपका वहूत वढिया हात्का ल्यखौटै पनी ॥
रङ्गरङ्गा हतियार गार्डहरुका कोठामहा देखिया ।
हेर्नालायकका अरू चिजपनी धेरै रहेका थिया ॥ ९५ ॥
ट्याफल्गारमहा लडाञिपरदा लागेर गोला पनी ।
छेडी प्वालगराइ पल्तिरगयो सो मस्तुलै यो भनी ॥
राखेको टुकरापनी तहि थियो भिक्ट्री जहाज्को भई ।
तोपैसुद्धथिया तहाँत दुइटा ढाचा पुरानै भई ॥ ९६ ॥
लम्बाई फिटमा दुईसयभई तिस्फीट गज्मा अनी ।
जार्जेज्हाल् जसलाइ भन्छ जनले यस्का सिलिङ्मा पनी ॥
नक्साछन् हतियारका वरिपरी भित्ताहरूमा पनी ।
पैह्ला जेमस देखि जार्ज चउथा तक्कात राजा पनी ॥ ९७ ॥

जत्तीहूनगया तिनीहरुपनी तस्वी वन्याका थिया ।
बाटर्लूविचमा लडाञिपरदा जस्लेत प्राणै दिया ॥
तिन्का तास्विर टाँगिदा वइठकै बाटर्लु च्यांम्वर्भनी ।
भन्छन् यो वढियैछ हेरनपनी सफ्फाइ कांको वनी ॥ ९८ ॥
ग्र्यान्भेस् टेविल नामको रुममहा भिक्टोरिया रानिको ।
सालिक् ताहिथियो कुकूर सँगमा प्यारो असल् वानिको ॥
जूक्यारेलि भनेर नाम जसको उस्मात म्यानूडीकले ।
खींच्याका तसवीर देखिनगया ठूला नवै दास्थिये ॥ ९९ ॥
आफ्ना पूत्र बुहारि मन्त्रि अफिस साथीसवै साथमा ।
लीयाकी भिकटोरिया कुइनको तास्विर्थियो माझमा ॥
साहै सून्दर च्यापलैत कहिन्या अल्वर्ट नाम् पृन्सको ।
सम्झौटो पछिसम्म राखनभनी मर्मत्हुदा सो भियो ॥ ६०० ॥
च्यापल्स्भीत्र जमीन मारबलले छापेर ऐना सरी ।
झल्कन्थ्यो सवको शरीर सहितै छाञा जिमीमा परी ॥
अैह्ले वोल्दछकी भन्याझञिगरी मार्वल्कुध्याको पनी ।
पृन्सैको मुरतीछ ताहि विचमा सेतो रँगको अनी ॥ १ ॥
येसै मूरतिका चरण् नजिकमा भिक्टोरिया रानिको ।
आर्को मूर्तिछ प्रार्थना गरिगरी वोल्नीन्भन्याझै थियो ॥
यस्को सुन्दरता चमक् अतिहुदा हेर्न्याहरू दिलमहा ।
आनन्दै पइदा गरेर खुसिले हेर्थ्यात एक् डिठ् तहाँ ॥ २ ॥

१ ठुलो बैटक २ गिर्जाघर

सम्झ्यौं ताजमहल्कनै तहिगई आग्रा सहकों पनी ।
हेर्न्यौंखूस भयेर हामि हरुले क्याबात् महल्थ्यो भनी ॥
ताहाबाट सवारिभो प्रभुजिको फेरी बैंघचा महा ।
जात्जात्का फुलका लता मिलनगै गुम्बज् बन्याका जहा ३
देखिन्थ्यो फरकै पनी तिनमहा छाट्काट् बिचीत्रै गरी ।
डुल्न्या ठाउथियो तही अति असल् लाङ्‌वाक नामै धरी ॥
सुन्दर्यौं फुल बारिमा टह लिंदै कालेज ईटन्महा ।
हेर्नालाइ सवारिभो प्रभुजिको पर्थ्यौं नजीकै तहा ॥ ४ ॥
तेस्जिल्ला भरिको असल् यहिथियो काज्काम् ख्वाफी भई ।
ग्रेनाउ कबिको कवर्नजरभो फिर्दा प्रभुले गई ॥
स्लाफ्ष्टेसन् कहिन्या पनी नजरभो फिर्दा प्रभुले तहा ।
सातैबज्न गयो दिनान्त हुनगै मर्तीमैरै हौंस्महा ॥ ५ ॥*
जवतजेठको तीसदिन्गयो । अलिकक्यै खराप् दीन भैगयो ॥
जनरलैहरू साथमालिई । क्यमरामिष्टरै लाइ फेर्लिई ॥ ६ ॥
पाछितलाक्लिनू हुन्छ जुन्लिई । खरिदगर्नक्यै दीलमालिई ॥
सहरमासबैमाथि नामिभै । पसलछन्जहा ताहिनाथगै ॥ ७ ॥
खरिदगर्नुभो वेसवेसमाल् । असलकांदिन्या जौनकेहिकाल् ॥
दुइवजीतहावाट फर्कियो । टिफिनलेगरी श्रान्तिसव्गयो ॥ ८ ॥
अलिकाछिन्पछी ब्रीकडीयरै । मरिचिमान्भया आर्मिटेज्कनै ॥
सँगमहालिई मोटरैचढी । डुलनपाल्नुभो सर्सरैवढी ॥ ९ ॥

शहरभर्मह्वा जोथियोउचो। उहिथलोसवै हेरिफीर्नुभो ।
यहिनिशामहा नाथलेपनी। बृटिसजातिका निंतिमैभनी ६ १०
अतिठुलोह्वटल् ग्याण्डनाममा। वकसिदाअसलभोज साँझमा ॥
पहिरिमिल्टरी टोपिमाथमा। जनरलैहरू लीइसाथमा ॥ ११ ॥
नउवजीप्रभु पाल्नुभोवहाँ। डिनरगोरखा भन्दथ्याजहाँ ॥
प्रभुजिलेचिह्वी वक्सियाजती। गहिरनिंतिया नांभनूकती १२
निमतियाजती हाजिरैथिया। दरसनैमिली स्वागतैदिया ॥
अलिकक्यैठुलो लामचोहिरा। झलकपानिको टल्कन्यासिरा॥
हृदयवीचमा खुल्नगैअती। नजरलाउथ्या पाहुनाजती ॥
सकललेवसी ताँहिसामुमा। गरिलियाहजं खूपमोजमा ॥ १४ ॥
दसउपर्वजी येकरातमा। प्रभुपनी फिरी वक्सदा म्हाँ ॥
अरुहरूपनी खूपखूसिभै। फिरिगयासवै भाइसाथिभै ॥ १५ ॥
जेठैको यकतीसदिन् गतभई वार्मात शुक्रै थियो ।
हावा वेस वहेर मध्य दिनमा गर्मी वहूतैभयो ॥
वेहानै जिउनार्गरेर प्रभुजी जर्णेल जत्ती सवै ।
जेम्यानर् इसमीथ वाइलि सहित् कर्णेल मेजर्सवै ॥ १६ ॥
सझालीकन पाल्नुभो ढ्यमसका जाहाज हेर्नै भनी ।
नीकोल्सन् जुन घाटहो उसमहा यौटात वोटै पनी ॥
श्रीका निंति तयार्थियो र उसमा राजै समेतै भयो ।
श्रीले राजभयापछी नदिमहा ष्टीमर्सरासर्गयो ॥ १७ ॥

मिष्टर्सिड्नि इवेट्स डव्ल्यु डबल्यू ग्लेनीर फेर्डव्ल्यु भार् ।
ऊईलीयम मिष्टरैं ताहि थिया ज्येसैवरो लार्डफेर् ॥
इन्ले स्वागत वेस्गरेर पहिले टेमस्नदी तीरका ।
देखाया सवलायकै जाति कुरा राम्रा असल् चालका ॥ १८ ॥
भारी यो रमिता नजर्हुन गई येघार वज्दा महा ।
सूर्ती अन्नर मासु बिक्रि गरन्या गोदाम ठूला जहाँ ॥
माल्ताल्ले भरपुर्थिया प्रभु पनी पाल्नू भयो फेर्वहा ।
कार्खाना सवहेरदा दिलपनी खूसी भयो झन्तहाँ ॥ १९ ॥
मासूसङ्न नदी तयार रहन्या गोदाम भारी थियो ।
त्यैभीत्रै पसि हेरदा शरिरमा जाडो गराई दियो ॥
यस्भन्दा अरको ठुलो जगतमा घर्छैन यस्कामको ।
येसैले इङ्ल्याण्डमा हुनगयो प्रख्यात् ठुलो नामको ॥ ६२० ॥
पाच्लाख् साठि हजार आठ सहितै फेर्चारसौ पैतिसै ।
भेडाराखि अटाउन्या यतिसवै कोठा थिया चालिसै ॥
ब्यापार्खूप चलाउना कनभनी सम्बन्ध सब् रेलवे ।
आफिस् आफिसमा मिलाप रहदा प्रख्यात् थियो कामले २१
जस्को काम असंख्य चल्छ उसले सम्बन्ध बाधी लिन्या ।
रेल्वे कम्पनिले पनी उँहि तलकू लाइन् मिलाई दिन्या ॥
आरामीसित काजकामचलन्या हूँदात यस्ले पनी ।
रेल्वे कम्पानि साथ मेल नगरी हूँदैन धेर्काम्पनी ॥ २२ ॥

मिष्टर् सी. ई. एच्. हवहाउस, हिज्सिरीन् हाइनेस् आष्ट्रियाका रजौटा प्रीन्स जिक्टेन्सटाइन् इपनी थिये

ताहावाट चढेर ध्वाँकस विषे टिल्वयेरि डाक्खानमा ।
आञौ हेरिलिञौ अनेकारितका ष्टीमर्हरू घाटमा ॥
टेमस्कन्सर भ्यानसी कचहरी टेमस् नदीका उपर् ।
वन्दोवस्त मिलाइ वस्तछ सधै यैदिन्छ उर्दी खवर् ॥ २३ ॥
जाहाँ मट्टि जमी उचाइ हुनगो जाहाज लड्न्या गरी ।
फाल्दैछन् सवठाउ मानिस हरू जाले चलाई वरी ॥
येसैले डुलनूर फुट्न नदिई काज्काम चलेको छयो ।
डेड् वज्दा पुगिगै गयौं टिलवरी भारी महल् जोछयो ॥ २४ ॥
होटेल् टीलवरी भनेर कहिन्या त्यस्मा पनी सव् गञौ ।
भारी होटल हेरि हेरि घुमदा थाकेर खूसी भञौ ॥
ताहाँ वाट नजर्दिया त्यमसको देखिन्छ सारा वहार् ।
कोठा ताँहि रहेछ येक विलियड् खेल्न्या सवैचिज् तयार् २५
टेनीस्खेलनलाइ लायकपनी मैदान ठूलो थियो ।
हेर्दामा मनमा प्रसन्न गरन्या भारी वघैचा थियो ॥
येसैको यउटा असल् चउरमा टीफीन् सवैले गऱ्यौं ।
डेढ्घण्टा जाति राज्हुदा प्रभुजिले आराम् सवैले गऱ्यौं ॥ २६ ॥
फिर्दामा इसपेसलै प्रभुजिको चारै वजाई फिऱ्यो ।
फेञ्चर्चै इसट्रीट ष्टेसनमहा मोटर्तयारी थियो ।
पौनेआठ वजाइ मर्टिमरमा दाखिल्समेतै भयो ।
ज्यूनाभैं सुकला समेत हुनगै आनन्दले रात् गयो ॥ २७ ॥

वत्तिस्‌दीन गयेर ज्येष्ट महिना बार्मा शनिश्च थियो ।
हावा केहि खरापझैं हुनगई मन्‌लाइ कष्टै दियो ॥
व्याहाने जरणेल साहव हरू नामूदि दोकानमा ।
चिज्विज् किन्न भनेर निस्कनु भयो पौण्डैलिई साथमा २८
साढे दूइबजे पछी प्रभु पनी सङ्‌मा अफीस् लिंई ।
यङ्गल्मी घर हेर्न निस्कनु भयो पाऊ म्वटर्मा दिई ॥
हिन्दुस्थानमहा बृटीस सरका र्काछन् जती पल्टनै ।
तिन्माथी हुकुमै चलाइ रहादा जोआइ नेपालनै ॥ २९ ॥
केहीदीन बसी तयार पलटन् हेरेर शुद्धै गया ।
कंम्याण्डर्‌इनचीफ रावट भनी जङ्गी लडाका भया ॥
यङ्‌गल्मी इनकै महल्‌ हुनगई श्रीलाइ स्वागत् गरी ।
देखाया फुलवारि बैठक हरू इन्‌लेत येकेक् गरी ॥ ३० ॥
वोर्वर्मिज् अफगानिका सँगमहा भारी लडाञी गरी ।
लूट्याका हतियार बन्दुक हरू हेऱ्यौं तहाँ बेसरी ॥
रावट्‌का घरमा प्रसन्न मनमा सब्को गराइ्‌ दियो ।
फिर्दामा प्रभुको सवारि घरमा सातै वज्यांको थियो ॥ ३१ ॥
रावट्‌को घर हेर्न लाइ प्रभुजी पाल्नू भयेथ्यो जसै ।
जन्‌रल्‌ युद्ध र केशरै सँग लिई गङ्गाबहादु र्कनै ॥
यक्‌जीवीसन हेर्न निस्कनु भयो यक्छिन् पछी फिर्नुभो ।
ठेट हेर्न भनेर फेरि निशिमा जन्‌रल्‌ हरू जानुभो ॥ ३२ ॥

आषाढ लागि रबिबार बिहान साहै ।
राम्रोभइ बजनगै कनफेरि बाहै ॥
ढाक्यो सगर्बदलिभै कन केहि कालै ।
फेर्घाम लागन गयो भइ अस्त कालै ॥ ३३ ॥
श्रीतीनको हुकुम पाइ बजाइ दूई ।
जन्रल् उतर्तरफका र हिरण्य दूई ॥
गंगारबिष्नु अरु नोकर साथमाली ।
चारैबजी म्वटरकार विषे चरण्दी ॥ ३४ ॥
ज्यूँदा जनावर हरू सवजात पाली ।
राखिन्छ कत्ति नगरी कन खोर खाली ॥
जानूभयो नजर गर्न भनेर जूमा ।
सोहेरि हाजिर पनी हुनुभो हजुर्मा ॥ ३५ ॥
श्रीपुत्र जन्रल ववर्अरकात केसर् ।
श्रीसिंहका पछिपछी मिलि नाम सम्सेर् ॥
कप्तान येकनर मिष्टर आर्मि टेजै ।
सङ्गमा लियर गरि आफनु दोसि भेषै ॥ ३६ ॥
जानूभयो डुलनलाइ चढेर मोटर्
दाक्षिण् तरफ् सहरदेखि बढी सरासर् ।
श्रीयुद्ध मोहनहरू कन साथ माली
तीनैवजी चरण मोटरकार मादी ॥ ३७ ॥

पाल्नूभयो घुमनलाइ भनेर एक्छिन् ।
पाचैवज्यो प्रभुजिले फिरदात त्यास्दिन् ॥
आषाढको दुइगते सउवार भर्दिन् ।
घांलागनाकन गयेर भयेन दुर्दिन् ॥ ३८ ॥
ज्यूनार्गरेर सगमा जर्णेल युद्ध ।
लीयेर डिह्लि मरिची हरुलाइ शुद्ध ॥
गाथै जचाउन भनीकन ग्याण्टका घर् ।
पाल्नूभयो दसवजेर चढेर मोटर् ॥ ३९ ॥
घण्टाभरै प्रभुजि वाट गरी विलम्बै ।
फीर्नूभयो प्रभु पनी दिन दोपहर्भै ॥
जर्णेल साहव सवै जयपृथ्वि डिह्ली ।
सर्दार्मरीचि हरुलाइ समेत सङ्ली ॥ ६४० ॥
दूवै वजाइकन चढ्न भनेर रेल्मा ।
पाल्नूभयो उलविचै भनि आर्स्यन्यल्मा ॥
वन्दूक गोलि हरु हुन्छ तहीं तयारी ।
जङ्गीत मेगाजिन योहिछ एक भारी ॥ ४१ ॥
दाखीलभो प्रभुजिको यसमा सवारी ।
रेल्मा छयालिस मिनेट विताइ खाली ॥
कर्णेल आदि अफिसर्हरुलेत ताहाँ ।

१ यस्मा सत्कार गर्नेको नामासी मेगजीनको सुपरिटेन्डेन्ट कर्णेल स्माईलेरोवार्लो १ तोपवन्ने ठाउको मालिक मिष्टर इन्यान्ड सन् १ मिल्टरी असिष्टेन्ट कर्णेल मार्व्यल् १

स्वागत् गरेर पहिले भइ साथमाहा ॥ ४२ ॥
लाग्या घुमाउन पनी म्यगजीन माहा ।
हेऱ्यौ अनेक रितका कल काम ताहाँ ॥
चल्थ्या कलैपनी तहाँ विजुली वलैले ।
कामै पनी विजुलि माफिकको कलैले ॥ ४३ ॥ *
तोप्का गोला वन्दथ्या काँहिधेरै ।
गोली छर्रा वन्दथ्या ताँहिधेरै ॥
तोप्का पाङ्ग्रा वन्दथ्या काँहि वन्दुक् ।
टोटा हाल्न्या वन्दथ्या काँहि सन्दुस् ॥ ४४ ॥
काँही रेत्छन् काँहि ढाल्छन् हजारन् ।
लोहा धातु खर्च हुन्छन् कयक्टन् ॥
वेग्लावेग्लै कामधेरै भयाको ।
धेरै जग्गा ढाकि फैली रह्याको ॥ ४५ ॥
यस्ताधेरैकारखाना नजर्भै । खूसीादिलभोनाथको पूर्णमन्भै ॥
फर्कीचेरिंक्रास इष्टेसनैमा । आईपुग्दा वज्नगोसात्घडीमा ४६
खानाखाई रातकोनौवजाई । व्राटफ्लाइज् नाटकै हेर्नलाई ॥
पाल्नूभैगो जनूरलैहरुधेरै । फिर्दाराती गैगयोधरवेरै ॥ ४७ ॥ *
आषाढ को तिन गते वदली भयाको ।
घामै नलागि भरदीन उसैगयाको ॥
वेहान नौ वजनगै कन येहि दिन्मा ।

रोगादि जाचन भनी प्रभुका सरीर्मा ॥ ४८ ॥
वादशाहका सरजनै भनि नाम् चलेका ।
डाक्टर्भयेर सर नाम समेत् लियाका ॥
लार्डन् ब्रटन्र अरका सर नामि डाक्टर् ।
आयाति अश्विनिकुमार सरी सरासर् ॥ ४९ ॥*
केहीवेर वसेर जाचि प्रभुको गाथै विचारै गरी ।
साढेनौ वजदा फिऱ्या तिनिहरू धन्वन्तरीका सरी ॥
ज्यूनार्भै सगमा लियेर जनरल् केहीं अफीसर्पनी ।
घोड्दौड्हेर्न सवारिभो प्रभुजिको ठाऊत अस्कट्भनी ॥ ६५० ॥
वाजीथापनुभो तहाँ प्रभुजिले जीतल् हजार्तिन्भयो ।
अर्कापल्ट महात डेढ् सय वची जम्मै रुपैञा गयो ॥
साहै दीन खरापभै अलिअली पानी समेतै पऱ्यो ।
हेर्न्यां मानिस लाइ केहि यसले दिग्दार्समेत गऱ्यो ॥ ५१ ॥
ताहाँ हेरन आउन्या सकलका वर्सादि सञ्जा थिया ।
तेसैले कपडा हरू वदनका सब्ले वचाई लिया ॥
वादशाहा यडवर्ड रानि सँगली पाल्नू भयाको थियो ।
वादशाही खलकै पनी सँगहुदा शोभा वहूतै थियो ॥ ५२ ॥
वादशाहा हरुले गयेर वसन्या वाकस् तलामा थियो ।
त्यस्माथी अझ हामिहेरु वसदा साफ्साफ्सवै देखियो ॥
डीयुक् आफ कनाटकोर प्रभुको फिर्दा भऱ्याङ् माथिनै ।

भेट्भै हात मिलानभै कुसलका वातै भया यक्छिनै ॥ ५३ ॥
फीर्दामा घरमा सवाछ घडिमा वज्नै गयाको थियो ।
दुर्दिन्ले गरदा परीस्त्रमझजि केही गराई दियो ॥
साढे आठ वजाइ भोजनगरी जर्णेल् अफीसार्लिई ।
टेटर्हेर्न सवारिभो प्रभुजिको वग्गीविषे शोभिई ॥ ५४ ॥
अल्ह्यांब्राभानि भन्दथ्या जनहरू त्यस्कोत नामै पनी ।
नाटक् लायकभै खुसी हुनगयो दिल्मा प्रभूका पनी ॥
रूघा लाग्न गयेर ऊकजभन्या यस्दीन काँही पनी ।
जाँदैजानुभयेन नाटक दउड् डुल्नै समेतै पनी ॥ ५५ ॥ *
आषाढ चारादिनगै बुधवार माहा ।
साह्रै गरीप दिनभो भरदीन वाँहा ॥
लाग्यो ग्रहण् सहरलाइ भन्याझर्जीभो ।
वज्दा यघार तक रातपऱ्या झर्जीभो ॥ ५६ ॥
मध्याह्नका वखतमापनि मध्यरात्भै ।
बाल्नूपऱ्यो बिजुलिवत्ति समेत जम्मै ॥
आफीसमा पसलभा विजुली वलेको ।
काज्काम् चलाउनुपऱ्यो सवले घेरको ॥ ५७ ॥
एकैवजेर कुइरो हटि केहि कंभो ।
वत्तीभन्या ननिभि रात समेत परीगो ॥
दाक्षिण् तरफ् सहरका कुइरो कमैभै ।

वत्ती जलाउनु परेन प्रकाश कैयभै ॥ ५८ ॥ *
गयाका रातीमा अलिअलि शुलैभै प्रभुकनै ।
गऱ्यो वाधा सारै पलङ विच नीद्रा भइ कमै ॥
यसैनिंती ब्रण्टन् महलविच आई फजिरमा ।
वताया पित्तैको अधिक हुनगै हेतु शुलमा ॥ ५९ ॥ *
वेसै थियो दिन महा तर डुल्नलाई ।
पाल्नू भयेन प्रभुजी दुरदिन् जनाई ॥
वाद्शाह प्रृन्सहरुलाइ भनी लगेका ।
थन्क्याउ चिज्विज भनी खटिई गयाका ॥ ६० ॥
राजा जयेर दल विष्णु सहीत मेजर् ।
प्यालेसमा पुगनगै झटपट् सरासर् ॥
कोठामहा सवकुरा लागि राखि लीया ।
हेर्चाह गर्नु यसको भनि उर्दि दीया ॥ ६१ ॥
ओकीलि पढ्न भनि लण्डनमा गयाका ।
थर्मा दुवेइ भगवानदिनै कह्याका ॥
आयाति भेटनभनी प्रभुथाजि यैदिन् ।
वस्ताभया प्रभुजिका सँगमात यक्छिन् ॥ ६२ ॥ *
जनूरल् रूद्र हिरण्य फेरि करणेल् कीशोर नर्सिङ् भया ।
नर्नारायण मेजरै निशिमहा ठेटर्त हेर्नै गया ॥
आल्ह्यांब्रा कहिन्यात ठेटर अति हेर्दा वढीया थियो ।

फीर्दा रात गयेर घेर निद्ले आलस्य पारी दियो ॥ ६३ ॥ *
आषाढ पाँच दिनगै विहिवार माहा ।
हावा असल्हुनगयो भरदीन ताहाँ ॥
साढे यघार वजदा चिज किन्न लाई ।
मे पूलका हउसमा प्रभुले त जाई ॥ ६४ ॥ *
अङ्ग्रेजी वाढिया नञा फ्यसनका कार्पेट केही भया ।
जाडामा शरिरै गरम् गरिदिन्या हल्का नरम् रग् भया ॥
वेह्री वाह्रि हिडाउनु पनि हुन्या गर्मी गराई लिन्या ।
जापानि हलुकात पाल लिनुभो पर्देशमा कांदिन्या ॥ ६५ ॥
घेरैमाल हरू पनी खरिद्भो प्रारब्धिवानूले लिई ॥
राख्दा वैठकमा प्रकाश गरन्या शोभा वहूतै दिई ।
संझौटा निमती अलिअलि लिदा हेर्दा हजारन्कुरा ।
विस्पच्चीस हजार खर्च गरदा घण्टा दुवैगो पुरा ॥ ६६ ॥
यस्मा दीनुलिनू हिसाव गरनू गोल्माल् नपारी रती ।
ल्याकत् साथ कुरापनी गरिगरी लेखी हिसावै जती ॥
साहीला जरणेल केशर जिले गर्नूभयो सव्तहाँ ।
फुर्तीलो वयका उपर्नजरदी हेर्थ्या सवै हौस्महा ॥ ६७ ॥
गर्थ्या बात पनी चलाक लडका लायक् रह्याछन् भनी ।
होन्हा मानिस मा उमेर नपुगी झल्कन्छ चिह्लै पनी ॥
साढे येक बज्यो सवारि फिरदा मर्दीमैरै हौस्महा ।

आरां केहि गरी टिफीन हुनगो तीनै बजाई तहाँ ॥ ६८ ॥
फेरी पू.क.ज. मेपुलै बिचगई क्यैचीज किन्नू भयो ।
श्रीतिन्को म्वटरै पनी घुमि घुमी फाङ्को बृटिसमा गयो ॥
फिर्दा मा प्रभुको सवारि घरमा साढे छ बज्दो भयो ।
आनन्दै गरन्या भयेर दिनयो अस्ताइ घामै गयो ॥ ६९ ॥
तिन्को दोवर दिन् गयेर शुकवार् हावा बढींयै थियो ।
मामूली बखतै महाँ प्रभुजिले ज्यूनागेरी बक्सियो ॥
जनरल् जत्ति सबै अफीसर हरू गोबिन्द सुब्बा पनी ।
जेम्यानर् इससीथ वाइलि सहित् नोक तिनोटा अनी॥६७०॥
सङ्गमा ली भिकटोरिया अघि हुन्या पोर्ट्मात जानै भनी ।
चेरिङ्क्रास् कहिन्या ष्टिसन् पुगिगयो श्रीको सवारी पनी ॥
पैतालीस मिनेट गै दश बजी दाखील पोर्ट्मै भयो ।
ताहाँबाट सबारि ली प्रभुजिको ष्टीम सैरास गयो ॥ ७१ ॥
चाडैनोरमहा पुगेर आडियो ड्ड्नाट जङ्गी जहाज् ।
ल्याङ्स्याण्डस् तक जान पार्टि हरुका निंती थियो योतयार् ॥
जाहाज्मा प्रभुका निमित्त बढिया आरामिं चीजै थिया ।
जलपान्का निमती भनेर फलफुल् धेरै प्रकार्का थिया ॥ ७२॥
श्रीका इज्जत् निमति गारद ताहि थीयो ।
देखी अगाडि प्रभुलाइ सलामि दीयो ॥
ब्यांडैपनी मधुर चाल बजाइ श्रीकै ।

दीयो सलामि प्रभुलाइ भयेर गोलै ॥ ७३ ॥ *
मिष्टब्र्यांल् फोरंआदी अरुपनि गुणिजन् येसदिन्को तमासा।
हेर्नाका निमति आया घरिघरितहुन्या येसचाल्को तमासा॥
लाङ्स्यान्डस् ठाउमागै समर बषतमा तोपहान्न्या तरिका॥
देखाया तोपराख्न्या घरिघरि भरदै गोलिछाड्न्या तरीका ७४
येसै संबन्धि काम्का अरुपानि प्रभुमा हाल जाहेर गर्दै ।
देखाया काम धेरै सँग सँग प्रभुका ताडिफै शुद्ध गर्दै ॥
यस्काबादै छुटीगो फयर पनि तहाँ तोपको शुद्ध बाहै ।
बान्हैफन्नी थियोतोप् बखत पनिभई दीनको ठिक्क बान्हे ॥ ७५॥
गोला छुट्ता भयाको सवद् अति ठुलो कान खुप् रन्न पार्थ्यो।
कानै फोड्ला भन्याझैं गरजन गरदा रूइले थुन्नु पर्थ्यो ।
येती हेरेर कामै गइ कन सवले ड्राइरिङ् रूममाहा ।
फल्फूलै खाइ लीञौ मधुर अति मिठा स्वादिलै बेस ताहाँ॥७६॥
पानी भित्र घुमेर माछ्इ सरी आकार चाल्मा पनी ।
दुस्मन्का बलिया हुउन् जतिसुकै जाहाज फोड्न्या बनी ॥
डिष्ट्राय र्जसलाइ भन्छ इनको सङ्ख्यात आठै लिई ।
पोर्ट्स्माउथ मा हुन्याजति सबै जाहाज जम्बाभई॥ ७७॥
ड्रेड्नाट् माथि गऱ्या जहाजि हमला हानेर तोपै पनी ।
ड्रेड्नाट् बाटपनी छुट्या यफर खुप् दुस्मन् हटाऊँ भनी ॥
डिष्ट्रायर् उसतर्फ बाट छुटिगो आयो बडो बेगले ।

जाली सिक्कि गिराइ भारि जलमा रोकीलिया तेसले ॥ ७८ ॥
ठक्कलाग्न गयेर सो ताहि फुट्यो शब्दै भयङ्करगरी ।
लाग्यो पाकन पानि भल्भल गरी हल्का पुग्याको भरी ॥
जाहाज्का नजिकै पुगेर थदियो फुट्थ्योत वच्थ्यो कहाँ ।
यस्तै रित्सित फोड्दछन् सहजले जाहाज सङ्गां महा ॥ ७९ ॥
जस्ता रित्सित हाँसले जलमहा खेल्दा डुवुल्की लिई ।
घुश्री पानिमुनी अलिक् परपुगी उत्रन्छ सासै लिई ॥
ठिक्यस्तै गरन्या जहाज जलमा आयेर फेरीतहाँ ।
देखाया इनले पनी फुरतिले कांको सफाई तहाँ ॥ ६८० ॥
जल्का मुन्तिर मस्तुलै सहितभै डूवेर केही घरी ।
निस्कन्थ्या सहजै जलै नभरिई कल्का वलैले गरी ॥
त्यस्मा मानिस वस्तछन् अलिकती सामान् रणैको लिई ।
चल्दैछन् अझ तेसमा कलहरू हल्का हिसावै लिई ॥ ८१ ॥
जस्को बुद्धि विज्ञाछरी इलममा फल्देखियो पानिमा ।
क्यावात् बुद्धिरहेछ त्यस् पुरुषको अक्कल् वलैको सिमा ॥
काईदा कुनभै डुवेर जलमा पर्स्दैन पानी पनी ।
डुव्नु उत्रनु आफना वखतमा गर्छन् कसोरी तिनी ॥ ८२ ॥
यस्तो यो रमिता नजर्हुनगई नोर्मा सवारी भयो ।
ताहाँवाट पनी सवारि फिरदा रोवष्टवोट्मा भयो ॥
पैह्लेका झञ्जि इज्जतै निमतिमा जाहाज छोड्दा पनी ।

ब्यान्डैमा प्रभुको सलामि वजिसो मीठो मधुस्वर्गरी ॥ ८३ ॥
श्रीको वुद्धि प्रतापमारत भई सन्मान गर्नै भनी ।
देखाया यडवर्डले जल समर्धुम्धाम खर्चै गरी ॥
प्राइम्मीष्टर ब्यालफोर हरु त्यै हेरौ तमासा भनी ।
आयाका जति मानिसै तहिथिया विद्याइलम्का धनी ॥ ८४ ॥
सब्ले टोपउतारि ब्याण्ड वजदा श्रीको सलामी दिया ।
श्रीले नम्रभई फिराउनु हुँदा खूसी अती भैगया ॥
श्रीको भारि प्रतापका वदउलथ् नेपाल् मुलुक्को पनी ।
जस्तो इज्जत झल्कनाकन गयो लेखौम कत्रो भनी ॥ ८५ ॥
आफै अड्कल गर्नुहोस मनमा हाम्रो ठुलो भाग्यभै ।
देस्देसान्तरमा समेत सहजै किर्ती गयो फैलिदै ॥
जत्तीजङ्गि जहाज भेटिनगया फिर्दा नजीकै भई ।
तिन्मा जो फउजै थियो बृटिसको सब्लेत कालम्भई ॥ ८६ ॥
डेकैवाट दिया सलामि प्रभुको दस्तुर्वमोजिं गरी ।
चेरीङ् क्रासमहा सवारि पुगदा वज्दो भयो सात्घडी ॥
यस्माथी यहि सम्मका पनि अरू छैनन् जहाजै कँही ।
हिड्दामा हलुको वहूत वलियो अत्यन्त ठूलो भई ॥ ८७ ॥
यस्लाई पहिले तयार गरदा मैहृात पन्ध्रै गया ।
मोहोडा जसकोछ वान्ह इनची यस्ता ठुला तोप् भया ॥
चारोटा अरुले लिया यदि भन्या यो लिन्छ तेस्ता दसै ।

गोला गिर्दछ येसको बखतमा तिन्कोश देखी परै ॥ ८८ ॥
सोऱ्है धार्नि भयेर पुग्दछ मनै सत्ताइसै मन् टनै ।
अट्ठाउन्न टनैत ओजन हुन्या तोप् जान्नु यस्ता कनै ॥
साढे आठ सये पंउन्ड भरिका गोलात इन्का थिया ।
सेरैदस् मन तीन बारुद भरी गोला दगाईं लिया ॥ ८९ ॥
यस्तोयो रमिता भनौंकि जलको भारी लडाञी भनौं ।
हेर्दामा जुन चालको दिलभयो कस्तो भनी सोभनौं ॥
श्रीको वुद्धि प्रताप फैलन गई त्यसलाइ हेर्दा भञौं ।
श्रीकासाथ भयेर भाग्य बलले लण्डन् सहर्मा गञौं ॥ ९० ॥ *
आषाढ सात दिन गै शनि वार माहा ।
तेश्राप्रह र्तक असल् भइ फेर तोहाँ ॥
पानी चुहुन्छकि भन्या झञि बादलै भै ।
पानी भन्या न परि रात पऱ्यो दिनै गै ॥ ९१ ॥
साढे दुई बजन गै कन युद्ध रुद्र ।
मोहन् बब सहित केशर फेरि सिंह ॥
हीरण्य फेरि जयपृथ्वि लियेर सङ्मा ।
पाल्नूभयो प्रभुजि प्याडिङटन् ष्टिसन्मा ॥ ९२ ॥ *
उइन्सक्यासिल्मा यडबरडले येस दिनमा
दियाका भोजैमा सकल जन पौचेर रसमा ।
भीडै भैगो भारी तर अधिक शोभा पनि थियो ।

१ करिब २ पौण्ड्को १ सेरहुन्छ

सवै शोभा हेर्दा मन पनि प्रसन्नै गरि दियो ॥ ९३ ॥ *
बादशाही कुलका ठुला जन हरू जाँदा तहाँ रेलमा ।
येघारे इसपेसलै पुगिगया हाजिर्हुंदा पार्टिमा ॥
आयाधेर अरूपनी शहरका तीनै बजाइ तहा ।
वाद्साहा यडवर्ड रानि संगली पाल्नूभयो फेर्तहा ॥ ९४ ॥
सबूलाई बढिया हिसाव सितले आरामि पौंचोस् भनी ।
रेल्वे कंपनिको थियो सवकुरा तारीफ लायक् पनी ॥
सामूमै सवलाइ ख्वाउनु हुदा वाद्साह रानी गई ।
गार्डन्मा सवमाथिको हुनगयो शोभा वहूतै भई ॥ ९५ ॥
वाद्साहा यडवर्डको सकलका माथीकृपा देखियो ।
यस्तो पार्टिहुदा पछीतक पनी सम्झीन लायक् थियो ॥
येसै वागमहा अलिक् परतिरै श्रीका निमित्तै भनी ।
तम्बूयेक खडाथियो उसमहा फल्फूल धेरै पनी ॥ ९६ ॥
हिन्दुस्थानि अरुअरू नृपतिका राज्पुत्र निम्ती भनी ।
राजा कूच विहारका निमतिमा आर्कौ थियेपाल् पनी ॥
वाद्साहा निमती तही नजिकमा आर्को थियेपाल् पनी ।
त्यस्मा मेचथिया अनेक रङका कारीगढीले वनी ॥ ९७ ॥
ब्यान्डैका निमती भनेर अरको पाल्टाँगि याको थियो ।
ग्रेनेडीयर ब्यान्ड देखि फरकै आर्को समेतै थियो ॥
लेफ्टेन्का भइ मातहत् इनिहरू रागै वजाई तहा ।

पाहूनाहरुलाइ रद्द गरथ्या मीठो मधुर्स्वर्महा ॥ ९८ ॥
श्री पृन्सैपनि रानिलाइ सँगली पाल्नू भयाको थियो ।
मानिस्को गणना पनी यसमहा हज्जार्नवैको थियो ॥
नीलो कोट लगाइ टोप खइरो टाक्घर्महा फूलको ।
थूँगालाइ घुसारदा इमपरर्खुल्नू भयाको थियो ॥ ९९ ॥
छोरा रानि बुहारिले सँगभई ठिक्हात्तिकै चालमै ।
च्याम्बर्लैनर भाइकौन्ट अफिसर्सङ्मा लिई पालमै ॥
आई श्रीकन भेटि वक्सनु भयो पैह्ले सरासर्तहाँ ।
वाद्शाही कुलका ठुला अरुपनी धेरैथिया साथमा ॥ ७०० ॥
ढोग्भेट्भो सवका समाइ करमा खूसी मुहारै गरी ।
प्रेमैले पृयपात्रमा रसभरी पानै गऱ्याझैं गरी ॥
केहीकाल वसेर वात्‌चित गरी त्यैदेसका चालमा ।
फेरीजानु भयो क्रमै सित सवै राज्पूत्रका पालमा ॥ १ ॥
तिन्का साथमहा पनी कुसलका वातै समतै गरी ।
यस्तारित्सित वादसाह घुमदा लागेछ घण्टा भरी ॥
येसैऔसरमा धनाढ्य कुलकी पार्सी जनाना गई ।
मोती चाँदि सुनाहरू सव मिली कालीगढी वेस्भई ॥ २ ॥
देखीन्या अति रामरा चिजहरू श्रीराजराजेश्वरी ।
लाई ताहिं चढाउदीपनी भइन्‌ जाहेर सिप्को गरी ॥
पौनेसात वजेर पार्टि सकिई फिर्नू भयो श्रीपनी ।

फक्र्याँ इस्पिसलै चढी अरुपनी घर्जान लाई भनी ॥ ३*
उइन्सक्र्याँ सिल्को वरिपरि बघैचा पनि थियो ।
सफाभै साह्रैसो मनपनि सबैको हरि लियो ॥
अती राम्रा काच्का घरपनि बघैचा भर थिया ।
लमाञी सब्जोड्या दुइतिन मिलै सम्म पुकथ्या ॥ ४ ॥
इनैघर्का भित्रै फलफुल फल्याका फुलफुली ।
मधुर्गाना गर्न्या भ्रमर हरु ताँही झुलिझुली ॥
घिरौला बोडी फेर्फरसि ककरी रामत्वरिया ।
चिचिन्डो काँक्रो फे र्परवर कुरीलो र धनिञा ॥ ५ ॥
सिमी भन्टा गोभी सलगम मुला प्याज लसुनै ।
सबै चिज्देखिन्थ्यो रहित नभई फल्फुल कुनै ॥
झुकेकाछन् हाँगा फलफुल फली भार हुनगै ।
सबै शोभादेखी दिलपनिभयो खूस अधिकै ॥ ६ ॥*
आठैदीन गई दुई बजनगै टिफिन्समेतै गरी ।
कीयू गार्डन जानलाइ प्रभुजी पाल्नूभयो त्यैघरी ॥
सङ्मा केहि अफीसैर साहितका जर्णैलहेरू गया ।
श्रीका मोटरका पछाडि अरुका मोट र्सरासर्गया ॥ ७ ॥
यस्तो बाग भनेर भन्न अहिले पर्दैन मैले यहाँ ।
पैह्ले केहि बयान लेखिन गया त्यै हेर्नु अैले जहाँ ॥
ताहाँ बाट सवारि भो प्रभुजिको हाईड पार्कै महा ।

देख्यौं स्वाधिन नारिको पनि फउज् भारीतवकौं तहाँ ॥ ८ ॥
व्यालको फ्रान्सिस नामकीर अरकी फार्सेट मीसै हरू ।
अग्रेस अफिस गराइ हिडन्या लेडी थिया धेरैअरू ॥
हज्जारन् अवला कि ताँति हिडदै अल्वर्ड हाल्मा गयो ।
लेडिकै दरवार हुन्छकि भन्या जस्तो तमासा भयो ॥ ९ ॥
फ्रान्सिस् व्यल्फर लेडि हेन्द्रि अरकी फासेट् अनासौ पनी ।
लाग्या इस्पिच दीन लाइ खुसिले मतलव् निकालौं भनी ॥
मर्दैका सरि पढ्दछौं सव कुरा पासै समेतै गरी ।
क्यामा कम्मति भन्यौर हामि हरुमा मिल्दैनहै नोकरी ७१०
सोहेन्र्या जनको पनि भिड थियो टीकट् भया भर्विकी ।
फर्क्या कोहि लिनै नपाइ टिकटै दाम मात्र व्यर्थै झिकी ॥
हेर्चाहा पुलिसै हरू गरदथ्या तिन्को सडकमा पनी ।
पौने सात बजेर येस दिनमा फीन्र्यो सवारी अनी ॥ ११ ॥ *
आषाढको नउ गते सउवार माहा ।
हावा असल् वहदथ्यो भरदीन ताहाँ ॥
लाडर्ब्रेटनर अरका रिउ नाम भयाका ।
डाक्टर् ठुला जुनथिया सरनाम् लियाका ॥ १२ ॥
ज्यूनार्गरी नउ बजी इनका घरैमै ।
गाथै जचाउन भनी प्रभुको दिलैमै ॥
पाल्नू भयेर यकछीन वसेर वाहाँ ।

श्रीले जचाउनु हुँदा उनलेत ताहाँ ॥ १३ ॥
यस्तो भयेछ भनि विन्ति गऱ्या सरिमाँ ।
फिऱ्यो सवारि प्रभुको पनि मर्टिमर्मा ॥
कर्णेल् किशोरनरसिङ् करणेल डिल्ली ।
राजा जयेर दल विष्नु समेत सङ्ली ॥ १४
साढे दुई वजनगै प्रभुको सवारी ।
हार्स्सो नजर्गरन लाइ भई तयारी ॥
ओलीम्पिया विच गईकन दाखिलैभो ।
हेरी तहाँ सकल काम दिलै खुसीभो ॥ १५ ॥
रानीर छोरि सँगलीकन वादशाहा ।
पाल्नूभयो नजर गर्न भन्नेर ताहाँ ॥
लार्डै रिडेसड्यल सार्जिलवर्ड ग्रीनाल् ।
ईत्यादिले गरिलिया किङ लाइ सत्कार् ॥ १६ ॥
साना ठुला सकल मानिस धेर थीया ।
भीडै भयेर मुसकिल् सित हेरि लीया ॥
लाग्यो तमासहुन घोडचढी हरूको ।
ईखा इखै गरि परस्पर जीतनाको ॥ १७ ॥*
हार्सोमा दउडैहुँदा अति ठुलो वग्गी हरूमा तहाँ ।
घोडा धेर जमाहुँदा हुनगयो आनन्द झन् मन्महा ॥
यक्का चौकडि जोडिमा जतिजती जोडी जुत्याका थिया ।

१ घोडा देखाउने तमासा

येकैनास् बलवर्ण फूर्तिहुनगै उड्लान् भन्याझै थिया ॥ १८ ॥
बृटीसका र इटली तिरका अफीसर् ।
गर्थ्या अनेक रितले दउडै वराबर् ॥
तस्मा इनाम जितन्या हरुलाइ दीया ।
खूसी भयेर तिनले पनिलाइ लीया ॥ १९ ॥ *
अग्लो पैतिस इञ्चको वयपनी पाच्वर्ष कैत्यो थियो ।
पोनीजात भयेर वेस बढिया स्यट्ल्यान्ड देस्को थियो ॥
त्यस्लाई यडवर्डका नजरका साम्ने गराया तसै ।
फुर्तीधेर गरेर ताहि उसले मज्जा गरायो तसै ॥ ७२० ॥
राम्रा रित्सितको सजावट तहा देखेर खूसी भई ।
सोकाम् खोलिदिन्या जउन् सकसहो उस्लाइ धन्न्यै दिई ॥
साहेखूसी भञाभनी फिरनुभो वाद्साह राबी लिई ।
फक्र्यो भीडपनी खुसी हुनगई कामलाइ स्यावास् दिई २१ *
वारैत मङ्गलभई दसदिन् गयाको ।
हावा समेत भरदिन् बढियै भयाको ॥
म्याडेम् टुसाड कहिन्या यगजीविसन्मा ।
जानै सवारि भइगो बजि एक दिन्मा ॥ २२ ॥
जनूरल् बब बृगाडियर् करणेल मेजर् ।
कर्णेल विष्नुहरु साथ गया बटे फेर् ॥
खासा थिया मइनका मुरती तहाँ धेर् ।

हेर्दा नसीयत पनी मिलथ्यो बराबर् ॥ २३ ॥ *
कसारिलेखनू येसकोवयान् । गजवकोथियो भारिएक्दलान् ॥
जउनद्वारहो मुख्यतेसका । दुइतरफ्थिया वीरभेषका ॥ २४ ॥
लिइचपोटचट् ठाउँमैखडा । जनपनीहुन्या ताँहिगैखडा ॥
नकलिहुन्भनी भ्रान्तिएक्रती । नभइहेरन्या हेरन्याजती ॥ २५ ॥
पसिगञौ जसै भित्रफेर्तहाँ । डुविगया नज कौतुकै महाँ ॥
कुइनभिक्टुरीया जवानिभै । सकलराज्यको भारमिल्नगै ॥ २६ ॥
पयरगादिमा राखनैभनी । पुगिगइन्नाजिक् ठिक्तयार्बनी ॥
उहिसकल्नजर्सामु पर्नगो । मनअचंभजल् बीचडुब्नगो ॥ २७ ॥
अरुकुरासवै साफ्साफ्थियो । पउनलेफगत् मात्रकम्थियो ॥
सनहजारका माथिसातसै । नउरसाठिफे जन्मसालभै ॥ २८ ॥
जउनबिर्भया नामनेपुलिन् । मुलुकफ्रान्समा बोनपार्टकुलिन् ।
उनञिकोसफा मूर्तिदेखियो । छनतत्योसवै मैनकोथियो ॥ २९ ॥
तरतहाँसफा रोगनैभई । झुकिनुपर्दथ्यो झन्नाजिक्गई ॥
बहुतआखिरी कालकोभई । मनपनीमइन् भोतहागई ७३०
रइतिकाउप नौनिमाफिका । लडनमासिला माफिछातिका ॥
जउनबीरले जन्मभर्लडी । मुलुकधेर्जित्या सर्सरीबढी ॥ ३१ ॥
जउनबीरको नाउँकानमा । पारिगयाहुँदी नीदरातमा ॥
नपरन्याअरू भूपतीभया । बइरिझाडिका अग्निनैथिया ३२ *
कुनञिचालगरी कनबालखै । नसुतिरोइरह्या हुदिकोहिगै ॥

लउलऊअव आयन्यपोलिनै । भनिदियासहजै सुतन्यासवै ३३
दुइथरैभिडी लड्नलागदा । बइरितर्फका गोलिआउदा ॥
भयनलीरती सामु तेसकै । बढदथ्या इनी शूरबीरभै ॥ ३४ ॥
ञिहिमरण्भया लागन्याछके । जिउनुक्यैभया गोलिगर्छके ॥
हिडछिटोभनी हौसलादिई । लडदथ्याइनी फौज्समेत्लिई ३५
अतिप्रतापवान् चक्रबर्तिनै । हुनगयाठुला बीरमा इनै ॥
दैबभैबिमुख् कैदमापऱ्या । स्यनटहेलिना टापुमामऱ्या ॥ ३६ ॥
बिरधरम् शिखर्माथि पुग्नगै । मरणकालमा सुन्न्यसान्न्यभै ॥
गरिबिचालले प्राणगैगयो । सनअठारसौ बीसयक्भयो ॥ ३७ ॥
मरणकालमा जौनकोलटे । जउनचालले केहिघोपटे ॥
जउनरूपभो आखिरीघरी । जउनबिस्तरा बीचमापरी ॥ ३८ ॥
शिरपनीझुक्यो जौनचालले । हरिलियोबिरै लाइ कालले ॥
नकलहोभनू कीसकलभनू । मुरातिपोभनू कीकसोभनू ॥ ३९ ॥
देखताकती ग्लानिभोभनू । हृदयफाटिगो कत्तिको भनू ॥
जउनबीरका नामलेगरी । थरकमान्थियो लोकभूभरी ॥ ७४० ॥
इनपछीअरू कोहिभूपती । इनसरीहुनै कष्टभो अती ॥
उनाञिवीरको तेसचालको । मरणदेखदा दीलकाटियो ॥ ४१ ॥
अमिरलाइजो पारन्याफकीर् । फकिरलाइजो पारन्याअमीर् ॥
उहिरहेछयक् इश्वरैभनी । बिलखबन्भयो दीलमापनी ॥ ४२ ॥
कतिगरौञ्हाँ गन्थनैपनी । बुझिलिनू हवस् हालयै भनी ॥

गरिलियाठुलो हस्मतैअघी। गरिबिचालले प्राण्गयो पछी ४३
यसइलेवृथा जानसेखिता। कतिठुलाथिया वीरमाइता ॥
दइवकोकृपा छिन्नभो जसै। सवकुरावृथा भैदिन्या तसै ४४
कुइनमेरिभनी अघिजुन्भइन्। करमकावसमा परिकाटिइन् ॥
इनाञ्जिकोपनि आखिरिकालको। मुरतिदेखिनगो यहिचालको ॥
अधिकसुन्दर खोपिविषे थिइन्। अतिमलीन मुहारकिदेखिइन् ॥
जुनघरीइनका शिरबञ्चरो। गिरनठिक्कभयो तवमञ्चरो ॥ ४६ ॥
उडनगै शिरकेहि झुकाउदी। नजरको जलभेल वहाँउदी ॥
खडि थिइन् उहीवेर गुरूपनी। बखतको उपदेश गरूँ भनी ४७
कुइनका तहि सामुमहा वसी। गरदथ्या उपदेश तिरिज् कसी ॥
सुनकुईन मभन्दछु वातक्यै। वुझिलिया अरती सरि साफयै ४८
जगतको महिमाछ अपारको। करमले गरदा यहि हालभो ॥
नगरखेद तिमी मनमा कुइन्। हुनगयेछ यही तिमरो कुदिन् ४९
जनमली जनले नमरी सधैं। कउन वाचिगया मरछन् सवै ॥
अलिकदीन अघीपछि यत्तिनै। फरकजानि उसैतिर धौमनै ७५०
अति अनित्त्यछ योसनसारता। फगत ईश्वरमा बुझ सारता ॥
गरदथ्या उपदेश यसोरिती। अरुपनी दुइचार प्रमाणदी ॥ ५१ ॥
कुइनका दुइतर्फ अगल् वगल्। जतिथिया तिपनी भइझन्विकल्
मनउदास भया झञ्जि देखिया। मनमहा करुणारस भर्दिया ५२
अति भयङ्कर निर्दइ कालरूप्। अधिक शण्ड भुसण्ड समेतखुप् ॥

वनचरो करमा लिइ औसरै। परखन्या जनएक पछिल्तिरै ५३
कुइनका नजिकै तहि देखियो। कुइनको यमराजसरी थियो ॥
वहुतही सुकुमारि इरानीको। मरणको सवहालत देखियो ५४
हुकुमतै गरदाइनको प्रताप्। गरदथ्यो दुसमन् हरुलाइताप् ॥
इजतमानठुलो इनकोथियो। मुलुकमादरजा पनिखुप्थियो ५५
उनञिकोमरणै यसचालको । हुनगयोपछिवाट अकालको ॥
अधिकानिष्टूर छातिभयापनी। पगलन्यामनयो नउनीवनी ५६
कुइनकोअतिकोमल गाथ्कहाँ । अतिकठोरकुठार प्रहार्कहाँ ॥
कसरिचोटसहिन् इनलेकडा। समझदाअझ हुन्छरऊखडा ५७
जुनघरीइनिगाद्दि उपर्भइन् । उसघरीकति हस्मतकीथिइन् ॥
यसरिईंमरनिन् भनिख्यालको। गरदथ्याअहिले यहिहालभो ॥
यसइलेबुझनू जनकोपनी । दिनररातसरी सुखदुख्भनी ॥
दइविकाल चक्रजनकाउपर् । घुमिरहन्छसधैं बुझयोजवर् ५९
झुलनिमातहिवालख यक्थियो । पउनशुद्धतहा चलदैथियो ॥
नजरकोपलकै पनिगीर्दथ्यो । सकलिभानसवै कनपर्दथ्यो ६०
नजिकमागइहेरि लियापनी । कउनभन्दछंयो नकलीभनी ॥
नकलिहुन्भनि ज्ञानभयापनी। सकलिभानहुन्या अतिसाफ्वनी
नकलिहाँसतलाउ जलैमहाँ । घुमफिरैगरन्या झनसाप्तहाँ ॥
अघिअघीजातिवीर ठुलाभया। कविपनीअघिनामुदिजोभया॥
इलमिसाख्रपढी जतिपाभया। नृपतिमापनि नामुदिजोभया॥

मुराति धेरथिया इनका पनी। फरक कत्तिनभै अतिसाफ्वनी ६३
घुमिघुमी तिपनी सव हेरिया। नजरलाइ वलै खयिचीलिया॥
कसरि लेखिलिऊँ सवहालत्यो। वहुतसूक्ष्मगरी यतिलेखियो ६४
येकेक् गरी प्रभुजि वाट सवै नजर्भो।
फिर्दा सवारि प्रभुको पनि तिन्वजीगो॥
डीयूकआफ्कनटका यडिकाङ् भयाका।
कप्तान वल्क्कि अति लायक डाल् भयाका॥ ६५॥ *
दर्शन्गर्नभनेर चारवजदा आयेर यक्छीन्वसी।
केहीवातगरी फिरी पनिगया दीलैगरायी खुसी॥
जन्रल् जुद्धर पुत्रमा तिनजना इस्मीथ मेजर्पनी।
पोसाक् जंगिलगाइ हाजिर भया श्रीसाथ जानैभनी॥ ६६॥
साढे चार बजी सवारि प्रभुको लण्डन् ड्यरी ठाउको।
मार्सैयोनिसको महल् बिचभयो राम्रो बहूतै थियो॥
लार्डैआदि अनेक मानिसहरू हाजीर थीया तहाँ।
सव्ले स्वागत खुव्गऱ्या प्रभुजिको खूसीभई मन्महाँ॥ ६७॥
येघारै दिनगै असार बुधवा हांवात बेसै थियो।
आधादीन तलक् सफा सगरभै गर्मी बहूतै थियो॥
नौबज्दा जिउना गरेर प्रभुजी रेल्चढ्न लाई भनी।
प्याडिङ्टन् जसलाइ भन्छ उसमा पाल्नूहुदामा अनी॥ ६८॥
जन्रल्जत्ति सवैर डिल्लिसमशेर् राजा जयेपृथ्विफेर्।

कर्णेल् इंञ्जिनियर् किसोरनरसिं बाबूबटेकृष्णफेर् ॥
गङ्गामेजर नाथका पछिगया फ्राक्कोट लाई तहाँ ।
ध्यान्गर्थ्यो इसपेसलै प्रभुजिको पर्खी सवारी जहाँ ॥ ६९ ॥
येघारै बजि आक्सफोर्ड कहिन्या ष्टेसन्महा पुग्नगो ।
ताहाबाट सवारिली प्रभुजिको मोटर्असल् खुल्नगो ॥
म्याक्डेलिन् कहिन्या ठुला इलमको कालेजमा पाल्नुभो ।
स्वागत् मेम्बर बाटली प्रभुतहा भित्रै समेत् पाल्नुभो ७७०
जस्काजांगि प्वसाक छन् वदनमा तीमात्र सङ्मा गया ।
स्यल्डोनीयन ठेटरै घरमहा बाकी अरू सब् गया ॥
हेर्ना लाइ भनेर मिष्टर हरू आई भराभ तहाँ ।
बस्नालाइ पनी सकस् परिगयो त्यस् रङ्ग भूमीमहाँ ॥ ७१ ॥
भित्री बारदली पनी भरिनगो नारीहरू बस्नगै ।
गाना गाउँन लाइ सूर हुनगो बाजा समेत् वज्नगै ॥
चान्सेल हरुको र डिग्रि दिइन्या मानिस् हरूको भयो !
मेम्बर्भाइस चान्स्यल जनामिली प्रोसेसनैबस् भयो ॥ ७२ ॥
सोही रङ्गमहल् विषे जवगयो त्यस्भीत्र वस्न्या जती ।
साह्रै खूसिभई प्रसन्न मनले हर्षै वढाई अती ॥
चान्सेल हरुका असल् भडकिला गौनै शरीर्मा थिया ।
सर्टामस्रयले तहाँ तिनिहरू लाई द्यखाई लिया ॥ ७३ ॥
शत्रू मित्र उदासि चौतरफका राज्मण्डलै मा वसी ।

१ पोषाक.

जुन्नीती गरदा असल् फलफली कामदिन्छ धेरै पछी ॥
नीतीजानि समुद्र पारहुनगै बादसाहका दोस्तभै ।
प्रेमैले गरिमैत्रि वाधनु भयो ईलम् समेत् साथभै ॥ ७४ ॥
कल्कत्ता विचको युनीभरसिटी माहाप्रभु लाइजो ।
वर्को वीजसरी इलम् हुनगई ऐह्ले जउन् फैलिथो ॥
इज्जत्गर्न मुनासिवै छ उसको श्रीलाइ येती भनी ।
डी.सी.येल. खिताप लार्डकरजन् लेझट् चढाया पनी ॥ ७५ ॥
राजाका अधिराजका प्रियसखा भाई समान्का भई ।
आफ्ना रैयतको भलाइ निमती लण्डन् सहर्तक् गई ॥
राजाको गुण धर्म पालन गरी ज्ञाता इलम्का भई ।
अक्स्फोर्ड युनिभर्शिटी बिचपनी उर्त्तीर्ण जस्तैभई ॥ ७६ ॥
डी.सी.यल् पदवी लिदा प्रभुजिले नेपाल देशै पनी ।
विद्याको घरझै सफा वुझिनगो सानैभयेता पनी ॥
देशैको महिमा समेत वढिगो सव्का अगाडी महा ।
यस्ता भूपति पाउनू मुलुकको जान्नू अहोभाग् जहा ॥ ७७ ॥
शम्भूका शिरका शशी किरणले कैलाश झल्क्ये सरी ।
नेपालै पनि झल्कनाकन गयो श्रीका प्रताप्ले गरी ॥
श्रीगुह्येश्वरि शम्भुजी सकलको कर्जोरि विन्ती सुनी ।
श्रीको आयु वढाइ पालनगरुन् नेपाल् सुखी होस्भनी ॥ ७८ ॥
येतीकाम भईसक्या पछि तहाँ वेस्वेस विद्यार्थिले ।

१ ठुलो पाठ्सालाजस बाट पासहुन्छ.

लेक्चर्खूप दिया अनेक रितका भर्पूर गूढार्थले ॥
मीटीङ्‌ वन्द गराउदा पनि भया च्यान्सेलरैले तहाँ ।
फल्फुल्को टिफिनै पनी हुनगयो आयेर वागै महा ॥ ७९ ॥
तिन्‌वज्दा प्रभुको सवारि हुनगो आल्‌सोल्‌ज कालेज्महा ।
लार्डैकर्जनको थियो अतिअसल्‌ गार्डेन पार्टी तहाँ ॥
जुन्‌वेला सव मानिसै हरु मिली जम्मा भयाका थिया ।
फोटोग्राफरले तहा सकलको तस्वीर्‌ उतारी लिया ॥ ७८० ॥
आक्सैफोर्ड सहर्महा प्रभुजिको फिर्दा सवारी भयो ।
साढेतीनवजी सवारि प्रभुको इष्टेशनैमा भयो ॥
प्याडिङ्टन्‌ इसपेसलै पुगिगयो घण्टा छवज्दो भयो ।
साह्रै खूसिभयेर हामिहरुको योदिन्‌ सुखैमा गयो ॥ ८१ ॥ *
आषाढ वाह्र दिनगै विहिवार ताहाँ ।
हावा खरापहि थियो अति प्रात माहा ॥
जर्णेल जत्ति सवलाइ जयेर डिल्ली ।
इन्‌लाइ मात्र प्रभुले यसदीन सङ्‌ली ॥ ८२ ॥
वाटर्लु वाट प्रभु रेल चढेर दिन्मा ।
वेजिङ्गष्ट्रेक्‌ महलमा पुगियेक छिन्मा ॥
श्रीमानलार्ड करजन्‌ कन भेटनू भो ।
पुग्दा वहाँ तिन वजी कन दस्‌ मिनेट्‌ गो ॥ ८३ ॥
सत्का गरेर उनले प्रभु लाइ भारी ।

१ कचहरि वन्द

वैठक् महा लिइ गया दिल खूसि पारी ॥
देखाउदा पनि भया तसवीर धेरै ।
जोजो भया अघि ठुला अति बीर वीरे ॥ ८४ ॥ *
नामूदी महलै भनी सहरमा प्रख्यात् भयाका जती
तिन्का वीच महाँ पनी महलयो प्रख्यात् भयाको अती ॥
बाग् बाग्मा पनि बेस यै महलको भारी बघैचा थियो ।
चौतर्फी हरियो दुभो सहितको मैदान भारी थियो ॥ ८५ ॥
केहीवेर वसी कुरापनि भया श्रीकोर लाठ्को तहाँ ।
कर्जन् पुत्रि गयेर तस्विर खिचिन् सक्को यकै सङ्महा ॥
साढे पाँच बज्यो सवारि फिरदा मर्टीमरै हौसमहाँ ।
आरामी लिनुभो घडी तिनबजी श्रीतिन् प्रभूले तहाँ ॥ ८६ ॥
जेम्यानर् इसमीथ केहि दिनतक् संचोनभै घर्महाँ ।
बस्ताहेर्न भनी सवारि प्रभुको सातै वजीभो वहा ॥
तेहै दीनगयो असार महिना हावात बेसै थियो ।
जन्मोत्सब् यडवर्डको पनिहुन्या छब्बीस जुन्यैथियो ॥ ८७ ॥
यस्को उत्सव हार्सगार्डसप्परेट् भन्या जगामा थियो ।
वाद्साहा खलकै हरू सकलगै शोभा वहूतै थियो ॥
मेजजर्नरलको प्वसाक पहिरी घंटामहा दस् वजी ।
पाल्नूभो प्रभुजी वकिं महलमा वाद्साहि वग्गी चडी ॥ ८८ ॥
जन्रल् जुद्दर मोहनै सँगसँगै जंगी प्वशाक् भैगया ।

वाकीसब् जनरल् जतीर करणेल् सर्दार मेजर्भया ॥
उत्सब् हेर्न भनेर म्याक्लियड का सङ्गमात जादा भया ।
मिष्टर्आर्स्किथकोत आफिस महा दाखिल् समेतै भया ॥ ८९ ॥
कर्णेल् इञ्चिफको प्वसाक पहिरी घोडाविषे शोभिई ।
वाद्साहा यडवर्ड आउनु भयो प्रोसेसनै विच्भई ॥
घोडामा चडि शाहका पछिपछी श्रीको सवारी भयो ।
जन्रल् जुद्धर मोहनै पनितहा घोडैचढी पाल्नुभो ॥ ७९० ॥
श्रीमान्प्रिन्स डियूक लार्ड जनरल् वाद्शाहि खान्दानका ।
प्रिन्सेस् मार कुइस् पियर्स क्ययजी ठुलाअरू मानका ॥
दस्तुर् माफिकका प्वसाक पहिरी मीलेर प्रोसेसनै ।
घोडाका पछि हिढ्दथ्या अरुपनी खूला गराई मनै ॥ ९१ ॥
रूसैका डियुकै पनी तहिंथिया ओकील हेरू पनी ।
नामुद्दार ठुलाठुला अरुपनी हिड्थ्या असंख्यै अनी ॥
प्राइमामिष्टरि कामको कचहरी घर्को वंघैचा महाँ ।
सन्मान् गर्नभनेर दोस्त हरुको थीयो तयारी तहाँ ॥ ९२ ॥
तिन्चार्पल्टनको फरक् फरकभै ब्यान्डै वज्यांको थियो ।
हेन्याँ मानिसको पनी चहुतरफ् भीडै जम्याको थियो ॥
मार्चैपाष्ट पनीतहा हुनगयो हज्जारई ज्वान को ।
चाडो हिड्नु ढिला गरेर हिडनू चाल्चालको कूचभो ॥ ९३ ॥
रानीले पनि झ्यालमा वसि तमास् हेर्नू भयाको थियो ।

त्यस्वेला महलै पनी खुलनगै शोभा वहुत देखियो ॥
बाद्शाहा सगभै सवारि प्रभुको बक्कीङ्ह्यामै भयो ।
त्यस्वेला घडिमा पनी महलमा येकै वज्याको थियो॥ ९४॥
कोशेली दिनलाइ चिज्विज जती श्रीले लग्याका थिया ।
येसैदीन महाँ नज गेरिगरी बाद्शाह खुसीभया ॥
यस्तोयो रमिता नजर्हुन गई सव्को दिलै खुस् भयो ॥
फिर्दामा प्रभुको सवारि घरमा डेढ्मात्र वज्नै गयो ॥ ९५ ॥
केहीवेर वसी टिफीन गरि फेर्हावात खानै भनी ।
पाल्नूभो प्रभुजी ब्यलूकि पखमा चाडै फिरीगो पनी ॥
आषाढ् चौथ गते दिनै भरि असल् हावा बह्याको थियो ।
साढे दुइ बजी टिफिन् प्रभुजिले केही गरी बक्सियो ॥ ९५ ॥
हङ्गेरी मुलुकै महा असल चिज् जेजे तयारी भया ।
देस्देशान्तरका अरू अरु पनी जेजे असल् चिज्भया ॥
हेरुन्सब्दुनिञा भनी जुन खुल्यो हङ्गेरी यक्जीबिसन् ।
सोहेर्ना कन पाल्नुभो प्रभुवहाँ जम्मा थिया धेरजन् ॥ ९७ ॥
हङ्गेरी मुलुकैछ सानु उसले खोली लियाको हुदा ।
फ्राङ्को देखि कमै थियो तरतहाँ सफ्फाइ धेरै हुदा ॥
हेर्ना लायकको थियोर प्रभुले तेस्मा नज बक्सियो ।
हेर्दामा प्रभुका पनी दिलमहाँ हर्षै बढाई दियो ॥ ९८ ॥
सानूत्यो मुलुकैछ तैपनि तहाँ खेती बढाउँ भनी ।

हिम्मत्लाइ समाइ अल्छिनगरी गर्छन्तरीका पनी ॥
यो माटो यसरङ्गकोछ यसमा यस्तोछ स्वादै पनी ।
यस्मा यो चिज लाउदा यति यहाँ बच्न्याछ नाफा भनी॥९९॥
अड्कल् वेस गरेर फेर उसमा कुन् काम गर्दा तहाँ ।
पैदावार वरावरै वढिवढी जाला पछीतक् जहाँ ॥
यस् जात्का मलले यती जमिनमा गर्न्याछ खासा असर् ।
योमल् येति कुरामहा दिनु असल् सप्रन्छ यस्ले फसल्॥८००॥
योजग्गा यतिमात्र जोतिन गया ठिक्वस्छ यस्को पनी ।
गर्छन् तज्वीज वीजको अझतहा यस्तो विज्ञावेस् भनी ॥
खन्जोत् गर्नू सवैकलै गरदछन् काट्नूर कुट्नू पनी ।
गर्छन् औषधि खेतको पनिजहा योरोग लाग्यो भनी ॥ १ ॥
जर्ताको डरछैन चल्दछ नहर्काँही रसातालको ।
पानी खैचन लाइचर्खि घुमछन् हल्काठुला चालको ॥
यस्ता रित्सित खेतिपाती गरदा तिन्लाइ जुन्फल् मिल्यो ।
यस्काम्ले यतिवातको नसियतै सब्लाइ ताहा मिल्यो ॥ २ ॥
योहेर्दा प्रभुका पनी दिलमहा खूसी वढाई दियो ।
फिर्दामा शहरै घुमेर प्रभुले यक्छिन् डुली वक्सियो ॥
मर्टीम घरमा सवारि पुगदा आठै वज्याको थियो ।
लामा दीन हुदा शरीर विचमा आलस्य केही भयो ॥ ३ ॥ *
जतिजतीजन आप्तहरूमरी । चलिगयाउनका सँगयोघरी ॥

गरनमिल्दछ भेटकुरापनी । खवरयो आघिबाटकहिसुनी ॥ ४ ॥
कउतुकै मनमा पइदाभयो । नजरगर्न दिलैपनिलोभियो ॥
शहरकैकहियेक भलादमी । पुरुषले नगराइ दिलैकमी ॥ ५ ॥
रमणिलाइ लिईकनसाथमा । असलयेककिताब् पनिहातमा ॥
लिईगयानिजले तिनचार्जना । पुगिगञौं खुसिभैकनसब्जना ६
मर्टिमर्महलदेखि बिसैकोस् । फासलामहलको बुझनूहोस् ॥
भारियेकमहलै नजरैभो । सामुमापरिगयो गजबैको ॥ ७ ॥
तेसकापनि दलानमहाझन् । बैठकैअसलभै खुसिभोमन् ॥
तेसमैगइबस्यौं जबहामी । ताँहिहाजिराथियो गुणिधामी ॥ ८ ॥
कामकोसकल तत्वबुझेको । गर्बत्यागगरि खूपनुहेको ॥
माझमाअति बिसालचटानै । माफिटेबिलथियो चउकोनै ॥ ९ ॥
तेसकावरिपरी कुरसीभै । बष्नुपर्छ जनले तिनमागै ॥
प्यारिकासहितकोहिगयेका । जोथियातिपनिताँहिबसेका ८१०
हातहातउसका उसकाले । पक्रिपक्रिअउँला अउँलाले ॥
टेबिलैवरिपरी कुडुलोभै । लाटईसरिबस्यौं चुपचापै ॥ ११ ॥
अन्धकारभइगो अबताहाँ । हुन्छकेअबमनी दिलमाहा ॥
कौतुकैबढिगयो अझकेही । सुन्न्यसान्न्य बइठकनदेखी ॥ १२ ॥
येहिऔसरमा गजबैको । अन्तरिक्ष विचशब्द भईगो ॥
शब्दमात तिमिहेरु सबैको । इश्वरैजयगरून् भनियेको ॥ १३ ॥
साफसाफसुनियो नभमाहा । रोमहर्षणभयो जियमाहा ॥

२ आकाश

येकदम् छकभयो मनताहाँ । सोकुराभनि नशक्नुछऋाहा १४
शब्दकाअलिक छीनपछीमा । ज्योतियेक झरिलोत गगंन्मा ॥
ओखरैसरि बराबरिकोत्यो । तांरईसरि प्रकाशभईगो ॥ १५ ॥
लागिगोउडन ताँहिभ्रमझैं । साट्टसुट्टगरिझट्ट उतागै ॥
टेविलैवरिपरी पंनिघुम्न्या । फेरिझट्उसकुना तिर पुग्न्या १६
ट्याक्कलागिकन टेविलमाहा । ढ्याक्कशब्दगरन्या पनिताहाँ ॥
येहिऔसरमहा यसलाई । हुन्छकीछुनभनी गुणिलाई ॥ १७ ॥
सोधनिगरिलिदा हुदिताहाँ । धामिलपनिभन्या यहिताहाँ ॥
केहिछैनहरजा छुनमाहा । छोउलैभनीसवै कनताहाँ ॥ १८ ॥
जोतिलाइपनिजा सवलाई । छोइदेभनि भन्यारउआई ॥
लागिगोछुनसवै कनताहाँ । ठाउठाउवसदै जियमाहा १९
काँधमाकसइका शिरमाहा । वाहुमाकसइका पिठमाहा ॥
छातिमाकसइका कमरैमा । पादमाकसइका नजरैमा ८२०
शरिरमावसदा हुदिजोतिसो । गरउंधेरभइ कनभारभो ॥
अवतछाडिदिया वढियाथियो । मनमनैसवका यहिभैगयो ॥
यसरिकेहिघरी रमितागरी । अलपियोताहिसों उलकासरी ॥
यतिभईसकिया पछिफेरिझन् । हरिलियोस्वरले सवकोतमन् ॥
असलबाद्यस्वरै पहिलेपरै । सुनिनगैकन आयर फेर्वरै ॥
बहुतलायक सुन्दरसोरसो । सकलकानजिकै भइबज्नगो ॥ २३ ॥
देखिन्न वाद्य पुरुषै पनि केहि ताहाँ ।

लाग्यो अचम्भ यसले अझ दील माहाँ ॥
कैह्लेत टेबिल महाँ पनि आइ बस्न्या ।
कैह्लेत छेडि दलिनै अझ माथि पुग्न्या ॥ २४ ॥
फर्कैर आइ कन फेरि तहीं बजीगो ।
त्यस्ले छुदा ट्यबिलमा पनि ढ्याक्कभैगो ॥
यस्तो बिचीत्र रमिता भइ केहि बेरै ।
पाऱ्यो प्रसन्न सबका दिल लाइ घेरै ॥ २५ ॥ *
येति काम गरि मुख्य जउन्हो । सोहिकाम गरनाकन सुर्भो ॥
येसमा जुनकरामत वह्ले । पर्छआउनु जिवैजति सब्ले ॥ २६ ॥
सोकुराअलिकती अवआहा । लेख्तछुवुझिनगो जुनवाहा ॥
कामहुन्छजुनठाउ महायो । तेसकाअमल भीत्रभरीको २७
देवमार्गबिच जीवजतीछन् । जोतहाँडुलफिरै गरिहिड्छन् ॥
आउदातिपनिसोहि गगन्मा । देखिन्यासरिरधारि मगन्मा ॥
तेसमावासि तमासहिहेर्न्या । जोछ आप्तभइ साहिनुपर्न्या ॥
देसिभाइ अथवा चिह्नजानी । दोस्त आफनुहवस्मनमानी २९
गर्दछन् इ इनका अंघिआई । वात चित्त सब साफ बुझाई ॥
भेटघाटपहिचान चिह्नारी । छैनमानिस जउन्सितभारी ८३०
सामुमानपरन्या जिवइन्को । छैनकामपनि इन्सिततिन्को ॥
कामकोसुरभयो अवताहाँ । कौतुकैहुनगयो मनमाहाँ ॥ ३१ ॥
टेविलैबिचठुलो सिलटैमा । तेजपुञ्जबढिगो पलकैमा ॥

१ आकाश

जीवकोस्वरुप आइ उसैमा। देखिनाकनगयो सहजैमा ॥ ३२ ॥
पुर्बजन्म रुपसाथ खडाभै। फर्कदा तहिभया मञ्जितफैं ॥
कोहिलाइमञ्जिले तिनमध्ये। आफनैझञ्जिबुझ्या तरमन्ले ३३
येहिमानिसभनी ठहऱ्याई। चिह्नकष्ट हुनगो उसलाई ॥
कोहिलाइत चिन्ह्या झञ्जिखाली। लागिगो कसइलाइन्यपाली ॥
हुन्भनीकनचिन्ह्या पहिरनले। कोहिलाइ गउरै गरिमन्ले ॥
लागिगो कहित भेटभयाझै। कोहिता फगत देखिलियाझै ३५
हेर्दथ्या तिनिहरूत मलाई। आफनै प्रिय समान गराई ॥
हामिलाइइनले पहिचानी। हाल्दछन्कित भन्याझञ्जिठानी ३६
हेर्दथ्या तर चिह्नीन मईले। फेरिदेख्नु तिनलाइ कहीले ॥
छिन्छिनै भरखडा भइताहाँ। अल्पिया जिव गगन्विचमाहा ॥
हेरन्या पुरुषले नचिन्ह्यामा। खिन्नधेर हुनगै कनमन्मा ॥
छाँटकाँट पनिखिन्न बुझाई । फर्कदाकाठिनभो मनलाई ॥ ३८ ॥
हेरनाकन भनेर गयाको। आप्तजान पहिचान भयाको ॥
जोछतेस नजिकै जिव आई। पूर्वरूप झलकाउनलाई ॥ ३९ ॥
साफसाफ सवसंझि अघीको। छाँटकाँट पहिरन् शरिरैको ॥
सोबमोजिम गराउन लाई। मुस्किलै हुनगई जिवलाई ॥ ४० ॥
देखिन्या कसइको जियभद्दा। छाँटकाँट वरनै पनिमन्दा ॥
चारपाँचपटकै जिवआई। पष्टसक्कछ रुपैलिनलाई ॥ ४१ ॥ *
जउनचालले हामनी सितार्। फुलटपेनु फेर्वासुरी गितार् ॥

वहुतदिन्छुटी फेर्वजाउदा । नमिलन्यासफा राग गाउदा ४२
दिनदिनैवंढी रक्तभोजसै । अघिअघीझञी हुन्छठिक्तसै ॥
उहिसरीजहा रूपमापनी । जतिरक्तभयो जान्छठिक्वनी ४३
कसइकोभन्या एकपल्टमै । स्वरुपदेखिन्या साफसाफनै ॥
सकलजीवको एकनासको । नभइशक्ति धेर्चालदेखियो ४४
फेरिजिवअरको प्रकटैभै । सो बटेकिसनका नजिकैगै ॥
देखिनाकनगयो रुपएकै । दाह्रिदेह वनवट् पनि एकै ॥ ४५ ॥
सो खडा जव भयो उहिवेरै । वावुको सकल मिल्दछधेरै ॥
भन्दिञात मञिले अघिवाँटै । अड्कलैगरि मिलायरछाँटै ४६
धेरईदिन विछोड भयाका । आप्तमानिस प्रवास गयाका ॥
एकईदम अचानकमाहा । ज्वास्सभेट हुनगो जवताहाँ ॥४७॥
हर्षहुन्छ दिलमा जुनचाल्को । बाबुका हृदयमा उहिचाल्को॥
हर्षका उदयभै हँसिलोमुख् । लाइसंभ्रमससमेत गरीखुप् ॥ ४८॥
भाइहोभनिभन्या जवउन्ले । फेरिसोधनिगऱ्याँ तवमैले ॥
भाइमापनिइहुन् कुनचाँही । साहिलोभनिभन्या तवताहीं ४९
सोहिहूँ मभनि जीवपुरुष्ले । अङ्गिकारहिगऱ्या झञिसिलें ॥
केहिनाम्रितभयेर बुझायो । येतिकामगरिताहि बिलायो॥ ८५०॥
फेरिहामि अरका पटकैमा । हेरनाकनगञौ अरकैमा ॥
देखियो चमतकारजहाँझन् । हेरदाअझखुसी हुनगोमन्॥५१॥
सुन्दरी रमणियेक वटूकै । हाजिरै खडिथिइन् नजिकैगै ॥

हामिहेरु उनलाइ नदेखन्या । धामिमात्रसहजै सितदेखन्या ॥
एहिकारण बटूकनहेरी । धामिभन्दछ सफासित फेरी ॥
प्रेमसूचनगरी सुकुमारी । हेर्दछिन्नजरले इनिनारी ॥ ५३ ॥
छन्पछाडि नजिकैभइतिम्रा । वस्त्रछन् बहुतसुन्दररराम्रा ॥
चिन्दछौकितिमि इन्कनअैहे । नेत्रकाअघिनभै कनकैहे ५४
चिन्दथ्याँ मतभन्या बटुजीले । फेर्तहाँयतिभन्या गुणिजीले ॥
हेरई युवति सुन्दरिनारी । बस्त्रओढि पहिरी कनसारी ॥ ५५ ॥
भन्दछिन् अघिकुनै दिनमैले । ल्याइ येकाचिज केहिरसैले ॥
त्यागनगर्नु यसलाइ कहीले । लाइदिन्छु जियमात अहीले ५६
प्रार्थनायति गरेरपहीले । जोदिन्या उसकनैत कहीले ॥
छाडदाभुलपरी चिजलाई । नाखुसै बहुतभै कनल्याई ॥ ५७ ॥
गर्दथ्याँ विनय पैह्लनलाई । लाउथ्या इपनी फेरउसलाई ॥
साथमै उचिजदेखि अहीले । फुल्नगो हृदयपद्म खुसीले ॥ ५८ ॥
योकुरोबहुत गुह्यरह्याको । दूइदेखि तिनमा नगयाको ॥
भन्दछिन् इयहिवात विचारी । सम्झलौ तिमिपनीत विचारी ५९
पूर्ववृत्तयसरी सुनिबाबू । भैगया छकितभै कनकाबू ॥
स्नेहपग्लनगयेर भिज्याको । कोमलैहृदय भित्ररह्याको ८६०
चित्तलाइ झलकाइ बटेजी । भन्दछन् सकलहालत सम्झी ॥
प्यारिहुन्इत अवस्याहि मेरै । सम्झदा विरहलाग्दछ धेरै ॥ ६१ ॥
केहिबर्ष अघि माइतवाटै । आफनी जननिका भइसाथै ॥

कामरूभगबती चरणैमा । पुग्दछूभनिचिताइ मनैमा ॥ ६२ ॥
ब्रह्मपुत्रनदिका तिरमागै । सुन्दरैजुनछसो मणिपुरैं ॥
वीचमैअवप्रसङ्ग अड्याई । दीललाइपनि वाहिपुराई ॥ ६३ ॥
माइकाचरणमा मनलाई । केहिलेख्तछुअहा मरमाई ॥
लेख्नपाउनुपनीत उनैको । श्रिफ्कृपाहुनगई मिलिगैगो ॥ ६४ ॥
वावुलेशिवाजिलाइत भन्दा । सुन्नलाइनसकी पतिनिन्दा ॥
दक्षयज्ञविचवल्न गयाको । अग्नीमापरिपनी नजल्याको ६५
श्रीसतीशरिरलाइत वोकी । दौडदाविरहले शिवयोगी ॥
योनिभागझारिगो जुनठाऊ । कामरूपिठभयो तवनाऊ ६६
भगवतीसतिको गुपतीझरी । सकलपीठ उपर्भइयोधरी ॥
मणिपुरैमणिद्वीप समानको । भइजगत्जननी अहिवस्नुभो ॥
जतिजतीथलमा शरिरैझऱ्या । तिनिसवैचउरासि पिठैभया ॥
जगतकीजननी भवमोचनी । रविविरञ्चि हरीहरपूजिनी ६८
शिवजिकी अतिप्यारि सधैंभरी । रहनुहुन्छअहा पृयलेगरी ॥
सकल मार्गिजनैहरुकोपनी । सहजसिद्धिदिन्या पिठयैभनी ॥
बुझिलिनूजनले जसलेअहा । शिरझुकाइलियो चरणैमहा ॥
उहिघरी उसका मनमाफिको । गरिदिन्या पहिलापिठयेहिहो ॥

अथमहामायास्तोत्र प्रारम्भः ॥

जननिको अगमैमहिमा कहाँ । मलिननिन्दित मेरिमतीकहाँ ॥
तइपनी जननी रहैरगरी । तनमनै जनधन् अरपणगरी ॥ ७१ ॥

गरछुकेहितुती जगदम्बिके। अधिकअल्पमती गरुँधर्मके ॥
सकलताडिफ गर्नशिवैअनी। बिधिरबीहरि हस्सपन्यांभनी ७२
गरछवेद वयानगुणैभरी। हजुरकोमहिमा सवहर्घरी ॥
विषयकोरसमा दिलफस्नगै। गरुँकसोरि बयानअजानभै ॥ ७३ ॥
कसरिपामर पापिममाथियो। जननिको अतिकोमलदीलभो ॥
समझिनाकन जानुभयोजहाँ। उसइयेतिपनी मिलथ्योकहाँ ७४
फगतसम्झिलिया पनिझट्गरी। मनसहज्हुनजान्छ फटिक्सरी॥
अझकली विचभाक्तिलिईअती। समझनागरन्या जनकोगती ॥
भनिनसक्नुहुदा अमरैपनी। भजदछन्गति सोहिमिलोस्भनी ॥
फगतनामलिदा हुदिजन्जती। तरिगयासहजै कतिहुन्कती ७६
चरणपङ्कज सेवककादुखै। हरिलिन्या छिनमा दिइचित्सुखै ॥
नजरसामुनभै पतियारक्यै। नगरन्याभवका सवप्राणिकै॥७७॥
मनविषे पतियार्दृढपर्नगै। गरिलिउन्भजनै यसनिंतिनै ॥
बरषमायकबाजि अझैपनी। रजहुदैछऋतू धरमैवनी ॥ ७८ ॥
परशुपद्म त्रिशूलगदाशुधा। अभयशङ्खअसी करमाहुदा ॥
बहुतशोभिनगै निलपर्वतै। उपरराजभयो तिननेत्रभै ॥ ७९ ॥
हृदयमाजसले यहिरूपको। गरछध्यानउही जनमुक्तभो ॥
फगतसम्झिलिया पनिचित्तको। कलुषभावगई कनशुद्धभो ८०
जगतवस्गरन्या बलबानलोभ्। हृदयमानलिई कनकामक्रोध्॥
जुनमिलोस्भनि योगिगरेरयोग्। बिषसमानबुझीबिषयादिभोग्

भरजनमजसको पछ्यडालिई । दिनबिताइलिन्या मगनैभई ॥
तइपनीतिनलाइ पतासबै । मिलनमुस्किलहुन्छ यथारथै ८२
दुदमहा घिउमाफिकझैगरी । हजुरही रहन्या जगतै भरी ॥
नयनदेखि हजु भंइधेर्पंरै । हजुरही रहन्या दिलभीतरै ॥ ८३ ॥
तिनत्रिकालमहा पनिनासभै । त्रिगुण हीनहुँदा रुपहीनभै ॥
रहितरूपहुदा अझनाम्नभै । अनगिनीरुपनाम हजूरभै ॥ ८४ ॥
हजुरकोमहिमा गजबै भनी । गरछबेद बयान अजान्बनी ॥
अगमचित्सुखदायक रूपिणी । चरणसेवककी भवहारिणी ८५
धरम छिन्नभयो भवमाजसै । धरम थापन गर्नभनी तसै ॥
जगतमा हजुरै अउतार्लिन्या । समझदा दिलकोदुखहर्दिन्या ८६
जगतयोपइदा गरन्याहजूर् । जगतकी परिपालकही हजूर् ॥
प्रलयकोपनिकारण फेर्हजूर् । जगतदेखिफरक् पनिफेर्हजूर् ८७
जगतयोछसबै हजुरैमहा । कहिनसक्नु प्रतापहजुर्महा ॥
पुरव उत्तर दक्षिण पश्चिमै । अधर उर्ध्वर आमनयै सबै ॥ ८८ ॥
कउलबामर दक्षिणमार्गले । पसुरदिब्य अनीबिर भावले ॥
सपदकोटि प्रकार बिधानभै । गरछतन्त्रबयान हजूरकै ॥ ८९ ॥
जगतका रुपनाम जतीसबै । तिपनिजानि हजूरहिका रुपै ॥
गगनजल्पवनै अगनी भुमी । हजुरयेकाहि जानि ऋषीमुनी ८९०
हृदयभीत्रपनी हजुरैभनी । गरदछनतहिध्यान भजन्पनी ॥
जवतबालख खेल्प्रयासले । थकितभैकन भोजनआसले ९१

१ सत्व रज तम

जननिकानजिकै पुगछन्जसै। भरदछन् सवपेटपनीतसै ॥
असलकम्सल पुत्रविचारक्यै। जननिमानहुन्या समभावभै ९२
फगतमैकसरी फरकैभञा। अवकृपानभया म डुवीगञा ॥
छइनकोहिअधार हजुर्सरी। जगतमाय्सले शरणैपरी ॥ ९३ ॥
विनतिगर्दछु पाउमहाहजुर्। कुपुतकोपनियो सुनिवस्उजुर् ॥
बिधिबिधानपुजा कहिलेपनी। सकिनगर्नसधै दुखियाबनी ९४
जपतपैनियमै जतिछन्सवै। हुनसकेन मबाट भजन्कवै ॥
छइनज्ञानपनी मनमारती। बिषयमाअति लोभिनगैमती ॥९५॥
बसिबसीकन नामलिनैपनी। फुरसदैहुनगो बहुतैकमी ॥
भजनगर्नुपनी कसरीतहाँ। फरकछन् त्रिगुणैहजुरैमहा ॥ ९६ ॥
हरिबिरञ्चि महेशहरूपनी। हजुरका गवैर नरहुन्भनी ॥
गरछवेदबयान बिचीत्रको। सकलजानिलिन्या जगमाछको ९७
रूपैमा बसभै उडेर पुतली बत्तीविषे मर्दछन्।
शब्दैमा अतिलुब्धभै मृगहरू जालमा परी फस्दछन् ॥
वीचार्सुन्न्य हुदा चरा गगनका पास्मा परी विक्तछन्।
खालीपर्स पियारभै गज हरू बन्धन् विषे पर्दछन् ॥ ९८ ॥
लोभैले बलसी निलेर जलका माछा हरू मर्दछन्।
रस्मै वस्हुनगै भ्रम कमलफुल् भीत्रै कएद् पर्दछन् ॥
इन्मध्ये यक मात्रनै कुलतले मर्न्या सफा देखियो।
ईसब्बै ब्यसनै लिन्या भइ मता बच्छू कसोरी अहो ॥ ९९ ॥ *

पाछिपछीगरदै गरुँलाभनी । वितिगया अनगिन् जनमैपनी ॥
पउनफेरिलिदा जुनवाहिरै । निकासिगो उहिफेर्फिरिभीतरै १००
पसनआउछ भन्नु कऊनभर् । तइपनीमनभुल्दछ वेफिकर् ॥
वदरयोभवसाफ्सदरैनहो । भनिगन्याजतिकाम् विफलैतभो १
बाञा लोचन रेफचन्द्र पहिला अक्षेर लाई जपी ।
धारा माफिक गद्य पद्य छुटन्या हैजान्छ सिद्धै कवी ॥
वाञा कान् अनि चन्द्रका सहितको ईशान जो जप्तछन् ॥
कन्दर्पै र कुबेर वाक्पति हरू लाई सहज् जित्तछन् ॥ २ ॥
आधाविन्दु रकारका सहितको श्रीकन्ठ वाञा नजर् ।
जोडीजो विजवन्छ यस्कन जपे साह्रै प्रसिद्धै जवर् ॥
सिद्धैभै कन किर्ति नाम यसखूप् फैलाउछन् लोकभरी ।
इन्द्रै माफिकको भयापनि रिपू हात्जोर्छ पाऊ परी ॥ ३ ॥
आलिढ्ले शवशम्भुका उपरमा राजे हुन्या नग्नभै ।
मुर्दाका करकोछ दिब्य लहँगा छन्नेत्र तिन् अग्निझै ॥
मुर्दा कुण्डलझै गराइ मुडकै माला लगाई अनी ।
जिभ्रोझारि फिझारि केशशिरका कालाग्नि तुल्यै वनी ॥ ४ ॥
ब्रह्माण्डै सव धारणा गरछुमै गर्छू मदण्डै भनी ।
द्योतन् गर्नर भक्त दुष्ट हरुमा आह्लाद त्रास्होस् भनी ॥
झुन्डाई मुड वाम वाहुलि महा लीई कृपाणै पनी ।
भुक्ती मुक्ति दुवै मदिन्छु डरक्यै पर्दैन मान्नू भनी ॥ ५ ॥

दाञा वाहुलिमा वरैर अभयै मुन्द्रा लियाकी पनी ।
शोभिन्छन् मुख पद्मका दुइ तरफ् रूधीर धारा पनी ॥
मुर्दाका सिर हाड खोड हरुले भर्पुर्भई स्याल् कुकूर् ।
घुम्न्या चौतरफै खुसी आति भई मन्मा हुन्या भारिडर् ॥ ६ ॥
यस्तो घोर मशानको हरहरी बल्दो चिता अग्निमा ।
माहाँकाल सगै रती बिपरितै गर्न्या दयाकी सिमा ॥
योध्यान्‌ले भुगती मिली कन ठुलो स्थूलैर सूक्ष्मै अनी ।
कारण् बन्धन टुट्नैगै कन जिवन् मुक्तैत हुन्छन् पनी ॥ ७ ॥
दशरचारभुवन् भरिमासधै । हुकुमतैगरन्या हजुरैसवै ॥
अरजिगर्दछु खासजुनाफमा । कपटकेहिनली कनदीलमा ॥ ८ ॥
जातिजतीकसुरै मञिलेगर्‍याँ । सकलमाफहवस् शरणैपर्‍याँ ॥
अवउपर्दुखका कलमैजती । लगतकाटिनगै नरहुन्रती ॥ ९ ॥
परिगञाछुमता भ्रमजालमा । मनमृगैनफसोस् जनजालमा ॥
हजुरकोजसमा हुनगोदया । मरणजन्मछुटी कनपार्भया १०
क्रीयाबती ब[1]रण वे[2]ध कलावतीभो ।
शाक्ताऽभिषेक विजया पुरणाऽभिषेक्‌भो ॥
वैदीकको अवभृतै पानि स्नान जुन्हो ।
कौनैपनी हुन सकेन अहो गजब्‌भो ॥ ११ ॥
अन्तर्यागर दूतियाग अनिफ कर्वीर आदी कुनै ।
यागै गर्न सकीन लोक जननी प्रारब्धले हीनभै ॥

१ वर्णमयी २ बेधमयी

श्रीसूर्योदय देखि ली उदयतक् गर्न्या क्रमैले अनी ।
श्रीसूर्योदय देखि अस्त तलकै गर्न्या क्रमैले पनी ॥ १२ ॥
सक्तोभैन पुरश्चरण् गरन क्यै अहङ्क्रहै ध्यान् गरी ।
सक्तोभैन निरङ्कुशा तृपतिफे पाँऊँन केही गरी ॥
चाण्डालीनि भनेर नाम जसको यस्तो अवस्था पनी ।
जसप् ध्यानगरी सकीन माञिले पाऊँन कैह्ले पनी ॥ १३ ॥ *
जगतमा माञिलेचउरासिलाख् । रुपलिञा नटमाफिमयेरखास्॥
तइपनीबकसीस मिलेनक्यै । अवतभन्दछु माइममाथियै १४
हजुरनाचनजर्गरि खुस्भया । बिढङ्कोनटमा गरिक्यैदया ॥
उपरकोदरजा चढनैमिलोस् । जुनमिलीनटकामसवैछुटोस् १५
दिलप्रसन्न गराउन नाचले । सकिनछू त भन्या दुरभाग्यले ॥
गरनुहोसमलाइत खारिजै । मपनिबस्छु खुसीसितपारिगै १६
फरकन्या पनिथीनमताबरू । सकिनखूसि गराउन केगरू ॥
यह्नुद्दिपारासिफारासिक्रिश्चियन् । जइनबौद्धकाविर्जतिपान्थिछन् १७
सकलतीपनि येकाहिसावले । हजुरमैमिलछन् समभावले ॥
जगतका सवजीव चराचरै । हजुरकै भरमा हिडछन् सवै ॥ १८ ॥
जनंकरेतमहा रहिकोहिदिन् । मिथुनधर्ममहा बहियेकादिन् ॥
जननिकागरभै विचपस्नगै । थइलिभित्रवसी महिनादशै १९
करमले गरदा मुसुकै चढी । कठिनकष्टसहेर तहीबढी ॥
जातिजती बढदैचइतन्यगो । उतिउती दुखधे बढदै गयो ॥ २० ॥

१ बाबु

आमा खादि भइन् जउन् जउन चिज् त्यस्को रसैनाभिको।
छीद्रैवाट ग्रहण् गरी उसइले रक्ष्या भई जीवको ॥
वाच्यौँ दुख्ख सही सही उदरमा साहै सकस्मा परी।
रक्ष्याभै वाढिंगै गञा हजुरकै खाली कृपाले गरी ॥ २१ ॥
खायाको परिपाक गर्न अगनी पेट्मा बली हर्घरी।
पाक्यौँ हर्दम मातृका उदरमा आलू उसेने सरी ॥
गोर्खेलौरि कसेझञी शरिर सब् खुम्च्याइ डल्लो परी।
चलमल् गर्न नपाउदा अझ तहाँ वाधा हुने वेसरी ॥ २२ ॥
भागीजान पनी हुदैन शितलै गर्न्या पनी छैनक्यै।
जस्तो कष्ट भया पनी सहिसही वस्नू पर्‍यो गर्भमै ॥
त्यस्ता कालमहा पनी हजुरकै भारी कृपाले गरी।
वाचीजन्म भयो वडा कठिनले जुन्काल सोहीघरी ॥ २३ ॥ *
रगतकोथलमा दुदवन्नगै। उहिपिई क्रमले जियवढ्नगै ॥
वचनवोलन तागतहीनभै। चलमलै गरन्या समरथ्नभै ॥ २४ ॥
वहुतकष्टसह्यो यसजीवले। मतलवै मनको पनिभावले ॥
नसाकिसाफ वुझाउनक्यैगरी। फगतरोइलिन्थ्यातिर वलगरी २५
लाम्खुट्टे उपिञा उडूस जउँरा कोमल् सरिर्मा अती।
टोक्छन् भन्न सकीन्न वाक्य नफुटी चल्दैन केही गती ॥
उत्तानै फगतै सुतेर दिनरात् फर्कीन कोल्टे पनी।
यस्तोभो यसठाउमा मकनमोक्ष् लाग्योत भन्ने पनी ॥ २६ ॥

कौनैहालतले बुझाउन सबै तागत् नभै येक् रती ।
लाचारी भइ भोगदो पनिभञा आपत् परेका जती ॥
जस्तोकष्ट सह्याँ मवालख भई कोमल् हुनाले गरी ।
माताको निगहा भईकनतहाँ बच्तोभञा तेसरी ॥ २७ ॥ *
पयरहातभरै हिँडिवालभै । हजुरकैभरमात जवानभै ॥
मदनमत्तभञा मञिहुँभनी । घटनगैअवसो बञिसैपनी ॥ २८ ॥
अधबञीसभञा मतदिन्दिनै । सह्नसम्मसह्याँ दुखछिन्छिनै ॥
परिगयाअरुबिघ्न पनीजती । टरिगयातिपनी नरहीरती ॥ २९ ॥
हजुरकैनिगहा भइबाचियो । नहितबच्न समर्थकहाँथियो ॥
समाझिकष्टसबै जियकारउँ । अझखडाहुनजान्छ कतीकहूँ ९ ३०
कत्रो निगाह मउप र्जननी हजुर्को ।
रक्ष्यागरी हरघरी बिपदादि दुर्भो ॥
वेमत्लवै गरनु हुन्छ दया ममाथी ।
सोरिन् कसोरि तिरनै शकनू भवानी ॥ ३१ ॥
सम्झी लिया पनि हजूर प्रसन्न हून्या ।
सोसमझना पनि मबाट हुदै नहून्या ॥
साह्रै कृतघ्न अतयेव म आफु लाई ।
धिक्कार दिन्छु दिलयो बहुतै दुखाई ॥ ३२ ॥
तार्बिज् दुई सतरि स्पर्श मणीर चौथो ।
चिन्तामणी पनि मिलाइ जगत् भरीको ॥

सीमा अजोडि मनुराज् कन जोतजप्छन् ।
सीमा भई जगतले भजिन्याति हुन्छन् ॥ ३३ ॥ *
नजलैं देखिन्छन् जतिजातित तारा गगनमा ।
तिभन्दा टाढाका दुरबिन लगाइ सहजमा ॥
नजरौंच हुँन्छन् अझ अति बढीया दुरबिनै ।
लगाई हेर्दामा बहुत परका साफ झरिलै ॥ ३४ ॥
नजर्कै देखिन्छन् यहि रितगरी दुर्बिन जती ।
असल्हूँदै जाला वहुत परका झन् उति उती ॥
नञा तारा धेरै नजर आघिहोलान् झलकदै ।
यकेक् तारा सारा पृथिवि भरभन्दा अझ ठुलै ॥ ३५ ॥
यकेक् लोकै जानी कन हजुरको श्रृष्टि कतिहो ।
भनी खोज्न्या वेबुझ् मनपनि अती कायल भयो ॥
यकै सेकिन् मासब् पृथिवि कन सात् पल्ट घुमन्या ।
छिटोबेगै तेज्को गणित हरु बाटै निकसन्या ॥ ३६ ॥
अघी श्रृष्टी देखी अझ तलक देखाह नपरी ।
नञा तारा जोजो नजर आघि हुन्छन् यस घरी ॥
इनैका तेजैको पनि गतिभई ठिक् उहि सरी ।
लिई आकास्मागैं अझ तलक आई खर खरी ॥ ३७ ॥
अहीले मात्रैई नजर आघि हुन्छन् यदि भने ।
गगन्कत्रो श्रृष्टी अनागिनि सवै लोक अडने ॥

अनन्तै लोकैमा अनगिनि सवै प्राणि हरुले ।
अनन्तै कालदेखी जति गरि लिया हर्तरहले ॥ ३८ ॥
अनन्तै चालाका शुभ अशुभ कर्म्मै हरु सवै ।
हिसाब्मा साफ्साफै रहि कन खडानै भुलनभै ॥
सवै जिव्ले आफ्नै करम अनुसा ठिक्ठिक सवै ।
फलैको भोग्गर्छन् जनानि नहुन्या भुल्चुक कवै ॥ ३९ ॥
अटल् वन्दोवस्तै जगत भर देखी हजुरको ।
हजुर्मा बीश्वासै अटल नहुनू भारि भुलहो ॥
नज नाक् कानै हात् चरम चरणै इन्द्रिय सवै ।
शरि धारी सव्को भइकन पनी येक रितकै ॥ ९४० ॥
अनन्तानन्तै सव् भुवन भरका प्राणि सवकै ।
स्वभावै आकारै करम रुचि रूपै फरकभै ॥
नमिल्दा यौटाको अरुसित यसैले हजुरको ।
अहो कत्रो कारीगढि भनि दिलै छक्क हुनगो ॥ ४१ ॥ *
तारा सारा निराधा गगन बिचमहा आपसैमा परस्पर् ।
आकर्षण् शक्तिलेनै अडिन गइ सवै घुम्दछन् तीबरावर् ॥
यस्तो बिज्ञानबादी गरिकन अनुमान् भन्दछन् खुप् बिचारी ।
प्रत्यक्तारा सवैहर्किसिम किसिमले घुम्दछन् बेगधारी ॥४२॥
आपस्मा बेहिसाव्भै कुनञि वखतमा ठक्कैर क्यै नलागी ।
कैयक् ब्रह्माण्ड घुम्छन् जननि हजुरको भन्नु कत्रो चलाकी॥

मैलेयो कर्मभूमी विचनर जनमै पाइ पुण्यै प्रभाव्ले ।
तन्मन्लाई हजुर्को भजनतगरनै लाइ कौनै प्रकार्ले ॥ ४३ ॥
सक्कै सक्कीन अम्बे तरपनी अघिजुन् पुर्व पूरूष मेरा ।
थीया तिन्मध्यमा हे जननि हजुरका पाउको येकफेरा ॥
जस्जस्ले ध्यान् गरेथे उनहि भगतका बङ्शकैहो विचारो ।
भन्न्यायेही हिसाब्ले समझिउँ मपनी दीन दूखीभयाको ४४
घ्यू तेल आदि वरता उ विना झरीलो ।
हर्दम् प्रकास भइ केहि उठी सुरीलो ॥
मार्तण्ड कोटि सरिभै कन दील लाई ।
कोटी शशी सरि सितल् गरन्या फुल्याई ॥ ४५ ॥
हावा रहीत थलको दिपमाफि यक्नास् ।
बल्दैछ जोति मुटुभीत्र लियेर अब्कास् ॥
जस्लाइ देखि हुनजान्छ अम संरासर् ।
नाघेर जान्छ सहजै सनसार सागर् ॥ ४६ ॥
आँखा भईकन पनी यसलाइ मैले ।
देख्नै सकीन अझसम्म पनीत कैले ॥
आफ्नै शरीर विचमा दिन रात् वरा वर् ।
आफै जापिन्छ जुन मन्त्र सहज् खरा खर् ॥ ४७ ॥
सङ्ख्या एकाइस हजार्छसये भयाको ।
मन्ले फगत् गनिलिया सबपाप् गयाको ॥

मानीस छल्छ यमको अतिभारि फन्दा ।
रात् दिन् यसै तिरमनै दिइमात्र गन्दा ॥ ४८ ॥
मैलेत मन्भइ सकै नसकेर गन्नै ।
कुन्हाल हुन्छ अवलौ सकतीन भन्नै ॥
यैमन्त्रलाइ अजपा भनि योगिभन्छन् ।
यैमन्त्रका तरफ ध्यान दियेर तर्छन् ॥ ४९ ॥ *
कमल्डाठभाच्दावहूतैमसीनू । जउन्चालकोसूतनिस्कन्छझीनू॥
जउन्नाडिहोब्रह्मनाडीकह्याको । यसैभित्रसाह्रैमसीनूरह्याको ५०
उहीचित्रिणीसूत्रलेगाथियाको । अतीतेजिलोवर्णमालावन्याको
वहुत्जोरहावावहीहाल्लियाको । ध्वजामाफिकोचञ्चलैखुप्भयाको
मनैमिर्गलाईफसायेरवन्धन् । गरीराखन्यायेहिंमालाछभन्छन् ॥
रह्याकोछमालायसैदेहभीत्रै । यसैलाइजप्न्याभयासप्पवीत्रै ५२
यसैमाफसाई थिरैभोजसैमन् । अणिमादिसिद्धीसवैपूर्णहुन्छन् ॥
भनीभन्दछन्ज्ञानियोगीरमाई । यहीजप्नसुद्धैकठिन्भोमलाई ॥
जउन्प्वालहोतालुकोतसमाहा । फिरायेरजिभ्रोपुऱ्यायेरताहाँ ॥
छुवायेरटुप्पैपनी किंल्किलेमा । अतीमग्नभै ध्यानभ्रूमाधरेमा ॥
नजर्वीचको भ्रूकुटीमाफुलेको । दुवैपत्रकोपद्ममा राज्भयेको ॥
सितल्चन्द्रदेखीचुह्याकोसुधारस् । गऱ्योपानजस्लेगरीइन्द्रियैवस्
दुवैकूलका पित्रि उद्धारगर्न्या । भईगोउहीजन्कहीलेनमर्न्या ॥
अमर्बारुणीस्वादलीनैकहीले । नसक्न्याभन्यापाइजिभ्रोमञ्जीले

आफैहुने शवदजो अनहद् कहेको ।
यक्नाशको हरघरी वजेंदै रहेको ॥
आफ्नैसरीर विचमा घननन् गरेको ।
घंटावजेर पछिन्याङ्ग सरीभयेको ॥ ५७ ॥ *
वीणाको द्रुतठोक झालतरना कामाफिको सुन्दरै ।
शब्दैभै मिडवाट निस्कन गयाको शुद्ध सात स्वरै ॥
भर्पुरै भयको विलं पदइको शब्दैझञी खूप् मधुर् ।
हूदैजान्छ मधूरमा झनमधु अत्यन्त मीठोमधुर् ॥ ५८ ॥ *
सोशब्दको स्वरअनेक प्रकार कोभै ।
रात्‌दिन् सुनेपानि मनै नअघाउने भै ॥
सुन्दासवै विषयकोत प्रपंचदेखी ।
मन्लाइ खैचिकन नास गराइ सेखी ॥ ५९ ॥
लीनैगरी शवदब्रह्म विषे मिलाई ।
हेलै अमर्गरी दिन्या झटजीव लाई ॥
आल्हाद हुन्छजुन शब्द सुनेर मन्मा ।
कानै भई कन पनी सवदै मगन्मा ॥ ६६० ॥
सुन्नै सकीन अझसम्म पनीत मैले ।
तारे मलाइ खुलनन् इनिमार्ग कैले ॥
जोजो वताइन गया इनिमार्ग माको ॥
येकै खुल्या पनि सुफल् नरदेहको भो ॥ ६१ ॥

सेवा भने हजुरको नगरी उहीले ।
अैले पनीं भजन गर्न सकीन कैले ॥
आफ्नू असल् दिनदिनै गरनाकि निम्ती ।
आफू भने हजुरमा गरदैछु बिन्ती ॥ ६२ ॥
योचालहो धुरतको तरहोस् निगाहा ।
पाउँम माफ अब हुन्न कसै जिराहा ॥
जस्तो सुकै कुपुतहोस तथापि माता ।
हुन्नन् कदापि उसकी जननी कुमाता ॥ ६३ ॥
जस्तै अघी पछि बिचै तिनकाल माहा ।
कैल्है पनी सरप भन्न सकिन्न जाहाँ ॥
डोरी विषे सरप भान भया झसिभै ।
कालत्रयै बिच बराबरि येक नासै ॥ ६४ ॥
घट्बढ् नभैकन अखण्ड भई रहेको ।
सम्पूर्ण सास्त्र हरुले रुप सत् कहेको ॥
तेस्तो स्वरूप बिचमा असदै भयाको ।
सन्सार भान् मकन हुन्छ गजब् भयाको ॥ ६५ ॥
जग्मग्गरी जगतमा झलमल् भयाको ।
घोरान्ध कार हरना कन बल्भयाको ॥
श्रीसूर्य्यको चमक भैकन लाट् कसेरो ।
देख्तैन केहि उहि हालत भोनि मेरो ॥ ६६ ॥

सारा जगत् भर प्रकाश भई रह्याको ।
वेदान्तले चिद् प्रकाश भनी कह्याको ॥
सोतेज काम नदिन्या भइगो मलाई ।
छाडेन अज्ञतमले अझ दील लाई ॥ ६७ ॥*
भूमिमा जल जतीसुकईहोस् । स्वादमापनिमिठो सितलैहोस् ॥
खानलाइनमिली जलचातक् । हुन्नतृप्तकहिले उहिमाफिक् ६८
सर्वत्र ढाकि परिपूर्ण भई रह्याको ।
आनन्द रूप भनि शास्त्र महा कहेको ॥
आनन्दभै मकन दुख्ख छदैछ भारी ।
विच्मै डुब्याँ मत नभैकन वारिपारी ॥ ६९ ॥
जीब्को स्वभाव सधञी सुख खोजनेभै ।
बृत्तीपनी सुखइ खोजनका निमित्तै ॥
साप्कोत जिभ्रई सरी छिनछिन् वरावर् ।
धाऊछ वाहिर तिरै नअडी सरासर् ॥ १७० ॥
हेर्दा छुँदार सुँघदा सुनदार खाँदा ।
आनन्द मिल्छ मनको पनि भाव पुग्दा ॥
सोसुख्खयी विषय कात पदार्थ देखी ।
हूदै हुइन जननी भयको कदापी ॥ ७१ ॥ *
यदिमजाइनञीत पदार्थमा । छतभनेकिन वेसपदार्थमा ॥
दिलअघाइ सक्यापछिसोहिनै । मधुरस्वाद पदार्थइबाटनै ॥७२॥

अघिसरीकिनहुन्न मजापुरा । यसमहागुठिलै छकियोकुरा ॥
निरसमज्बुतिहाड चपाउदा । कटनगैमुखशोणित आउदा ॥
समझिहाडफुटेर चुह्याझन्ञी । झनचपाउछश्वान मगन्भई ॥
जुनछआफ्नुअनूकुलसोहिचिज् । जवमिल्योतवखूसिभयेरजीव्
वास्तव्मा जुनखोज्दथ्यो उहिमिल्यो भन्ठानि अन्तर्मुखै ।
बृत्तीभै पुगदा कुटस्थ नजिकै आनन्द को अन्भवै ॥
केहीगर्छ तथापिजुन् चिजथियो खोजी गर्‍याको उही ।
पायाको नहुदा तलास उसकै गर्नैभनी झट्कही ॥ ७५ ॥
वृत्तीफेर्न अडेर धाउछ सधै बाहीरनै छिल्विली ।
हेतारे करूणार्णब हजुरको कृपा कटाक्षै मिली ॥
खाजेको खुदआफुले जउनहो पायेर सोही चिजै ।
कैह्लेफेरि नखोजन्या भइमता हूँला कृतार्थै सधै ॥ ७६ ॥
साडेतिन् फनका गुडुल्कि सर्पै आकार माफिक् वनी ।
देहैभीत्र रहेकि कुंडलिनिछन् आद्या जगत् व्यापिनी ॥
तिन्लाइ क्रमले उठाइ कन फेर्षड् चक्रका मार्गले ।
मस्तक् भीत्र रहन्छ जुन्कमल फुल्राम्रो हजार्पत्रले ॥ ७७ ॥
सोही पद्ममहा निवास गरन्या साक्ष्यात् चिदानन्द रूप् ।
आनन्दी शिवब्रह्मका नाजिकमा पौचाइ जोती स्वरूप् ॥
भेट्हूदा शिवशक्तिको मगनमा आनन्द पग्लीत झनू ।
सारस् अमृतजो चुहुन्छ उसको पानैगर्‍या मात्र जनू ॥ ७८ ॥

हैजान्छन् अजरामरै भनि बडा योगी शिवै भन्दछन् ।
त्यस्ती कुण्डलिनी उठाउन फगत् आफ्नै पउन्को चलन् ॥
जालन्धर् उडियान मूल इनको बन्धत्रयैले गरी ।
नाकैभैकन रोक्न छाडन पनी सक्दीन छीनैभरी ॥ ७९ ॥
हेमात जगदम्बिके भगवती जोहौ तिमीहौ भनी ।
सेवागर्न सकीन छिन्भर कबै यस्मार्गलेता पनी ॥
मेरू डण्ड खुलाइ आमनयमा पश्चीमले राम्ररी ।
धामैमा पुगनैसकीन मजिले रात्दिन् दृढाभ्यास्गरी ॥ ९८० ॥
साहैघोर कली विषे मनमनै गर्दा त खाली जपै ।
मात्रैले पनि सिद्धिहेरु जतिछन् हुन्छन् वसैमा सबै ॥
भन्छन् श्रीशिव तैपनीत मनले जप्ता सधै कान बा ।
आँखा बा इनमा दियेर यउटा साछी समेतै सफा ॥ ८१ ॥
आवागर्न्कन तोड्नलाइ मजिले सक्के नसक्का महा ।
साहै दुर्लभ यो मनुष्य जनमै पायेर शुद्धै त्यहा ॥
आहारा भय सुत्नु मैथुन इनै चार्मात्रले जन्मगो ।
मुर्खैका करमा त पर्समणिको पर्नू झनी व्यर्थभो ॥ ८२ ॥
पश्यन्ती र परा अनी बइखरी फेर्मध्यमा न्यासभो ।
वर्णन्यास र मुर्तिपीठ अनिफे श्रीकण्ठ न्यासै त भो ॥
षोढा मातृ षडङ्ग वीज अनिफे तत्वादि धेन्र्यास छन् ।
तिन्मध्ये सबमा सिरा अतिअसल् षोढाभनी भन्दछन् ॥ ८३ ॥

श्रृष्टी पालन नाश ई क्रमसितै अभ्यासले येसको ।
साक्ष्यात् ब्रह्म सदाशिवै सरिहुन्या देहैपनी जीवको ॥
मैले हातभईभईकन पनी न्यासै नगर्दा महा ।
मै आफै ठगिञा कसोगरि अहो चेतै नपाई ञहा ॥ ८४ ॥
आसन् स्वस्तिक भद्र पद्म कहिन्या चौरासिछन् तिन्महा ।
सिद्धासन्कन मूख्यजानि यसको अभ्यास गर्दा महा ॥
देहैमा रहन्या वहत्तर हजा नाँडी जतीको मलै ।
सोधीईकन साफहुन्छ सहजै चाहिन्न अर्को जलै ॥ ८५ ॥
ब्रह्मस्थान पुऱ्याउन्या अगमजो वाटो मुखैले थुनी ।
सुत्छिन्कुण्डलिनी सँधै मगनमा सर्पैसरीभै घुमी ॥
अभ्यासधेर गरेर आसनविषे चालन् गरी शक्तिको ।
वाटोलाइ खुलाइ सोहि नलको वाटोलिई मोक्षको ॥ ८६ ॥
साहै देदिपमान दिव्य निरमल् चीदम्बरैमा गई ।
सक्तोभैन विहारगर्न मञिले पाऊ सँधै सङ्भई ॥
हेमाता अवता म आजितभई रुन्छू सरण्मा परी ।
यौटै मार्गपनी खुलेन अझतक् जानू कसोरी तरी ॥ ८७ ॥ *
हज्जार विच्छिहरुले डसदा भयेको ।
कष्टै सहन्छ जिवले मरदा भयेको ॥
प्राणमै अपान झट मिल्नगयेर नादले ।
युक्तैभयेर अनि पश्चिम मार्गईले ॥ ८८ ॥

उङ्केरविन्दु सँगशुद्ध मिलेर ब्रह्म ।
रन्ध्रै महात पुगदा हुइजान्छ सिद्ध ॥
प्राण्ले विधी विसनु रुद्र इतीन ग्रन्थी ।
भेदन् गरी क्रमसितै गइधाम पौची ॥ ८९ ॥
फर्केर आउनु समेत सदा गरेको ।
हूँदार जानु परन्या मरि जुन्थलोहो ॥
तेस्मा अगाडि सहजै पुग्यकै हुनाले ।
योदेह त्याग गरदा हुदि योगि राज्ले ॥ ९० ॥
पर्दैन कष्ट सहनू जिउले रती भर् ।
पर्दैन केहि लिनु दील महा पनी डर् ॥
सात्वीक राजस र तामस तिन् गतीछन् ।
इन्लाइ नाघि जननी पदमात पुग्छन् ॥ ९१ ॥
अङ्गप्रत्यङ्ग आदी शरिर बिचहुन्या सप्तधातू सबैको ।
नाऊँछन् भिन्न भिन्नै म भनिकाहिन्या नामहो फेरि कस्को ॥
यस्को गर्दा विचारै हृदय विच कसै केहिलाग्दैन पत्ता ।
साह्रै आश्चर्य्य कारी जनानि हजुरको जान्न मुंस्किलछयत्ता ९२
नादचक्र विचसूर्य्यरहन्छन् । विन्दुचक्र विचचन्द्र रहन्छन् ॥
चक्रजोछअनहद्द उसदेखी । चढ्नगैसुषमणा विचफेरी ॥ ९३ ॥
क्षुद्रघान्टिविचको गरिद्धारै । दाखिलैहुनगयेर निधारै ॥
विन्दुलाइ रविज्योतिकिमाफी । देख्तछन् बहुतसुन्दरसाफी ९४

विन्दूअर्थात आफू दरसन जसको मीलन्या श्रिफ् कृपाले।
पाउँछन् दर्शनैसो ऋषि मुनिहरु सब् योग आदी क्रयाले ॥
माताकैह्ले हजुर्को भइकन निगहा आफुले आफु लाई ।
प्रत्यक्षै देख्नपाई कुनघरि महुँला खुप्कृतार्थै रमाई ॥ ९५ ॥*
फगत्मानिसैकोशरिर्यैकवाहेक्। पशूपन्छिकीरापतङ्गैलगायेत्॥
सवैकोशरिर्हुन्छतेर्सौवन्याको। यसैलेततिर्यग्भनीनाम्भयांको॥
गन्याकुण्डलीको चढाऊउतारू। बुढ्यार्जीमरन्जन्मरोगादिहेरू
सवैनासहुन्छन्इनैकुण्डलीको। चढाऊउतारुनिमित्तैनरैको ९७
शरीर्कोसिधा मेरुदण्डैहजुर्ले। वनाईदिनूभो दयाकातउर्ले ॥
चढाऊउतारूहरूकोप्रयोजन्। नभैकेहितीर्यैक्जुनीकाजतीछन्
सवैतेरसा मेरुदण्डैभयाका। हजुर्लैनतेस्तै वनाईदियाका ॥
जराजन्ममृत्त्यू नरैदेहवाटै। छुटीजाइजान्या हुनालेन्नृदेहै ९९
वहूतैतदुर्लभ् अमोल्कोठुलोहो। दिनैभर्भयाको सवैवेवहार्को ॥
थकाइसफामेटन्यानीदनैहो। निदैहुन्छसाधारणैदीव्यचाल्को॥
आँखाचिम्लि निदाउने निद पशू पन्छीहरूको तहो ।
आधाचिम्लि निदाउने निदतहो मानीसका निंतिको ॥
अन्तर्लक्ष भई पलक् नजरको गिनैंत वन्दै हुन्या ।
खूलानेत्र छतापनी बिषयको देख्न्या कलम् छूटन्या ॥ १ ॥
यस्तो साम्भविबाट योग निदरा पाथी मगन्मा परी ।
कालपास् देखि अलग् भई जनमको स्वार्थै समेतै गरी ॥

कोटिन् जन्ममरण् भई अनागिनी काल्देखि सन्सारमा ।
घुम्दाको जननी थकाइ कहिले मेट्नै समेत् पाउँला ॥ २ ॥
जउनचाल दिनाइचिलाउदा । वहुतमोज मिलेरकन्याउदा ॥
अघिभनेरतिभर्न अघाइने । मगनभैअति हर्षमनाइने ॥ ३ ॥
अलिकछीनपछीत भवाउने । चरचरीचहऱ्याइ टटाउने ॥
रहनजान्छ दुखैतजहाँतलक् । यसरिगर्दछ खेदवहातलक् ॥ ४ ॥
हुइनजोत कन्याउनु योग्यकां । उहिगऱ्याँमञिले अहिलेकुकां ॥
दुखितभैकन भन्दछ फेरिता । अतिठुलो भुलभो अवतामता ५
कुनञिचालगरेर कन्याउन्या । छइनहै भनि मन्कनवाँधन्या ॥
जवभवाउनकेहि मथर्भयो । अनिकन्याउन फेरि मनैभयो ६
जुनथियो अघिधैर्य विवेकती । सकलछाडि ढिलानगरीरती ॥
गरछसूरकन्याउन वेसरी । नजरचिलि मजा रसमापरी ॥ ७ ॥
सोहिमाफि अरुहेरु वितेका । देखतार अरु आइपरेका ॥
आँधिब्याधि हरुलेत दवाई । ग्रस्तपारि रहदा जियलाई ॥ ८ ॥
सन्सारलाइ अति तुच्छ भनेर जानी ।
वैराग्य क्षण्भर हुँदा भइपूर्ण ज्ञानी ॥
संझीट्वपल्छ हजुरैकन आँधिब्याधी ।
केहीघट्यो जवतविर्सि सवै उपाधी ॥ ९ ॥
जस्माछ खालि दुखमात्र भरीभयाको ।
सन्सारलाइ सुखमाफि बुझीमजाको ॥

तत्काल फेरि मन वेफिकरै भयाको ।
सन्सार लाइत वढाउन लागिगैगो ॥ १०१० ॥
लूतो निको गरिलिया त कन्याउदामा ।
हून्यामजा छुटन जान्छ भनेर पाल्न्या ॥
लूत्याहले सधइभर् दुखभोग् गऱ्याझै ।
दुर्भाग्यले ठगियको म भयेर साह्है ॥ ११ ॥
सन्सारको निबृतिले अवधी रहित्को ।
पाइन्छ सुख्खतर बुद्धि हिनै भयाको ॥
सोख्का निमित्त सनसार वढाइ उल्टो ।
भोग्गर्दछू दिनदिनै दुख धेर्प्रकार्को ॥ १२ ॥
देखाइ भान सुखको वहुतै ल्वभ्याई ।
केवल्दुखै जलधिका जलमा डुबाई ॥
राख्न्या नतोडि सकनू जननी हजुर्को ।
मायाकि जाल जुनहो उसमै फस्याको ॥ १३ ॥
दिन्दीन झन् अझमता सनसार माहा ।
लुब्धै हुदैछु फरकै हुन सक्छु काहाँ ॥
जाल् भीत्रको मछाडिलाइ जहाँ तलक्कै ।
झिक्तैन उम्कन कसै सकदैन आफै ॥ १४ ॥ *
कीतासद् बुद्धि जाँगर् वलसहित सरिर् आयू लामुर साहस् ।
पाउँमाता निगाहा भइकन कितती पायरै शुद्ध खायस् ॥

यक्जातै कयैनगन्र्या जनानि झट मिलोस् येसचाल्को अवस्था।
कीता देखाइ पाऊँ जनानि खुसिहुन्या कोहियक् दिब्यरस्था ॥
जवत जनानिदायो तेसवेला हजारन् ।
किसिम किसिम स्वप्ना देखिन्या पारि छक्मन् ॥
कुनाञि कुनाञि स्वप्ना येकबाजी भयेको ।
पटक पटक सोही देखिन्या ठिक् मिलेको ॥ १६ ॥
अउषधि मनु केही वातको अर्ति सुद्धै ।
स्वपनाविच मिल्याको हुन्छप्रत्यक्ष सिद्धै ॥
धनपनि मिलिजान्या स्वप्नलेनै गडन्तै ।
युवतिसित समागम् भैहुन्या च्यूतशूकै ॥ १७ ॥
इत्यादि अनुभाविप्रमाण बिचार गर्दा ।
झुटैनहो भनित मान्नु कसोरि स्वप्ना ॥
स्वप्नार जाग्रत दुई विचसत्त्य कुन्हो ।
भन्न्या विचार गरदा यहि निश्चयेभो ॥ १८ ॥ *
जाग्रत्को सवयो प्रपंच जतिहो जाग्रत् अवस्था विषे ।
स्वप्नाको पनिसो प्रपंच जतिहो स्वप्ना अवस्था विषे ॥
साचो मानिलिनू पर्‍यो किनभने जाग्रत् अवस्था विषे ।
स्वप्नाछैन कदापि फारिसपना देखिन्छ जुन्काल् विषे॥ १९ ॥
त्यस्मा जाग्रतका अनेक रितका छैनन् पदार्थै पनी ।
स्वप्नामा कँहि सानुठाउँ विचमा सोठाउँ भन्दा पनी ॥

बढ्तानै चिजवीज राम्ररि अटायाको सफादेखिन्या ।
जाग्रतमा पनि सिद्धहेरु परवत् भित्ताहरू नाघन्या ॥ १०२० ॥
काम्केही नगरेर भित्ति परवत् देखी उता पल्तिरै ।
पुग्छन् कष्टनभै सरासर उसै छेक्तैन त्यस्ले कसै ॥
घण्टा येक निदाउँदात निदमा कैयेक घण्टा अनी ।
कैयेक् दिन् वरसौ समेत वहुतै वीतेर जान्या पनी ॥ २१ ॥
केहीवेर निदाउदा वरषऊँ टाईम लागेरजो ।
सिद्धीने व्यवहा जती क्रमसितै सिद्धीइने सव् अहो ॥
स्वप्नामा महिनौ लगाइ कनजो कामै सिक्याको जती ।
ब्यूँझी जाग्रतमापनी गरदछन् सोसव् सिक्याको जती ॥ २२ ॥
वीत्याको स्वपना विषे जतिसुकै लामू नहोस् कालसो ।
प्रत्यक्षै फल देखदा सचभनी मान्नू समेतै पऱ्यो ॥
सुत्तामा वितिगो जऊन घडिएक् तेस्का हिसाव्ले तजो ।
स्वप्नामा अनुभव् हुनाकन गयो सोधेर काल्झूटभो ॥ २३ ॥
स्वप्नामा अनुभव् पुरातवरले धेर्कालको भोतजो ।
तेसैकात हिसावले सुतनमा वित्न्यात काल्झूटभो ॥
यौटा कात हिसावले दुतिय झुठ् अन्योन्य माहा भयो ।
येसैलेत सफा दुवै झुठरहे छन्भन्नु पर्न्या भयो ॥ २४ ॥
येसैले सनसार सव् झुटभनी हैजान्छ पक्का पनी ।
सारादेव मनुष्य लाइ अगणित् कालैत देखी पनी ॥

यस्तोझुट् सनसार साचइनहो भन्न्या पुरा मन्महा ।
बिश्वासै दृढपारि राख्न सकन्या कत्रो हजुर्को जहाँ ॥ २५ ॥
मायाको बलहो अहो बिधिहरी शम्भु लगायत् सबै ।
द्यौतादानब दैत्य किन्नर मुनी गर्न्धब आदी सबै ॥
हेमाये नपरी शरण् हजुरको मायाकि जाल्दोखिता ।
शक्तैनन् छुटनै कदापि जननी लाग्दैन काम सेखिता ॥ २६ ॥
श्रीबिद्ये जननी उपाय अरको देख्तै नदेखीकुनै ।
ब्रह्मारूद्र शदाशिबैर बिसनू ईसान् महाप्रेतभै ॥
पाऊमा रहन्या अमोल मणिको सिंहासनैका उपर् ।
कल्पैबृक्ष मुनी निबास गरन्या माता हजुर्को जवर् ॥ २७ ॥
कोटीसूर्य्य समानको जगमगै गर्न्या स्वरूप् मन्महा ।
समझी मन्अनि कर्मले वचनले पर्श्नेर भूमी महा ॥
शाष्टाङ्गै गरि दण्डवत् हजुरको पर्छु शरण्मा मता ।
माताको निगहा भयेनत भन्या हून्याभत्रा वेपता ॥ २८ ॥
पशूका बच्चामा कसइ कसईकात नजरै ।
नखूलेका हुन्छन् तिपनि जनमी सोहि छिनमै ॥
हुदैहोला येसैथल विचभनी जानि मनले ।
थुनैमा मुख्लाइ दुदपिइ लिन्या झट्ट रसले ॥ २९ ॥
कसैले येसोग र्नभनिकन केहीपशु जसै ।
जबानी पूराभो मदन ब्यवहा र्गर्छसहजै ॥

रऊँलम्वा ठण्डामुलुक विचका वस्तुहरुका ।
गरम् देस्का छोटा कसरि हुनगो रोम पशुका ॥ १०३० ॥
अजिर्णै पेटैमा जवत हुनगो यक् किसिमको ।
तृणैखाइ वान्तै गरि कुकुर हुन्छन् झट निको ॥
विसञ्चो भो पेट्मा जवत गजमाटो लिइ जुलाफ् ।
चलाई पेटैखुप् गरछ सहजै रोग जति साफ् ॥ ३१ ॥
वच्चा वनाउन फुलैकन येतिकाल् तक् ।
कोहल्नु पर्दछ भनेर वुझीउती तक् ॥
वथ्रा वसेर जतिगर्मि पुगेर वच्चा ।
हुन्छन् तयार उतिगर्मि पुऱ्याइ पक्का॥ ३२ ॥
फुलिभित्रभो अवतयार भनेर जानी ।
वच्चानिकाल्छ फुलफोरि चरा सफानी ॥
जस्ले जहाजि सफरै गरि कोहि पैह्ले ।
नक्सा खडा गरिगया उसलाइ अैह्ले ॥ ३३ ॥
सङ्गमा लियेर दिग्‌साधनलाइ फेरी ।
पात्रो दृगैगणितको पनि साफ हेरी ॥
जाहाजको सफर मानिस हेरु गर्छन् ।
पन्छीकती सहज सात समूद्र तर्छन् ॥ ३४ ॥
जाडो हुदा कुनाज्ि पन्छि समूद्र पारी ।
कयैदिन् वसी फरकि आउछ फेरिवारी ॥

दिग्भ्रम् हुदैन इनलाइ समुद्र तर्दा ।
आश्चर्य्य लाग्दछ विचीत्र विचार गर्दा ॥ ३५ ॥ *
पूर्णजोतिसिर सिद्धमुनीजन् । भाविवात अघिदाटइ देख्छन् ॥
तोकियाजतिकुरा उहिमाफिक् । गर्नुपर्छजिवले सवठिक्ठिक् ३६
सातैधातुछ देहभ तिंनमहा सव् भीत्रको बीर्य्यहो ।
तेस्भींत्रै जिवलाइ हाल्दछ कउन् जानी नसक्नू छयो ॥
यकिदन् फेरि उजूर केहि नगरी कस्का हुकुमले गरी ।
छाड्नू पर्दछ देहलाइ जिवले कीरायको घर्सरी ॥ ३७ ॥ *
अन्तर्ज्यामी भयाकी जनानि हजुरकै श्रीफ तार्तम्य वाटै ।
कार्खाना सव् चल्याको छतपनी अदभुत् योछकी खुव्अनौठै ॥
हुड्डियाऊँ चराले सगर कनसवै थाम्दछू मैभन्याझै ।
सारा गर्न्या मजोहूँ भनिकन जिवसुद्ध वन्धनै पर्छ व्यर्थै ३८
आफै मगर्दछु शुभा शुभ कर्म सारा ।
भन्न्या घमण्ड गरन्या व्यरथै हजारा ॥
योजीव कठ् पुतलि मात्र बुझेर अैले ।
मैवाट जन्म जनमान्तर मा हजुर्लें ॥ ३९ ॥
जेजे शुभा शुभ गराउनुभो उसैको ।
कम्सल् असल् फल सबै हजुरै महात्यो ॥
अर्पण् गरेर करजोरि मविन्ति गर्छू ।
अज्ञानि माथि अब होस निगाह भन्छू ॥ १०४० ॥

आजैका मिति सम्म काम् जतिभया भर्को जुनाफ् वाटनै ।
ठाडो फारख झट् मिलोस बबुरो श्रीडिल्लि सम्सेर्कनै ॥
जल्दो घोर अती कठोर यमराज्का सामु माहा गई ।
मञ्जुर्नाम कदापि गर्नु नपरोस् लाचारि साह्रै भई ॥ ४१ ॥
हजुरकोभजनै गरनूपनी । अनागिनी महिमाछ भनीभनी ॥
बुझिबुझीकनभज्ननसक्नुजो । अतिअचम्मजगत् बिचयेहिहो ॥
असलयोभनिजानि कनैपनी । नसकनू किनगर्नभनेअनी ॥
यसइलेमत भन्दछुमाइयो । सकलकामकुरा सनसारिको ॥ ४३ ॥
छइनस्वाधिनमा बुझियोपनी । हजुरकाबसमा जगतैभनी ॥
यदियसोनभया भजनैगरी । किनतजान्नजगत् सनसार्तरी ४४
आफ्नू उद्धार गर्ना निमतित जिवले गर्नुपर्न्या जतीहो ।
सोकौनै गर्नमैले सकिन तरपनी भाग्यका जोरलेयो ॥
आमा साहीनु लाई फगत यसइले तर्छु सन्सार सागर् ।
भन्न्या आसा लियाको जनानि हजुरमा गर्छुविन्ती बरावर् ४५
जस्लेयो स्तुतिपाठ भक्तिरसले गर्ला खुला दीलभै ।
ठूलोभाग्य भयेर सिद्धगुरुका मुखदेखि क्रम् पूर्वकै ॥
दिक्ष्या पाइ अहर्निसै भजनमा रट्न्या बराव भैई ।
चारैवर्ग समेत पाइरहला आनन्द मग्नै भई ॥ ४६ ॥

इति महामायास्तोत्रम्

स्वमतिमाफिस्तुती यतिभैगयो । सकललेखन तागतकोथियो ॥
विजसरीविचमा यतिपर्नगो । अवकथातिरमन् पनिफिर्नगो ४७

मांइकारजविषेत भिज्याको। कोसिसै अतिगरेर मिल्याको ॥
वस्त्रलाइकन जन्त्रगराई। लाइनैजुनदिइन् उसलाई ॥ ४८ ॥
वाजिवख्तभुलभै कनकैले। छाडदाहुदि नलायर मैले ॥
गर्दाथिन् प्रणयकोप समेतै। लाउँथ्याँमपनि सम्झितवेसै ॥ ४९ ॥
योकुरो फगत हामिदुवैका। दीलमा वसिरहेर कसैका ॥
कानमानपरि गुप्तरहेको। दोस्तलाइपनियो नकहेको ॥ १०५० ॥
सोहिचीजकन प्रेम रसैले। लायकैछु अझतक्पानि मैले ॥
येसले अवत निश्चयजान्या। प्यारिआइछभनी दृढमान्याँ ५१
बाबुका बचनयेतीखतम्भै। छक्भऔसवजना ताहि जम्मै ॥
दीव्यमुर्तिअरको अवआयो। वस्त्रले मुलुकयेहिजनायो ॥ ५२ ॥
रूपदेखिआति सुन्दर ताहाँ। कौतुकै अजवढ्यो दिलमाहा।
येसकोतसविरै खिचिदेऊ। मन्सुवायतिपुरा गरिदेऊ ॥ ५३ ॥
हामिले यसरि कोसिसगर्दा। तस्विरै खिचनमुस्किलपर्दा ॥
जुक्तिलेगरितँहा झिकिदीया। झन्अचम्म दिलमाभरिदीया ॥
ल्याइसो तसविरै प्रभुमाहा। हाजिरैगरिलिन्नौ अनिताहाँ ॥
पार्टिकासकलले तसविर्सो। चिह्नलाइबहुतै मुसकिलभो ॥ ५५ ॥
तस्विरै पनिथियो सवहाम्रो। चित्तलाइहरन्या आतिराम्रो ॥
केहिकारणवसै पृथिविमा। रूपकीरसिपकी भइसीमा ॥ ५६ ॥
जन्मन्या अमर पत्निसरीकै। नारिकैबहुत साफहुनैगै ॥
पैह्नैसकल साफन्यपाली। देखिनाकनगयो अतिभारी ॥ ५७ ॥

१ माहांगखि फेरी कथा जांडियो २ प्रेमसायको कोप

सोहितास्विर न्यपालइल्याई। धेरबर्षजियका जनलाई ॥
योक्कहोभनि द्यखाइलिदामा। देखिसो तसविरै उहिछिन्मा ५८
ईफलानिभनि नामवताया। झनूअचम्म सवलाइ तुल्याया ॥
धन्न्यईश्वर अपारमहीमा। लेखनूपनि कसोरिवहीमा ॥ ५९ ॥
येहिचालसित धेरहिताहाँ। देखियाअवति देखनुकाहाँ ॥
लेखिसाध्यनहुदा झिकिसारै। लेखियोसकल लेख्नछगाहै ६०
यस्मा कोहीदेखिन्या साफसाफै।
कोहीजिब्को देखिन्या खालि भावै ॥
यस्को कारण् भन्दछू कोहि ञाहा।
जस्तो जस्तो देखियो हाल वाहाँ ॥ ६१ ॥ *
यस्मा कती जिवहरू सवका अगाडी।
आयेर रूप झलकायर फे पछाडी ॥
जान्छन् तहीं अलपभै कन सामु माहा।
पर्नैपनी नसकन्या अझ कोहि ताहाँ ॥ ६२ ॥
कोहीत जीव हरुका मनमा डरैभै।
देखाउदैन रुपलाइ पनी तहाँगै ॥
आफ्ना जनै हरुभया पनि कोहिताहाँ।
वास्ता नराखि हिडन्या परि सामु माहा ॥ ६३ ॥
यस्तै हिसाव सित जीवहरू वरावर्।
तिनूचा पटक् भ्यटभया पछिफे सरासर् ॥

सङ्कोच छाडिकन दील खुला गराई ।
डर्भसमेत नलिई कन सामु आई ॥ ६४ ॥
जस्तो शरीआँघि थियो जिउदै छदामा ।
त्यैमाफिको हुनगई कन सव् कुरामा ॥
बस्छन् अघिल्तिर पनी अझ धेरधेरै ।
वेरैपनी क्रमसितै बढि फेर फेरै ॥ ६५ ॥
यैरीतले हुनगया सहवास धेरै ।
गर्छन् कुरापनि सवै सित केहिवेरै ॥
योकाममा अधिक ध्यानदिई अहोरात् ।
जोवस्छ सो सितभन्या गरछन् खुला वात् ॥ ६६ ॥
प्यारो मनुष्य शरिरै कन छाडि जाही ।
प्रारब्धका वसपरी मरिजाहि काँही ॥
कुन्ठाउमा जिवहरू गइ वास गर्छन् ।
कुन्चालको चलनको ब्यवहार गर्छन् ॥ ६७ ॥
यस्तो सवाल मजिले गुणिलाई गर्दा ।
दीया जवाफ निजले पनसाइ पर्दा ॥
जस्ता हिसाव सित पिञ्जड वाट पन्छी ।
उम्केर जान्छ खुसिभै नगरेर अल्सी ॥ ६७ ॥
पुग्दा विशाल गगनै विच भारि मन्मा ।
आनन्द मान्दछ उडी अधिकै मगन्मा ॥

योदेह देखि जिवनिस्कि गई गगन्मा ।
आनन्द मान्दछ खुला भइ धेर मन्मा ॥ ६९ ॥
वाहाँ पछी जिवहरू सव आफ्नु कर्मै ।
अन्सारको सुखदुखै जतिभोग गर्नै ॥
जान्छन् घुमी घुमिपनी उहिठाउँ माहा ।
भोग् गर्नु पर्छ जतिदीन वसेर जाहाँ ॥ १०७० ॥
कैजीव लाइ हरदम् यकनास् अँध्यारै ।
जग्गा विषे रहनगै हुनजान्छ गाहै ॥
यक्लै फगत् रहनु पर्दछ कोहि लाई ।
भेट्नै नपाइ कन आफ्तर साथि भाई ॥ ७१ ॥
कैजीवलाइ जियमा अतिभोग प्यासै ।
लागेर खान पिनको पनि धेर आसै ॥
मिल्दैन खान तिनलाइ पुरा दिलैको ।
भोग्गर्नु पर्छ इनले करमै फलैको ॥ ७२ ॥*
कोहिजीवहरु जाउँभनेका । ठाउँमापुकन सक् नभयेका ॥
योकुरोगरुभनी मनमाभै । गर्नलाइ नसकी कठिनैभै ॥ ७३ ॥
दुख्खभोगगरन्या जिवकोही । हाहकारगरन्या जिवकोही ॥
येहिरीतासित जीवव्हागै । कष्टभोगगरछन् दुखितैभै ॥ ७४ ॥
धेरैलोक विषे गमन् गरनको तागत् भयाका कती ।
जान्या तागतताछ भीत्र पसन्या शक्ती रहित्का कती ॥

सोखैले रहन्या कती जिवहरू आपत् परेका कती ।
माथिल्ला जुनलोक छन् तिनमहा भोग्गर्दछन् जिब्कती ७५
ओर्ह्लन्नन् तलतीर ती जिवहरू फर्कैर कैह्ले पनी ।
ताहाजान हुदैन कोहि जिवले सामर्थ लेभै कमी ॥
मौकापारी सुध्याउदा जिवहरू लाइ गुणीले तहाँ ।
भन्छन् तीपरलोक वासि जिवयै तिन्का अगाडी महा ७६
इश्वर्को माहिमा अपार हुनगै लोकै कतीछन् कती ।
तिन्माफेरि कहाँकहाँ चमतकार्छन्ती भयाभ र्जती ॥
हामीलाइ पनीतछैन सबको पत्ता रतीभ ज्हा ।
कस्तोहाल वताउँ हेगुणि पुरुष् भन्छन्ति जीवै तहाँ ॥ ७७ ॥
आफनूअसल कम्सलकाम्को । गर्नुपर्छफलभोग् यहिचाल्को ॥
भेटघाटजिवका सँगमायो । जौनचालासित येतिज्हाभो ७८
येसमार्थिअझ ईश्वरकोफर् । भैगयाहुदिकृपा बढलाधर्
भन्दथ्यागुणिहरू अतिशान्तै । चित्तवृत्तिगरि धैर्यसमेतै ७९
देहछाडिपरलोक गयाका । पुण्यपापदुइ साथिभयाका ॥
जीवहेरुकनजौनहिसाब्को । गर्नूपर्छव्यवहांर करम्को १०८०
शास्त्रमा जतिबयान रह्याको । सोसबैनजर सामुभयाको ॥
देखिजुन्तरहकाम तहाँभो । हामरोपनि अचम्मदिलैभो ॥ ८१ ॥
योमनुष्य शरिरैकनपाई । गर्नुवेस सुखभोग रमाई ॥
रिन्नगरीकनपनी घिउखाउँ । वेसबस्त्र जियमा पनिलाउँ ॥ ८२ ॥

देहयो जलिगया पछिफेरी । जन्मनू मुसाकिलैछ यसोरी ॥
औसरैपरिगयो जुनवेला । पुण्यपापनगर्नी उहिवेला ॥ ८३ ॥
गर्नुकाम् पछिहुन्या तितत्यस्तै । हुन्भनेरमनमा लिइयस्तै ॥
बस्नलायक रहेनछ जनूले । चेतनूहरघडी बुझिमनूले ॥ ८४ ॥
कामगर्छजनले जुनचाल्को । मिल्छत्यस्कन फलै उहिचाल्को ॥
भोगसोनगरी हुन्नकसैले । विन्तिगर्छु सबलाइ यसैले ॥ ८५ ॥
पुण्यपाप तिरद्दष्टि नलाई । बस्नुजो मगनभै उसलाई ॥
कालपास सरिको बुझिआफ्नू । शम्भूका भजनले भवकाट्नू ८६
सगर अति सफाभै दीन पन्ध्रै भयाको ।
पवन पनि बहूतै शीतलै भै रह्याको ॥
अलिकति ढिलहूदा औषधी गर्न लाई ।
शरिर सब विगान्र्या रोग लागी दवाई ॥ ८७ ॥
मुहलत तिन मास्को ली विदा हून लाई ।
इसमिथ पनि आया ठिक् यघारै बजाई ॥
अलिक छिन पछी सर्कर्जनै नाथ लाई ।
लिनाजि भनित आया साथली बग्गि लाई ॥ ८८ ॥
प्रभुजिपनि रथैमा शजभै प्रिन्स घर्मा ।
पुगनु पनि भईगो बग्गि खोली सहर्मा ॥
जति जाति चिज उन्का निमति कोसेलि थीया ।
नजर अघि हुदामा खूसिले हेरि लीया ॥ ८९ ॥

फगत मिनट पन्ध्रै राजभै प्रिन्स काहाँ ।
फिरनु पनि भईगो मर्टिम हौंस माहा ॥
ग्रहण पनित लाग्यो सूर्य्य लाई यही दिन् ।
अलिकति रवि बिम्बै ढाकियो ढल्कदा दिन् ॥ १०९० ॥ *
आवाहन् जलमा गरी तिरथको स्नान्दान् प्रभू वाटभो ।
न्वाह्यौं सव् अरुले पनी बखतमा मौका परी मिल्नगो ॥
देखीयो उसई तरफ् फगतयो राम्रा हिसाव्ले गरी ।
देखीयेन कदापि योग्रहणता हिन्दूसथानै भरी ॥ ९१ ॥ *
नउबजि कन राती तास खेल्न्या चलाकी ।
चटक असल गर्न्या हातको झन् चलाकी ॥
जनमिकन सतारा देशमा घुम्न लाई
उसतरफ गयाको कोहि मानीस आई ॥ ९२ ॥
नजरपनि गरायो केहिता नाथ लाई ।
दिनगत जतिगिन्नी बक्सियो तेस लाई ॥
पवन अति असलभै आजगो दीन सोहै ।
बुझिलिनु सव जन्ले आजहो चन्द्र वारै ॥ ९३ ॥
दरसन निमतीले सर्हियूवारनेसै ।
नउ दस बाजि आया सुर्सुरू मर्टिममैं ॥
जनरल हरुमध्ये युद्ध रुद्रै बबर्फेर् ।
जनरलत हिरण्यै डिछि औदल् मरिच् फेर् ॥ ९४ ॥

फगत यति लगाई साथमा श्रीसवारी ।
सरजरज ह्विट्का निमृतमा जान लाई ॥
भनिकन कुँच भैगो सुन्दरै चेल्सिमाहा ।
असल असपतालै कैथियो भारि ताहाँ ॥ ९५ ॥
सरजरज ह्विट्ले स्वागतै भारि दीया ।
प्रभुजिखुसि हुँदामा स्वारथै मानि लीया ॥
लडनभानि गयामा घाइते जत्ति हुन्छन् ।
तिनिहरु सब राख्न्या येहि घर्होंत भन्छन् ॥ ९६ ॥
लगिकन प्रभुलाई वैठकैमा अगाडी ।
सकल घर घुमाया केहि काल्का पछाडी ॥
असल फल फुल्याको बाग शुद्धै घुमाई ।
प्रभुचरण चलाया गीरजा हेर्न लाई ॥ ९७ ॥ *
धेरै मानिस भेटिना कन गया श्रीले चिह्नेका तहाँ ।
लेडी कर्जन वाइली सहितका धेरै जनाना महा ॥
सङ्ग्राम भारिभयो अगाडि क्रिमिआ भन्न्या थलामा जउन् ।
तेस्मा लड्न गयेर अङ्ग विकलै हूदा निकम्वा जउन् ॥ ९८ ॥
थीया ताँहि सिपाहि वारह जना तिन्का उप नाथका ।
नेत्रै गिर्न गया प्रसन्न मनले पूरा कृपा साथका ॥
सर्कारै तिन लाइ पाल्दछ तहाँ अत्त्यन्त प्रेमै दिई ।
यस्ले फौज पनी प्रसन्न गरन्या काम्मा सरी रै दिई ॥ ९९ ॥

जीत्यानाउँ कमाउला रणमहा झल्का पछीतक् दिई ।
प्राणैछाडि दियापनी पछितलक् जान्याछ नाउँ जिई ॥
बीचैपर्न गर्नौभन्या शरिरले आर्जन् नगन्र्या भई ।
सर्कारबाट हुनेछ कोमलदया यस्तोत हिक्मत् लिई ॥ ११०० ॥
प्राणैलाइ तृणैसरी गरीगरी लड्छन् ति घूँडाधसी ।
जस्तोकष्ट पऱ्यापनी शरिरमा अड्छन् ति कम्बर्कसी ॥
छातीलाइ गराइ ढाल सरिको लड्न्या अगाडी बढी ।
नारीका हृदयै सरी पिठपनी पार्छन् नफर्की लडी ॥ १ ॥
अठ्ठारै सयमाथि सत्तरि अनी येकैत सम्वत् भई ।
गोर्खाली र बृटीसको जुनभयो संग्राम हाँका दिई ॥
झण्डाजो उसमा लुटीलिइ गयाहाम्रा तरफ्को तहाँ ।
देखीयो अझतक् रहेछ तहित्यो राम्रा हिसाबै महा ॥ २ ॥ *
आषाढ सत्रदिनगै भरदीनबेसै ।
हावाबह्यो गरमिको नभयेर लेसै ॥
पौनेतिनै वजनगै करजन् वईली ।
लाईलिई कुँचभयो प्रभुको सवारी ॥ ३ ॥ *
पार्लीयामेन्ट माहा गमन गरनुभो तेसमाहा वढीया ।
छल्फल् गर्थ्या कुराको गुणिजन क्रमले मेम्बरै घेरथीया ॥
मज्जा मानेर केही आलिकति प्रभुले सुन्नुभो खुप् विचारी ।
घण्टासाढे छवज्दा फिरन पनिगयो नाथजीको सवारी ॥ ४ ॥

रातीको जिउना गरेर जनरल् श्रीयुद्ध केसर्भया ।
सट्टा इस्मिथको भयेर रहन्या गेब्रील मिष्टर्भया ॥
राजाजै पृथिवीर डिल्लि कनली सर्सेभिक्रासूली जिका ।
निम्ता मान्न सवारिभो प्रभुजिको सत्कार भारी दिया ॥ ५ ॥
घर्कौ सुन्दरता र वाग वागिचा मन्लाइ हर्दो भयो ।
फर्काऊछु भनेर झट्ट नजरै मन्कै पछाडी गयो ॥
भारी बैठकमा बडो सरसले लाँदा भया झट् तसै ।
आश्चर्य्यै यउटा तहाँ नजरका सामू भईगो तसै ॥ ६ ॥
तेसै वैठकमा अरू जन पर्नी घेरै वसेका थिया ।
हामी लाइ पनी जहा वस भनी कुर्सी खटाई दिया ॥
हामी हेरु गई वस्यौं जव तहाँ शृङ्गार भारी गरी ।
साहै सुन्दर आउना कन गई उड्न्या परीकै सरी ॥ ७ ॥
सब्देखी फरकै भई जव वसी पट्टी नजर्मा कसी ।
लाग्यो गर्न हिसाव कोहि जनले सिलेट पेन्सिल् घसी ॥
आँखामा जसकोछ पट्टि उसले हेर्दैनहेरी तहाँ ।
टाढै वाट जवाफ सब् गरि दिई सबका अगाडी महा ॥ ८ ॥ *
येतीकरोड यतिलाख हजार येती ।
येती सये हुनगयो बुझिलेउ तेती ॥
भन्दी भई फरक कत्ति नपारि ताहाँ ।
आश्चर्य्य लागन गयो अति दील माहा ॥ ९ ॥

यैरीतले अरु कुरा पनि सब् मिलाई ।
भन्दी भई सकलको दिल खुस् गराई ॥
त्यैवीचमा कसइले सगमात मेरा ।
होला कउन् चिज भनी कन येक फेरा ॥ १११० ॥
सोद्धा महात उसलाइ जवाब दीई ।
पाकेट माछ तिमरात दियासलाई ॥
बट्टा भितर्छ सजितालिस वाकि भन्दा ।
वाकीउती ठहरियो तहि सामु गन्दा ॥ ११ ॥
यस्तै रितूले फेरि हाम्रा नजीकै ।
वस्न्या यौटा मानिसैले उहीकै ॥
सोध्यो मेरा साथमा केछ ञाहा ।
उत्तर्दीई तेसले येहि ताहाँ ॥ १२ ॥
तिम्रा सङ्मा मोल तिन्सौ पऱ्याको ।
बर्षै सातै भो घडी यो भिऱ्याको ॥
आमेरीका देशमा त्यो वन्याको ।
आठै साल्भो आइ ञाहा विक्याको ॥ १३ ॥
जस्तो उस्ले भन्दिभै सोहि माफिक् ।
विस्तु विन्दू कम् नभै मिल्नगो ठिक् ॥
छापा लीई वाहुली मा प्रभूले ।
चिन्हू लाई वक्सिदा झट् उसैले ॥ १४ ॥

सातौं पंक्ती बीचमा चिन्ह लाग्यो ।
भन्दा मन्मा विघ्न आश्चर्य्य लाग्यो ॥
फेरी श्रीले आफनू नाम वाहा ।
लेख्दा उस्ले भन्दिई साफ ताहा ॥ १५ ॥
यस्ता धेरै बात सुन्दा सबैको ।
मन्मा साह्रै भारि आश्चर्य भैगो ॥
आँखा बाधी धेरटाढा बस्याकी ।
हाम्रै सामू हामितर्फै फिर्याकी ॥ १६
संका गर्न्या तेसमा छैन ठाऊँ ।
कस्तो बिद्या ताडिफै क्या बताऊँ ॥
कस्तो बुद्धीमानिले काम यस्तो ।
हासिल् गर्छन् दैबको काम जस्तो ॥ १७ ॥
धेरै बेरबसी तमास् नजरभै घर्मै फिरी बक्सीयो ।
नेपाली चिजकेहि उन्कन भनी श्रीलेदिई बक्सीयो ॥
कोही जन्रल हेरु नाटक महा जानू भयाको थियो ।
फिर्दामा सवले टनाटन घडीएघार बज्नै गयो ॥ १८ ॥
अट्ठारै दिनगो असार माहिना हावा वढीयै थियो ।
क्याथे ड्रेल् गिरजा महा दुइवजी श्रीको सवारी भयो ॥
पौने सत्रसये सनै हुनगई यस्को जगै वस्नगो ।
सन्सत्रै सयमाथि दस् हुनगई राम्रै तयारी भयो ॥ १९ ॥

उत्तर्दक्षिणमा दुईसय उपर्येक्काइसै फीटकै ।
अग्लाछन् बुरजा फलाम सरिका अत्यन्त मज्बूतभै ॥
यौटाघण्ट तहाँछ सत्र टनको ग्रेट्पाल नाउँ धरी ।
ओजन्मा स्वरमा पनी शहरमा छैनन् अरूयै सरी ११२० *
रानी श्रीयानिको बेस्मुराति पनिथियो पश्चिमै लङ्गमाहा ।
धेरैछन् वीरवीर्का अरुपनि मुरती उत्तरै लङ्ग माहा ॥
सब्भन्दा साफमूर्ती न्यलसन बिरको देखियो तेसमाहा ।
घण्टैछन् धेरचाल्का स्वरगरि वजन्या दक्षिणै लङ्गमाहा २१*
वैठक्येक अचम्मको तहिथियो त्यस्कात भित्ता नाजिक् ।
मानिस्गै कन वोलदा मासिनु स्वर्सूनिन्छ सोही अधिक् ॥
ठूलोसोर भयेर साफसित सब् अर्कोत भित्ता महा ।
हूइस् प्येरिङ ग्यालरी यहिभनी भन्छन् सवैजन् तहा २२
येसै ग्यालरि वाटकेहि परगै इष्टोन ग्यालेरिमा ।
दाखीलै हुनगै गञौ सुगमले थीयो महल् वीचमा ॥
सप्फाहुन्छ सगर्जऊन दिनमा तेस्वाट हेर्दा महा ।
सारा लण्डन देखिन्या गजवको रहेछ बुर्जा तहा ॥ २३ ॥
रेन्भन्न्या जनले तयार्गरि लिया यस्लाइ अक्कल् गरी ।
हेर्न्या मानिस लाइरद्द गरन्या काम्को सिपारस् भरी ॥
ताहावाट सवारि फार्कि घरमा क्यैकाल आराम् गरी ।
इष्टाफ्का जनहेरुमा आलिकती सङ्मा लिई त्यैघरी ॥ २४ ॥

ल्यांडस् डाउन लार्डका घरमहा श्रीको सवारी भयो ।
उन्का स्वांगतले प्रसन्न मनभै बैठक् तलक् पाल्नुभो ॥
केही बेरवसी भला कुसलका बात् चित् समेतै गरी ।
फिर्दाभो प्रभुको सवारि घरमा बज्दात सातै घरी ॥ २५ ॥
येकैदम् विसदीनगै सगरसाफ् काँसो पुछ्याझै थियो ।
धेरै डाक्टर लाइ भेट्तछु भनी श्रीको सवारी भयो ॥
डाक्टर्का सगमा पनी कुसलका वार्ता समेतै भयो ।
घण्टा येक जती बिताइ फिरदा मध्यान्ह्व कालै भयो ॥ २६ ॥
आराम् केहि लिया पछी अलि अली गर्मी घटेथ्यो जसै ।
घण्टामा तिन बज्नगो प्रभुजिको टीफिन् भईगो तसै ॥
प्राइम्मिष्टर ब्यालफोर आघिका भेट् गर्न लाई भनी ।
आया पाँच बजाइ दर्सन गरी फिर्दा भया तीपनी ॥ २७ ॥
जनूरल् युद्धर रुद्र मोहन बबर् हीरण्य सिंहै भया ।
दल् बिष्नू करणेल फेरि मरिचै गोविन्द काशी भया ॥
प्रिन्स्पल् बाबु बटेर.नोकर नऊ मान्से जना तिन्भया ।
अम्वदींल जुआल गेब्रिल सहित् मेक्षीयटै फेर्भया ॥ २८ ॥
आर्मीटेज् आसिटेन्ट फेरि इनका मानिस् तिनौटा पनी ।
इन्लाई सगमा लियेर घडिमा हानेर आठै अनी ॥
राज्धानी इसकाटको जुन थियो येडिन् वरा नामको ।
ताहाँ जान भनेर सम्झि शिवजी श्रीको सवारी भयो॥ २९ ॥

वीसै दीनगई असार महिना आकास् खुल्याको थियो ।
सीतलभै पवनै पनी दिलमहा आनन्द भारी दियो ॥
वेभर्ली इसटेसनै पुगनगै घण्टा छवज्दो भयो ।
श्रीका निम्ति भनेर ष्टेसन महा बग्गी छओटा थियो ११३०
ताहावाट सवारि स्यान्डइकलेसमानै पहीले भयो ।
प्रिन्सेस् इस्ट्रीट हाइ इष्ट्रिट भई च्यांवर्स मार्फेर्भयो ॥
सीटी च्याम्वरमा प्रभोष्ट कहिन्या लाठै अगाडी सरी ।
दस्तुर्मांफिक स्वागतै गरि लिया श्रीको तहाँ वेसरी ॥ ३१ ॥
वैठक्मा प्रभुलाइ लीकन गई राखेर कुर्सी महा ।
लाग्या भन्नपनी प्रसन्न मनले श्रीका अगाडी तहाँ ॥
ख्वामित्को सतकार गर्न मिलनु हाम्रो ठुलो भाग्यहो ।
जङ्गी काम महा वृटीश सरकार्लाई मदत् दीनुभो ॥ ३२ ॥
वाद्शाहा यडवर्ड लाइ जहिले राज्याभिषेकै भयो ।
गोर्खा पल्टनका सिपाहि उसमा जो केहि आऊनुगो ॥
यस्को हाल मुलूकमा खुलनगै रैती समेत् जान्दछन् ।
येसैले सहरै भरी सवजना उत्सवझ्ञी ठान्दछन् ॥ ३३ ॥
सङ्कष्टे परदा वृटीश सरकार्लाई दिई मद्दते ।
नेपाल्का सरकारका सँगमहा मैत्री वढ्यो चम्कदै ॥
यो मैत्री पछिसम्म मजबुतभई रक्षा मुलूको हवस् ।
नेपाल्का र वृटीसका विचमहा तक्रार केहीनहोस् ॥ ३४ ॥

आहासम्म हजूरका चरणले कष्टै उठाई लिदा ।
मैत्री वन्धन मस्कनाकनगयो दोस्ती वढाई लिदा ॥
येसैले सहैरभरी हजुरको चिन्ता भलाई गरी ।
श्रीको आयुवढोस धेर दिनतकभन्छन् खुला दिलगरी ॥ ३५ ॥
होला राज अहा जती दिनतलक् तेस्मा सकेसम्मका ।
देखाऊँछु प्रभूकनै सवकुरा राम्रा असल् कामका ॥
आफ्ना देशमहा फिरीकन पनी सम्झी अहाका कुरा ।
सम्झीऊँ मपनी भनेर अहिले आसा मगर्छूपुरा ॥ ३६ ॥
यस्तावातसुनी प्रभोष्ट विरका उन्लाइ धन्न्यैदिई ।
आज्ञाभो प्रभुलेपनी वखतको लायक् जवावै दिई ॥
ईस्काट्ल्याण्ड निवासिका सँगमहा दोस्ती वढाऊँभनी ।
ईच्छायेहिथियो वहूत दिनको पूराभयो सोपनी ॥ ३७ ॥
फाईदा यसले दिन्याछ वढियै क्यैकालपछीतकभनी ।
पक्काठान्छु मताभनी हुकुमभो खूसीभया लाठ्पनी ॥
येतीवातगरेर च्याम्बरमहा सल्लाइ लाँदा भया ।
नाऊँलेखिलिया र दस्खतपनी सल्को गराईलिया ॥ ३८ ॥
ताहाँवाट सवारिभो प्रभुजिको पार्लीयमेण्टैमहा ।
लार्डै किंगसवर्गले गरिलिया सत्कार भारी तहाँ ॥
नामूदी जनलाइ ताहि प्रभुका साम् चिन्हाई लिया ।
पार्टीका जनलाइ आफिसहरू जम्मै घुमाई दिया ॥ ३९ ॥

ताहाँबाट फिरी पुशाक वदली हेरौं सहर्क्यैंभनी ।
मोटर्मा चढि घुम्नुभो प्रभुजिले हेर्दैतमासा पनी ॥
ईस्काट्ल्याण्डमहा वहूत पइदावारी हुनालेगरी ।
सोहेन्या मतलब्पनी पुगिगयो श्रीको तहाँ वेसरी ॥ ११४० ॥
क्लेन् टार्टेन तयार्हुन्या घरमहा श्रीको सवारी भयो ।
क्लेन्टार्टेन जुहारआदि प्रभुले केही किनी वक्सियो ॥
साढेदूइवजी टिफीन हुनगै फेरी प्रभू पाल्नुभो ।
शार्लोट् स्कायर जार्ज ष्ट्रीट घुम्दै स्याण्डूइकप्लेस्भयो ॥ ४१ ॥
प्रीन्सेस् ष्ट्रीटटरिमेण्टरोड घुम्दै साढे तिनै बज्नगै ।
होलीरुड् कहिन्या ठुलो महलमा शोभा बढ्यो नाथगै ॥
पार्सन्स् मिष्टरले तहाँ गरिलिया सत्कार स्वागत् पनी ।
देखाया घरबार बैठक हरू हेर्नूहवस् लौ भनी ॥ ४२ ॥
मेरी रानि भनी अघी जुनभइन् तिन्कोत खोपी महा ।
राम्रो भैकन हेरदा सव कुरा आनन्द भो मन्महा ॥
दर्शन् गर्न भनी तहाँ महलमा मानीसको भिड् थियो ।
फिर्दामा प्रभुको सलामि आघिझै दस्तुर्मुताविकभयो ॥ ४३ ॥
ख्वामित् वाट पनी फिराइ दिनुभो सब्को सलामी तहाँ ।
किङ्सैपार्क भई डर्डीस्टनमहा जानू भयो फेर्तहाँ ॥
मार्ग्रेट् तालमहा गई नजरभै फेरी सहर्मा पसी ।
मेल्मिल् ड्राइभलोथियन् सडकभै घुम्दै अलिक्छिन्पछी ४४

श्रीकानिम्ति तयार्थियो जुन महल् उस्मै प्रभू पाल्नुभो ।
केही वाकिभई दिनै घडिमहा पाचै समेत् वज्नगो ॥
साह्है लायकको थियो महल यो आनन्द दीन्या अती ।
धेरै लागतकोथियो वनवटै गन्थन् गरौ धेर्कती ॥ ४५ ॥*
कर्णेल डिल्लिसमसेर यडिन्वराका ।
सप्फर्महा प्यसकि काम लिई गयाका ॥
थीयार सूख्हुन गयो परदेश माहा ।
कम्ती भयेन चिजवीज समेत ताहाँ ॥ ४६ ॥
श्रीसूर्य्यले अयन उत्तर मार्ग लीदा ।
गर्मी समेत हुनगै दिन लामिजीदा ॥
एडिन्वरा शहरमा दिन वीस घण्टा ।
येस्लेत रात हुनगो बुझ चार घण्टा ॥ ४७ ॥
रातमा यघार वजदा तक वत्तिवीना ।
वाचिन्छ अक्षर किताप विषे मसीना ॥
वारै शनिश्वर भयेर असार मास्को ।
येक्काइसै दिनगईकन साफ दिन्भो ॥ ४८ ॥
ज्यूनार्गेरेर सँगमा अफिसर्हरूली ।
लार्डै प्रभोष्ट इनलाइ समेत सङ्ली ॥
क्यासिल् ट्यरेस अनि जान्सन ट्रेसमाहा ।
पाल्नूभयो प्रभुजि क्यासिल हील माहा ॥ ४९ ॥

एडिन्वरा महलमा पनि पाल्नुभैगो ।
दस्माथि एक घडिमा पनि वज्र गैगो ॥
वाटै महा क्यगमिलर्भनि नाम्भयाको ।
भारी महल् नजरभो अतिवेस् बन्याको ॥ ११५० ॥
दर्शन् गरौं प्रभुजिको भनि भीड ताहाँ ।
जम्माथियो वरिपरी सव ठाउँ माहा ॥
दिन्थ्या सलामि सवले प्रभुलाइ हेरी ।
फिर्ताहुदै पनि गयो प्रभुवाट फेरी ॥ ५१ ॥
श्रीका इजत् निमति गारद् ताहि थीयो ।
सामन्न्यमा प्रभुजिलाइ सलामि दीयो ॥
म्यालिस् ग्यूहेमकन लाठ भनेर जान ।
हाल् नामका बृगडिय जरणेल जान ॥ ५२ ॥
ईनै दुई अघिसरी प्रभुलाइ ताहाँ ।
सत्कार्गरी सँग लग्या उस रूम माहा ॥
राज्याभिषेक गरन्या नृपती हरूको ।
भारी सजाउ हुनगैकन झन् गरूको ॥ ५३ ॥
क्राऊन रूम पहिले प्रभुले नजर्भो ।
भोज्खवाउन्या रूमपनी पछिफेर्नजर्भो ॥
खोपी कुईन म्यरिको पनि फेर्नजर्भो ।
आर्गाइलैत कहिन्या बुरजा नजर्भो ॥ ५४ ॥

रानी मार्गे रेटको गीरजा घर् ।
साह्है राम्रो यो थियो झन् मनोहर् ॥
हेर्न्या लालच् लागि तेस्मा नजर्गो ।
हेर्दा श्रीको दील सुद्धै खुसीभो ॥ ५५ ॥ *
जन्रल् सर्यडवर्ड लिच्र् करणेल् क्याभेत आई तहाँ ।
हाम्रा पार्टिमहा मिलीकन लग्या इन्सिग्निञा रुम्महा ॥
ब्राउन्लीसरजण्ट मेजर जिले बिस्ता बेञाने गरी ।
देखाया सवथोक श्रीकन तहाँ घूमाइ बैठक् भरी ॥ ॥ ५६ ॥*
पार्लीयामेण्ट बैठक् जउन हुनगयो केहिदिन्का अगाडी ।
टोटा हालेर हान्न्या पिसतउल पनी लागियाको पछाडी ॥
ढाले यौटा अनौठा नजर तहिं हुँदा ताजुबे लागि गैगो ।
सुन्दा त्यस्को बयानै मनपनि सवको झन् खुसी सुद्ध भैगो ५७ *
अस्बोर्न देखि प्रभु काउज मात जाँदा ।
कूईनको शरिर गाडन लाइ लाँदा ॥
काम् लाग्नगो जउन बग्गि तहाँ नजर्भो ।
सातौं ज्यमस् जनम खोपि पनी नजर्भो ॥ ५८ ॥ *
ताहाँबाट सवारि फर्कि घरमा क्यै काल आराम् गरी ।
सङ्गा लार्डप्रभोष्ट मिष्टर डिऊकसैं समेतै गरी ॥
पौने दूइबजी वृभर्लि कहिन्या ष्टेसन्महा रेल् चढी ।
फोरथ्पूलमहा सवारि हुनगो श्रीकोत तेही घडी ॥ ५९ ॥

ध्वाँकस् एक तयार्थियो प्रभुजिका निस्तार तेसैमहा ।
राज्भै पौचिगञौ समुद्र लहरी हेर्दै दुवै तिर्महा ॥
धेरै नाउ जहाज भर्पुरभई सोभाभयाको थियो ।
साह्रै लायक रेलको पुलपनी ताहाँ अजङ् देखियो ॥ ११६० ॥
पाच्वज्दा प्रभु फर्किवक्सनुभयो डेरा महल्मा पनी ।
साँज्पर्दा जरणेल साहवहरू हेरौं तमासा भनी ॥
सङ्गा केहिलिई अफीसरहरू जानूभयो येकछिन् ।
न्याश्नल्नामहुन्या प्रदर्शनिमहा हेर्दाभयो खूसिदिल् ॥ ६१ ॥
ताहाँवाट प्रभोष्टका सँगभई अैल्याण्ड ग्यालेरिमा ।
जानूभैकन हेर्नुभो सवकुरा कारीगढीको सिमा ॥
ताहाँवाटगयेर इण्डसट्रियल् कल्कारखाना महा ।
हेर्दा दील प्रफुल्लितैहुनगयो पार्टीहरूको तहाँ ॥ ६२ ॥
वृक्र्डीयर्करणेल डिल्लिसमसेर्लाई असल् गाइको ।
खोजीगर्न खटाइवक्सनुभयो रेस्ट्याल्रिगै नामको ॥
ठाऊँमा सँगमागया हजुरिया कर्णेल दल्वाहदुरै ।
लाठ्प्रोभोष्टजिकात सेक्र्यटरि फेर्सेलनाम मिष्टरै ॥ ६३ ॥
ईस्काट्ल्याण्डमहा मनैतलक दुद् दीदारह्याछन् गऊ ।
पाल्नाकोतरिकार जात महिमा कुन्लाइ हेतू कहूँ ॥
ऊम्दामिल्छकहाँ भनेर घुमदा सोध्पूछ गर्दामहा ।
पौच्यौ हामिपनी कुनैथलमहा गाईथिया धेर्जहाँ ॥ ६४ ॥

छाँट्काँट् रोगन पैह्नै फरकको नौलोहुनाले गरी ।
चार्ईज्जार्जेति मानिसै जुटिगया हेर्न्याइरादाधरी ॥
देखिन्थ्यो सबको प्रसन्न वदनै आनन्दरस्लै गरी ।
तिन्मध्ये दुइचार मानिसहरू आयेर मीत्रै सरी ॥ ६५ ॥
लाग्या सोधनिगर्न देश तिमरो कुन्होत धर्मैपनी ।
नेपाल् देशभनेरजान धरमैलाईत हिन्दूभनी ॥
फेरी सोधानि धर्मका विषयमा तिन्ले गन्याथ्या जसै ।
वृक्डीयर्करणेल वाट मिलिगो ज्वाफै सफा योतसै ॥ ६६ ॥
धर्मैको स्वरुपै खडागरनमा शास्त्रैछ हाम्रो वहुत् ।
येसैले तिरिजैकसेर सबको भन्छू मता सारभुत् ॥
वाधापर्दछ आफुलाइ जुनकाम्‌गर्दा प्रतीकूलभै ।
अर्कालाइपनी नगर्नु उहिकाम् येहो धरम्मूख्यनै ॥ ६७ ॥
एस्तावातसुनेर फेरिउनले राजार रैती महा ।
संवन्धै कुनचालकोछ भनियो प्रश्नैत गर्दामहा ॥
जस्तारित्सित हातपाउनजरै ईत्यादि कष्टै सही ।
गर्छन् आर्जन तैपनी मुखकनै दिन्छन् खुसीनैभई ॥ ६८ ॥
मैलेआर्जन योगर्‍याँ फगत भै गर्छू सबैभोगभनी ।
भन्दैनन् कुनजीत इन्द्रिय अनी खायेर मुख्लेपनी ॥
भोग्गर्छू सबमै कदापि नभनी खायाजतीको रसै ।
काईदासित वाइछ इन्द्रियकनै छाडेर पन्पक्षनै ॥ ६९ ॥

येसैहालतकोछ हामिहरुको संवन्ध भन्दा महा ।
येस्तावात सुनेर चीयरपनी दीया सवैले तहाँ ॥
चीयर्को खवरै मुलुक्भरभयो छापाविषे छापिई ।
आजैकामितिमार लेखिनगयो सारास्समात्रैलिई ॥ ११७० ॥
बाइस् गते अलि अली बदली भयाको ।
श्रीको सवारि तिन बज्न गई भयाको ॥
ग्लेन्कोर्श आदि सव ठाउँ घुमेर हेरी ।
रस्लीन नाउ गिरजा कन हेरि फेरी ॥ ७१ ॥
पाँचै बजी कन फिर्‍यो प्रभुको सवारी ।
आया सँगै दुइ जना बिलियट् ख्यलाडी ॥
खेल् खेलदा सकल लाइ खुसी गराया ।
यक्छीन खेलि घरजान पये चैलाया ॥ ७२ ॥
सौंवार तेइसगते वढियै थियोदिन् ।
ग्लास्गो शह नजर गर्न भनेरयै दिन् ॥
वेभर्लि ष्टेसन पुग्यो प्रभुको सवारी ।
इस्पेसलै पनिथियो तहिंनै तयारी ॥ ७३ ॥
खुल्दा सवादसवज्यो पुगदा येघारै ।
सत्कार गर्नभनि मानिस हेरु घेरै ॥
हाजिर्थियार प्रभु लाइ त इष्टसन्मा ।
स्वागत्गर्‍या खुसिभई कन भीत्रमन्मा ॥ ७४ ॥ *

१ खुसिभै उलोसांलें जयेजयेभन्नु

कुइनष्ट्रीट् ष्टेसन्मा च्यमरल्यन लाइसँगलिई ।
प्रभोष्टै आयाका अफिसर सहर्वासि सँगली ॥
जउन्देस्का मानिस् लडनुपरदा वीरकहिन्या ।
हुनाले गोर्खाली भनिकनझलक् सवृतिरदिन्या ॥ ७५ ॥
उसैदेस्का राजा सफर गरनाका निमतिले ।
ञाहा पाल्नूभोरे दरसन गरौं जाइ अहिले ॥
भनी मानिस्धेरै अरुपनि वस्याका तहिथिया ।
हजारन् स्त्रीजन्ले पनि तहिगई हाजिरदिया ॥ ७६ ॥
जहातक् होस्हेर्नू घरिघरि नहून्या जातिकुरा ।
वहूतै फाइदा मिलछ यसले समझनु पुरा ॥
यसैलाई पक्कागरिकन युरोप्का जनहरू ।
नञाउत्सव् हेर्छन् तकलिफ जिऊले सहिवरू ॥ ७७ ॥
प्रभोष्टैले ताहा प्रभुकन चलाया सँगभई ।
जहारेल्का इन्जन् वनिकन तयारी हुनगई ॥
फिजारिन्छन् सारा मुलुकभरमा मजबुतभई ।
येसैको कार्खाना नजरहुनगो श्रीउँहिगई ॥ ७८ ॥
पुरा दोस्तैजानी वृटिश सरकार्का प्रभुकनै ।
गन्यालाठ्ले सत्का अधिकखुसि पारी कनमनै ॥
वृटन्का राजाका मुलुक निमतीले मिलिजुली ।
वखतमा गोर्खाली विरहरु लड्याकोत नभुली ॥ ७९ ॥

सिपारस्का साथै प्रभु सित बयानै गरि गरी
जहाजी कार्खाना बिच पनि घुमाया उसघरी ॥
नज गर्दा श्रीको मन पनि प्रसन्नै हुन गई ।
सवारी फिर्दामा दिन बितनगै साँज हुनगो ॥ ११८० ॥
सिटीच्याम हेर्दा मन पनि प्रसन्नै अझ भयो ।
प्रभोष्टैले इस्पिच् दिइ कन तहाँ झन् खुलनगो ॥
महाराज्ले फेरी तहि दिनु भई इस्पिच अनी ।
रसैले बस् भैगो सकल जनको मन् थिर बनी ॥ ८१ ॥
तही काही यौटा महल बिचको कोठरि महा ।
गई खाञौ केही टिफिन सवले यक्छिन तहाँ ॥
सह घुम्दै फर्क्यौं नजर गर्दै लायक जती ।
फगत् नाऊँ मात्रै अडवड गरी लेखनु कती ॥ ८२ ॥
अती राम्रा घर्छन् पसल हरुछन् झक् झकि भई ।
सफाईको बर्णन् गरन कठिनै भो उहि सरी ॥
सडक् काठै काछन् सहर भरमा सुघ्घर अती ।
मट वेग्गी हिड्छन् सलह सरिका छट्छटिं अती ॥ ८३ ॥
प्रभूका सङ् हिड्थ्यो पुलिस रिसला सात जनको ।
बडी गाडैं नाम् भै जति दिन अहाँ राज हुनगो ॥
प्रभोष्टैको निंता सुफल गरना लाइ सँगमा ।
लिई कोही अफ्सर् वइलि सहितै जाइ उसमा ॥ ८४ ॥ *

नेपालका महराज आउनुभयो इस्काटल्याण्डै महा ।
सम्झौटो पंछितक् रही नभुलिने केही निसाना तहाँ ॥
नेपाली रुपिञा असर्फि पइसा उम्दा खुकूरी पनी ।
छाडीवक्सनुभो यसै सहरमा संझुन् सबैले भनी ॥ ८५ ॥
चौवीसै दिनगै असार महिना साढे नवै वज्नगै ।
सेफिल्डै नगरीमहा गमनभो एडिन्वरा छाड्नुभै ॥
चारवज्दा भिकटोरिया ष्टिसनमा दाखिल्समेतै भयो ।
मेयोलर्ोर्ड अगाडिभैकन तहाँ सत्कार स्वागत्भयो ॥ ८६ ॥
धेरै मानिस हाजिरै तहिथिया सब्ले सलामीदिया ।
श्रीकानिम्ति भनेर वग्गि छवटा ताही तयारी थिया ॥
श्रीलाई सँगमा लिईकनगया मेयो सहर्मा पनी ।
दाञावाउँ भिडैथियो सडकमा हेरौं तमासा भनी ॥ ८७ ॥
सब्ले हर्षमनाउदापनीभया पायेर दर्शन्तहाँ ।
श्रीकानिम्ति तयार्थियो जुनमहल् पाल्नूभयो त्यस्महा ॥
साउथ्वोर्नहउस् भनी सवजना भन्थ्या बढीया भई ।
डेरा येहि गरी सुगंम्सित बस्यौं सेफिल् सहर्मा गई ॥ ८८ ॥
पच्चिस् दीन गई असार महिना पानी पर्‍यो साँझमा ।
दस् बज्दा प्रभुको सवारि हुनगो इष्टाफ ली साथमा ॥
ताहाँका हतियार बेस हुनगै सर्वत्र प्रख्यात् भयो ।
सोही राजसको ठुलो फयंकटरी घर्मा प्रभू पाल्नुभो ॥ ८९ ॥

१ कार्खानाघर

मिष्टर् जाअन आदिभै प्रभुजिको सत्कार भारीगरी ।
देखाया सवठाउँ कामकलको श्रीलाइ सोहीघरी ॥
जात् जात्का हतियार वैठकमहा थीयातयारी पनी ।
हेर्दादीलपनी प्रसन्न हुनगो तेस्का पछाडी अनी ॥ ११९० ॥
हज्जारमाथि नऊसयेर अझपाच् थोकै भयाकोतहा ।
यौटाचक्कु विचित्र देखिनगयो आश्चर्य्यभो मन्महा ॥
काम्‌गर्न्या जनको पनी फुरतिलो पाना वहूतैथियो ।
कार्खाना सवहेरदा प्रभुजिले धन्न्यैदिई वक्सियो ॥ ९१ ॥
सुन्‌चाँदी हरुको जलप् गरिलिन्या कामैनजर्भो अनी ।
कार्खाना वढिया नजर्हुनगयो वन्दुक्‌हरुको पनी ॥
यौटापात्र नआकिनेर प्रभुले आफ्नैत वाहूलिले ।
सुन्कोजलप लगाइ वक्सनुभयो कौतूकका निम्तिले ॥ ९२ ॥
साढे वाह्रवजी फिरि महलमा जल्‌पान केहीभयो ।
फेरीश्री प्रभुको सवारिहतिया वंन्न्या घरैमाभयो ॥
उम्दाहात् हातियार हर्तरहका गिन्ती असंख्यै थिया ।
हेर्दामा तिनको विचीत्ररुपले आँखा अघाइ गया ॥ ९३ ॥ *
कर्णेल् भिकर्स हरु आदि भयेर ताहा ।
सत्का गर्न्या प्रभुजिको म्यगजीन माहा ॥
पानीसरी गरि फलाम गलाइ लीन्या ।
वन्दूक तोप हरु ढालि तयार गर्न्या ॥ ९४ ॥

धेरैकुरा नजरभो प्रभुवाट ताहाँ ।
हेर्दा प्रसन्न हुनगो अति दील माहा ॥
च्यट् विन्ड मिष्टर जिले सवको वयानै ।
गर्दा भया प्रभुजिले घुमदा सँगैभै ॥ ९५ ॥
तोप् आदिका विषयमा गरदा सवालै ।
दिन्थ्या जवाफ प्रभुलाइ खुला जवानै ॥
देखी सुनी नजर कान अघाउनाले ।
तिन्लाई धन्न्य दिनुभो अतिभीत्र मनले ॥ ९६ ॥ *
ताहावाट फिरेर आइमहलै यक्छीन् वसी साँझमा ।
निम्ता मान्नभानि सवारि हुनगो श्रीको टउन् हालमा ॥
इष्टाफ्का आफिसर्हरू पनिगया श्रीका सवारी सँगै ।
फ्राग्कोट्का सँगमा फरेजकहिन्या टोपी लगाई सबै ॥ ९७ ॥
सत्कार्लार्ड म्ययोरले गरिलिया लेडीसहित्का भई ।
हेर्न्या मानिसको पनीभिड थियो आनन्द रस्मा गई ॥
ब्यान्डैमा पनि वज्नगो प्रभुजिको स्यालुट् मिठो सोर्गरी ।
लाग्यागर्न सलाम मेम्वरहरू श्रीलाइ सोहिघरी ॥ ९८ ॥
नामुद्दार ठुलाठुला जनजती हाजिर्भयाका थिया ।
श्रीले हातमिलाउदा सकलले आनन्द मानीलिया ॥
सर्चार्लस्र्ल्यनका ह्यूतकरणेल् इत्यादिका साथमा ।
वार्ताभो प्रभुका भलाकुसलका आनन्दले रातमा ॥ ९९ ॥

१ कौशल गर्ना लाइ सहरदासी ले जंमा हुने घर

विङ्ध्याम्सर्जन सर्ज्वसेफ कटलर्मीष्ट संपती थिया ।
जोजेफ् लेडिर क्रेगनाउँ अरकी जज्वेनसन् फेर्थिया ॥
याल्डभ्र्यान्जर सीनियर् रथरह्यां काफेर मेयोर्भया ।
मिष्टर् आर्थर ब्यालफोर अरका सर्चार्ल्स्एलेन्भया ॥ १२०० ॥
येजेहप्सन मिष्टरै तहि थिया इष्टाइ रिङ्मिस् भइन् ।
भीयच्पार्कर मार्करै पनि भया म्येयोर लेडी भइन् ॥
इन्का साथ महा पनी प्रभुजिले आद यथोचित गरी ।
कौसल् बैठकमा पय दिनुभयो हाँसी मुसुक्कै गरी ॥ १ ॥
पत्नीयुक्त म्ययोरले प्रभुजिको सत्कार भारि गरी ।
गाना बेस जहाँ थियो उहि लग्या श्रीलाइ सोही घरी ॥
शृङ्गा सफि गरी लगाइ गहना जूहार हारै पनी ।
लेडी धेरथिया तहाँ सहरिया सोभायमानै बनी ॥ २ ॥
लाखौं लागतका जुहार जडिदा झल्झल् झलक्के गरी ।
तिर्मिर्पार्दछ नेत्र लाइ जसले हेर्दात सूर्यै सरी ।
श्रीपेचै पहिरेर दर्शन दिया होला नजर्को सुफल् ।
भन्थ्या नारि तहाँ उही कमभई साहै भयाती बिकल् ॥ ३ ॥
गाना केहि सुनी सवारि फिरदा पौने दशैबज्न गो ।
मेयोर्का सतकारले प्रभु पनी खूसी भई बक्सियो ॥
जस् जस्ले प्रभु लाइ भीत्रि मनले सत्कार गर्दा भया ।
धन्न्यैबाद सहीत चिज्विज पनी तिन्लाइ केही गया ॥ ४ ॥

श्रीको तस्विर फ्रेमका सहितको मेयोर लाई गयो ।
इन्का सेक्रयटरी कनै पनि तहाँ खुक्री तिनौटा गयो ॥
संझौटो प्रभुको पछीतक हुन्या सेफिल्ड् सहर्मा पनी ।
राख्नालाइ भनेर फोटु दिनुभो हेरुन् सवैले भनी ॥ ५ ॥
छब्बिस्दीनगयो असार महिना पानी समेतै पऱ्यो ।
ठिक्कै दीनभयेर केहिमनमा दिग्दार्समेतै गऱ्यो ॥
मेयोलर्डिर आफना अफिसरैलाई पनी सङ्लिई ।
इष्टेसन् भिकटोरिया खुलनगो पाऊ प्रभुलेदिई ॥ ६ ॥
प्लेट्फारम्भरि कारपेट हरियो विच्छाइयाको थियो ।
ठुल्ठूला जनआउदा अझतहाँ शोभावहुत् देखियो ॥
तीम्रासेफ्किलमा जतीदिनवस्याँ आनन्द मङ्गल् गरी ।
हेऱ्याँसव् रमितापनी खुसिभई जान्छूमता यो घरी ॥ ७ ॥
मेराखातिर जोगऱ्यौ तिमिकनै यस्लेत धन्न्यै पनी ।
दिन्छू भन्नुभयो म्ययोर्कनतहाँ हिड्नै तयारी वनी ॥
वन्दोवस्तअसल् दुरुस्त सवकुछ् हूदा पुलिस्का पनी ।
हाकिम्लाइ समेत खातिरभया मीठा वचन्ले अनी ॥ ८ ॥
इस्पात्कोशहरैपनी छुटिगयो साढेनऊ वज्नगै ।
डेढ्वज्दा इसपेसलै अडिनगो लण्डन्सहर्पुग्नगै ॥
केहीदीन घुमेर बाहिर तरफ् फिर्दात लण्डन्महा ।
घर्मैं आइपुग्या झग्री हुनगयो आनन्दभै मन्महा ॥ ९ ॥

इष्टेसनमा रेलचढन उत्रन सजिलो गरी बनायाको डवली   २ आफना निमतिमा मात्रै वन्दोवस्त भयाको रेल

मर्टीम मेहलै महा जुनघरी श्रीकोसवारी भयो ।
येसैऔसरमात लार्डमरले इन्कोचिठी आइगो ॥
जीं. सी. वी. तकमा हजुर्कनदिन्या मतलव्छ वाद्साहको ।
भन्न्या येतिरहेछ लेखतपनी श्रीलाइ तेस्पत्रको ॥ १२१० ॥
भाईछोरा भतीजा हरुकन सगली प्रिन्सजीले दियाको ।
ईभीनिङ्[2] पार्टिमाहा प्रभुकन निमता भैसवारी भयाको ॥
सोभा मार्लव्रो[3]मा पनिअधिकाथियो धेरमानिस् जमाभै ॥
फर्क्यौं श्रीकोसवारी मराटमिरमहा दस्वज्याको वखत्भै ११
इस्काट्ल्याण्ड महा गयेरप्रभुले घुम्घाम् गरीवक्सिदा ।
साथैलागि घुमाउन्या भिभियनै गेब्रील नाम् जोथिया ॥
इन्कोद्वारगरी प्रभोष्टकन[4] येक् चिट्ठी दिईवक्सियो ।
त्यस्मा येस्तरको भनाइ सितको लेखत् गयाकोथियो १२ *
येडिन्वरा शहरमा वसन्यार ग्लास्गो ।
वष्न्या जति सकलको मउपर्दयाभो ॥
येस्ले मदिन्छु सवलाइ तधन्न्य वादै ।
खूसीभयेर दिलमा सवदेखि साह्रै ॥ १३ ॥
चिट्ठी प्रभोष्ट कनयेस् रितको गईगो ।
समझीउँला मपनि केहि दिनै भनीयो ॥
दिन्छू तपाञि कन आफनु तस्विरैयो ।
दाखिल् हुन्याछ उपनी अहिले चलान्भो ॥ १४ ॥

१. डुलोतकमा २ राबीकोडन्स्वह ३ साहज्यावा कोर्वार ४ इस्काट्ल्याण्डका कांको अधिकारुलियाका लाट्

सत्ताइसै दिनगयेर असार मास्को ।
साढे असल् दिनभई कन शुक्र वार्भो ॥
ब्रीटीस् अजायव घरैभनि नाम् भयाको ।
देस्देसका सकलचीज भरी भयाको ॥ १५ ॥
सोहेर्न कूच हुनगो प्रभुको सवारी ।
तिन्वज्न लाइ घडीमा पनिभो तयारी ॥
जर्णेल मोहन ववर्जरणेल केसर् ।
कर्णेल डिल्लिसमसे ग्र्यवरील मिष्टर् ॥ १६ ॥
सङ्मा गया यतिजना यसदीनताहाँ ।
हेर्दा प्रसन्न हुनगो अतिदील माहाँ ॥
घंटाभरै नजरभो प्रभुले पनीयो ।
फिर्दा सवारि घरमा पनि चार्वजीगो ॥ १७ ॥
ज्यूनार्गरी दसवजी कन रातमाहाँ ।
पाल्नूभयो प्रभुजि फेरि वकीम माहाँ ॥
श्रीजुद्ध मोहन बबर्जरणेल केसर् ।
जनूरल् हिरण्य वइली भिभियान्न मिष्टर् ॥ १८ ॥
जंगी प्वसाक पगरी पाहिरेर सङ्मा ।
जादाभया खुसिभई कन नाच माहा ॥
श्रीकापनी शिरमहा सिरपेच थीयो ।
पोशाक जङ्गि पाहिरी अङ्गतेज दीयो ॥ १९ ॥

१ बादशाहको दर्वार

वाद्साही कुलका ठुलाजनहरू धेरैमहल्मा थिया ।
देस्देशान्तरका वकीलपनिसव् हाजिर्भयाका थिया ॥
गार्द्इज्जत निंतिको पनिथियो ब्यांण्डै पनि वज्दथ्यो ।
भारीवैठकमा सजाउ हुनगै मन्लाइ झन्हर्दथ्यो ॥ १२२० ॥
येघारै वजिरानि लाइ सगली वाद्शाह आईतहाँ ।
वाल्नाच् गर्नभनी जहाठिकथियो पाल्नुभयो उस्महा ॥
येक्छिन् नाचमहा नजार्दिनुभई फेंडाइनिङ् रुम्महा ।
जानूभो यडवर्ड रानिसगली तस्वीरछन् धेर्जहाँ ॥ २१ ॥
श्रीलाइ पनिवाइली करजनै ले लीगया फेर्तहा ।
वार्तावेसभयो तहाप्रभुजिको वाद्शाहका सङ्महा ॥
तक्मादिन्छु तपाञिलाइ जिसिवी चार्दिन वस्नूहवस् ।
भन्नूभो यडवर्डलेर प्रभुले भन्नूभयो वेस्हवस् ॥ २२ ॥
ताहावाट फिरेर वालरुममा येक्छीन फेरीवसी ।
वाद्शाहा फिरनू भयापछिप्रभू फिर्नूभयो क्यैपछी ॥
मर्टीमर्महलै महाप्रभुजिको पुग्दा सवारी अनी ।
आधारात समेत ढल्कनगई हान्योत येकैपनी ॥ २३ ॥
अट्ठाईसगते दिनैभरिसग वादल्भयाको थियो ।
येसैले प्रभुलाई निस्कनपनी वाधागराई दियो ॥
संध्या कालमहा चढेररथमा हाइंड पार्कैमहा ।
यक्छिनूमात्र घुमेरफर्कनुभयो मर्टीमरै हौस्महा ॥ २४ ॥

१ वाद्शाहिवाजा २ लोमेमानिस्र स्त्रास्निमानिस्र कंत्रहांतृसम्राइ नाचने ३ खानेकुरोखानेकोठा ४ ब्राइवाइ ५ नाचनेकोठा ६ हाइडनांमवाकोवगैचार चौरभयाकोठाउँ

आइतबार भई उनन्तिस दिनै आषाढ मास्को गयो ।
आधा दीन तलक् असल् हुन गई फे पाँनि पर्दो भयो ॥
तिन् बज्दा मिसआर्मिटेज कहिन्या आयेर दर्शन् गरिन् ।
सम्झौटो प्रभुबाट बक्सनु हुँदा खूसी भई ली गइन् ॥ २५ ॥
सेफिल्का नगरी समाजि जनले पूलिस् हरूले पनी ।
मेहर्मानि गरेर भारि म उप दोंस्तै समान्का बनी ॥
सत्का बेंस गऱ्या खुसी हुन गञा तिन्लाइ धन्न्यै पनी ।
दिन्छू लार्डम्यय़ोरले यति कुरा दीउन् सुनाई भनी ॥ २६ ॥
इच्छा गर्छु भनी हुकूम हुनगो श्रीतीन् महाराजको ।
गेब्रिल्को यस रीतको चिठि पनी म्येयोर लाई गयो ॥
दुर्दिन्का डरले गरेर प्रभुको काहीं सवारी नभै ।
मर्टीम र्महलै महा दिन बिती रातै पऱ्यो घामगै ॥ २७ ॥
सौंबा तीस गते यघार बजदा सङ्मा अफसि र्लिई ।
सीसेमीक्लव[2] मा सवारि हुनगो बग्गी बिषे शोभिई ॥
नेपाल्का तसवीर देखिन गया हेऱ्यौं सबैले तहाँ ।
यक्बज्दा प्रभु फर्कि बक्सनु भयो पानी पऱ्यो साँजमा ॥ २८ ॥
पौने तिन् बजदा ओलिंपिकग्यमस्[3] मा फेरि पाल्नू भयो ।
इष्टाफ्का जन लाइ ली सँग महा बाद्शाह पाल्नूभयो ॥
रायल् बाकसमा बसेर प्रभुका सङ्मात बातचित् भयो ।
हेर्दामा दिल लाइ खेल हरुले आनन्द गर्दो भयो ॥ २९ ॥

१ सफिल्डसहरको कालिय।कालाद् २ सबैजनामाभे बस्नेसभाघर ३ तमासा

ताहाँ वाट फिरेर पाँच वजदा ज्यूनार रात्रको गरी ।
ठेटर्हेर्न सवारि भो प्रभुजिको वज्दात आठै घडी ॥
वेग्ला वेगलभै यसैनिसि महा जर्णेल हेरु पनी ।
ठेटर्हेरन लाइ निस्कनु भयो मिल्लाकहा फे भनी ॥ १२३० ॥
आसाढ को दिनपनी यकातिस् गईगो ।
वादल्न घामभइ चामरिइ दिन्र गइगो ॥
यैदीनमा डियुकलाइ भनी लगेका ।
चिज्वीज शुद्ध उनका घरमा पुगेका ॥ ३१ ॥
थीयार मिष्टर भिभीयन लाइ सङ्मा ।
लीई प्रभू पुगनुभो उनका महल्मा ॥
क्लेरेन्स हाउस भनी सवले भन्याको ।
उम्दा महल् हरु महा पहिला वन्याको ॥ ३२ ॥
डीयूकले प्रभुजि लाइ गरेर सत्कार् ।
देखाउदा पनि भया सव साफ दर्वार् ॥
वात्चित् भलाकुशलकापनि क्यै भईगो ।
यस्मात काल पनि पन्ध्र मिनेट् गइगो ॥ ३३ ॥
फर्केर फेरि घरमा प्रभुको सवारी ।
वग्गीचढी घुमन लाइ भयो तयारी ॥
घण्टाभरै शहरमा घुमि फर्कनूभो ।
श्रीसूर्य्य अस्तभइ साँझ समेत भैगो ॥ ३४ ॥

साऊँन लागनगयो बुधवार पारी ।
वादल् भयेर पहिले दिनभो उघारी ॥
क्रष्टल् प्यलेस प्रभुलाइ नजगराऊँ ।
श्रीलाइ साथलिइ मोटर वेस् वढाऊँ ॥ ३५ ॥
भन्न्या मुरादलिइ कर्जन वाइलीले ।
हाजिर्दिया प्रभुजि लाइ गई पहिले ॥
आफ्ना अफीसर हरू कन साथमाली ।
पाल्नूभयो मटरमा प्रभुजी चरण्दी ॥ ३६ ॥
पैतालिसै मिनटलाइ विताइ मोटर् ।
हावा समान उडदै पुगिगो सरासर् ॥
येघार हानि घडिमा अझ क्यै मिनेट्गो ।
पैह्ले प्रदर्शनि[2] ठुलो प्रभुले नजभों ॥ ३७ ॥
तेस्देखि रेल सरि मोटर जोडियाको ।
रेनार्ड मोटर भनी कन नाम्भयाको ॥
तेस्मा सवार भइ क्रष्टल लाइ घुम्दा ।
प्यारेड् पहाड उपरी अझ हामि पुग्दा ॥ ३८ ॥
आ[3]नर्विहिल्पनि थियो अझक्यै भिरालो ।
मोटर्गयो सहजले चढदै उकालो ॥
हेर्दा अनेक रितले मनलाइ हर्न्या ।
चिन्ता भुलाइ दिल लाइत शान्त गर्न्या ॥ ३९ ॥

१ मैनाकोदर्वाट् २ मेला ३ अनवीं भन्नेठूलोपहाड्

काहींछ बेस मइदान हरा भराभै ।
बस्छन् तहाँ जन हरू अति मग्न मा गै ॥
काहीं त फूल हरु का गमला सिगारी ।
देखिन्छ बेस गलिचा झन्जै तयारी ॥ १२४० ॥
राम्रो सफा सडक को दुइ तर्फ माहाँ ।
ताँती छ बृक्ष हरु को सब ठाउँ माहाँ ॥
छाँट् काँट् गरी रुख पनी पलटन् मिल्या झैं ॥
देखिन्छ धेर परसम्म सिधा सिधा भै ॥ ४१ ॥
फल्फूलन्या अति सुगन्ध लता वढाई ।
गुम्बज् गराइ तिनलाइ उपर्चढाई ॥
झ्याम्मैछ उच्च अति लम्ब भई गयाको ।
पाहाड छेडि कन प्वाल झन्जै भयाको ॥ ४२ ॥
अत्यन्त निर्मल जलै छहरा सरी भै ।
छुट्थ्या अनेक रितका फ्वहरा उपर्गै ॥
हेर्दा तहाँ मनपनी शितलै भयाका ।
हामीहरू हुनगन्जै घुमदै गयाका ॥ ४३ ॥
येस्तो अनेक रितकोअति साफ राम्रो ।
वागै महा हुनगयो दिल मग्न हाम्रो ॥
रेनार्ड मोटर चढी सब ठाउँ हेरी ।
दर्वार हेरनगन्जै नगरेर देरी ॥ ४४ ॥

१ हरियोभैं लहलहभयाको

भिक्टोरिया कुइनको इनका पतीको ।
अल्वर्टको अङ्ग अरू विर भूपतीको ॥
विर्वीर नामि जनका तँहि लार्डका फेर् ।
इष्टाच्यु छन् वरिपरी अरुकापनी धेर् ॥ ४५ ॥*
यस्घर्मा खालि ऐना जडनकन भनी लागियाको फलामै ।
वाहेक् आर्को चिजै क्यै नभइकन पनी सिद्धियाको मकानै ॥
काँचैले छाइ छानू गुमजसरि गरी रङ्गविरङ्ग छाँटपारी ।
कृष्टल् प्यालेस् वनेको असल महलमा लेख्नलायेक भारी ४६
ऐनामा सूर्यकोटक् गिरनपानि गई येकसाथ् टल्कदामा ।
झल्झल्झल्कादिई झन् झलझल मिलदै विच्विचै झल्कदामा ॥
देखिन्थ्यो त्यो विचीत्रै झलक जति सबै ठीकतारा समान्‌भै ।
साह्रैचञ्चल् भयाको मनपनि अडियो केहिवेर्ता तहाँगै ॥ ४७ ॥
पिंक्चर्ग्यालेरि माहा तसविर वढिया देखिया धेरचाल्का ।
केहीदिन्का पुराना अलिकति हुनगै ताडिफी धेरहाल्का ॥
कोही सौखीन जनूले खरिद्‌गरि लिन्या मन्सुवा लाइ लीया ।
इच्छापूरा समेतै गंरनकनपानि तागतै वाल थीया ॥ ४८ ॥
तस्वीर्मा चीत्रकार्ले जसरि रँगभरी वेलवुट्टा बनाई ।
राम्रो तस्वी कंहीन्या उसरि सिपासितै रोपदैमा जमाई ॥
फूलैका झाँगबुट्टासरि पनिहुनगै धेरचाल्ले घुमाई ।
फेद्‌फेद्का क्यारिमाहा सकल वनभरी पानिभर्पुर्पुर्‍याई ॥ ४९ ॥

१ तस्विरे तस्वीर भयाको घर

धेरैबर्णन् कहाँतक् गरि कन रहनू बिन्ति गर्छू अहीले ।
कोही प्रारब्धि जन्का चरण यदिगया लण्डनै तक् कहीले ॥
क्रृष्टल् प्यालेस माहा सरस नजर दी फर्कनू योग्य देख्याँ ।
साहै लायक रास्रो असल बनवटै भारिभै यत्ति लेख्याँ ॥ ५० ॥
यस्को भित्रैछ शोभा अझ उपर गई साफ उच्चा गयाको ।
हेर्दामा हेरन्याका मन पनि हरन्या काम भारीभयाको ॥
सीडिङ्हायेम भन्छन् सकल जन हरू तेसई ठाउँलाई ।
फर्क्यो श्रीको सवारी नजर हरुगरी आफना श्रीवजाई ॥ ५१ ॥ *
फेरी पाँच बजेर केहि जनरल् साथमा अफीस लिई ।
निता मान्न सवारि भो प्रभुजिको मोटर्बिषे शोभिई ॥
जुन्जग्गा बिच लेंडिजार्सि इनको गार्डेनपार्टी थियो ।
धेरैमानिस हाजिरै हुन गई भींडै तहाँ खुप् थियो ॥ ५२ ॥
लेडीमिष्टर भै तहाँ जन हरू सात्सौ पुगेका थिया ।
श्रीको दर्शन पाइ स्वागत गरी सब्ले सलामी दिया ॥
गाना बेस हुँदा तहाँ प्रभुजिले केही सुनी बक्सियो ।
फिर्दामा घडिमा पनी दिन बिती सातैबज्याको थियो ॥ ५३ ॥
श्रावण्को दुइदिन् गई अलिअली बादल् भयाको थियो ।
येसैले न रमाइलो दिन भई दिग्दा गराई दियो ॥
आथ्माले सहितै यघार बजदा सर्आलफ्रेड् नामका ।
आया दर्शन लाइ मर्टिमरमा गर्थ्या कुरा कामका ॥ ५४ ॥

चाँडै फर्कि गया अलिक्याछिन पछी पानी समेतै पऱ्यो ।
डुल्फिर् गर्न पनी दियेन झरिले बाधा निकैनै गऱ्यो ॥
शुक्रैबार भई तिनै दिन गयो साँऊन मैह्ना पनी ।
हींजोझैं गरियो दिनै पनि बित्यो कामै नलाग्न्या बनी ॥ ५५ ॥
साउन् चार गतेर पाँचहि गते लाग्यो झरी बेसरी ।
जानू आउनु सब्कुरा रहितभो घर्मै बस्यौं दिन्भरी ॥
लण्डन् देखि बिदा हुन्या दिन पनी आयो नजीकै पनी ।
मालमत्ता हरुको मिलान हुनगो प्याकै पनीभो अनी ॥ ५६ ॥
सौंबा साँउनको दिनै छ गत भै निर्मल् सग भैंदियो ।
येसैले फुरती पनी सरिरमा केही बढाइ दियो ॥
जन्मोत्सव् पनि पर्नगो प्रभुजिको आजैर उत्सव् गरी ।
आफ्नू धर्म यथार्थ पालन गरी आफ्नै मुलुक्का सरी ॥ ५७ ॥
साह्रै दीन दरिद्र लाइ खइरात् हज्जार बिस् पच्चिसै ।
बाँडी बक्सनुभो प्रसन्न मन ले खुसी भया ती सबै ॥
मार्लेलार्ड थञ्जी बिदा हुन भनी श्रीमान् महाराजको ।
भाइ पुत्र लिई सवारि दिनको बाह्रै बजाइ भयो ॥ ५८ ॥
इण्डीया तिरको त आफिस महा सर्कजनै वाइली ।
आई स्वागत बेस् गऱ्या प्रभुजिको सेक्रेटरी सङ् मिली ॥
श्रीलाई मरले कहाँ लिइ गया बाँकी अरू लाइता ।
देखाया सब ठाउँ आफिस महाँ घूमाइ येता उता ॥ ५९ ॥

श्रीका लार्डजिका कुरा खतमभै हामीहरू वाहिगै ।
लार्डैका सँगमा विदापानि भञ्यौ खूसी गराइ दिलै ॥
ताहाँवाट फिरेर दोस्त जातिसव् लाईत कार्डै पनी ।
वाडी वक्सनुभो प्रसन्न मनले फिर्छूं मचाडै भनी १२६०
प्यारा दोस्तहरू सबै सितगई वीदाइ लीदा महाँ ।
फुर्सत् कम्‌ति भया छपाइ चिठिझै कार्डैत बाड्छन् तहाँ ॥
कार्डैले तिपनी खूसी हुनगई आफैगया जत्तिको ।
ठान्न्यायो चलनै रहेछ वढिया यूरोपियन् जत्तिको ॥ ६१ ॥
प्राइम्मीष्टर आस्किथै सितपनी वीदा महुन्छू भनी ।
डाऊनिङ् ष्ट्रिट नम्वरै दसमहा पाल्नू भयो श्री अनी ॥
घन्टाभ प्रभुले बिताउनु भयो वात्‌चीत गर्दा महाँ ।
प्रेमीदील भयो दुवै तरफमा आनन्द भैमन् महाँ ॥ ६२ ॥
ताहावाट सवारिभो जरजवेड् लाईत भेट्छू भनी ।
केहीवेर वसेर उन्‌सित पनी फिर्दा सवारि अनी ॥
वाद्‌साहा यडवर्डको अति असल् सालीक हेर्नै भनी ।
पाल्नूभो तहि रानिको पनिथियो श्री प्रिन्सं जीको पनी ६३
साउन् सातगते सफा सगरभै वारैत मङ्गल् पनी ।
पौने वाह्रवजी वकीम महलै जानै तयारी वनी ॥
इष्टाफ्‌का अफिस सहीत जनरल् सव्‌लाइ सङ्गमा लिई ।
म्याक्कीयोड् सरकर्जनै अमर सिङ् मेजर्सुवेदा लिई ॥ ६४ ॥

ठिक् ठिक् बाह्र बजी सवारि प्रभुको दाखीलभो द्वारमा ।
योदिन् हर्ष दिलाउन्या दिन भयो किर्ती बढी देशमा ॥
बाद्शाहा यडवर्ड उत्सव गरौं भन्न्या इरादा लिई ।
मुख्यै बैठक मा बिराज हुनुभो आफ्ना अफीस लिई ॥ ६५ ॥
जुन् बैठक् हरियो थियो उस महा श्रीलाइ पैह्ले लग्या ।
त्यस्देखी प्रभु लाइ पार्टि सहितै गादी भवन्मा लग्या ॥
जी.सी.बी. तकमा दिनाकन भनी ताहीं तयारीं थियो ।
काईदा सितको जलूस पनि येक् राम्रो तहाँ देखियो ॥ ६६ ॥
रेजिष्टार भनेर नाम कहिन्या सेक्रेटरी हातमा ।
इष्टा लीइ लियेर हाजिर थिया बाद्शाहका साथमा ॥
बाथ्किङ्आयटआर्मसै पनि तहाँ रीब्याण्ड ब्याजैलिई ।
इष्टार्का सँगमा खडा पनिथियाशोभा बिचीत्रै दिई ॥ ६७ ॥
छाती बाम सुहाउन्या कन अहाँ इष्टार नामै भनी ।
पट्टी जान्नु रिब्याण्ड नाउँ उसको ब्याज् जान्नु चिन्ह्है पनी ॥
खान्दानी कुलका लडाकि लडका खाँदै नखाई तलब् ।
जङ्गी काम दिन्यां वडो प्रिय गरी सर्कारको हर्बखत ॥ ६८ ॥
येसै पल्टन को त गारद पनी द्वा देखि गादी तलक् ।
दस्तु माफिक ले खडा पनि थियो पारी बिचैमा फरक् ॥
बाद्शाहा यडवर्ड का डियुक हुन् भाई सहोदर् इता ।
जङ्गी मा सब माथि काम गरन्या फिल्डै त मार्सल् तिता ॥ ६९ ॥

बाद्शाहा सँगमा थिया इनि पनी शोभा बहूतै दिई ।
लार्डैच्याम्बरलेन हाउस हल्ड् इन्वेटिङ सङ्‌ लिई ॥
दस्तु मांफिक ले प्रतापि इलमी श्रीतीन् महाराज को ।
बाद्शाहा यडवर्डका नजिकमा सामू सवारी भयो ॥ १२७० ॥
धीमान्लार्ड जवान मर्ल्य इनका सेक्रेटरी ले तहाँ ।
श्रीको बुद्धि प्रताप ल्याकत इलम् जङ्गीरवाफै महाँ ॥
सारांसै झिकि लेक्चरै पनि दिया सब्का अगाडी जसै ।
राजाका अधिराज यड्वरडले श्रीका भई प्रेम् बसै ॥ ७१ ॥
वाजा काँधमहा रिवाण्डर अनी इष्टार छाती महाँ ।
श्रीलाई पहिराइ वक्सनु भयो वाहू वढाई तहाँ ॥
इष्टार्लाइ दिदा जसोरि सजिलो उन्लाइ हुन्थ्यो तहाँ ।
सोही रितासित नम्रतै हुनगई श्रीले लिनूभो तहाँ ॥ ७२ ॥
तक्मा येक दियेर चित्त नबुझी वाद्साहले फेर्पनी ।
हीराको अरको पनी दिनुभयो अत्यन्त प्रेमी वनी ॥
जस्ता रितासित मज्बुतै हुनगई हीरा प्रकासै हुन्या ।
उस्तै रितासित मैत्रि मज्बुत भयो झल्का पछीतक् दिन्या ७३
तक्मा लाइ दियापछी प्रभुजि ले वाद्शाह लाई पनी ।
नाम्रित भैकन धन्न्यवाद दिनुभै उन्का पछाडी अनी ॥
पाल्नू भैकन वाकि उत्सव अरू हेरेर फिर्नू भयो ।
येसै औसरमा दुवै वजनगै आनन्द दायक् भयो ॥ ७४ ॥

चातुर्य्यैं सितको इलम् प्रभुमहा स्वाभा विकै गुण् भई ।
जी.सी.बी. तकमा मिली मुलुकयो झल्क्यो प्रकासै भई ॥
देस् देशान्तरमा समेत हुनगो प्रख्यात गोर्खा भनी ।
श्रीका पुण्य प्रतापले मिलिगयो इज्जत् समेतै पनी ॥ ७५ ॥
भोलि लण्डन छाडन्या दिनहुदा माल्ताल् सबैप्याक् गरी ।
जिम्मा लाइलिन्यौं टमस् कुककनै वीमा समेतै गरी ॥
नेपुल्मा इनिमाल हामि हरुका पर्न्याछ हातै पनी ।
जाहाजै तहिवाट खोलिन गई हिड्न्याछ फिर्नै भनी ॥ ७६ ॥
मर्टीम मेहलै महाँ जतिजना काज् काम निंती थिया ।
तिनूलाई प्रभुबाट बक्सिस हुँदा खूसी भई झट् लिया ॥
हावा खान सवारि भो प्रभुजिको सूर्यास्त का कालमा ।
यक्छिन् मात्र घुमेर फर्कनु भयो हेर्दै धिरा चालमा॥ ७७ ॥
अख्वारै हरु लाइ सूचन दिन्या रूट भनी भन्दछन् ।
त्यस्को लेखत लाइ वास्तव कुरा ठानेर सब् हेर्दछन् ॥
तेसैको यउटा प्रतीनिधि सँगै श्रीका कुरा क्यै भया ।
ल्याकत् पूर्ण बचन्न सुनी प्रभुजिका खूसीभई तीगया ॥ ७८ ॥
लण्डन् सीत बिदा हुँदा प्रभुजिले टाइम्स नाम्को जउन् ।
अख्वारै बिच छापना कन भनी जो बकसनूभो बचन् ॥
सोही बात जहाँ पनी क्रम सितै लेखिन्छ येक्येक् गरी ।
सुन्दामा दिलमा प्रसन्न गरन्या गूढार्थ नीती भरी ॥ ७९ ॥

पाहूँना जसको भयेर अहिले आज्ञा म लण्डन् महाँ ।
जस्‌जस्को सँगमा चिह्वारि पनि भोसाना ठुला सङ्‌महा ॥
प्रेमैका सँग आदरै पनि भयो भारी तवलैं जहाँ ।
आरामी पहुचाउना कन भनी हर्येक बात्बात् महा॥ १२८०॥
जस्‌जस्ले मिहिनत् गऱ्या ।तिनि हरू लाई त धन्न्यै पनी ।
दिन्छू खूसि भयेर भित्रि मन ले प्रेमी सवैको बनी ॥
भुल्न्या छैन जनम् भरी म पनि यो मेरा दुनीआ पनी ।
हामीलाइ मिलेछ इज्जत ठुलो ठान्न्याछ यस्तो पनी ॥ ८१ ॥
इण्डीया सरकार का सँग महा नेपाल सर्कार को ।
धेरैदिन् अघि देखि मैत्रि हुन गो राज्काज संबन्धको ॥
तेसैलाइ गराइ झन् मजबुती अैह्ले म फिर्दो भआ ।
बन्दोवस्त पनी सवै असलभै यस्‌ले कृतार्थैं भआ ॥ ८२ ॥
मेरा रैति अगिन्ति पल्टन महा भर्ना भई लड्‌दछन् ।
हाम्रो फौज पनी तिनै सँग भई लड्न्या बहुत धेर छन् ॥
दर्का पर्नगयो भन्या अझ पनी छँदैछ पल्टन् तयार् ।
दुस्मन्का सँगमा लडेर सहजै दीन्याछ भारी गुहार् ॥ ८३ ॥
राजा रानि डियूक प्रिन्स मरले प्रिन्सेस् डचेस् हेरुको ।
इष्टाफका अफिसर् सहीत म उप भारी म्यहर्वानिभो ॥
जस्‌जस्का सँग भेटभो उनि पनी दोस्ती बढाऊँ भनी ।
गर्थ्या कोसिस प्रेमले अझ सवै आफ्नै समान्का बनी ॥ ८४ ॥

नेपाल्को इङ्ल्याण्डको वहुतादिन् देखींठुलो प्रेमले ।
मैत्री भावछदैथियो उसउपर् उत्साहका जोडले ॥
सोहीयो इङ्ल्याण्डमा मपहिले दाखिल्हुदादीलमा ।
आनन्दै जुनचालको हुनगयोहोला ऊहा हालमा ॥ ८५ ॥
आफ्नै दीलमहा विचारगरनूहोला भनी क्यैअरू ।
साहै खूसिभयेर भन्दछुमता लम्वीकुरा केगरू ॥
लण्डन् भित्रर वाहिरै तिरपनी जुन्जूनठाऊँ महा ।
दाखीलै मभञा सवैति थलमा राम्राहिसावै महा ॥ ८६ ॥
आनन्दै मिलिगो सवैतरहको भैगोसुविस्ता पनी ।
योचिज्ले कमभो भनेर मनलै जानेन कष्टैपनी ॥
त्यस्माथी अझप्रेमले सकलले आफ्नै समान्को वनी ।
मेराआदर भावजो गरिलिया आपस्त दोस्तै वनी ॥ ८७ ॥
येस्ले दीलमहा भयो जुनाहिसाव् भन्छूम सोहिपनी ।
मेरोदेसर येसको पहिरनै भाषा चलन् चाल् अनी ॥
धेरैनैफरकै छ तैपनि जतिन् ज्यालैत वस्ताभञा ।
योताहो परदेश् भनेरमनमा मानैरहित् भै गञा ॥ ८८ ॥
विस्तारी रितले वयानगरन्या फुर्सत् कमैभैदिदा ।
धन्न्यैवाद दियेर सव्सितञहा भोलीमहुन्छू विदा ॥
वाद्शाहा यडवर्डकोर उनकीरानी अलेक् जेन्ड्रको ।
धन्न्यैवाद समेत गर्नआहिले मिल्नू अहोवातहो ॥ ८९ ॥

राजूराजेश्वर लाइ धन्न्यपहिले उन्काप्रजा लाइफेर् ।
दिन्छू हेरिलिआ अनेक रितका लायेक ताडीफि धेर् ॥
सब्लाइ दिलमा लियेरपछितक् भुल्दै नभुल्न्या गरी ।
लाग्याँ फर्कन आफना मुलुकमा क्यैभन्छु फर्योघरी १२९०
शत्रूका सँग पानिमा सहजले लड्न्या जहाजै जती ।
जम्मा डोभर मा हुँदा उँहि गई हेरी खुसीभै अती ॥
मेरा दोस्त नरेन्द्रका इ सब हुन् जङ्गी जहाजै भनी ।
मन्मा सेखि समेत लागन गयो ठानेर आफ्नै पनी ॥ ९१ ॥
भारत्बर्ष उप बृटीस सरका जों न्याय हक् गर्दछन् ।
यस्ले रैयतको भलाइ हुनगै आनन्द ले बस्तछन् ॥
धन् दौलथ् सबको बचाउ हुनगो भन्न्या समेत् ठान्दछू ।
नेपालै सित जोडिदा सब कुरा येकेक् गरी जान्दछू ॥ ९२ ॥
इश्वर्लै यस देसका रइति को काज्काम समेतै पनी ।
गर्दीउन् दिन दीन उन्नति अती यै भन्छु दिल्ले पनी ॥
इन्ले आदर हामि लाइ बहुतै गर्दाभया योघरी ।
दिल्देखी मपनी कृतार्थ हुनगै फिर्छु सलामै गरी ॥ ९३ ॥
चौहत्त दिन राजूहुँदा शहरमा वर्कामघाम् नामको ।
दर्बार्मा जाति नाच उत्सव हरू देखाइन्या काम भो ॥
त्यस्देखी लिइ पार्लिम्यंट् कचहरी मा पाउँ हक्दारि क्यै ।
भन्न्याभारि जलूस लेड़ि हरुको तेस्सम्ममाका सबै ॥ ९४ ॥

उत्सव् धेर नजर्हुँदा प्रभुजिको दिल्मा चढ्यो जुन् विचार् ।
गर्नूभो सव त्यो प्रकाश खुसिले सब्को झिकी सार सार् ॥
यस्का उत्तरमा सवै जन मिली जोराय छापा गरी ।
देखाया उपनी मलेख्तछु ऋहा हेर्नूहवस् राम्ररी ॥ ९५ ॥
नेपाल्का महराज फर्कनु हुँदा जेजे कुरा छापिया ।
हाम्रा दीलमहा पनी तिनि कुरा छापै झन्नी छापिया ॥
विर्कौलाइ उघारदा अतरको गम्कन्न वास्ना कहाँ ।
वोल्दामा विरले असल् अकलको झल्कन्न रूपै कहाँ ॥ ९६ ॥
साना ठुला वृटिस रैयत ले गऱ्याको ।
सत्कार देखि अति खूसि भई भन्याको ॥
खूला सिधा सरस प्रेम समेत् भऱ्याको ।
सो देखि दील हुन गो अति खुस् भयाको ॥ ९७ ॥
नेपाल राज्य सित ग्रेट वृटेन् मुलुक्को ।
मैत्री बहूत दिन देखि असल् भयाको ॥
साल् चौध को अति ठुलो वलवा न्यपाली ।
फौज्ले खतम् गरि दियो दुसमन् लगारी ॥ ९८ ॥
यस्लाइ सानु भनि विर्सि नसक्नु देख्छौं ।
वाँकी कुरा अझ अरू पनि हामि लेख्छौं ॥
अङ्ग्रेजि पल्टन महा ग्वरखालि धेरै ।
भर्ना भई वखतमा अझ वेर वेरै ॥ ९९ ॥

लइदैछ इज्जत लिई सव ठाउँ माहाँ ।
दोसाँधमा डर हुँदा पानि वस्छ वाँहाँ ।
दीन्याछु फौज मपनी दरका भयामा ।
शर्चन्द्रको हुकुमभो जुन येस माहा ॥ १३०० ॥ *
भारत्वर्ष महा बृटीस हुकुमत् थान्ना निमित्तै भनी ।
आर्काको वल मागन्या वखत क्यै देखिन्छ ताढै पनी ॥
लिन्छौ तैपनि चन्द्रले खुसि भई दीनू भयाको जती ।
गर्छौं आस पनी प्रसस्त तिनको लेखौं अहाँ धे कती ॥ १ ॥
श्रीमा सभ्यपना इलम् सहितको चातुर्य्य धे देखियो ।
यस्ता मानिस येसिया भरमहा आर्कों कमै देखियो ॥
श्रीले लण्डन आइ हेरि सवथोक् आफ्ना मुलुक्मा गई ।
कद्दर्गर्नु हुन्याछ यस् मुलुकको विश्वासि दोस्ती भई ॥ २ ॥
नेपाल्का महराज मात्र मनले जानेर यो हैनकी ।
श्रीको बुद्धि प्रताप ल्याकत इलम् सौर्यादि गुण् लाइ ली ॥
भन्छौं हामि सवै यकै मुख गरी मन्लाइ राजी गरी ।
नेपाल्कार बृटीसका विचमहा मैत्री वढ्यों वेसरी ॥ ३ ॥
यस्ले निश्चय गर्दछौं अव उप गोर्खार इङ्ग्ल्याण्डको ।
दोस्तीभाव वढेर धेर दिन तक् अड्न्या समेतै भयो ॥
नेपाल्को किरती पनी दिन दिनै वढ्दै गई चन्द्रझैं ।
आनन्दै सव रैतिका मनमहा गर्न्याहवस् जूनझैं ॥ ४ ॥ *

लाटा लुला लँगड लाइ जिलाइ लीन्या ।
विद्यार्थिका निमति मद्दत केहि दीन्या ॥
फीसैविना गरिव लाइ पढाइ दीन्या ।
येती भया दर पचीस पउण्ड लीन्या ॥ ५ ॥
बादशाहि नोकर वुढा हरुका निमीत्तै ।
कङ्गाल स्यण्टपलमा वसन्या निमीत्तै ॥
ईंटसक्कायर दरिद्र हरू निमीत्तै ।
सेफीलका पनि दरिद्र हरू निमीत्तै ॥ ६ ॥
पौण्डै पचास दरले इनमा गईगो ।
रेल्वे किताप पढन्या इसकुल् जउन्हो ॥
तागत् रहीत अति बृद्ध पुलिस् निमीत्तै ।
पचहत्तरै दर गयो इन लाइ मात्रै ॥ ७ ॥
ज्याक्वयुनीयन भनी यसका निमीत्तै ।
येडिन् बडा सहरका दुखिया निमीत्तै ॥
सौ सौ पउण्ड इनलाइ बकस् भयाको ।
धर्मार्थ मा प्रभुजिले सव यो दियाको ॥ ८ ॥
सङ्ग्राममा पति मरी विधवा भयाका ।
पेट् पालदछन् भर जनम जसमा रह्याका ॥
येही भयो दुइसये प्रभु बाट लीन्या ।
दुखी ति नारि हरु लाइ जिलाइ लीन्या ॥ ९ ॥ *

पाहूना भइ जो गया यसियका तिन्‌लाइ राख्न्या घरै ।
तिन्सौ पौण्ड लिन्या इनै दुइ भया श्रीबाट धर्मार्थ नै ॥
पान्सौ पौण्ड लिन्या किडै हसपताल् यैमात्र येकैभयो ।
यस्‌रित्ले कइयेक् हजार्प्रभु जिले सव्‌लाइ वक्सिस्‌भयो १०
पाहाड वस्तिमइदान मुलुक् भरीको ।
आकार थान फइलाउ फसल् सहित्को ॥
हावासडक् नहर चालचन् महल्को ।
गर्छूवयान सवको कउतूक् सहित्को ॥ ११ ॥
अट्लां टीक समुद्रका विचमहा बृटीस अैल्यान्ड भो ॥
ग्रेट्‌ब्रीटन् कहिन्या ठुलोछसवमा येस्मातिनै भागभो ।
इङ्ल्यान्डै यउटार वेल्सअरको दक्षिण् दिशा पर्नगै ।
इस्काट् ल्यान्ड विचीत्रको हुनगयो उत्तर्दिशा पर्नगै ॥ १२ ॥
ग्रेट्‌वीटेन् सवको लमाज्छि सये मीलै भनी भन्दछन् ।
तिन्सौ सत्तरि देखि तेत्तिस तलक् चौडाइ मिल्‌गन्दछन् ॥
इस्कायर्मिल येसको वुझिलिनू हज्जार सत्ताउनै ।
साढेसात हजार मील इसकाट् लाईत भन्छंन्सवै ॥ १३ ॥
साढेसात हजार वेल्स कहिन्या इस्कायरै मीलमा ।
आठौ नम्वरको व्रिटेनूहुनगयो टापू ठुलाजत्तिमा ॥
ग्रेट्‌वीटन्सारिको पचीसटुकुरा जोडीमिलाई लिया ।
भारत्‌वर्ष समान पुग्दछभनी नक्साखडा गर्दिया ॥ १४ ॥

जम्मै टापुमहा गरी तिन करोड् अस्सीत लाखै पनी ।
मानिस्को वसतीछ भारतविषे तीसै करोड्को अनी ॥
इङ्ल्याण्डै वलसै पहाडि मुलुकै पश्चीं तरफ् धेरभै ।
उत्पत्ती नादिको तही हुनगई वग्छन्सवै पूर्वगै ॥ १५ ॥ *
इङ्ल्याण्ड सर्दिगरम्ती विचमा रह्याको ।
हावापनी उहिगुणै लिइ वेस् वह्याको ॥
भूगोलको उतर दक्षिण वीचमाहा ।
भागैपनी तिनभया यकनास ताहाँ ॥ १६ ॥
उत्तर्दखिन् ध्रुव नजीक मुलूक ज्यादै ।
ठण्डाछ वीचविचमा गरमीछ ज्यादै ॥
योभाग येतियतिहो भनि साँध लाई ।
देखाइयो तिनमहा जुन भागलाई ॥ १७ ॥
भन्छन् युरोपियन टेमपरेट जोन ।
यैभागका भितर लण्डनलाइ जान ॥
पानीढल्लो पुरबपारि नदी वहन्छन् ।
उब्जाभन्या जउ गहूँ जइ धेर हुन्छन् ॥ १८ ॥
खेतीगरेरपानि धानभन्या नहून्या ।
केरार आँप कटहर्फलमा नहून्या ॥
तर्कारि आलु सलगम् वहुतै भयाको ।
पेट्पालन्या गरिपले पानि यै भयाको ॥ १९ ॥

नास्पाति स्याउ गुजबेरि वयेर फेरी ।
इष्टाबरी हरु हुन्या फलमा घनेरी ॥
गाई बयेल बाढिया पइदा तिहुन्छन् ।
घोडाहरू पनि असल् मजबूत हुन्छन् ॥ १३२० ॥
वाख्रा हुदैन इङ्ल्याण्ड महाछ भेडा ।
गाडा हला सकल तानि लिन्यात घोडा ॥
वाग् भालु हात्तिहरु हुन्न इ टापु माहा ।
सर्पैं पनी अति बिषालु हुदैन ताहाँ ॥ २१ ॥
वासन्त ग्रीष्म शरदै शिशिरै इनै चार् ।
मौसिंछ लण्डन महा चलदैछ कार्वार् ॥
ठण्डा हुँदा हिउँपरी कन ढाकि लीन्या ।
घर्देखि निस्कन पनी सहजै नदीन्या ॥ २२ ॥
इङ्ल्याण्डमा वहुत खानि फलामका छन् ।
सर्कारलाइ पनि धेर धनै इ दिन्छन् ॥
पत्थर्कइल हरुका पनि खानि धेर्छन् ।
गोल् दाउरा सकलको इनिकाम दिन्छन् ॥ २३ ॥*
केल्टस् जातिथिया अगाडि इनमा इन्लाइ जर्मोनिले ।
पश्चिंतर्फ लगारि केहि दिनतक् कब्जा गर्‍या जुक्तिले ॥
केही दिन्पाछि फ्रान्सवाट नरमन् जात् आइ वस्ताभया ।
इस्काट्को हकदारि फैलिनगयो सन्सोहसौ तिन्महा ॥ २४ ॥

सन् येघार सये वहत्तर हुदा आयरल्याण्डै भयो ।
यस्को येकसये दसै बरष वाद् वेल्सैपनी जोडियो ॥
कल्कत्ता सहरैर बम्बइसहर् इन्देखि पाच्गुण् वढी ।
मद्राज्देखिपनीछ लण्डनसह नौंगूढ़ बस्ती वढी ॥ २५ ॥
लण्डन्कोर समूद्रको विचमहा कोसैछ तीसैपनी ।
लण्डन्का विचमा वहन्छ वढिया टेमस् नदीनैपनी ॥
सोहैमील लमाञि बाह्रमिलको चौडाइ जानी लिनू ।
चारैभाग वरावरी सहरको हिस्सात सम्झीलिनू ॥ २६ ॥
इस्कायर्सडकै जती हुनगया ढाकेर यकभागमा ।
अड्डा खाल अदालतैर पसलै ठिक्ठीक यकभागमा ॥
ठुल्ठूला जनका हवेलि दरवार्छन् ईत यकभागमा ।
सामान्न्यैजनका घरैहुनगया ढाकेर यकभागमा ॥ २७ ॥
जर्मन् फ्रान्स इटालि रूस टरकी नार्वेसिडन् स्पेन फेर् ।
जापान् चीनर अष्ट्रियार मरको ईजिप्ट इत्यादि धेर् ॥
देस्देस्मा सवको शिरोमणिभई राम्रो भयाकोपनी ।
राज्धानी इङ्गल्याण्डको हुनगयो लण्डन्सह वेंस्वनी ॥ २८ ॥
सातलाई दसले गुनेर उतिलाख् मानिस् वस्याको तहाँ ।
कार्खाना वढिया अनेकरितका रात्दिन् चल्याको तहाँ ॥
धूँवाधेर उडेर मेघसरिको देखिन्छ आकासमा ।
अग्ला पर्वतका समान घरछन् भीडेर आस्पासमा ॥ २९ ॥

उपर पाउभरै फइलाउ को ।
विमल जल् गहिरो उहिमाफिको ॥
ट्यमस नाम नदी वहन्या ठुलो ।
इलम तौलन लाइ भई तुलो ॥ १ ॥
टिमर[1] भारि जहाज सरासरी ।
हिडदछन् जलमाथि वरावरी ॥
गजव येक तहाँ पनि देखियो ।
जलमुनी वढिया ट्यनल[2]ै थियो ॥ २ ॥
निशिदिनै वलन्या झरिला दिया ।
शरद चन्द्रसरी वहुतै थिया ॥
कुन तहाँ दिनहो कुन रातहो ।
निरख गर्न कठीन हुन्या अहो ॥ ३ ॥
जल जमीन मुनी पवनै पनी ।
हुरु हुरू वहन्या शितलै वनी ॥
सुरङ्गमा रँग लागि सफा थियो ।
नजर लाइ खिचेर वलै लियो ॥ ४ ॥
मटर[3] बग्गि[4] लढी कतिहुन् कती ।
परतिरै[5] पुगन्या नअडी रती ॥
विनुप्रयास असङ्ख्य जनै पनी ।
हिडदछन् ताँहिवाट छिटा वनी ॥ ५ ॥

१ घ्वाकस २ सुरुङ् ३ विनाघोडाले चल्नेबग्गी ४ गाडा ५ नदीको पल्लोतिर

सुतल[1] जान वनेछकि मार्गयो ।
भनितहाँ मनमा पनि पर्नगो ॥
भुजगराज[2] वली सित मीत्र भाव् ।
गरिलिनन्कि पछी तलकैत साफ् ॥ ६ ॥
महल येक रहेछ विचीत्रको ।
सकस कोहि हवस् जव भीत्रगो ।
गगनका ग्रहको गति जानिन्या ॥
शशि गुरू बुध भार्गव देखिन्या ॥ ७ ॥
सहज वेधहुन्या ग्रह राशिको ।
बिविध यन्त्र जतातति देखियो ॥
धरहरा सरिको दुरवीन येक् ।
तँहि रहेछ ठुलो भइ काँच वेस् ॥ ८ ॥
यसघरी वुध शूक्र गुरू शनी ।
कुज हरू कुनठाउँ हुनन् भनी ॥
मनविषे जवभो ग्रहको थलै ।
गणितका वलले बुझिन्या सवै ॥ ९ ॥
गजव यन्त्र चलाइ दियो जसै ।
क्रम सितै घुमदै महलै सवै ॥
दुरविनै पनि ठाउँ विषे गई ।
गरछ वेध सिधा ग्रहकै भई ॥ १० ॥

१ पताल २ वासुकीनाग

जुनसुकै बखतै विचमा पनी ।
नजर गोचर हुन्छ ग्रहै पनी ॥
जउनहो ग्रहको रुप सो पनी ।
सफइ देखिनगो नजिकै वनी ॥ ११ ॥
शशि[1] विषे छहरा गिरि जङ्गले ।
नदिहिमै झन्नि देखिनगो सवै ॥
वरिपरी शनिका अगुठी सरी ।
चमक देखिनगो पट्टुका सरी ॥ १२ ॥
गुरु बृहस्पतिका भुवनै[2] विषे ।
वरिपरी शशि पाँचहि देखिये ॥
पृथिवि देखि ठुला ग्रह लोकभै ।
नजर देख्तछ दुर्भइ सानुनै ॥ १३ ॥
सकल लोक बिषे अझ क्यै ठुलो ।
भुवन देखि लिञौ तँहि शूक्रको ॥
पचिस माइल येक स्यकेण्डमा ।
ह्यलिज आउँछ दौडि अकाशमा ॥ १४ ॥
तरपनी वढिया भइ दुर्विनै ।
नउ दसै महिना अघि वाटनै ॥
अव उदाइ गयो ह्यलिजै भनी ।
खवर छापि फिजाइ दिया पनी ॥ १५ ॥

१ चन्द्रमा २ लोक

उही पुछ्तेतारो यसघरिमहा हामि हरुको ।
नजर्लै देख्तोभो भरखर उदाया झ्मिनभो ॥
अगाडी यो तारो अझ्र कति करोड् माइल परै ।
हुँदो होला त्यस्तो वहुत परको सो यतिवरै ॥ १६ ॥
सफा देख्न्या कत्रो वरकत भयाको दुरविनै ।
वनायाछन् येस्मा अझ्र अरु वलै दीन्पर दिनै ॥
वढाई लोक्लोकान्तर विच रह्याका जन सँगै ।
सफा देखा देखै गरिकन विनातारहि उसै ॥ १७ ॥
विजूलीका जोर्लै खवर पुगन्या यन्त्र जुनहो ।
यसै द्वारा वात्चीत् पनि गरि अरू लोक सँगको ॥
पुरा मेलै राख्ने हिकमत विषे छन्ति अहिले ।
हियाऊ गर्न्याको इलम विफलै जान्छ कहिले ॥ १८ ॥ *
जउन लोक निवासछ हामरो ।
यहिपनी परदेखित रामरो ॥
झलकन्या कहि तारहि माफिको ।
सहज देखि लिनन् भनि जानियो ॥ १९ ॥
चमतकार खगोल भुगोल को ।
वहुत भाग्य हुँदा गइ देखियो ॥
जति तमास तहाँ गइ देखियो ।
उसकको तिरिजै कसि लेखियो ॥ २० ॥

एक्कोस्को गजमागराइ चउडा कोसैभरीको गरी ।
कोहीचीज बिछयाउदा पचिसले ढाकिन्छ लण्डन्भरी ॥
सन्ध्याकालहुदा धुँवा सहरमा हुस्सूसमान् फैलिन्या ।
लायाका कपडापनी वदनका भर्रातमा मैलिन्या ॥ १३३० ॥
धेरै लम्बि कुरा कहाँ तक गरौं धूँवाँ बहूतै भई ।
सेतो केहि चरा पनी सहरका उड्छन् ति कालै भई ॥
भोलीपल्ट बिहान ख्वाक्क गरदा कालो कफै देखिन्या ।
कार्खाना यतिभै ठुला सहरको राजा झन्नी देखिन्या ॥ ३१ ॥
चिज्विज्ले भरपूर छन् पसल सव् झक्की झकाऊ गरी ।
ऐना झ्याल हुँदा पसल् पसलमा छर्लङ्ग येकेक् गरी ॥
देखिन्छन् सब कोठिका भितरि माल् खूला पसल्का सरी ।
राख्याका सब मालका चमकले मन्लाइ लिन्छन् हरी ॥ ३२ ॥
बिक्रीका निमती पसल् पसलमा माल्ताल जेजे थिया ।
आर्को येक किताप बन्छ तिनको नां मात्र लेखी लिया ॥
जस्ता रित्सित साफ हुन्छ अइना सो गर्न लाई भनी ।
नोक तत्पर छन् पसल् पसलमा काजू बहूतै बनी ॥ ३३ ॥
सफ्फाई अहिले कहाँतक भनौ पेटी सिढीमा पनी ।
धूलो देखन लाइ दुर्लभ थियो रात् दिन् पुछिन्छन् पनी ॥
साभन् पानि पकाइ धोइ दिन दिन् ढुङ्गा हरू टल्कन्या ।
त्यस्मा झन् अङ्ग पालिसै खुलनगै ऐना झन्नी झल्कन्या ॥ ३४ ॥

रोगन् रङ्ग बिचीत्रको घर भरी चं चं गरी चंकन्या ।
बास्ना येक किसीमको सहरमा अत्तर् समान् गम्कन्या ॥
गल्ली साफ जताततै सहरमा कूनार काप्‌चा पनी ।
काँहीकेहि फ्वह भया अलिकती ऊठाइ फाल्न्या पनी॥३५॥
लण्डन्का बिचबीच माछ मइदान् दूभो हरीयो भई ।
गर्छन् घुमफिर फुर्सतै हुनगया पुर्वासि ताहीगई ॥
मानिस्का सवइन्त्य जाम वढिया देख्ता पुलिस्कोपनी ।
आज्‌काल्को अमरा वतीसहरत्यो हेर्‍यौअहो भाग्‌भनी ३६
साह्रै ठुलो हउस लन्डनमा भयाको ।
क्यै किन्नलाइ उसमा रसले गयाको ॥
मानीस भर्दिन घुम्या पनि हेरिहेरी ।
वाकी रहन्छ अरु हेरन लाइ फेरी ॥ ३७ ॥
लण्डन् भरी सडकमा कहि काठ छापी ।
ठाडागराइ कहि पथ्थर साफछापी ॥
तेस्माथि रोगन समेत लगाइयाको ।
वग्गीहरू हिडन खुप् सजिलो भयाको ॥ ३८ ॥
वत्तीपनी सहरमा विजुली वल्याको ।
सप्फाइसाथ सवकाम चली रह्याको ॥
जुन् गल्लिमा नजरगो उसमा उतीनै ।
चल्ती छदैछ जनको सव रात दीनै ॥ ३९ ॥ *

मोड्मोड्मा पुलिसैवसी सहरको गर्छन्ति रक्षापनी ।
पर्देशीहरु लाइ मद्दतगरी वाटो यताहो भनी ॥
लठ्ठीले इसरा समेत गरछन् नम्रै स्वभाव्लेगरी ।
सङ्ख्या चौधहजारजान्नु इनको वस्छन्तहाँ हर्घरी ॥ १३४० ॥
मुल्बाटा वीचमाहा पनि सलहसरी वग्गि मोटर्अमन्वस् ।
वाईसीकल् हिड्याका फुरतिअतिगरी काँहिपर्न्या घचाघच् ॥
पैदल्मानीसफेरी सडक दुइतरफ् हिड्दछन् एकनासै ।
वाटोकाटेरजान्या सहजासित उसै गर्नुपर्दैन आसै ॥ ४१ ॥
छिन्छिन्भर्मा सडक्मा वहुत भिडभई गाल्हिमा अड्नुपर्न्या ।
रोक्कागर्नूरछाड्नू पुलिसजनहरू भीडहेरेर गर्न्या ॥
ठाडोऔंलो पुलिस्ले जुनतरफगर्न्यो अड्दछन् उस्तरफ्का ।
औंलाझिक्दा पुलिस्ले सकलजनहरू दौड्दछन् उस्तरफ्का ४२
कस्कोतागत्छ उर्दीहरुकन नगनी सर्सरी जाइजान्या ।
जस्लेमानेन उर्दी उहिजन झटपट् लट्ठिको चोटखान्या ॥
साहैचल्तीचल्याको शहरपानिसवै ढाकियाकोछ तालैं ।
लण्डन्वासी नुह्याका दिनदिनवढन्या द्रव्यको भारिभालैं ४३
लण्डन्का घर साफ उच्च अतिछन् पान्सात्तला कोहिछन् ।
ऐनाझ्याल विचीत्र सब्घरभरी हेर्दा मनै हर्दछन् ॥
छानाछाउनमा सिलेटर जमोट् वजैहरू लाउछन् ।
रङ्रोगन् झलझल्गरी नजरको तेजै समेत हर्दछन् ॥ ४४ ॥

जुन् घर्मा नजरै दियो उहि घरै खैचन्छ मन् बेसरी ।
लङ्कालङ् यकनासका घर सबै टोल् टोल भिन्नै गरी ॥
ढोका बन्द छदैछ सब् घर घरै ग्रिहास्थि जन्का तहाँ ।
धातूको बिचमा कडाछ सवमा हात् पुग्छ सीधा जहाँ॥४५॥
तेसै लाइ बजाइ खट् खट गरी खुल्छन्त खापा पनी ।
येसैले घरमा खव पनि हुन्या आयो सकस्को भनी ॥
अर्काका घरमा गयेर पहिले ढोका बिषे अड्नगै ।
आवाजै दिनुपर्छ घण्टि हरुको त्यस्ले खव पुग्नगै ॥ ४६ ॥
घर्का मालिक बाट आउनु हवस् भन्न्या अवाज्भो जसै ।
जान्छन् भित्र सरासरै नहि भन्या पस्तैन कोही उसै ॥
कोठा बैठक आफिसै हरु महा चाहिन्छ जुन् जुन् कुरा ।
दौलथ् माफिक मालताल सवभै देखिन्छ हर्घपुरा ॥ ४७ ॥
बैठक् छन् अति साफ लागत पनी लाखन् उपर्लै बनी ।
कस्ता रितिसत लेखनू सव बयान् यस्ता थिया ती भनी ॥
झ्याल् झ्यालमा सवका अनेक रितका देखिन्छ पर्दा पनी ।
कार्पेटै सव ठाउँमा रङबिरङ् बिछ्याइयाको पनी ॥ ४८ ॥
झार्फानस् बिजुली भरी झिलि मिली बत्ती बल्याको पनी ।
देखिन्थ्या घरघर् अनेक रङका मोल् धेर पर्न्या अती ॥
जाडाका दिन आफना सव जना जाहान बच्चा बसी ।
आगो तापि चिया रिकापि भरपुर् रङ्गमात लालै मसी॥ ४९॥

चंचालले लिइ सुप्प सुप्प गरदै विस्तारि चाल्ले गरी ।
आनन्दै दिलमा लिईं सरसले प्यूछन् सबै दिलभरी ॥
वर्फानी मुलुकै हुदा शरिरमा गर्मी प्वसाकै सहित् ।
वस्न्या रूमपनी घरैघर थिया जाडोछ जस्मा रहित् १३५०
लामखुट्टे उपिञा झिगा रहितको लन्डन् सहर्देखियो ।
क्लाईमेट्[१] छिन छीनमा वदलिदा आश्चर्य पार्दो भयो ॥
जाडोभै पहिले असंख्य रुपले गर्मीहुन्या फेर्तहाँ ।
छिन्भर्मा जलवर्षन्या गजवयो देखिन्छ लन्डन् महाँ ५१
पच्हत्त डिंगरी हुँदा गरमले आकूल ब्याकुल् हुन्या ।
जाड़ामा पनि ठण्डि धेर हुनगै बाधा अधीकै दिन्या ॥
रेलमा गर्मि पुऱ्याउनाकन भनी नल्छन् गरम् पानिका ।
पाइप् खोलिदिया गरम्पानि हुन्या कोठाबिषे रेलका ॥ ५२ ॥
भोली पर्दछ पानि यस्घरि भनी छापिन्छ पैह्लेन हाल् ।
पानीपर्छ उसैउसै घरिमहा फे पर्नको क्या मजाल् ॥
यन्त्रैछन् यस चालले अरु पनी धेरै कुरा ज़ाँचिन्या ।
अव्जर्बेटरि नामको घरछ बेस् जोतीषको कांदिन्या ॥ ५३ ॥
खान्या चीज पकाउनाकन भनी आर्को दलानै पनी ।
भैंभीत्रै बाढिया बनाइ उसमा राखेर गुम्बज् अनी ॥
अैनाका टकले प्रकाश हुनगै साफ् साफ सब् देखिन्या ।
जग्गा पाउन मुस्किलै हुनगई यस्चालका घर्बन्या ॥ ५४ ॥

१ हावा पानी

लण्डन्मा भत्रिभित्र चर्पि वढिया सफ्फा वनेका पनी ।
ढोका मात्र नज अंगाडि हुनगै विर्चीत्रको सो पनी ॥
मानिस् गो जव द्वारका नजिकमा आफै घड्याक्कै गरी ।
खुल्दा चर्पि तयारभै उहिघरी मानू चटक्का सरी ॥ ५५ ॥
भित्ताबाट अगाडि हाजिर भई मतलव् पुराभो जसै ।
पानीको कल आफत्री खुलनगै धारा छुटी झट् तसै ॥
मैला लाइ बहाइ साफ गरन्या मानीस निस्क्यो जसै ।
ढोका बाहिरभो उसै चरपि सव् गायेव हून्या तसै ॥ ५६ ॥
दोस्ती भैकन जानुभो यदिभन्या जस्का घरैमा वहाँ ।
भर्वित्तो सनमान गर्न उपनी तत्पर् हुन्या झन्तहाँ ॥
सत्कार्लै नपुगेर केहि चिजको दर्कार्भयो जुन्घरी ।
दीनूपर्छ अवाज घण्टि हरुको तूरुन्त सोहीघरी ॥ ५७ ॥
नोक र्हाजिर छन् कउन चिजको दर्कार्भयो नाथ् भनी ।
भन्न्या योचिज आफुले भनिदिया झट् ल्याउन्या सोपनी ॥
नोकर्लाइ ब्वलाउनाकन पनी चिच्च्याउन्या काम् नभै ।
कोठैमा बसि घण्टि हेरु बजन्या तार्मात्र खिच्छन् सवै ॥५८॥
योघ र्जीर्ण भयेछ मर्मत नभै भन्नू हुन्या येक् पनी ।
देखिन्नन् सहरै भरी कहिंपनी हेर्दा नरामृा पनी ॥
देखिन्छन् सव साफ हर्किसमका उच्चा भयाका नत्रा ।
दिन्कादीन सधै घुमेर पनिझन् हेर्दा म मोहित् भत्रा ॥ ५९ ॥

खम्रा खाझिंगटी परालहरुका छाना भयाका पनी ।
हिन्दुस्थान समानका घरतहा देख्यौं नकाहीं पनी ॥
नोकर्चाकर कामकाज गरदा खश्राप्वसाकै उपर् ।
छाती देखिलिंई घुडातक हुन्या केही मिल्याको रवर् १३६०
फ्याङ्लो थेकलगाइ कामगरछन् योकाम गर्लौंभनी ।
वारम्वार अह्राउन्या चलनयो देख्यौंन कत्तीपनी ॥
आफ्नू कामजती सवैफुरतिले राम्रा हिसाव्ले गरी ।
टाइम्पुग्न गयापछी तिनिहरू अस्राव मानिस्सरी ॥ ६१ ॥
पोशाक् वेसलगाइ घुम्फिरपनी गर्छन् सहर्मा अनी ।
जान्छन् उत्सव हेरनाकन पनी आनान्दि दिल्का वनी ॥
कामैका भिडमा पनी तिनिहरू खान्या वखत्भो भन्या ।
कौनै चालगरेर केहिचिजता आवस्य खाईलिन्या ॥ ६२ ॥
येसैमा तिनको निरोग वुझियो योकाम् नहूदा जहा ।
पित्त वायुभयेर रोग पड्दा गर्दिन्छ हिन्दूमहा ॥
काईदा सितका अनेकारितका फुलूवारि सव्घर्महा ।
देखिन्छन् तरकारिको पानि रहर्सव्ले गऱ्याको तहाँ ॥ ६३ ॥
गाऊँका झुपडी भयापानि सवै सफ्फाइसाथ् देखिन्या ।
हेर्दैमा दिलमापनी सकलको आनन्द पारी दिन्या ॥
खूलादील मजा उड़ाइ सुखले हाँस्ख्याल बात्चित् गरी ।
आनन्दै हरदम् प्रकासगरन्या मानिस् मुलूकैभरी ॥ ६४ ॥ *

अत्त्यन्त नम्र जन ग्रेटवृटन् निवासी ।
ऊद्योग हद्द गरन्या दिल खूस राखी ॥
सन्सारमा इनसरी अरु सभ्य जाती ।
छैनन् इलम् गरिलिन्या अति कष्ट काटी ॥ ६५ ॥
सूत्तैन कोहि दिनमा पलटेर एक्छिन् ।
जाँदैनब्यर्थ सबको अझ काल एक्छिन् ॥
खानू पिनू सवकुरा यकनास गर्छन् ।
टाइम् खिलाप नगरीकन काम गर्छन् ॥ ६६ ॥
आलस्यका वस परी वसदैन कोही ।
गर्दैन भाइ विचमा पनि भेद कोही ॥
सफ्फाइ हद्द गरछन् सबदेस माहा ।
मैला लुगा पहिरन्या यकछैन ताहाँ ॥ ६७ ॥
जाडो मुलुक्छतपनी सबले नुहाई ।
पैहृन्छ वस्त्र दिन दीन सँधै धुवाई ॥
खाली गर्फै गरिगरी घरमा कसैका ।
जाँदैन काल इलमै गरि सव् वसेका ॥ ६८ ॥
गर्छैन् इलम् भरजनम् फल लीन लाई ।
छाडिन्न त्यो विचविचै फलक्यै नपाई ॥
पाक्तैन केहिचिज खानभनी घरैघर् ।
जातभातको फरक छैन नभै थरैथर् ॥ ६९ ॥

सानाठुला सकल होटलमा गयाका ।
खान्छन्नाति द्रब्य दिल माफिक साफ्बनेका ॥
यस्यस् वखत् यतियती चिज नित्त्यखान्छू।
मैन्हापुगेर यतिद्रब्य दियेर जान्छू ॥ १३७० ॥
होटेलमा यसरि कागज लेखि दिन्छन् ।
जाहान लाइ पनिताहि खुवाइ लिन्छन् ॥
पाक्तैछ होटलमह्रा यकनास भर्दिन् ।
खाली हुदैन जनले पनिखान यक्छिन् ॥ ७१ ॥
खानातयार गरन्या घरका हजारन् ।
लन्ठा घटेर रहदा अवला खुसीछन् ॥
तर्कारि काटनु पकाउनु राख्नु झिक्नू ।
पर्दैन नारिहरुले घरकाम छिन्नू ॥ ७२ ॥
नारीभन्या मुलुकमै मनमोज काभै ।
वोली भन्या अतिमिठो मिलन्या सितामैं ॥
यौटी सिवाय सँगमा अरकी कसैका ।
वस्तीन राखनपनी नहुन्या घरैमा ॥ ७३ ॥
चाल् चल्दछौं सकल सभ्यभनेर भन्छन् ।
मीत्रै समान रसले पतिलाइ भज्छन् ॥
संकोचछैन तिनमा रति भर्कसैको ।
वात्गर्दछन् अदवहीन भई रसैको ॥ ७४ ॥

अत्त्यन्त प्रेमि पति पत्नि भई दुवैमा ।
भेद्‌छैन मान मदको समभै सुखैमा ॥
देसानुसार परदा नभयेरताहाँ ।
हिड्छन् सधै सँग सँगै सवठाउँ माहा ॥ ७५ ॥ *
जवानी पुराभै दुवैका खुसीले ।
रसैले पतीली गयाका हुनाले ॥
पती पत्निका वीचको प्रेम तिन्को ।
रहर् लागदो हैनत्यो एकाछिन्को ॥ ७६ ॥ *
केही कुरा मनमहा द्विविधा भयामा ।
सोध्यो कसैसितमन्या घुमनै गयामा ॥
जस्तै सुकै अमिर होस गरिप् हवस्वा ।
वृद्धै हवस् तरुण बालख नारि होस्वा ॥ ७७ ॥
उत्त सँरासर दिन्या झरको नमानी ।
क्यावात सभ्य रितको अति वेस वानी ॥
नम्रै स्वभावभइ वोलि मिठो भयाका ।
अल्गर्जि दोष हरुले रहितै भयाका ॥ ७८ ॥ *
कोहीमानिस लाइ भेटनुपऱ्या क्येवात सोध्नूपऱ्या ।
सोमानिस् घरमा छछैन यसको हालवुझ्न इच्छागऱ्या ॥
कोठैमा वसि टेलिफोन् दिनुहवस् तूरन्त सोही घरी ।
उत्तआँउछ लण्डनै सहर सव् घूमेर येकेक् गरी ॥ ७९ ॥

टेलीफोन हुदा सवै घरमहा आरामि चाल्हे गरी ।
घर्घर्मा बासि बातचीत गरन्या भेटै भयामा सरी ॥
डाक्टर् हाकिम दोस्त भाइ सवथैं आफै गयाझैं गरी ।
बात्चित् गर्न हुन्या उपाय सजिलो देखिन्छ लण्डन्भरी १३८०
लण्डन्का अवला गरौं जिउभई पैदाहुने कालमहा ।
अस्पत्ताल महा गयेर रहन्या छोटा वडाका तहाँ
संह्मार्जत्ति सवै तहीं हुनगई तैयार हुन्छन् जसै ।
दर्जा माफिकको दिई फिस सवै फिर्छन् घरैमा तसै ॥ ८१ ॥
मोट बॅगिग बिषे चढी घुमि फिरी उत्रन्छ जुन् ठाउमा ।
येती कोस हिड्यौं किराय यसको लाग्यो यती भाउमा ॥
भन्न्या सूचन आफञी निसकन्या यन्त्रैछ बग्गीमहा ।
येतीदिन्छु भनी कसाकस पनी पर्दैन गर्नू तहाँ ॥ ८२ ॥
लण्डन्मा सहरै कही भञि उप पंक्का बनाई पुलै ।
तिन्मा रेल हिडेर छिन्छिन महा शब्द हुन्या घर्घरै ॥
आर्को रेल जमीनमा दउडन्या खाली नभै हर्घरी ।
जाहाँ जाउ वहाँ भिडैछ जनको मानू कमीला सरी ॥ ८३ ॥
भैं भित्रै पानि हिड्छ रेल अरको अण्डर्ग्रउन् नामभै
त्यस्देखी अझ मुन्तिरैछ अरको टीयूप रेल् नामभै ॥
इष्टेसन् सव ठाउँका आति असल् सुन्द बनेका थिया ।
हेर्दामा मनलाइ रद्द गरन्या तस्विर् समान्का थिया ॥ ८४ ॥

भैं भीत्र रेल चढनाकन जान लाई ।
प्वालैछ वीचविचमा इसरा जनाई ॥
ईनारको ढकनि माफिक लिफ्ट ताहाँ ।
देखिन्छ मानिस गई जव वस्छ वाहाँ ॥ ८५ ॥
पौचन्छ झट् बिजुलिझैं गरि ठाउँ माहा ।
मान्दैन कष्ट जिउले पनि केहि ताहाँ ॥
भैं भीत्र भैकनपनी अति साफ्उज्यालो ।
देखिन्छ नाशहुनेगैकन सव् अध्यारो ॥ ८६ ॥
हावा वहन्छ अझ माथि जमीन भन्दा ।
दोवर्भयेर जिउलाइ गराइ ठण्डा ॥
दौडन्छ रेल दुइ तीन मिनट् फरकभै ।
रेलमा सवार हुनुपर्छ सरासरैगै ॥ ८७ ॥
कोही उघार्छ कि भन्या झ्यालि झ्याल ढोका ।
उघ्रन्छ आफजिसवै नदियेर धोका ॥
योइष्ट सेनकन जान फलानु नाउँ ।
मिल्न्या पनी अवछहेर फलानुनाऊँ ॥ ८८ ॥
यस्तोअवाज पनिदिन्छ सिपाहि जोर्लें ।
आवाजले जनहरू जवधेर वर्ल्हैं ॥
हुन्छन् तिवन्द पनि फेरि घुरुक्क आफै ।
पातालमा पनि निरन्तर चल्छ कामै ॥ ८९ ॥ *

जङ्क्सन्मा रेलपुग्दा चहुतरफ अरू रेलही रेलहून्या ।
आऊछन् कोहिजान्छन् छिनछिनभरमा हेरिआश्चर्य हून्या ॥
जस्तारितले तलाऊ नजिक जनवसी खानलाई दियामा ।
माछाको भिड् भयेझैं उहिसरिहुनगो रेलजम्मा भयामा ९०
जत्तीटाढा नजिक्होस् जनहरु हिडदा तिर्दछन्दुइ पैसा ।
पाताल्को रेलमाहा वहुतगजवको देखियो योतमासा ॥
मूसाले खेतदेखी तलतिर जसरीपार्छ प्वाल्धेरचाल्का ।
ठिक्तस्तै रेलहिड्न्या चहुतरफ दुला देखिया सोहिचाल्का ९१
लण्डन्मा जतिपार्कछन् तिसवको गर्छू वयानै पनी ।
हेर्न्या मानिसको दिलैखुसि हुन्या अत्यन्त राम्रा वनी ॥
जात्जात्का फुलकोछ काहि वगिचा साफैभयाको अनी ।
काँही जंगलि बृक्षछन् वनसरी काँही फ्वहोरा पनी ॥ ९२ ॥
बाटो साफ सिदूर पोखिन गया ऊठाइ लीनू हुन्या ।
विच्विच्मा फुलको गुमज्छ वाढिया छाहारिको कामदिन्या ॥
फल्फुल्का विरुवा सडक्दुइतरफ् सीधा सलाम्मी महा ।
देखिन्या यकनासका रुखपनी छाट्काट् गरेकातहाँ ॥ ९३ ॥
विच्विच्मा टुडिखेल्सरी चउरछन् दूवोहरीयो छधेर् ।
आरामी सवले गरुन् भनितहाँ वेञ्चैरह्याको छधेर् ॥
स्वर्गैजान जमीन भेदनगरी धाराछुट्या झैंगरी ।
फोहोरा पनिछुट्टदछन् रङ्गविरङ् काँहित छातासरी ॥ ९४ ॥

मानिस्को मुरतीछ काँहिं तिनमा काहींछ देवल्सरी ।
निर्मल् पानि बहन्छ रात दिन भ र्सब्देखि जोडै गरी ॥
आकुल् ब्याकुल पारदा गरमिले तिन्का नजिक्मा गया ।
देहैलाइ पनी सितल् गरि दिन्या यस्ता बिचीत्रै थिया॥९५॥
काहींछन् अति साफ पोखरि हरू तिन्का पनी दीलमा ।
आरामी लिन लाइ बेञ्च हरुछन् ओरीपरी धे र्तहाँ ॥
रात्पर्दा पनि वल्दछन् बिजुलिका वत्ती झकाझक् गरी ।
लाखन् मानिस घुम्दछन् टहलिंदै आनन्द साग र्परी ॥ ९६ ॥
ब्याण्डै बज्छ कहीं मधूर लयले मन् मोह गर्न्या बनी ।
मन्मोजी जन हेरु मग्न हुनगै सुन्छन् तहाँ राग् पनी ॥
येतीयो सब हेर्न लाइ यउटा पैसाछ दस्तु र्पनी ।
येसैले जनको पनी भिडहुन्या सो हेर्न लाई भनी ॥ ९७ ॥
साध्यै छैन ञहाँ भयाभर जती लेखेर येकेक् गरी ।
मोटा मोटि कुरा वयान हुनगो छोट्कारिले यो घरी ॥
चिन्ता धेरभया पनी दिलमह्हा पार्कैमहा गोजसै ।
आनन्दै दिलमा हुंदासकलको खूसीहुन्या मन्तसै ॥ ९८ ॥
यस्प्वाल्मा पइसा गिराउनुभया मिल्न्याछ योमालभनी ।
लेख्याको विचवीचमा अतिठुला खम्बा फलाम्कापनी ॥
देखिन्छन् सवठाउँमार तिनमा पैसात हाल्दा मह्हा ।
इच्छामाफिक माल हाजिरहुन्या आफै तुरून्तै तहाँ ॥ ९९ ॥

दोगान्दारपनी ठगिन्न रतिभ किन्न्या समेतैपनी ।
माल्को मोलदिदा कसाकससमेत् पर्दैन गर्नू पनी ॥
येकैपल्ट गयेर मालधनिले जम्मा भयाको जती ।
नोक्सानैनगराइलिन्छ रुपिञा पर्दैननोक्सान् रती ॥ १४०० ॥
सोडापानि बरफ् मिठाइ बिसकुट् चूरट् पिपलमेट् अनी ।
साभन् वेसमसी कलम्हरुजती कीनुन् सवैले भनी ॥
लाखन्मानिसका मनोरथपुरा गर्न्या उपायै गरी ।
खम्बैमा यसरीतले सकल माल् लिन्छन् पसलैमै सरी ॥ १ ॥
गाउँकापनी साफछन् घरसवै अैनाजडाऊ गरी ।
झ्यालझ्यालमा परदापनीछ सवमा धनूबानजन्कै सरी ॥
खन्नू जोतनु गोडनू सवकुरा गर्छन् मिहीनत् गरी ।
फुर्सत्को वखतैमहा सवजना वस्छन् मगन्मा परी ॥ २ ॥
घर्घर्मा सवकोछ बागबगिचा आकार साना बरू ।
खालीदेखिन मुस्किलै हुनगयो गन्थन् कहाँतक् गरूँ ॥
साह्रै निर्धनिकापनी पिडिमहा गम्ला फुलैका थिया ।
घर्घर्मा सवकात बालखपनी सप्फाइनै देखिया ॥ ३ ॥
खेतीपातिपनी सफाइसितको सर्वत्र खुप् देखिन्या ।
यत्तै धेरगरेर अन्नहरुको थुप्रो वढाई लिन्या ॥
यूरोप्का ललना हउन् पुरुषहुन् छोटाबडा जोसुकै ।
आलस्यै नलियेर कामगरन्या घर्काज आफ्नू सवै ॥ ४ ॥ *

जुन उपाय गरीकन लण्डनै ।
यसरि सभ्य भयो वढि दिनू दिनै ॥
अलिकती अव लेख्दछु येसको ।
जुन हिसाव थियो अघि देशको ॥ ५ ॥
जउन जात अघी कपडा नभै ।
सिउन लाइ सियो चलनै नभै ॥
कनटकै हरुले चमडै सिई ।
उसइले सरिरै सव ढाकिई ॥ ६ ॥
रहदथ्या अझ अङ्ग महा पनी ।
निर घसी मुसह सरिका वनी ॥
पथर लाइ उध्याइ गराइ धार् ।
गरदथ्या चिर काटन ब्येवहार् ॥ ७ ॥
सनत आठ सये चउसठ् महा ।
इँट वनाइ लिया पहिले तहाँ ॥
नउ सये यकचालिस्स सनू महा ।
गणित शास्त्र प्रचार भयो वहाँ ॥ ८ ॥
सन हजार् विच कागज बन्नगो ।
सन यघार सये विच विक्रगो ॥
सन वहार सये अझ पन्ध्रभै ।
वसिगयो तव पार्लियमेन्टनै ॥ ९ ॥

सन वहार सयेर सताउनै ।
ढलिगयोत असर्फि चलाउनै ॥
दशर तीन सये भइ सात सन् ।
लिनु दिनू विचभो बहिको चलन् ॥ १४१० ॥
सन हजार उप सय तीनगै ।
चलन भो चमचा तव खानमै ॥
चउधसौ तिनमै सव काठकै ।
हरफ काटि चल्यो तव छापनै ॥ ११ ॥
चउध सौ सन माथि अठार गै ।
वनिगयो पहिला तव वारुद ॥
दसर चार सये दुइ नब्बये ।
तउलको चलनै चलि खुस् भये ॥ १२ ॥
चउध सौ सन माथि सताउनै ।
वनिगयो कल काँच ढलाउनै ॥
दसर पाँच सये पइतालिसै ।
सुइकलै वनिगो पहिला तसै ॥ १३ ॥
दसर पाँच सये यकतीस मा ।
चलिगया चिठि पत्रत डाकमा ॥
त्रिगुण पाँच सयेर अठासिमा ।
चलनभो अखवार मुलूकमा ॥ १४ ॥

दसर सात सये अझ तीसमै ।
कल खडा हुनगो सुत कातनै ॥
दसर सात सये अरु नब्बये ।
विजुलिका वलले पनि काम् भये ॥ १५ ॥
सन अठार सये भइ तारको ।
खबर लण्डनमा त प्रचारभो ॥
सन अठार सये अरु बाह्रमै ।
वनिगयो कलको पनि ध्वाँकसै ॥ १६ ॥
सन अठार सये अरु चालिसै ।
चलिगयो पहिला भइ रेल् तसै ॥
अलि अली गरदै वढि वेसरी ।
उनत्रि सभ्भ्य भया अव येसरी ॥ १७ ॥
इलम गर्दछ कोहि सकस् भन्या ।
सब जना उसको मरथेग् दिन्या ॥
गरनु पर्दछ उन्नति येसको ।
इलमले बढिया बुझि देसको ॥ १८ ॥
गरि लिन्या दिलमा अझ हिम्मतै ।
धन कमाउनमा पनि किम्मतै ॥
बहुत दीन अघी उदधी मथन् ।
असुर देव मिली गरदा रतन् ॥ १९ ॥

लिन भनी जसरी विषको डरै ।
नलिइ केवल हिम्मत का भरै ॥
गरि लिया दिलको मतलव् पुरा ।
उनि सरी ढ्पनी इलमी पुरा ॥ १४२० ॥
इलम लाइ नछाडि कसैगरी ।
झिकि लिन्या घिउझै मथनै गरी ॥
कुन उपाय गरी अरु देसको ।
सहजमा धन आउछ येसको ॥ २१ ॥
वहुत ख्याल गरी कन भाइजन् ।
मिलि जुली गरदा भयको छ धन् ॥
जिनिस वीक्त गरी अरु देसमा ।
नगद् साटि लिन्या निज देसमा ॥ २२ ॥
फगत अन्न खरीदनमा जती ।
खरचैभै चुहिगो तिनको उती ॥
दृढ विचार गरी इलमै महा ।
मन झुकाइ लिन्या सव जन् तहाँ ॥ २३ ॥ *
श्रीका पुण्य प्रतापले पुगिगञौ लण्डन् सहर्मा पनी ।
हेन्यौं यो रमितापनी सुगमले अत्त्यन्त खुसी बनी ॥
जन्मैको सुफलै पनी हुनगयो श्रीका कृपाले गरी ।
अर्जुन् स्वर्ग पुग्याझञी हुनगयो आनन्दले योघरी ॥ २४ ॥

नेत्रैको मतलब् पुरा हुनगयो बाकी नभै येक् रती ।
यस्देखी अंब हेरन्या मुलुकमा होला कहाँ केकती ॥
लण्डन्को भिडभाड चल्तति जनको सौन्दर्य प्यारीसको ।
फैलाऊ अतिदेखदा जलधिको नेत्रै अघाई गयो ॥ २५ ॥
श्रीको आयु वढाइ वक्सनुहवस् हेकालि गुह्येश्वरी ।
रोगै नाशहउन् सबै शरिरका तेज्ले अध्यारै सरी ॥
गर्छौं वन्दन शम्भुका चरणको विन्ती बराबर्गरी ।
सोपूरा हुनगै सबै सुखिहउन् हाम्रा मुलूकैभरी ॥ १४२६ ॥

इति लण्डनकाण्ड समाप्तम् ॥



अथ प्यारिसकाण्ड प्रारंभः ।

धन्का मालिक मित्र भैकन पनी आङ्मा खरानी घसी ।
सर्पैका गहना लगाइ जियमा निर्बुङ्ग नाङ्गै वसी ॥
प्यारी पार्वति लाइ राखि नजिकै ठट्टा अनेकै गरी ।
हास्न्या शङ्करका चरण् कमलले रक्ष्या गरुन् हर्घरी ॥ १ ॥
साउन् आठगते सफा सगरभै वार्माबुधै वार्थियो ।
विस्मात हर्ष वरावैर मनमहा गर्न्या दिनैयै भयो ॥
लन्डन्का वाढिया अनेक रितका राम्रा वनेका महल् ।
बुर्जावाग नह पंसल्र सडकै साह्रै पन्याका पहल् ॥ २ ॥
सालिक् पार्करवेस् प्रदर्शनि दउड् ठेट हजारन् कुरा ।
हेर्न्या लालच दिन्दिनै वढदथ्यो हुदैनभैसो पुरा ॥
लाग्यौ छाडन लन्डनै शहरयो फेर्हेर्न मिल्ला कहाँ ।
अप्सोचै पाहिले वहुत हुनगो दिग्दार भै मन्महाँ ॥ ३ ॥
लाग्यौं फर्कन आफना मुलुकमा आनन्द मङ्गल् गरी ।
यस्तो हर्षपनी भयो दिलमहा घर्समझि सोही घरी ॥
स्वर्गैहोस् परदेसमा वहुत दिन् अड्दैन योदिल् कसै ।
इच्छा माफिक तृप्तभै आतिथिजन् वस्तैन वाही सधै ॥ ४ ॥
सारा पृथ्विमहा जती शहरछन् राज् धानि शुद्धै पनी ।
तिन्का वीचमहा विचीत्र नगरी प्यारीस नामै भनी ॥
ताहाजान भनी सवारि कुचभो पौनदसै वज्न गै ।
इष्टेसन् भिकटोरिया मालिनभो श्रीनाथले छाड्नु भै ॥ ५ ॥

श्रीले लन्डन छाडदा मन मलिन् पारेर ष्टेसन् महा ।
फिर्ती स्वागत गर्ने मानिस हरू हाजीर थिया तहाँ ॥
नौलो उत्सव हेरनू असलहो भन्न्या विचार्वानको ।
भीडै भारी समेत लागन गई सोभा वहूतै थियो ॥ ६ ॥
ठुल्ठूला दरजा हुन्या जति जना हाजी भयाका थिया ।
प्रेमैले अति नम्रभै प्रभुजिको स्यालूट तिन्ले दिया ॥
सव्का साथ महा भलाकुशलका वातूचीत् यथोचित् गरी ।
भेट्गर्दार विदा हुँदा दिलमहा हून्या कुरा वेसरी ॥ ७ ॥
झल्काई प्रभुले तहाँ हुकुमभो सव्देखि खूसी मछू ।
प्रेमैले सतकार वेसगरदा वाकी नराखी कछू ॥
लण्डन् छाडन लाइता दिल भन्या मान्दैछ गाहो अती ।
भुल्न्या छैन कदापि यो सहरको ऐश्वर्य भोगे रती ॥ ८ ॥
सव्लाई खुसिले मदिन्छु अहिले वेगिन्ति धन्न्यै पनी ।
आव्याँ जानमता वस्या तिमिहरू लेऊ सलामै पनी ॥
येसै औसरमा वज्यो दसघडी इस्पेसलै खुल्नगो ।
झ्यालै वाट नजर्गरेरं प्रभुको फेरी हुकुम यतिभो ॥ ९ ॥
आफ्ना देसतरफ् फिराइ दिलयो फिर्दा मञ्जीले ञहा ।
भेट्ना लाइ भनेर तक्लिफ ठुलो ऊठाइ आयौ ञहा ॥
येसैले अझदिन्छु धन्न्य अहिले हुकुम भयेथ्यो जसै ।
इस्पेसल् वढदैगयो क्रमसितै हावा समान्भो तसै ॥ १० ॥

१ सलामि

मिष्टर्ग्रेविल लेफटेन वइली सर्कर्जनै वाइली ।
आया डोभरतक् पुर्याउन भनी आर्मीट्यजै सङ्ग मिली ॥
सर्कर्जन् वइलीर आर्मिट्यजई वीदा भयाथ्या जसै ।
श्रीलाई समझी वडाविरहले आँसू गिराया तसै ॥ ११ ॥
श्रीका निंति भनेर डोभर महा वोटै तयारी थियो ।
इङ्गलिस् च्यानल सुद्ध तेस्वखतमा शान्तै स्वरुप्को थियो ॥
घण्टाभर् इङ्लीस च्यानल मह्या वीताइ क्याले पुगी ।
ताहाँ वाट सवारिली प्रभुजिको इस्पेशलै गो खुली ॥ १२ ॥
वेलुका छवजेर प्यारिस पुग्यौं इष्टेसनैमा पनी ।
घरैमानिस हाजिरै ताँहि थिया सत्कार गर्नै भनी ॥
सव्को स्वागतली प्रसन्न मनले मोटर्विषे राजभो ।
पार्टीका पनि मोटरै खुलिगया प्यारीस् नजीकै भयो ॥१३॥
कर्णेल चन्द्रजङ पेस्कि अगाडि आई ।
हेरेर भारि महलै प्रभु वस्नलाई ॥
लीदा भया जुनतहाँ हुनगो सवारी ।
दस्तूरमाफिक थियो सवथोक् तयारी ॥ १४ ॥ *
साउन् नौ दिनगै सफा सगरभै प्यारीस हेर्नै भनी ।
सङ्गमाली अफिसर्हरू कन सवै ग्रेवील लाईपनी ॥
ईफेल्टा वरमा सवारि प्रभुको पैह्ले सरास भयो ।
वुर्जामा गइ हेरदा मनमह्या आश्चर्य वढ्दै गयो ॥ १५ ॥

ऊँचाई यसको हजार फिटभै आकाशलाई पनी ।
चुम्बन् गर्दछकि भन्याझझि थियो राम्रो वहूतै वनी ॥
माथीसम्म गयापनी चरणमा पर्दैन तक्लिफ् रती ।
यन्त्रै येक विचीत्रकोछ यसमा ताडीफलायक् अती ॥ १६ ॥
मानिस्गैकन तेसमा जव वस्यो विस्तारि चाह्ले गरी ।
पौचाऊछ तलातलाहरु मह्य वढ्दैगई सर्सरी ॥
हाम्रीहेरुपनी उसै विजुलिका वह्लेत माथी गईं ।
हेर्‍यौंसव् रमिता चहूतरफको अत्त्यन्त खूसी भई ॥ १७ ॥
जस्तारीत्सित टाकुराहरु भहा मानीसगै हेरदा ।
देखिन्छन् घर गाउ वृक्ष नादिसव् मुन्तीरभै फेदिका ॥
सप्फा रीत्सित प्यारिसै सहरको सव्चीज एकेक् गरी ।
देखियो सवसाफ वाग महलै हेर्‍यौं वहा वसरी ॥ १८ ॥
आफ्रीका रसियाहरूसित कुरा गर्नूहुन्या वांरलेस् ।
भन्न्या यन्त्रपनी थिया चहुतरफ् सून्दर्वन्याकात वेस् ॥
तारैकोपनी कामछैन्न यसमा खाली विजूली भरी ।
टेलीग्राफ[२] समान काम यसले दिन्थ्योतहाँ हर्घरी ॥ १९ ॥
गाह्रो थाम दलीन झ्याल जतिछन् खाली फलामैफलाम् ।
ढुङ्गा काठ चुना इटैहरु तहाँ लाग्दै नलागेर काम् ॥
देखिन्थ्यो अति साफ सुन्दर भन्याङ् घुम्दै गयाको पनी ।
हेर्‍यांका दिललाइ रहगरन्या छीटो छरीतो वनी ॥ २० ॥

१ नार्नमै कुराकहानी येक्रेस वाट मार्को देसमा गर्ने यन्त्र २ तार्कोखवर

विश्वविच्का सवती तलाहरु महा लाखन्प्रकार्का चिजै ।
वीक्रीगर्नभनी पसल्हरु थिया मानू असल् हौसझै ॥
गर्थ्या वीक्रपनी तहाँ मदनका प्यारी समानै भई ।
भर्खर्का नवयौवना मिमहरू दासी समानै भई ॥ २१ ॥
साहै उच्च सुमेरु पर्वत शिख ताँहीछ इन्द्रादि लोक् ।
पूण्यैका बस ले तहाँ जन गई बासै गरी गर्छ भोग् ॥
तेसै पर्वत का वडार हरुमा गन्धर्व बस्छन् भनी ।
भन्छन् जो कविहेरु सो मिलन गो टाव सुमेरू बनी ॥ २२ ॥
मानिस्का मुहुडा उप नंजरदी कैचीर कागज् लिई ।
कर्क काँटि सरासरी उहि घरी फासुद्ध त्यस्मा दिई ॥
फोटूकै सरि तास्विरै गरि दिन्या ईलम् भयाका पनी ।
तेसै टावर मात मानिस हरू बस्दा रह्याछन् अनी ॥ २३ ॥
टावमार्थि गयेर तल्तिर नज दौंदात बग्गी हरू ।
खेलौना सरिका ति देखिन गया बूटा समान्का तरू ।
मानिस्को सरिरै पनी फगत यक् बित्ते भयाझैं तहाँ ।
देखीया अरुकोत अड्कल सबै गर्नूहवस् दिलमहा ॥ २४ ॥
यस् टाव सरिको बिचीत्र रूपको सारा मुलूकै भरी ।
दृष्टान्तै दिन मुस्किलै हुन गयो यो जान्नु येही सरी ॥
ताहाँबाट फिरी अढाइ बजदा आयेर डेरा महा ।
गर्नूभो टिफिनै पनी प्रभुजिले आरामि ली फे तहाँ ॥ २५ ॥

१. वृक्ष

हावा खान भनी घुमी सहरमा पाल्नू हुँदामा अनी ।
डेलीचर्च महाँ सवारि हुँनगो उम्दा थियो सो पनी ॥
यक्सौ चालिस फिट् उचाइ हुनगै लम्बाइ तिन्सौ चउन् ।
जग्मा फे संय फीटको हुनगई ताह्रीफ लायक् जउन् ॥ २६ ॥
सन् सत्रै सय माथि चौसठि हुँदा आरम्भ भै येसको ।
अट्ठारै सय माथि तीस हुनगै राम्रै तयारी भयो ॥
कोरीन्थीयन नामका अनगिनी लट्ठा भई तेसमा ।
साह्रै सुन्दर चर्चयो हुनगयो प्रख्यात भै देसमा ॥ २७ ॥
त्यस्देखी फिरदा महा प्रभुजिले केही किनी बक्सियो ।
फेर्आईट्यवलोङ् महा प्रभुजिले दृष्टी दिई बक्सियो ॥
पैह्ले यो घनघोर जङ्गल थियो यस्लाइ सप्फा गरी ।
हेरी हेरि नथाकिन्या अति असल् चौरै बन्यो योघरी ॥ २८ ॥
तेइस् सये यकर यो चउरै बन्याको ।
माटो मुरी सय समान यक कह्याको ॥
येस् चौरको वरिपरी सडकै भयाको ।
छाहारि बृक्ष हरुले बहुतै दियाको ॥ २९ ॥
लाखन् जनावर चरा हरु पालि याका ।
थीया तहीं सरिर पुष्ट समेत् भयाका ॥
जोजान्छ यो चउर सुन्दर हेर्न लाई ।
बिर्सन्छ फर्कन पनी तहिंनै रमाई ॥ ३० ॥

१ यक जास्को सुन्दर पर्थर. २ याम्.

पैदल् हिंडेर यसको बाढिया तमासा ।
हेरौं भनेर दिलमा न लिनूनि आसा ॥
घोडार मोटर हरू चढि हेर्नु पर्न्या ।
हेरेर दील कन खूस बहूत गर्न्या ॥ ३१ ॥
जस्तो बर्णन पार्कको हुन गयो लण्डन् सहर्मा वहाँ ।
त्यस्देखी दशगूण सुन्दर थियो यो पार्क प्यारिस्महा ॥
सन्सार्मा जतिछन् सह अति असल् तिन्मध्यमा सुन्दरी ।
प्यारीयो सहरै हुँदा सकलले हेर्दा महा मन्परी ॥ ३२ ॥
प्यारिस् रानि सह भनेर दुनिञा भन्दा रह्याछन् सबै ।
जस्का प्यारिसमा नज पर्रि गया बिर्सन्न उस्ले कबै ॥
खैचन्छे मनलाइ हर्किसमले प्यारी समानै भई ।
दीब्यस्त्री हरुले जवान जनका मन्लाइ खैच्या झन्नी ॥३३॥
सन्सार्का सव राजधानिहरुमा उम्दा भयाकी हुदा ।
रानीको दरजा मिलेछ वढिया ठिक्ठिक् विचारी लिदा ॥
रानीमापनी पद्मिनी रहिछयो लक्षण्मिलाई लिया ।
तेस्तीयो नगरी नह्होस्त कसरी दिल्लाइ सव्ले दिया ॥ ३४ ॥
प्यारिस्का ललनाहरू अरुपनी चीत्रीणिनै देखिया ।
तीन्का अङ्गमहा नञा फ्यसनका पोशाक चीत्रै थिया ॥
साहैनम्र स्वभावको मधुरस्वर्गथ्थ्र्या तिनारी हरू ।
सफ्फाई तिनको वयान अहिले कस्तातवलें गरूँ ॥ ३५ ॥

नञा ढाँचा येसै नगरि बिच जन्मन्छ हरसाल् ।
खुसीमानी लीन्या सकल जन तिन्कै फ्यसनि माल् ॥
पुरुष्भन्दा नारी हर किसिम शृङ्गार गरन्या ।
यसैमाफिक् प्यारिस् पनि सजिन गै चित्त हरन्या ॥ ३६ ॥
वञानै देखीन्या स्वरग भुमिको धेर उहिले ।
यसैलाई स्वर्गै भनि किन नभन्नू नि अहिले ॥
मुलुक्यो सानैहो तर इलमले भारि हुनगो ।
यसैले गर्दामा सकल जनको प्यारि समभो ॥ ३७ ॥
दसैदिनूगै साउन् सगरपानि साफै हुनगयो ।
न्यपोलीयन् विर्कों कवर नजरै गर्न प्रभुको ॥
सवारी मोटर्मा चढिकन भईगो जुन घरी ।
गया भाईछोरा प्रभुसँगसँगै कोहि पगरी ॥ ३८ ॥
ड्यइन्म्यालिड्होटल् जउन थलहो ताँहिछ कवर् ।
सिलामा लेख्याको सकल तिनको ताँहिछ खवर् ॥
लडाञीका रूपै सरि इनि बडा रूप हुनगै ।
पिठै देखायानन् समर जतिमा लड्न भनिगै ॥ ३९ ॥
जित्या इन्ले चारै तिर मुलुक धेरै सहजमा ।
गयो इन्को फुर्ती दइव विमुखै भैकन जहाँ ॥
जलैजल् चौतर्फी भइकन रह्याको अगलभै ।
बहुत् सानू टापू स्यनटह्यालिना जोछ उसमै ॥ ४० ॥

बलीयो दुस्मन्का वसभइ कएद्खानु परिगो ।
अलिक् दिन्का वादै शरिर निजको ताहिछुटिगो ॥
अहोइश्वर्तेरो कउनरितको खेलवुझनू ।
अगाडी ठुलोभै कसारिपछि आपत्ति सहनू ॥ ४१ ॥
जसै लाग्योरोगै शरिर विचवाधा अतिगरी ।
मवाचौंला भन्न्या पनिदिलमहा आस नगरी ॥
जउन्वोली वोल्या विरधरमको पालनगरी ।
उहीवोली तिन्को अलिकति मलेरुछू यसघरी ॥ ४२ ॥
आँख्याँ ममर्न अवनिश्चय जानिलीत्रा ।
संग्राममै भरजनम् दिललाइ दीत्रा ॥
इच्छाछ येति अब भाइहरू सवैले ।
पुरागरी दिनुहवस् उसको रसैले ॥ ४३ ॥
फ्रान्सै र सीन नदिको विचमा गराई ।
मेरोशरि दँफन गर्नु उही पुऱ्याई ॥
येती अवाज दिइ प्राण छुटी गईगो ।
फ्रान्सै मुलूक विधवा सारिको भईगो ॥ ४४ ॥
झल्कन्छ योकवर गिल्टि लगाइ लीदा ।
देखिन्छ सुन्दर अती नजरैत दीदा ॥
झण्डा जती जिति लिया इनले सममा ।
ताही थिया वारिपरी सवती कवर्मा ॥ ४५ ॥ *

१ गाडनु

ताहाँदेखि फिरेर केहि जलपान् आफ्नै महल्मा गरी ।
भर्सीलिज् कहिन्या पुरानु दरवार् हेर्न्या इरादा धरी ॥
जनूरल् जत्ति सवैर केहि अफिसर् गेब्रील वाईलि ली ।
मोट खुल्नगयो वहूत वढिया श्रीनाथले पाउ दी ॥ ४६ ॥
भर्सीलिज् महलै रहेछ सिपले ढाल्या झञ्जी देखिन्या ।
येसैले सनसारका घरमहा पैह्ला भनी लेखिन्या ॥
खोपी बैठकका सिलीङ हरुमा भित्ता हरूमा पनी ।
सुन्कै कामहुदा रहेछ अहिले सुन् खानि जस्तै पनी ॥ ४७ ॥
पन्ना मोति मुगा हिरा लसुनिञा गोमेद माणिक् पनी ।
जात्जात्का सव रत्न टेविल महा राखेर धेरै अनी ॥
छोप्याका पनि काँचले अरु थिया हेरून् सवैले भनी ।
सोदेखीकन दील सव् पुरुषको छक्कै भईगो पनी ॥ ४८ ॥
थामैछन् यसमा फटीक हरुका मोटार उच्चा पनी ।
मार्वल् मार्वल कैछ काम वढिया पेटी सिढीमा पनी ॥
खावा निर्मल पानिले भरी भरी चौतर्फि गैह्रा थियो ।
माछैको फउजै पनी जलमहा खेली रह्याको थियो ॥ ४९ ॥ *
बघैचा देखिन्थ्यो अति असल तेस्का नजिकमा ।
सवैभन्दा राम्रो भनि कन कह्याको मुलुकमा ॥
अती राम्रो बाटो बिच बिच रह्याको छ तिनमा ।
रुखै छन् झन् झ्याम्मै गरमि नहुन्या कत्ति दिनमा ॥ ५० ॥

लता सुद्दै बुट्टा झजि भइ घुम्याका वरिपरी ।
सलामीका बृक्षै हरु पनि तहाँ तास्विर सरी ॥
सवै छन् येकैनास् ढलवट गन्याका झजि भई ।
तहाँगै हेर्दामा दिल खुस हुन्या मोहित भई ॥ ५१ ॥
लताले आलीङ्गन् गरिकन रह्याका रुखपनी ।
अतीसोभादिन्थ्या पुरुष रमणीकासरि वनी ॥
मधुर्वोलीवोली रुखरुखमहा पंछिहरु झन् ।
तहाँ जान्या जन्का हृदयविचको शोक हरछन् ॥ ५२ ॥ *
फुलमा पानि पुन्याउनाकनभनी घुमाइयाका कुला ।
बुट्टाकासरि टलकन्या जलपनी निर्मलभयाका ठुला ॥
येतीजात रहेछ फूल यसमा भन्नैछगाह्रो तहाँ ।
वास्ना रङ्गविरङ्गको तिफुलको ठण्डाहुन्या दिलमहा ॥ ५३ ॥
फोहोरा विचवीचमा अतिठुला ढाचा हजारन्थिया ।
आकासैरुपि वस्त्रलाइ सिउन्या सीयासमान् देखिया ॥
यस्को सुन्दरता वयान कसरी लेखौंम एकेक् गरी ।
हेर्दामा दिललाइ रद्दगरन्या साक्ष्यात नन्दन्सरी ॥ ५४ ॥
चौधौंभूपति फ्रान्सका लुइजिले योघर्वनाई लिया ।
तीन्ताक्का घरको निसानि बुझिन्या यैकीर्ति राखीलिया ॥
अड्डाखालरहेछ धेर तिनमा आज्कालता तैपनी ।
हेर्नालायकको रहेछ वहुतै ढाचा विचीत्रै वनी ॥ ५५ ॥

१ स्वर्गको वगैचा

त्योशोभा यसको बयान गर्नै सक्नू कसोरी सबै ।
देखिन्थ्यो अति लायकै सब कुरा कालीगढी बेसभै ॥
इन्द्रैको महलै सरी महल यो तैयार गर्दामहा ।
लाग्योहो कति खर्च आफ्नजि विचा गर्नूहवस् दिल्महा ॥ ५६ ॥
भोगैगर्न भनेर जुन् सकसले योघ बनाई लिया ।
कालैका बसमा परेर उनले सब्लाइ छाडी गया ॥
धन् दौलथ् घर द्वार ई सब कुरा साँचा इ आफ्नै भया ।
आज्तक् वीतिगया जतीजनहरू कस्का ति सङ्गमागया ५७
सन्सारै सब योछ स्वप्न सरिको यस्लाइ मेरो भनी ।
भुल्नूयै भुलहो मनुष्य हरुको अज्ञानि साह्रै बनी ॥
श्रृष्टीदेखि लियेर आज तकता जोजो धनी बिर्भया ।
आखीरी घरिमा कउन् कउन चिज् तिन्ले सँगैली गया ५८ *
सन्सार यो अति बिचीत्र रहेछ जाली ।
भूलाउन्या सकल लाइ भवानि काली ॥
येही बिचार गरि ज्ञानि मुनी उहीले ।
त्यागै गरी कन गया बुझियो अहीले ॥ ५९ ॥
कस्तो उमेद गरि यो महलै बनाया ।
आखीरका बखतमा गतियै जनाया ॥
मैला समान भव लाइ बुझी सबैले ।
यस्मा फस्यो दिल भन्या धुनुहैतपैले ॥ ६० ॥

छाड्नैछ आखिरमहा यसलाइ सव्ले ।
रोक्यो कउन् पुरुषलाइ समाइ यस्ले ॥
वीवेकले अलिअली भ्रमलाइ काटी ।
छाड्नू अगाडि यसलाइ वहूत जाती ॥ ६१ ॥
आखीरका वखतमा यकदम् लठारो ।
तोड्दा तहाँ कति ठुलो परला चटारो ॥
यस्तो विचारगरि छाडि विलास भोगै ।
आनन्द राज्य गरछन् लिइ योगि योगै ॥ ६२ ॥
तिन्लाइ कौपिनपनी हुनजान्छ झर्को ।
गर्वैंगरी विषयि भन्छ म स्वामि घर्को ॥
आनन्दले रुखमनी भुमिकै पलङ्गा ।
वस्छन् विरक्ति युवती लिइ राति सङ्गा ॥ ६३ ॥
डर्छैंन केहि तिनका मनमा कसैको ।
सन्सारि लाइ हुनजान्छ डरैसवैको ॥
ज्ञानीहरू मयालिई फगतै गुरूको ।
मन्माविचार गरितत्व अनेक रूपको ॥ ६४ ॥
आसा नराखि कनभोग विलास रस्मा ।
वस्छन् गराई कन इन्द्रिय लाइ वसमा ॥
सन्सारि मानिसहरू मनका रथैमा ।
जोतेर इन्द्रिय दसै उनकै वसैमा ॥ ६५ ॥

दौड्छन् दसै तिरसधैं तिनलाइ ठोक्न्या ।
कोरीर वागकरमा नलियेर रोक्न्या ॥
तालीम पाइकन कत्तिनछाडि जोडा ।
दौडन्छ येकहितरफ् रथकात घोडा ॥ ६६ ॥
सोहीरथै पनिउलेल् हयलेत गर्दा ।
जााकिन्छ खाडलमहा दिनआइ पर्दा ॥
वस्मा कदापि नहुन्या दस इन्द्रियैले ।
दौडाउछन् दसदिशा उनकै वलैले ॥ ६७ ॥
यौटारथै दसदिसा तिर खैंचिदामा ।
मोहान्धकार अरुसव् तिर फैलिदामा ॥
खाडलमहा नपरित्यो रहला कसोरी ।
त्यस्देखि उत्रनुपनी भनलौ कसोरी ॥ ६८ ॥
जम्माछ आयु शयवर्ष फगत् मुखैको ।
यस्मा पनी अरधआयु सुति सबैको ॥
नास्हून्छ बाकिअंरुमा दुइभागलाई ।
यक्भाग जान अववालख बृद्धलाई ॥ ६९ ॥
यकभाग खालिछ हियाउ उमेद् गर्न्या ।
रोगादि दुस्मनहरू तहि आइ पर्न्या ॥
यस्तोछ तैपनि जगत् नगरी विचारै ।
भुल्दैछ अज्ञसरि भैकन वार वारै ॥ ७० ॥

साहै अगाध भवसागरलाइ जानी ।
तर्न्या उपाय गरछन् दिनरात ज्ञानी ॥
जस्तोसुकै अमिरहोस् धनमा कुवेरै ।
बुद्धी पराक्रम समेत हवोसघेरै ॥ ७१ ॥
आखीरमा सवकुरा विफलै भयाका ।
जान्न्या गुणीहरुभया भव पार्गयाका ॥
घट्तैछ आयु दिनदीन डसेर काल्ले ।
ढाक्तैछ तैपनि सवैकन मोह जाल्ले ॥ ७२ ॥ *
विषय भोग विलास रसै महा ।
दिल दिई रहदा जनले अहा ॥
घरि घरी ठकरै मिलन्या अती ।
सुख नभै दिल लाइ कतै रती ॥ ७३ ॥
तइपनी दिलमा वाढि झन् रती ।
वस हुन्या अवला हरुमा मती ॥
जाति मती रतिका वसमा भयो ।
जनम ब्यर्थ भई उसकै गयो ॥ ७४ ॥
विषय लाइ बिषै सरि को गरी ।
फगत ईश्वर का शरणै परी ॥
दिल प्रसन्न गराइ सधै भरी ।
रहन पाउनु धन्न्य मगन् परी ॥ ७५ ॥

सुख गरौ भनि भन्छ जगत् भरी ।
सुख गर्‍यो कसले भन यो घरी ॥
मननले दिल लाइ सफा गरी ।
बिषयको सुख लाइ तृणै सरी ॥ ७६ ॥
समाधि मग्न भई मइदान मा ।
बासि रहन्छ जउन् अति मोजमा ॥
अति सुखी बुझनू उसलाइ नै ।
बिषय मा दुख बढ्दछ छिनू छिनै ॥ ७७ ॥
शरिरका निमती तिनका तहाँ ।
फगत भस्म रहन्छ धुनी महा ॥
सरादि पानि झरी गरमी बतास् ।
साहि रहन्छ कुनै नलियेर आस् ॥ ७८ ॥
इनसरी सुखिछैन अरूमनी ।
गरछ ताडिफ योग धरम् पनी ॥
शरिरका सुखदायक मालताल् ।
जतिलिई हिडछन् जन आल जाल् ॥ ७९ ॥
अज्ञातिनै कन कष्टहुन्या अती ।
सुखसितै हिडन्या दुखिया जती ॥
कति भनौं जनले जनजालले ।
लपटिदा हुदि माकुरि चालले ॥ ८० ॥

दुख सही रहनू परन्या जती ।
कति भनेर कहूँ कतिहो कती ॥
ऋषिमुनी हरुलाइ भुलाउन्या ।
नरपती हरुलाइ लडाउन्या ॥ ८१ ॥
विषयकी जड येकहि नारिहो ।
यदिवुझ्यो तभन्या भव नाशिहो ॥
वहुत काल अघी कहिले वनी ।
जगत योत छदैछ अझै पनी ॥ ८२ ॥
अझरहन्छ कतीदिन सम्मयो ।
कहन सक्तछ ठिक्क गरेरको ॥
ऋतुर मास गरायर दाउरा ।
रविकि अग्नि जलाइसधै पुरा ॥८३ ॥
अयन बर्षकि डाडु घुमाउदै ।
दिनदिनै जनलाइ चलाउदै ॥
विषय मोहकि भारि कराहिमा ।
जन पकाउछ कालहि भूमिमा ॥ ८४ ॥
अतिठुला पनिवीर गयाविती ।
वचन कोहि सकेन मुलुक् जिती ॥
दिनवहूत मता जिउला भनी ।
गरछ साहसजन् अझहद् पनी ॥ ८५ ॥

जतिसुकै दिन भोग गर्‍या पनी ।
बिषयि तृप्त हुदैन कसै पनी ॥
जति जती समिधा अगनी महा ।
थपिदियो अझ बल्दछ झन्तहाँ ॥ ८६ ॥ *
अहो यस् सन्सार्मा सकल जनले गर्नु परन्या ।
असल् देख्याँ येही हृदय बिच आनन्द गरन्या ॥
किता योग्को बाटो लिइ कन बिचार्लै सम गरी ।
क्रमैले कक्षातक् रफत गरि बढ्नू दृढ गरी ॥ ८७ ॥
किता आफ्नू किर्ती मुलुक भरि छाप्नू थिर गरी ।
पछीतक् गाउन् यस् समाझि जनले ईश्वर सरी ॥
इ बाहेक् मैलेता अरु करम देखीन बढिया ।
सबै यो सन्सारै स्वपन सरिको जानि घटिया ॥ ८८ ॥ *
जुन उपायले हातमा धनै ।
परन आउला तेसमा मनै ॥
दिइ असत् असत् मार्गले पनी ।
धन कमाउदा हुन्छ खुप् धनी ॥ ८९ ॥
रमणि पुत्रका साथमा वसी ।
गरछ भोग खुप् चैनमा फसी ॥
जुन घरी पउन् निस्कि गैगयो ।
धन जनै सबै ठाउमै रह्यो ॥ ९० ॥

शरिर यो चिता पाइ भस्म भो ।
फगत साथमा पाप पुण्य गो ॥
धन उप भयो स्वामि आरको ।
असत कर्म भोग् गर्न आफुगो ॥ ९१ ॥
पुरुस्ले आर्जन् खुप् गरछ बलले जत्ति दिन तक् ।
जहान् वच्चाप्यारो अधिकगरछन् उत्तिदिन तक् ।
जसैआर्जन् गर्न्या वलरहितभै बृद्धहुनगो ॥
सबैको हेलाभै जिउनु परन्या सोहि जन भो ॥ ९२ ॥
मनैको तृष्णाता अति वलबती भै दिनादिनै ।
गराऊँछे ब्याकुल् त्हृदय कन छेडी छिनछिनै ॥
नगर्दा हेर्चांहा शरिर विचका चोर जतिछन् ।
भुलाई सवलाई भजन गरन्या वुद्धि हरछन् ॥ ९३ ॥ *
सन्सार्मा डर लाइ ली जउन जन् इश्व भजन् गर्दछन् ।
जाहाजी सफरै गऱ्याझन्जि तिनै सन्सार पार्तर्दछन् ॥
साहै दुर्लभयो मनुष्य जनमै पायेर ईश्वर् भहा ।
छिन्भ चित्त दिदैन जो ब्यबुझत्यो उस्कोर जाला काहाँ॥९४॥
सकस कोहि हवस् परदेसमा ।
सफरि भै हिडदा जन साथमा ॥
जसरि हुन्छ मिलान उहीसरी ।
जगतमा जनको वुझ हर्घरी ॥ ९५ ॥

सफर गर्न भनी कन कोहि जन् ।
कमरमा लिइ कर्मनुसार धन् ॥
पुगि गयो इसटेसनमा पनी ।
स्वधन माफि टिकट् खरिदी अनी ॥ ९ ॥
चढि गयो हतपत् गरि रेलमा ।
छदइछन् भरपुर्जन तेसमा ॥
सिकिन फष्ट थडै ड्यहुडा तहाँ ।
बुझि लिनू दरजा सब रेलमहा ॥ ९७ ॥
जन गई वसिगो कुनओ महा ।
सुरु भयो अव सोध पुछै तहाँ ॥
घर कहाँ कुन जात वताउ नाम् ।
पुगनु पर्छ कहाँतक केछ काम् ॥ ९८ ॥
सुनि सवाल जवाफ पनी दिदा ।
खुसि हुन्या ति दुवै थर वात् हुदा ॥
यसरि वात गरी हिडदा तहाँ ।
पुगिगयो अरकै ष्टिसनै महा ॥ ९९ ॥
लउमता अव जान्छु सलाम् भनी ।
उतरन्या जन कोहि तहाँ अनी ॥
अरु सवार पनी ताहि भैगया ।
तिनि पनी परिबार सरी भया ॥ १०० ॥

मिलिगयो अरको जव इष्टसन् ।
चढनु ऊत्रनु गर्दछ उत्तिजन् ॥
कमरको पुजि माफिक भोग्पनी ।
गरदछन् जनले सफरी वनी ॥ १ ॥
जातिजती ष्टिसनै मिलिगो उती ।
सकलमा यहिचाल भनौ कती ॥
जतिघरी हिडछन् जन रेलमा ।
कुसल वातगरी कन मेलमा ॥ २ ॥
मजिल आफनु पूर्ण भयो जसै ।
उपनि ऊत्रिगयो झटपट् तसै ॥
अघिभयो नत भेट हुन्याछ फेर् ।
सँग वस्यो हिडदा हुदिजत्ति वेर् ॥ ३ ॥
अधिक प्रेम पनी हुनगो तहाँ ।
विछुडभै अवसङ्गि गयो कहाँ ॥
जगत योपनि रेल समानको ।
वुझिलिनू जनले भ्रम जालको ॥ ४ ॥
अलिकादिन् सँगमा परिवार छन् ।
वखतमा तिपनी सवछुट्त छन् ॥
जनममा मरणै सँगमा वियोग् ।
हुनु अवस्य छ इश्वरको नियोग् ॥ ५ ॥ *

पेट भन भनि पक्रिगयाको ।
सर्पले शरिर केहि निल्याको ॥
भ्यागुतो अझ अघिल्तिर केही ।
पर्नगो तव फुलायर देही ॥ ६ ॥
खान खोज्दछ बढायर तृष्णा ।
येहि चाल बुझनू सव जन्मा ॥
काल सर्प निलदैछ जगत्मा ।
तैपनी बढदछे अझ तृष्णा ॥ ७ ॥ *
अति अमोल वखत् कन देहका ।
निमति सोख गरौं भनि धेरका ॥
खरच हुन्छ बृथा भुलमा परी ।
शरिर जीव फरक् बुझ वेसरी ॥ ८ ॥
शरिर लाइ न मैं हुँ भनी फगत् ।
खरच भो शरिरै निमती बखत् ॥
उहि अलग् हुन लागि गयो जसै ।
फिकर ली मन मा बहुतै तसै ॥ ९ ॥
परि गञा छु मता भ्रम मा भनी ।
बचन बोल्दछ येस् रितका पनी ॥
अहह येस शरी निमती सुखै ।
गरुँ भनेर सह्याँ कइयेक् दुखै ॥ ११० ॥

यसइका निमती बखतै पर्नी ।
गरि लिन्ना खरचै सउखिन् बनी ॥
यसइका पछि लागि जनम् गयो ।
उहि सरिर् अलगै हुन ठिकभयो । ११ ।
अव कसो गरन्या मञ्जिले भनी ।
गरछ ताप असंख्य बिलाप् पनी ॥
रुनु कराउनु तेस बखत् महा ।
ब्यरथ हुन्छ सबै कुबखत् महा ॥ १२ ॥
घर जल्यो जुन काल उही घरी ।
गरछ के अब कूप तया गरी ॥
यसइले जन ले अघि देखिनै ।
गरनु पर्दछ केहित आफनै ॥ १३ ॥
निमति मा पुरुषार्थ बिचा गरी ।
यसइ मा सुख मिल्दछ आखिरी ॥
जनम ली न मरी कुन बाँचि गो ।
बिनु भजन् कहिले कुन पारि गो ॥ १४ ॥
यसइ ले त उधारन आफनू ।
गरन लाइ तथा गरि राखनू ॥
जउन हो उत आफइ ढाँटिनू ।
अलसि को यहि हाल बुझी लिनू ॥ १५ ॥

गरछु विन्ति यसै निमती उहा ।
म गरदै गरुला भनि मन्महा ॥
नालिनु ख्याल ठुला मतिमानले ।
भजन गर्नु असल् बुझि ज्ञानले ॥ १६ ॥
जति सकिन्छ उती आघि देखिनै ।
गरनु काम नलीकन सेखिनै ॥
वितिगया पछिको पछुताइले ।
वखत आखिरिमा हुनसक्छ के ॥ १७ ॥
वहुत दूर्लभ यो नरदेहको ।
वखत जानि लिनू अनमोलको ॥
गरिलिया यसमा अजरा अमर् ।
भइ ललाट लिपी गरछन् वदर् ॥ १८ ॥ *
वैराग्यै मनमा लिई क्रमासितै अभ्यासमा मन्धरी ।
इश्वर्को चरणारविन्द भजनै गर्नू सदा हर्षरी ॥
ठुल्ठूला जनका अगाडि वकन्या तागत्ममा के थियो ।
उस्माथी सवलेखनाकनपनी फुर्सत् कमै भैदियो ॥ १९ ॥ *
यसरि सव तमासा हेरि फर्कैर आई ।
अलिकछिन विराजी ठेटरै हेर्नलाई ॥
जनरलहरु लाई साथमाली सवारी ।
कुँचपानि भइगैगो टायमै ठिक्क पारी ॥ १२० ॥

अतिअसल अपेरा नाचहेरेर ताहाँ ।
मन सकल जनैको मग्नभो नाचमाहाँ ॥
अतिमसिनु सुरीलो सोरले गाइयाको ।
कसरि विरसनृत्यो चित्तमै गाडियाको ॥ २१ ॥ *
साउन् यघार दिनगो सउँवार पारी ।
गर्मीभयो अरुअरू दिन देखिभारी ॥
मध्याह्नका वखतमा पसिना वहीगो ।
सीतल्हुदा अलिअली टिफिनै पनीभो ॥ २२ ॥
घण्टावज्यो तिनजसै प्रभुभै तयारी ।
ल्यूभर्पुरानु घरहेर्न भयो सवारी ॥
इष्ट्याच्यु तस्बिरहरू यसमाछ ज्यादी ।
ताहीथियो अघिअघी नृपराज गादी ॥ २३ ॥
धेर्काल देखि अझसम्म रही रह्याको ।
ताडीफ लायकभनी सवले कह्याको ॥
फ्रेञ्चै इटालियनका शिपले वन्याको ।
रोगन् विचीत्र भइ चीत्र समेत् भयाको ॥ २४ ॥
योहेरिफेर ड्यवलोङ् मइदान माहा ।
श्रीको सवारि हुनगो यकछीन वाहा ॥
घुम्फिर्गरेर फिरदा घडिमा छ हान्यो ।
दिल्लपनी सकलको अतिहर्ष मान्यो ॥ २५ ॥ *

साउन् वाह्रगते सफा सगरभै गर्मीप्रसस्तै भयो ।
येसैले महलै महा प्रभुजिको भर्दीनराजै भयो ॥
वेलूकीपख मानुम्यन्टस महा यक्छीन् सवारीभयो ।
वाटामा परन्या अरूपनि नजर्गर्दै सवारी भयो ॥ २६ ॥
साउन् तेह्रगतेर चौधइगते गर्मीवरा बर्थियो ।
येसैदीन महा अनेक चिजविज् श्रीले किनी वक्सियो ॥
हेर्ना लायकका अरूजति कुरा वाकी रह्याका थिया ।
तिन्लाई पनिहेरदा दिलमहा खूसी वढाई दिया ॥ २७ ॥
साउन् पन्ध्रगते ब्यलुकि छवजी प्यारिस् सहर्छाडियो ।
स्वीजर्ल्याण्ड तरफ् सवारि कुँचभो वीचीत्रको सोथियो ॥
भोलीपल्ट विहान सातवजदा मूटेञ्ज दाखिल् भई ।
भोजन्भो सवको तही नजिकमा रेल्छाडि केहीगई ॥ २८ ॥
बृक्डीय कर्णेल डिल्लिसमशे पैस्की गयाका थिया ।
ईश्वर्को करुणा भई सव कुरा ठिक्भो नखुस्की बुँदा ॥
इष्टेसन् अतिभारि वार कहिन्या साह्रै विचीत्रै थियो ।
रेल्देखी प्रभु ऊत्रिबक्सनु हुँदा बर्षा जनाई लियो ॥ २९ ॥
छाँट्काँटै अघिवाट जानि पछिको छाता समेत् ठिक् थिया ।
प्रेमैले ग्रहणै गरी सकल ले बस्त्रै बचाई लिया ॥
पानीले सव ढाकिदा जमिनमा हीलो थियो तैपनी ।
हीला ले प्रभुका चरण् कमलको पायेन दर्शन् पनी ॥ १३० ॥

१ धरारा हरु

ष्टेसन्देखि लियेर पाल तक सव् मज्बूति टाटै थियो ।
दुर्जन्कीचडकोत जुक्ति बल ले मेखैत मर्दो भयो ॥
हीला देखि प्रसन्न छैन जगतै माग्छन् डरैले परै ।
येसैले प्रभुका चरण् पनि भया त्यस्देखि धेरै परै ॥ ३१ ॥
दुर्जन्को त्हृदयै हिलो सरि हुँदा त्यस्देखि कोहीपनी ।
हुन्छन् झन् फरकै अवस्य बुझनू छोलाकि यस्ले भनी ॥
जस्तो सील स्वभाव लिन्छ जन ले त्यै माफिको फलपनी ।
पाऊँछन् उसको अहा मिलिगयो दृष्टान्त योग्यै पनी ॥ ३२ ॥
सारा सव् दुनिञा महा अति ठुलो यो बार ष्टेसन् थियो ।
हेर्दामा रमिता तहाँ नजर ले झिम् गर्न बिर्सी दियो ॥
जर्मन् फ्रान्स इटालि लण्डन तरफ् जान्यात जङ्सन् थियो ।
कोसन् लामु बजारले सहित भै फैली रह्याको थियो ॥ ३३ ॥
तिन् चारै मिनटै फरक् गरि गरी चारैतरफ् छुट्तथ्या ।
राँगाका सरि लाल नेत्र गर्दै आई तही जुड्दथ्या ॥
मानिस्को अति चल्ति देखिन गयो खल्बल् रहित्को तहाँ ।
काम् गर्न्या जनमा पनी हडवडी देख्यौन कत्ती तहाँ ॥ ३४ ॥
आरामी लिन लाइ दील हुनगै वेटीङ रुम्मा गई ।
बस्न्या मानिसको पनी भिडथियो सव् ठाउँ भर्पु भैई ॥
रुम्‌रुम्मा गइभन्छ छिन् छिन महा पूलिस् पनी हर्घरी ।
यो रेलै अव छुट्छ यस् तरफका निंती भनी यो घरी ॥ ३५ ॥

१ चोवाटो   २ वलेकोठा

हिन्दुस्थान सरी घुमी लइवरी पर्दैन गर्नु पनी ।
भुलभै छुट्तछ की भनी भुटभुटी पर्दैन मान्नै पनी ॥
होटल् ताँहि छदैछ हर्तरहको पाक्दैछ खाना पनी ।
खाँदैछन् हिडन्या मुसाफिर हरू देऊ यतीको भनी ॥ ३६ ॥
लेखक् आफिसमा बसी कुरासिमा लेखी रह्याका कती ।
तारैको खबरै दिन्या हरु पनी खाली नहून्या रती ॥
छोट्कारी इउसै पनी तहि थिया माल्ताल् भयाका पुरा ।
गर्थ्या बीक्रि पनी तहाँ मिमहरू यौवन् शिलैका पुरा ॥ ३७ ॥*
यस् देखि केहि पर वार सहर् रह्याको ।
माझै महा सहर कोत नदी बह्याको ॥
वा पार मानिस गराउन लाइ ताहाँ ।
वार् पार् गराइ कन तारइ टाँगि ताहाँ ॥ ३८ ॥
सिक्रीर सुन्द्रि हरु तार महा छिराई ।
डुंगी समेत उहितार महा मिलाई ॥
माझनिभै फगत भेल् वललेत वार्पार् ।
गर्छन् तहा जनहरू चलदैछ कार्वार् ॥ ३९ ॥ *
पाहाडी मुलुकै महा शहर यो उम्दा बनेको थियो ।
तस्वीरी बनझै यसै मुलुकमा राम्रो बनै देखियो ॥
जङ्गल् भीत्र पनी सडक् जहितही पक्की वन्याकै थियो ।
शोभा जङ्गलको बिचीत्र रुपको हेर्दा मनोहर्थियो ॥ १४० ॥

१ सारिन्दा

गाऊँका दुखिदाखि मानिस हरू घाँस् पात लीनै भनी ।
बन् जाँदा पनि बाइसीकल चढी जाँदा रह्याछन् अनी ॥
आऊँदा पनि भारि लाइ पिठमा वाँधी छरीतो गरी ।
वाईसी कलमै चढेर फिरन्या दौडाइ झन् खर्खरी ॥ ४१ ॥ *
मूटेञ्ज वाट प्रभुले ल्युसरन् तरफ्को ।
बाटो गरी मिलन तर्फ पय दिंनूभो ॥
यूरोप का सकल ठाउँ महा शिरायो ।
देशै रहेछ दिल लाइ खुसी गरायो ॥ ४२ ॥
मध्याह्न ढल्कि ल्युसरन् सहरै पुगीगो ।
ल्यूक्यानुझील पनि ताँहि नजीक थीयो॥
यो झील माफिक अरू झिल छैन काँही।
श्रीको सवारि हुनगो अघिवाट ताँही ॥ ४३ ॥
पन्ना सरी वरणमा हरियो भयाको ।
गैह्रो भयेर अझ शान्त समेत् भयाको ॥
योगी पुरूष हरुका मन माफि निर्मल् ।
टल्कन्छ टल्पल गरी कन तालमा जल् ४४ ॥
माछा हरू रङ्ग विरङ्ग तहि देखियाका ।
शोभा विचीत्र जलमा इनले दियाका ॥
दिन्रात पानि नजिकै वसन्या चराको ।
वैठक् सरी वरिपरी तिर वस् वन्याको ॥ ४५ ॥

जल्मै विहार गरन्या जलहाँस् चखेवा ।
ईत्यादिको सकल झील महैछ खेवा ॥
आकाश भेटन भनी वढदै गयाका ।
वृक्षै पनी तिर महा मुनि झै रह्याका ॥ ४६ ॥
वङ्ला हरू पनि तहाँ ऋषिका कुटी झै ।
देखिन्छ काल अनुसार फरक् फरक् भै ॥
पन्छी हरू रुख महा वसि गान गर्न्या ।
सुन्दा विरक्त मन लाइ प्रसन्न गर्न्या ॥ ४७ ॥
जात् जातका फुल फुली तहि वाग जस्तै ।
देखिन्छ चौतरफ घाँस पनी प्रसस्तै ॥
धेरै फलेर फल नम्र रुखै भयाका ।
हेर्न्या जनै सकल पक्क परी रह्याका ॥ ४८ ॥
यो झील हामि हरुका दिल भीत्र आई ।
वस्तो भयो कसरि विर्सनु येस लाई ॥
यूरोपका भ्रमण मा जति झील देख्याँ ।
तिन्मध्य मा असल येहि भनेर लेख्याँ ॥ ४९ ॥ *
स्वीजर्ल्याण्डमहा हिऊँ सहितको पाहाड उच्चा अती ।
रेलै पुग्दछ माथि सम्म सहजै गाऱ्हो नमानी रती ॥
भै भित्रै घुमदै अली आलि उप जाँदै गऱ्याको तहाँ ।
हेऱ्यौं यो रमिता सवै वरिपरी आनन्द भै मन्महा ॥ १५० ॥

अल्पाइन् घाँटिकाटी जवत प्रभुजिको स्पेसलै वढ्नलाग्यो ॥
ताडीफी खेतिपाति लहलह गरन्या देखिनै ताहिलाग्यो ।
घर्वारी खेतडीहीहरु पनिजतिछन् साफ्वघैचा सरीका ।
देखीयो फेरितिन्को फसल अतिलिन्या युक्तिसाथ्को तरीका ५१
सव्भन्दा नीचदर्जा जनहरु वसन्या झोपडी शुद्धताहाँ ।
वार्नैसै लागियाका अतिअसल सफाचालयो गाउँमाहा ॥
आनन्दैले वस्याका सकल जनहरू मोहराखी मुलुक्को ।
साहैराम्रो स्वभावै रुपपनि तिनको देखदा दील खुसभो ५२
नारीहेरू पिडीमा बसिकन कपडा स्यूनलागी रहेका ।
केटाकेटी जतीछन् तिनिपनि खुसिले खेल्नलागी रहेका ॥
पाहाडीयो मुलुक्हो तरअसल जमिन् वेसब्याँसी वन्याको ।
साहैराम्रो हुनाले मुलुक भरमहा नामयस्को चल्याको ५३
हेरीयस्तो तमासा दिनभरि हिडदा वेलुका मीलनैमा ।
दाखिल्भै वासवसीयो अतिअसल सफा कोहियक् वङ्गलैमा ॥
श्रीकैनिम्ती तयारी गरिकन पहिले देखिनै राखियाको ।
सिङ्गैघर्वालिर्थीयो महलहरुमहा उच्चदर्जालियाको ॥५४॥ *
साउन् सोह्रगते विमल्दिन थियो मध्यान्हमा गर्मिले ।
आकुल् ब्याकुल पारदो पनि भयो कम् भै दिदा बायुले ॥
डेड्बज्दा जनरल् हरूर अफिस ब्रृटिस्तरफ्का पनी ।
सङ्गा ली प्रभु पाल्नुभो आति असल् गिर्जात हेर्नैभनी ॥ ५५ ॥

ह्यूँजस्तो अति साफ मार्वल फगत् लागी वन्याको थियो ।
येसैले गरदा मुलूक भरमा दर्जा पहीला थियो ॥
घूभोकेथड्रलै भनेर दुनिञा त्यस्लाइनै भन्दथ्या ।
हेर्न्या मानिस हेरदा दिन भरी चाखैसितै हेरथ्या ॥ ५६ ॥
पैह्लेका अति बीर बीर जनका राजा हरूका पनी ।
इष्टेच्यू यसमा हजारजातिछन् हेरून् पछीतकभनी ॥
राख्याका अतिसाफ सक्कलसरी हेर्दा मनै हर्दछन् ।
हेरीहेरि नथाकदा दिनभरी आनन्दझन्मान्दछन् ॥ ५७ ॥
साहैउच्च शिखरसमान गिरजा अग्लो वहूतै थियो ।
ताहाँवाट नजर्दिदा जलनिधी राम्रै सफा देखियो ॥
ठाडै मुन्तिर हेरनै नसकिन्या काहालिलागी अती ।
जुन्हेर्‍यो उहि रामरोछ यसको लेखौं सवैती कती ॥ ५८ ॥ *
पाहाडका चउर माफिक कौसि ताहाँ ।
थीया विचीत्र वनवट् विचवीच माहा ॥
अग्लो हिमालयसरी गिरजा वन्याको ।
सारा मुलूक भरमा पहिला गन्याको ॥ ५९ ॥
जाऊ सवै जनहरू दउडेर माथी ।
अङ्ग्रेज हेरु कन सुद्ध गराइ साथी ॥
यस्तो हुकुम् प्रभुजिको शिरमा चढाई ।
दौड्यौं तहाँ सवजना वल खुप् वढाई ॥ १६० ॥

१ सिंहरोड २ स मुद्र

फुल्दोभयो दम समेत सर्कस् गराई ।
हूँला पछाडि भानि दील अती डराई ॥
तँछ्छाड् मछाड गरि साथि पछाडि राखी ।
हामीहरू हुन गञौ बनकै सिकारी ॥ ६१ ॥
श्रीको प्रताप बलले गरि डिह्लिसंशेर् ।
पैह्ला भया उपर पौचि नलाइ धेर्वेर् ॥
फर्क्याँ तहाँ उहि घरी दउडेर फेरी ।
उस्तै गरी फुरतिले प्रभु लाइ हेरी ॥ ६२ ॥
फिर्दापनी सकल लाइ जिती सरासर् ।
पैह्ला उनै हुन गया वृ.क. डिह्लिसंशेर् ॥
गेब्रील ले दउड हाल बयान ताहाँ ।
बिस्तार्गर्न्या पू.क.ज.का गइ सामु माहा ॥ ६३ ॥
श्रीपू.क.वाट पनि हाल वयान ताहाँ ।
गर्नूभयो प्रभुजिका पनि सामु माहा ॥
श्रीखूसिभै जिति लियौ भनियो हुकुंभो ।
ईश्वर्कृपा हुनगई कनयो मिलीगो ॥ ६४ ॥ *
फिर्दामा प्रभुले मिलन् सहरमा घुम्फि गरी वक्सदा ।
वाईसीकल मा चढी पुलिस चा श्रीका सँगै दौड्दथ्या ॥
गङ्गामेजर पेसकी मिलनमा आई रह्याका थिया ।
वन्दोवस्त असल् गरेर सवका दिल्देखि धन्न्यै लिया ॥ ६५ ॥

बेलूका छ बजेर नेपुल तरफ् प्रस्थान गर्दा भञौ ।
ष्टेसन्मा भिड भारि लागन गई मुस्कील ले पार्भञौ ॥
साउन् सत्र गते बिहान छबजी रेल्बाट उत्री कँही ।
शाल् टाँगी कन भोजनै हुन गयो पार्टी सहित्कै तँही ॥ ६६ ॥
फेरी रेल चढी यघार बजदा रोम्तर्फ लागी गञौ ।
साढे चार बजेर रोम् सहरमा दाखिल् समेतै भञौ ॥
रेलैबाट सरासरै रथ चढी रोम् घुम्न लाई भनी ।
पाल्नूभो सहरै थियो गजबको प्राचीन चाल्को बनी ॥ ६७ ॥
मेस्प्यासीयनले जिउन्कन जिती फर्केर आया पछी ।
थाल्या जुन्दरबार्बनाउन भनी यस्लाइ फेरी पछी ॥
सिध्याया इनकात पुत्र हरुमा कान्छा अगाडी सरी ।
सोही हेर्न सवारिभो प्रभुजिको पैह्ले वहीं सर्सरी ॥ ६८ ॥
यक्लाख् मानिस बस्न हुन्छ यसमा घर्का जहानै बनी ।
काटीया यसमै असंख्य कइदी भेडा समानै बनी ॥
योघर्को जामिनै सबै भिजिगयो तिन्कै रगत्ले गरी ।
येसैले बदनामभो महलको इन्दू विषे दाग्सरी ॥ ६९ ॥
अन्न्याई अतिमूर्ख भूपतिहरू इन्कापछी जोभया ।
तिन्कै गल्तिहुदा तयस्महलको क्यैभाग गिर्दाभया ॥
योघर्का जतिभाग भत्कनगयो त्यैकाठ पात्लेगरी ।
कैयक् रोममहा महल् बनिगयो लेखौं कतीयोघरी ॥ १७० ॥

१ माउण्टप्लेटेन्डोभित्रे ठाउँ २ इन्दु भनेको चन्द्रमा यतिठुलो राम्रो महल लाइ बदनाम् लागनु जो हो चन्द्रमा लाइ कलङ्क लागनु जस्तोहो

ताहावाट फिरेर सेन्टपिटसै भन्न्यात चर्चैमहा ।
पाल्नुभो प्रभुनाथ सोपनिथियो वीचीत्रको झन्तहा ॥
ईश्वर्लाइ खुसी गराउनभनी कोटीन खर्चैगरी ।
पृथ्वीमा जतिचर्च सुन्दरभया तिन्मध्यमा योघरी ॥ ७१ ॥
येहींचर्च सबैउपर्छ उमदा हेरेरमोहित भञौं ।
टोह्लाया झनिहेरन्या अरुपनी देखेर झन्छक्भञौं ॥
योहोंचर्च पुरानु धेरादिनको सव्देखि पैह्लापनी ।
देखिन्थ्यो अतिसाफ सुन्दरसमेत् ताडीफ लायक्बनी ॥ ७२ ॥
लम्वाई छसयेर सात फिटभै योचर्च गज्मापनी ।
चासौंमाथि छयालिसै फिटभई आकार अण्डैवनी ॥
मार्वुल्कै सवथामछन् यसमहा भैमासमेतै पनी ।
छाप्याको सवमाछ मार्वुलशिला ईश्वर्खुसी हुन्नभनी ॥ ७३ ॥
भित्तामार शिलीङमा अतिअसल् झल्कन्छ रोगन्पनी ।
धेरैछन् विरवीरका अतिअसल् सालिक्समेतै पनी ।
ईश्वर्ले सवलाइ धर्मउपदेस् गर्ना निमित्तै भनी ।
औतारै जगमा लियार हुनगो क्राइष्ट नाभैपनी ॥ ७४ ॥
इन्का शिष्यपनी ठुलाधरमको वक्ताभयाका भनी ।
भन्छन् क्रिश्चियनै जतीसवजना त्यैधर्म मार्गीवनी ॥
धातूको यउटा रहेछइनको मूर्ती वन्याको तहाँ ।
गर्छन्दर्शन क्रिश्चियन् हरुसवै आयेर गिर्जा महा ॥ ७५ ॥

१ गिर्जाघर

खान्छन् म्वाञि पनी यसै मुरतिको पाऊमहा प्रेमले ।
जान्नूयों तिरथै पनी अति ठुलो कृश्चीयनै धर्मले ॥
म्वाञीखाइ असंख्य भक्त हरुले खीयेर पाऊ पनी ।
औंलाले रहितै रहेछ आहिले राम्रै डुँडूलो बनी ॥ ७६ ॥
म्वाञी खाइ ढलोट् खियाउन तहाँ मानिस् गयाछन्कती ।
अड्कल् गर्नुहवस् बिचारि मनमा गाह्रो नमानी रती ॥
हेर्न्याका दिललाइ रहगरन्या योचर्च भारी थियो ।
हामीलाइपनी विचीत्ररुपले खूसी गराई दियो ॥ ७७ ॥
यस्देखीफिरदामहा प्रभुजिले केही किनीबक्सियो ।
फोटोग्राफरको पसल् अतिअसल् भारी सजाऊ थियो ॥
फेरीरेलचढेर सातबजदा नेपुल्स दाखिलभञौं ।
रायल् जुन्महलैथियो उसमहा बग्गीचढी गैगञौं ॥ ७८ ॥
पेस्कीकामलिई किशोरनरसिङ् कर्णेल नेपुल्समा ।
आऊदा सबलाइ सूख हुनगो बस्ताहुदी बासमा ॥
नेपुल्मा यउटा ठुलो घरथियो खाली सबै काँचकै ।
तेसैभीत्र अनेक पोखरिथिया हेर्दाअनेक् छाँटकै ॥ ७९ ॥
पानीले भरपूरछन् फटिकझै टल्कन्छ टल्टल्गरी ।
देखिन्छन् तिनमा अनेकरितका जल्का जनावर्भरी ॥
सेता लाल बदामि झारसरिका नीला सुनौला पनी ।
आकारैपनी झन् अनेकरुपका जातूजातभिन्नै पनी ॥ १८० ॥

माछाघेरतहाँ प्रसन्नमनले खेली रह्याका थिया ।
हेर्दामा दिलमा अचंभतिनले ताही गराईदिया ॥
नाङ्ला माफिकका पनी तहिथिया सर्पैसमान्का पनी ।
पाल्याका सबजातका तहिथिया हेरुनूसबैले भनी ॥ ८१ ॥
यक्जातूलाइ छुदाकटक् विजुलिझै लाग्थ्योतहात्मा अती ।
माछाकाजति जातदेखिनगयो लेखौंसबैती कती ॥
फेरीयेक अचम्मको तहिथियो आकार कूर्मैसरी ।
आठोटा सुढछन् वरीपरिगरी यक्नासका ज्यूभरी ॥ ८२ ॥
आहाराजव पक्रन्या मनगर्‍यो सुँड्देखि कालोमसी ।
छाडी पानिसबै गराइधमिलो पक्रन्छ ताँहीवसी ॥
कालो पानिमहा जनावरजसै जान्छन् नजर्वन्दभै ।
ताहीलट्पटिदा समाइसहजै चुस्छन्रगत सुद्सबै ॥ ८३ ॥
आखाटुल्टुल देखिन्या शरिरमा आकोंमुखै छैनफेर् ।
इश्वर्को महिमा अपारवुझियो देखीतहाँ जातधेर् ॥
मोजाटोपि इजार पाकिटरुमाल् जस्तोसुकैको पनी ।
धोबीलाइ धुवाउदा सकलले थानैपीछेको गनी ॥ ८४ ॥
दीनैपर्दछ येकयेक रुपिञा ज्याला सबैको तहाँ ।
येस्तोयो महगो रहेछचलनै नेपुल्सका जन्महा ॥
अठ्ठारै गत साउनै हुनगयो वार्मा शनिश्च थियो ।
निर्मल्दीन भयेर गर्मिहुनगै हैरान्गराई दियो ॥ ८५ ॥

तिन्‌दर्जा जनरल्हरूर अफिसर् वृटिस्तरफ्का पनी ।
सङ्गमालीकन पंपिआइ कहन्या घर्हेर्नलाई भनी ॥
पाल्नूभो प्रभुवग्गिमा जुनघरी वाटोसहर्को गरी ।
हेर्न्या मानिसको ठुलोभिडथियो ढाकेरवाटा भरी ॥ ८६ ॥
भिक्ष्या लायकका नभैकनपनी भिक्मागन्या वाटमा ।
धेरैमानिस देखिना कनगया नेपुल्सका हाटमा ॥
भेट्‌गर्न्या मतलव् हुन्या जनपनी जम्मा भयाका थिया ।
श्रीकोदर्शन पाइ स्वागतगरी सव्‌ले सलामी दिया ॥ ८७ ॥
केहीकाल अगाडी पर्वतफुटी निस्केर आगोठुलो ।
सारायो सहरै जलाइ धनमाल् घर्द्वार्गिरायो धुलो ॥
तेसैऔसरमा जतीगलिगया धातूमिली माट्टिमा ।
ढाक्याको यसलेछ धेरजमिनै देखिन्छ त्यैगाड्डिमा ॥ ८८ ॥
भत्क्याका घर देवलै हरु तहाँ देखी भयङ्क अंती ।
पैदाहुन्छ दया कठोर दिलमा अड्दैन मन् यक् रती ॥
पथ्थर्कै ह्रदयै भया पनि तहाँ देखी सहर्को गती ।
नौनीका सरि पग्लन्या दिलतहाँ लेखौं बिपद्‌यो कती ॥ ८९ ॥
जुन्‌वेला सहरै सवै वलिगयो त्यस्ता बखत्मा कती ।
आपत् भोगि लियाहुनन् दिलपनी विह्वल् भयोहो कती ॥
छोराछोरि खसम् पियारि घरवा दौलथ् समेतै पनी ।
यक्‌दम् नाश गराउन्या त्रिपदत्यो लेखौं म कस्तो भनी ९०

यस्तो यो रमिता भनौंकि दिलमा वैराग्य दीन्या भनू ।
हेरीसव् फिरदा मनै मलिन भो दुख्ले कतीतक् भनू ॥
साढे आठ बजाइ भोजन गरी क्यैकाल आराम् लिई ।
नीद्राका वसमा पनी परिगञौं तनूमनू प्रभूमै दिई ॥ ९१ ॥
उण्डईस दिन गैकन साउन् ।
गर्मिले गरिदियो दिल भाउन् ॥
आजकै दिन न्यपुल्स छुटीगो ।
दील दौडि घरसम्म पुगीगो ॥ ९२ ॥
वम्बै देखी गयाको जउन अघिथियो भायना नाम् भयाको ।
सोही जाहाज श्रीका चरण लिनभनी ताँहिथीयो गयाको ॥
श्रीश्रीश्री वाट वोट्मा चरण दिनु हुँदा वेलुका षट्वजीगो ।
पैह्ले धेरै वस्याको भइकन अहिले आफनै घर्समान्भो ॥ ९३ ॥
जाहाजी जति जन् थिया सवभया आफ्नै जहान्का सरी ।
लाग्यौं फर्कन आफना घरतरफ् हामी खुस्याली गरी ।
जाहाजै खुलन्या वखत् जवभयो डेक्मावसी हामिले ।
यूरोप्लाइ सलामहै भनिलिञौ वीदाइका चालले ॥ ९४ ॥
धेरैदीन विताइ फेरि जलको सप्फर्भयेथ्यो जसै ।
हावा शीतलमै वहेर शरिरै शीतल् भयो झट्तसै ॥
जाहाज् जव् जलमा जती वढिगयो फैलाउ जल्को भयो ।
आनन्दैसित यो समुद्र जलमा निद्रापरी गैगयो ॥ ९५ ॥

साउन् बीसगते विहान पवनै सीतल् भयाको थियो ।
जत्ती दीन चढ्यो उती गरामिले बिह्वल् गराई दियो ॥
प्रातैकाल महा लिपारिअइल्यान् पाहाड का मध्यको ।
अग्लोयेक शिखर्‌मंहा अतिठुलो मुस्लो धुवाँ देखियो ॥ ९६ ॥
यूरोप्‌खण्डमहा पहाड हरुमा निस्कन्छ आगो जसै ।
आस्पास्का सहरै गराउछ बिमाख् बाकी नराखी तसै ॥
कैयक्दीन अगाडि शब्द गर्दै बर्सन्छ ढुङ्गा अनी ।
कोसन्दूर तलक् गयेर गिर्न्या आगो समेतै पनी ॥ ९७ ॥
आगो निस्कन लाइ तत्पर थियो त्यस्टापुदेखी तहाँ ।
इश्वर्को करुणा हुदा बिपदती पर्दैन भोग्नू जंहा ॥
ताहाँबाट हिडेर यक्छिन पछी सिसीलि टापूमहा ।
दाखिल्‌भैकन हेरदा सवकुरा खूसीभयो दिल् तहाँ ॥ ९८ ॥
बाटो साँगुरिंदै गयो जलमहा यस्टापु देखी जसै ।
देखीया अरुका जहाज नजिकै हेर्‍यौं तमासा तसै ॥
लाटीचूरमहा जहाज पुगदा मध्याह्न कालै भयो ।
पन्ध्रैले साहितै दुईसयनटै यस्‌दीन जादोभयो ॥ ९९ ॥
पैह्लै सवलेखिना कन गयो जाहाजको हाल्‌जती ।
सोही माफिकको जहापनि भयो लेखौं ह्हौरा कती ॥
भारत् वर्ष समूद्र जोछ उसमा राम्रा हिसाब्‌ले गरी ।
केही रोग नलागि सुख्खइ सितै आयो जहाज् सर्सरी २००

१ नेपाल्मा २ इन्डीयन्‌ओसन्

आखीरी दिन दूइ मा गजबको तोफान आई तहाँ ।
लाग्यो ढल्कन धेर ढलपल गरी जाहाज् समुद्रै महा ॥
धेरै लाइ बिमारि देखिन गयो जाहाज सम्बन्धिको ।
पैह्लेता बहुतै गराइ हइरान् सब्लाइभो फे निंको ॥ १ ॥
आईल्याण्ड सकोटश नजिकमा यज्ञोपवित् धारणा ।
गर्न्याश्रावणि पूर्णिमा परि भयो यज्ञोपवित् मन्त्रणा ॥
शास्त्रोक्तै बिधिलेत धारण भयो स्नानादि कर्मै गरी ।
अब्धीको पानि पूजनै हुनगयो भारी सराजाम् गरी ॥ २ ॥*
जब जहाज अगाध जलै महा ।
हिडन लागि गयो सरस तहाँ ॥
तलतिरै अरको गगनै झनी ।
नजर पर्न गयो अति निल् तँही ॥ ३ ॥
वरिपरी अरु चीज रुखै पनी ।
नजर देखि भया त परै पनी ॥
जुन घरी दिनदो पहरै पनी ।
ढलकि मुस्किल धेर भयो अनी ॥ ४ ॥
अलिअली पवनै चलदा तहाँ ।
हडवडी बढि भो डर दिल्महा ॥
जुन थियो कपतान जहाज को ।
सकल लक्षण हेरि तुफान को ॥ ५ ॥ *

तोफानै अब आउन्या बखतभो हल्लाउला क्यै घरी ।
मन्मा इ नंलिनू हवस् सब जना बस्नूहवस् रामररी ॥
इश्वर्का भरमा हिडाउछु जहाज् राम्रा हिसाब्ले गरी ।
पार्होला सहजै सितै यस महा दौडेर झन् खर्खरी ॥ ६ ॥
संझाई यस रीतले सब कुरा कप्तान भन्दै थिया ।
हावाका बसमा परी जल उठी छाल्का पहाड् देखिया ॥
लाग्यो ढल्कन बोट ढलपल गरी छाल्का बिचैमा परी ।
जस्तो हालभयो भयङ्कर तहाँ लेखिन्छ सो योघरी ॥ ७ ॥
आयो भारि बिचीत्र शब्द गर्दै तोफान ठूलो जसै ।
पत्रैपत्र पहाड माफिक ठुला छाल् छुट्न लाग्या तसै ॥
जाहाज्मा तिनि छाल बज्रन गई फुट्ता बडो जोडले ।
कोसनदूरतलक् समुद्र जलमा ढाकीलियो फौजले ॥ ८ ॥ *
जुन्तरफ् जहाज् ढल्कदो भयो ।
उसतरफ् सबै पानिनै भयो ॥
छिन छिनै महा ढल्कन्या यता ।
छिन छिनै महा ढल्कन्या उता ॥ ९ ॥
ढलकदा तला माथिका पनी ।
कमर तक् हुन्या पोखरी बनी ॥
थुनि दियो सबै झ्याल कोठरी ।
कसिकसी किला पेच बेसरी ॥ २१० ॥

कइदिकै सरी मुन्तिरै गई ।
बसिगञौ सबै विह्वलै भई ॥
जुनदसा भयो तेस कालमा ।
कसरि लेखनू संझि हालमा ॥ ११ ॥
लहरि जल् तला माथिसम्म गो ।
सहज ले तहाँ अड्न कष्ट भो ॥
उभिन लाइ को सक्तथ्यो तहाँ ।
पलङ मेच सब् उल्टिदा महा ॥ १२ ॥
जाति चिजै थिया बैठकै महाँ ।
ति पनि देखनू ठाउमा कहाँ ॥
रुख ढल्या झञी गिर्छ कोहिता ।
मदउरू सरी हिड्छ कोहिता ॥ १३ ॥
शरिर को बलै खैंचियो सबै ।
यसइले भई अड्न मुस्किलै ॥
बरष भित्रको बालखै सरी ।
हिडनु पर्दथ्यो बाम्यनै सरी ॥ १४ ॥
पलकभ मँहा माथि गै जहाज् ।
बिजुलि झै गरी हाल्छ फेरि फाल् ॥
अरु कुरा सबै बिर्सियो तहाँ ।
फगत मन् गयो इश्वरै महा ॥ १५ ॥

जउन ठाउँहो गाइ वाधन्या ।
तहि पनीगई छाल वज्रन्या ॥
जसरि गिर्दछन् वृक्षवायुले ।
ढलि गया तहा गाइ छालले ॥ १६ ॥
हतपतै गरी सारनू पऱ्यो ।
हउस गम्भई लोटनू पऱ्यो ॥
चिज पकाउन्या काम वन्दभो ।
दिल विकल् भई खान वन्दभो ॥ १७ ॥ *
अउषधी भरपूर शिशी पनी ।
समरका भट माफिक का वनी ॥
ठकर खाइ अरू हरुको तहाँ ।
गिरदथ्या फुटथ्या लडदा महा ॥ १८ ॥
लहरिका विचमा भवरी परी ।
कँहित घुम्दछ वोट फुलै सरी ॥
लहरिका लहरी परवत् सरी ।
चहुतरफ् छुटथ्या नजिकै परी ॥ १९ ॥
कँहित वोट हिड्यो सरपै सरी ।
लहरि माथि गई कँहि वेसरी ॥
विजुलिका चमकै सरि फेर्गिरी ।
अजडको जल खाडलमा परी ॥ २२० ॥

१ लडामी २ सिपाही

कुप विषे घट झै झट बोट भो ।
फुरातिले फुलझै भइ माथि गो ॥
गिरछ फेरि तहाँ कति यो भनौं ।
कसरि छाल असंख्य तहाँ गनौं ॥ २१ ॥
शरिर झारि लिन्या गजकै सरी ।
कँहित बोट हिड्यो उहि चाल् गरी ॥
जसरि वालख हेरु खुसी भई ।
लडवडी गरछन् भइमा गईं ॥ २२ ॥
उसरि लड्वडि पात्र यताउती ।
अडिनगो सब पाक क्रिया जती ॥
जुनबखत् हिडथ्यो ढलपल् गरी ।
अडिन लाइ कठीन तही परी ॥ २३ ॥
पवनका वसमा रुख पर्नगै ।
जसरि गिर्छउसै गरि गिर्नगै ॥
पुरुष येक लड्यो जिमिमा जसै ।
उसइ माथि लड्यो अरको तसै ॥ २४ ॥
अझ तँही अरको हुरिदै गई ।
तिनत्रि माथि लड्यो उपरै भई ॥
झटपटै उठि जाउँ भनी जती ।
बलगर्‍यौं विफलै हुनगो उती ॥ २५ ॥

जिनतिनै उठि फेरि तँही लडी ।
यहि दशा हुनगो कइयेक्घडी ॥
मिलनगो जसलाइ समाउन्या ।
उहि भयो जिउलाइ वचाउन्या ॥ २६ ॥
नहित त्यो जनलाइ सकस् जती ।
परदथ्यो सहनू भनु सो कती ॥
शरिर मा वल सून्न्य भया झनी ।
हुनगयो सव लाइ कठीन् तँही ॥ २७ ॥
वमन दुस्मन आइ उही वखत् ।
हुनगयो सव लाइ तँही सकस् ॥
वमन रोकन तागत सून्न्य भै ।
नजर खोलन साहस हीन भै ॥ २८ ॥
कसइले अरुका जिउमा पनी ।
गरिलिया वमनै विकलै वनी ॥
कसइका मनमा अव वोट यो ।
डुवन लागि गया झन्नि भैगयो ॥ २९ ॥
गरिलिया तिनले शवदै पनी ।
जिउनु आहितकै भइगो भनी ॥
कसइले काठिनै भइ मन्मही ।
वहुत आँसु वहाइ लिया तहाँ ॥ २३० ॥

सकल रीतले आस मर्नगै ।
विपद्का बखत् पाउ पर्न गै ॥
समझि इष्टको रूप मन्महा ।
परिगर्‍यौं सरण् हामि सब्तह्याँ ॥ ३१ ॥ *
हावार पानि वलवान हुँदा दुवैको ।
भारी लडन्त विचवीच महा परीगो ॥
माछा समान भइ वोट समेत ताहाँ ।
साह्रै सकस् विचपर्‍यो जल मध्यमाहा ॥ ३२ ॥ *
टान्यैंडो हरिकेनई दुइ ठुला आँधी जसै आउन्या ।
वेलाभो स्वरुपै पर्नात इनको यस्चालको झट् हुन्या ॥
वादल् धेर उठेर ढाकि गगनै गाढा अध्यारो हुन्या ।
चम्कन्छन् विजुली पनी अझतह्याँ मन्मा भयै भर्दिन्या ३३
मेघैको भइ हर्वखत् गरजना हल्लाइ मन्लाइ फेर् ।
पानी पर्छ मुसल्धरे चहुतरफ् यक्नासको धेर वेर् ॥
वजै फेर्परन्या चड्याङ्ग गरदै हावा उडी वेसरी ।
उठ्छन् ताँहि ठुला असंख्य भवरी गैह्रा इनारै सरी ॥ ३४ ॥
जाहाज् पर्न गयो भन्या तिनमहा फ्याकिन्छ कोशन्परै ।
काँचै माफि फुटेर ताँहि जलमा भैजान्छ चक्नाचुरै ॥
आँधी आउँन लाइ सूचन अघी गर्मी वहूतै हुन्या ।
साह्रै शान्त समुद्रको जलभई मैदान् सरी देखिन्या ॥ ३५ ॥

यस्तो हाल भयो जसै उहिघरी तोफानको पूर्वरूप् ।
जानी दुर्विन लाइली करमहा जाहाजि कप्तानखुप् ॥
हेरी चौतरफै बहुत पर परै आँधी बुझीयो जता ।
त्यस्देखी बहुतै गरायर फरक् लैजान्न जाहाज् उता ॥ ३६ ॥
त्यस्बेला कमरै कसेर मनमा राखेर धैर्य्यै अती ।
जाहाज्का कलको भया भरसबै खोलेर वेगै जती ॥
अर्को तर्फ भगाउना कन सक्था मात्रै जहाज् बच्न्त छन् ।
भेट्टायोबिचमै भन्या झट जहाज् भौरी बिषे पर्दछन् ॥ ३७ ॥
भौरीमा परि गैगयो यदिभन्या भैगो तहीं जुग् बुडी ।
रामे हुन्छ कता कतातिर हुन्या चामे पनीमन्उडी ॥
यस्ता काल महा जहाजि कपतान् साहै हूसीयार फेर् ।
सब्काम्मा निपुणै भयेर मनमा राखन्या भये धैर्य्य धेर् ॥ ३८
बच्न्या आस हुन्या तहाँ आलि अली नाही तवचन्नू कहाँ ।
खाली इश्वरका कृपा हुनगया वाचिन्छ भौंरी महा ॥
केही रीतगरेर आँधिभवरी कोवेग् वचाऊगरी ।
यक्वाजी वाचिगै गया पनि घुमी आयेर भौंरी परी ॥ ३९ ॥
जाहाज् खैचन वल् गर्‍या पनि छली लैजान्छ फेरी जसै ।
आर्को आउछ सामुमा उहिसरी भारी तवर्को तसै ॥
आकास्मा जसरी उडेर वहरी पर्क्यौं कबूतर्भनी ।
झम्टा दिन्छ जसै कपोत पनिझन् छल्ने ख्यलाडी वनी २४०

सोही माफिकको समूद्र जलमा भौरी जहाज्को पनी।
कुस्ताकुस्तिहुन्या कसोरि सवत्यो लेखौंम यस्तो भनी ॥
साहैकष्ट सफ संमूद्र जलको मन्लाइ हल्लाउन्या।
ईश्वर्को करुणा बिना शरिरयो बच्नैत मुस्किल्हुन्या ॥ ४१ ॥
साहीला जरणेल केशर फगत् यो रोगमा बच्नुभो।
मल्लाहा सरिको भई दिन दुवै आनन्दले बस्नुभो ॥
मङ्गल्वार यकाइसै दिनगते साऊनदेखी लिई।
मङ्लैवार तिनैगते भदउतक् जाहाजि मोजै लिई ॥ ४२ ॥
टूटीकोरिन दाखिलै हुनगई जाहाज देखी तहाँ।
ऊत्री रेल चढी सवारि हुनगो आनन्दका साथमा ॥
रामेश्व पुगि ऊत्रि वक्सनु हुदा डिप्टी कमिश्नईहरू।
आई स्वागत वेस्गऱ्या प्रभुजिको विस्तार्कहाँतक्गरूँ॥ ४३॥
रामेश्व पुगि गैगऔ भनि तहाँ खूसी भयो मन् अती।
दर्शन्ले सव पाप नष्ट हुनगो वाकी नभै एक्रती ॥
भोलीपल्ट मुकाम्गरी प्रभुजिले स्नान् दान् गरी वक्सियो।
श्रीरामेश्वरका चरण्कमलमा तन्मन् दिई वक्सियो ॥ ४४ ॥*
तीर्थैमा दान दीनू वहुत फलदिन्या कीर्तिको बृक्ष जानी।
सोबृक्षै रोप्नलाई शिवसदन विषे वेसमा वेसजानी ॥
वस्त्रैको मेरु दानै गरिकन प्रभुले आफनै वाहुलीले।
पूजा श्रीरामनाथ्को गरिदकसहुदा भिक्षु नाच्या खुसीले४५

१ शिव मन्दिर

अहो शम्भो मेरो कुनघरि हजूर्का चरणको ।
भजन् गर्दा छुट्ला हरतरहको ताप मनको ॥
हजूर्का सामूमा दृढ मतिगरी काशितक गै ।
उठाई गङ्गाजल् पुगि अनि हजूर्का चरणमै ॥ ४६ ॥
हजूर्लाई अर्पण् जल गरि वहोस्भार भनिजो ।
वहाई देला सो विमल मतिमै धाम पुगिगो ॥
अनन्तानन्तैछन् भुवन भरमा थान प्रभुका ।
तिमध्ये वाहैछन् वहुत प्रिय धामै हजुरका ॥ ४७ ॥
ति वाहैमा साह्रै प्रिय हजुरको येहि थलहो ।
भनी दर्शन्गर्न्या सकल जनको पाप दुरभो ॥
छहारीमा वस्न्या हरुकन दिन्या कल्पतरुहो ।
फगत् संझ्या मन्मा दिल भरदिन्या नाथ पदहो ॥ ४८ ॥
कृपा राख्या जावस् अवत मकनै दास समझी ।
भजौं कस्तारित्ले विषय रसमानै दिल भिजी ॥
दिगम्बर्मैं भस्मै शरिरभर नित्यै घसि पनी ।
हजूर्गर्न्या ठट्टा रससित पियारी प्रियवनी ॥ ४९ ॥
हिमाचल्की छोरी सँग लिइ विरक्ती पनि हजुर् ।
मुडैको मालामै अङ्ग अति पवीत्रै पनि हजुर् ॥
महेश्वर्नाऊँमो प्रभु कसरि माङ्ने भइ भिकै ।
विचीत्रै चालाका चरित कसरी संझनु सवै ॥ ५० ॥

सदाशिव् स्वामित्का सरप हरुछन् भारि गहना।
जटाजुट्मा गङ्गा अलमलि रह्याकीत शिरमा॥
गजैको वाघैको चरम प्रभुका साथ रहन्या।
फगत् संझ्या रूपै भरजनमको पाप हरन्या॥ १॥
षडानन् लम्बोदर्सुत अनुचरै भूत गण छन्।
हजूर्देखी सारा भुवन भरका प्राणि डरछन्॥
मणीमा डल्लामा नरम पलङैमा वगरमा।
मितैमा शत्रूमा सम नजरहोस् यै जनममा॥ २॥
कसोरी खुस्पारौं प्रभु हजुरलाइ कुमतिले।
प्रभूका पाऊमा फगत शरणै पर्छु अहिले॥
जनंभर्मा येकैपटकपनि दर्शन् हजुरको।
मिलीजानू खुप्हो उपनि विनुभक्ती कठिनहो॥ ३॥
प्रातःकालविषे उठी हृदयमा ध्यानै समेतै गरी।
मन्मा भक्तिलियेर नम्र अतिभै येकाग्र चीत्तै गरी॥
पाठ्गर्ला जनजो जनम्भर सुखै भोगैगरी लोकमा।
आँधिव्याधि उपाधिले रहितभै पुग्ला परंधाममा॥ ४॥
लङ्कामा अनागिन्ति वानर फऊज् लैजान लाई भनी।
सेतू वाधनुभो जऊन उसको ढिस्का समेतै पनी॥
देखिन्छन् अझसम्म अब्धि जलमा पाहाड जस्ता कँहीं।
रामेश्वर् शिवलिङ्ग थापनु भयो श्रीरामजीले त्यहीं॥ ५॥

जङ्गल्का सव जङ्गलै नरिवलै ज्यादा फलेका पनी ।
देखीन्थ्यो अतिसून्दरै जँहितँही आनन्द दायक् वनी ॥
मङ्सीर्पूस महा जहा गरमिले टिप्पा वहूतै दिन्या ।
गर्मीताक महा जहा गरमिले ठण्डा स्वभावै लिन्या ॥ ६ ॥
ऊत्तर्दक्षिण भाग लाइ रहन्या धर्कोछ भूगोलको ।
माझैमा पटुकासरी वरिपरी सोझो सिधा चालको ॥
येसैका दुइतर्फ छन् अझ तहाँ धर्का यसै चालका ।
चारैभाग गराउँछन् पृथिविको लम्वाइकै चालका ॥ ७ ॥
मेषैमार तुलामहा जुनघरी श्रीसूर्य्य जानूभयो ।
माझैका धरकामहा उदयभै पल्तीर अस्तै भयो ॥
माघै देखि लियेर कर्कट तलक् ऊत्तर्तरफ् वढ्नगै ।
माझैको धरको जऊन्छ अरको ताँही तलक् पुग्नगै ॥ ८ ॥
फिर्दामा पनि वीचमै उदयभै दक्षिण् तरफ् ढल्कन्या ।
माघेसम्क्रम सम्ममात अरको धर्कामहा पौचन्या ॥
उत्तभागमहा उदाउनु हुँदा गर्मी उतै धेहुन्या ।
दक्षिण् तर्फ रवी वहूत परभै गर्मी कमै क्यै हुन्या ॥ ९ ॥
जैह्ले दक्षिणभागमा उदयभो गर्मी उता धेहुन्या ।
ऊत्तर्तर्फ रवी वहूत परभै जाडो असङ्ख्यै हुन्या ॥
ऊत्तर्दक्षिणका दुवै ध्रुव नजिक् जाडैछ एक्नासको ।
ढाकेकैछ सधैभरी हिँउपरी भूमी सवै पासको ॥ १० ॥

उत्तर्तर्फ उदाउदा दिन वढी गर्मी वहूतै हुन्या ।
दाक्षिण् तर्फ उदाउँदा दिन घटी जाडो असंख्यै हुन्या ॥
जाहाज् चढ्न सवारिभो जुनघरी ट्रॉली चढी तीरमा ।
भारीछत्र मगाइ डिप्टि हरुले ओढाउदा गाथमा ॥ ५१ ॥
शोभा भारि प्रकाशभो प्रभुजिको छाता विचीत्रै भई ।
डुङ्गीनै पनि खुल्नगो प्रभुजिका तिर्देखि पाऊ लिई ॥
भाद्रैका दिन चारगै तिन वजी जाहाज फेरी खुल्यो ।
मण्डापां जसलाइ भन्छ उसमा पाचै वजाई पुग्यो ॥ ५२ ॥
वङ्लोमा तँहि काँहि भोजन तयार्थीयोर भोजन् गरी ।
फेरी सातवजी सवारि कुचभो पर्देशिकै चाल्गरी ॥
भोलीपल्ट विहान सात बजदा नाग्पट्टनै पुग्नगै ।
चारौं दीनमहा पुग्यौं कलकता साहै खुसी दीलभै ॥५३॥ *
प्रन्स्पल् वटोकिसनले जति दिन् जहाज्मा
हिड्दा भया उति सवैदिनसम्म आत्मा ॥
फल्फूललेर दुदले तृपतै गराया ।
हिन्दू स्वधर्म यहिहो भनि साफ्जनाया ॥ ५४ ॥
यूरोपको सफर पूर्ण गरेर नेपाल् ।
आयेर भोजन गऱ्या इनले भुजा दाल्॥
श्रीकाशिनाथ द्विजले फलफूल खाई ।
जाहाजको सफर पूर्णगऱ्या रमाई ॥ ५५ ॥ *

कल्कत्ता पनि छाडियो नउगते दीनान्तका कालमा ।
आनन्दै दिलमा वढ्यो मुलुकको हावा पुगी रेलमा ॥
मोकामा कहिन्यात घाट नजिकै ऊत्रेर भोजन् गरी ।
दस्वज्दा प्रभुको सवारि कुचभो गङ्गासमेतै तरी ॥ ५६ ॥
श्रीका पुण्यप्रतापले सकलको विघ्नादि बाधा टरी ।
पाँच्बज्दा रक्सोल दाखिल भञौ आनन्दमङ्गल् गरी ॥
हेम्बीक्रम् करणेल आदि अमला रैती समेतै पनी ।
इष्टेशन् सव ढाकि हाजिर थिया दर्शन् गरौं झट्भनी ५७
श्रीको दर्शन पाइ स्वागत गरी सव्ले सलामी दिया ।
जोडीले मुरली महल् तरफको रस्ता समाई लिया ॥
श्रीलाई लिनलाइ हात्ति बहुतै जम्मा भयाका थिया ।
घोडा हात्ति मिली तहाँ वरिपरी रक्सोल ढाकी दिया ५८
निर्विघ्नै सित पौचनाकन गञौ आफ्ना मुलुक्मा भनी ।
जस्तो हर्ष भयो तहाँ दिलमहा लेखौं उकस्तो भनी ॥
येघारै दिनगै सवारि कुचभो विर्गन्ज देखी पनी ।
गर्मीभो दिनमा असैह्य रुपले वग्थ्यो पसीना पनी ॥ ५६ ॥
चूरेघाँटि महा विताइ घडिपाँच् टीफीन् समेतै भयो ।
सात्वज्दा प्रभुको सवारि गढिमा दाखील् समेतै भयो ॥
चीसापानि महा सितल् पवनले गर्मी हजम् गर्दिदा ।
साहैमग्न भई सुत्यौं सबजना स्रमले दवाई लिदा ॥ २६० ॥

भदउ मासको दीन बाहृ गै ।
असल दिन् थियो वीहिवार भै ॥
कुच पनी भयो प्रात काल मै ।
फयर तोपको उण्डईस भै ॥ ६१ ॥ *
मार्खूमा प्रभुको सवारि पुगदा बाहै वज्याको थियो ।
पैहृले आहि मुकामहुन्छभनि काम तामेलभयाको थियो ॥
जलपान् केहि भयापछी प्रभुजिको मन्मा विचार्यो भयो ।
आजैनै दरबारजान्छु मभनी हूकुम् तुरन्तै भयो ॥ ६२ ॥
घोडामा प्रभुको सवारि हुनगो चितलाङ तक् फेर्अनी ।
ताम्दानै अतिखुल्नगो प्रभुजिको पुष्पक् समानै वनी ॥
थाङ्कोट्मा रथ हाजिरै पनि थिया क्यैकाल आराम् गरी ।
सब्को दील प्रसन्नपारि दगुऱ्यो श्रीको रथै खर्खरी ॥ ६३ ॥
घोडाचार सफेत रङ्ग रथमा जोतेर वेस्चालमा ।
घोडालाइ चलाइ मन्द गतिले आनन्दका चालमा ॥
दर्शन् वक्सनुभो जउन् घडिमहा सोभा विचीत्रै थियो ।
भूमीमा रथमाचढेर शशिनै आयाझर्‍्री देखियो ॥ ६४ ॥
दण्डैभेदर सामदान इनले घोडा स्वरूपै लिई ।
तान्याको उदयाचलै झजिभयो वग्गी अती शोभिई ॥
तेस्माथी अङ्ग नाथका उदयले साहै खुल्याको पनी ।
दर्शन्पाइ प्रजाहरू सकलको खूसीभयो दिल् पनी ॥ ६५ ॥

काकाकुल् सरिका प्रजा उपरका मेघैसमान्को वनी ।
भोलीता प्रभुको चरण्कमलको मिल्न्याछ दर्शन् पनी ॥
वित्लारातभरेकऊन्तरहले ह्वोला उज्यालो अनी ।
लावाधूपअवीरली करमह्वा माला फुलैका पनी ॥ ६६ ॥
जाऊँला लिनलाइ लाखनप्रजा मीलेर लामै वनी ।
भन्थ्या तेहिवखत् सलामि सुनियो तोपूले दियाको पनी ॥
ऊत्साह्वा अति वढ्नगो सकलको दर्शन्मिली त्यैघरी ।
चिन्ताजो मनमाथियो सवगयो तेज्ले अँध्यारै सरी ॥ ६७ ॥
श्रीलाई जगदम्बिका भगवती रक्ष्यागरुन् वेसरी ।
भन्न्यायो सवदैपनी वढिगयो ह्वाकेर आकास्भरी ॥
कान्तीपुर्नगरी समूद्रसरिभै श्रीचन्द्र दर्शन् हुँदा ।
लाग्योहर्षजलैपनी वढनखुप् यस्माथि जस्गाउदा ॥ ६८ ॥
शब्दैनिस्कनगो समूद्रजलमा निस्क्याझन्मीनैगरी ।
माछामाफिक मानिसै खुसिभई घुम्थ्या ससम्भ्रम् गरी ॥
रामैका चरणारविन्द मनमा सम्झी सदा हर्षरी ।
नन्दीग्राममह्वा निवासगरन्या भाई भरथ्का सरी ॥ ६९ ॥
धर्मादी सवलाइ पालनगरी जस्ले जह्वा योघरी ।
वस्तामा सवरीतले हुनगयो नेपाल् अयोध्या सरी ॥
ऊस्ताश्रीचिफको सवारि हुनगो दर्शन् गरौ झट् भनी ।
दाखीलैपनी भैगयो प्रभुजिका पाऊ नाजिक्मा पनी ॥ २७० ॥

पूजा गर्न भनेर कित हरुमा फल्फूल भर्पु गेरी ।
लाया धूप अवीर बे फुलका माला लिई रामरी ॥
पूजा गर्नुभयो प्रसन्नमनले श्रीचन्द्रको जुन्घरी ।
शोभाभो रघुनाथकेभरथले पूजा गर्‍याकै सरी ॥ ७१ ॥
श्रीराम्का भरथै सरीतिमि पनी मेरा रह्याछौ भनी ।
त्यस्बेला प्रभुको हुम् हुनगयो श्रीचीफ लाई पनी ॥
येतीकाम भयापछीप्रभुजिको बैठक् बिषे राज्भयो ।
निर्बिघ्नै सित दर्शनै मिलनगै मन्को सबैताप् गयो ॥ ७२ ॥
सारा जङ्गि निजाती अफिसरै राखेर भेटी तहाँ ।
लाग्या गर्न सलाम ग्रित भई हर्षै भई मन्महा ॥
धेरैदिन् झरि लागि बादल हटी घाम् लागदा बेसरी ।
जस्तोहर्ष मनाउछन् सवजना स्वैमाफिभो योघरी ॥ ७३ ॥
निर्बिघ्नै सित फर्कि आइ प्रभुले भोजै अती मोजको ।
सारा जङ्गि निजारती अफिसरै लाई बकस् भैगयो ॥
मिष्ठाईर दही कवाप बढिया फल्फूल मेवा हरू ।
खाँदामा सबको प्रसन्न मनभो तृष्णा मिलाई अरू ॥ ७४ ॥
बक्सिस्भो अधिराज बाट पनिभोज् लण्डन् गयाका जती ।
सब्लाई प्रियले अनेक पारिका चिजबिज् कतीहुन् कती ॥
कम्म्याण्डरइनचीफ लेर अरुले भोज् खुवाउनुभो अनी ।
आनन्दै बहुतै मनाइ सबको खुसीभयो दिलपनी ॥ ७५ ॥ *

यसरि प्रभुजिले खुप् साहसै राखि मन्मा ।
मनकन पनि पारी कोमलै रैति जन्मा ॥
सहिकन अतिकष्टै गर्नुभो जुन् सफर्यो ।
कसरि सकललेखौं वर्णनै कामसव्को ॥ ७६ ॥ *
निमक्कोत सोझो चितायेर मन्मा ।
अती प्रेमराखी स्वजन्मै भुमीमा ॥
मिली भाइवन्धू इलम् भारि गर्दा ।
खियीजान्छ पाथी धनै नीत्य भर्दा ॥ ७७ ॥ *
यसइले मत भन्छु इलम् सरी ।
अरु रहेनछ केहि मुलुक् भरी ॥
विनु इलम् धन हुन्न कसै गरी ।
इलमिको धन हुन्छ घरै भरी ॥ ७८ ॥
भगवती पदको शरणै परी । गरनुपर्दछ ऊद्यम वेसरी ॥
नगरि ऊद्यम सिद्ध हुदैनक्यै । गरिलिया नहुन्यापनि छैनक्यै ॥
गरछ ऊद्यमजो उसलाइनै । मिलछ साहस माफिकको धनै ॥
दइव दिन्छ भनीकनै काथरै । जनरहन्छ सँधै उसका भरे ८०
दइवलाइ जिती पुरुषार्थले । इलमि भर्छ घरै सव अर्थले ॥
वहुत कष्टगरीकन काम् उसै । रहिगयेछ भन्यापनि झन्तसै ॥
करमलाइ नठोकि मुढैसरी । कउनकाम चुक्योभनि वेसरी ॥
गरनुपर्छ विचार अझैतहाँ । सहज सीद्धहुदैन कुनैमहा ॥ ८२ ॥

जनम मुलुक प्रेमी ले दोसि भाई ।
नजर गरनुहोला सयो ग्रन्थ लाई ॥
भनिकन गरिलीजा ोकवद्धै सफकों ।
टपटप टिपि वार्ता फना बुद्धिभकों ॥ ८३ ॥ *
पशुपती पदको शर परी ।
गरछु विन्ति अरू उ यो घरी ॥
प्रभुजिको किरती ति दिन् बढोस् ।
धरम पालकभै कनाम् चलोस् ॥ ८४ ॥ *
सारा गोर्खालिभाई हुत खुसिभई नाथको किर्ति गाई ।
दिन् दिन् आनन्दमङ्ल गरिकन सुखले दिन् विताउन् रमाई ॥
विष्णूकैअम्सराजा झिकन जसले येसको पाठ गर्ला ।
उस्काआपत् जतीछ सहजासितसवै ईश्वरै साफहर्ला ॥ ८५ ॥
पन्थेभाइहरू जती कलको आपस्महा प्रेमभाव् ।
यावत् जीवन वन्धभैइरहोस् दीलैपनी साफसाफ् ॥
आफ्नूजन्म मुलूकम अधिकप्रेम् फेआँफना भूपमा ।
भक्ती येकरती समेत्नटुटोस् सब्को सदा ालमा ॥ ८६ ॥
यूरोप्को अतिलायकैसफरले झन्दृढ़भयो योकुरा ।
ऊद्योग्ले भइ उन्नती मुलुकको हुन्छन् सुखी जन् पुरा ॥
येसैऔसरमा सवैजामिली जोडेर हातै पनी ।
हेईश्वर्महराजको जा हवस् आयू वढोस् धेभनी ॥ ८७ ॥

येकै मूख गरी भनौ सकलले ईश्वर्पुकार गरी ।
धेरैकाम असल् मुलुक निमती जस्वाट भै हर्घरी ॥
जस्ले पैदल चारधाम अघिको तिन्पल्ट है गरी ।
रेलैको पइदा भयापछि पनी आकौं पट रांररी ॥ ८८ ॥
लाखन् ब्राह्मण साधु लाइ जसले मिष्टान्नले खुस्गरी ।
काजी हेमदलै भनेर चतुरा प्रख्यात् भय देस्भरी ॥
जस्ता रित्सित धर्म आर्जन गऱ्या उस्तै हिसाव्ले गरी ॥
राजा लाइ रिझाइ आर्जन गऱ्या येथार्थ धर्मै गरी ॥ ८९ ॥
जस्को आर्जन हामिलाइ अझतक् घर्खर्चको येकभाग् ।
मद्दत् साफ दिंदैछ हेमदलको चल्दैछ नम् धन्न्य भाग् ॥
धर्मैका फलमाफि पुत्रिर सुतै चार्चा भय तिन्महा ।
कान्छा केशरसिंह सिंह सरिका वीरै भय जो ञहा ॥ २९० ॥
कम्याण्डर्करणेल मान मिलिगो जस्लाइ नाथ् खुस्भई ।
धर्मैमा जसका गया दिन विती योगीसमानै भई ॥
चातुर्य्यै वल धैर्य्य धर्म इ जती पीत्री पि गुण् थिया ।
तिन्को एक शतांश तक् गुणपनी मैमा कमै भैगया ॥ ९१ ॥
कंम्याण्ड कंरणेल डिल्लिसमशेर् थापा भनी येसको ।
कर्ता जान्नुहवस् महाशय हरू सेवक् सदा नाथको ॥
वारंम्वा कंरजोरि विन्ति गरछू अत्यन्त नम्रै भई ।
लेख्दाको उचनीच माफरहला मैमा दयलू भई ॥ ९२ ॥

बिन्ती महाशय हरूसित गर्छु फेरी ।
झीजो नमानि यसलाइ समग्र हेरी ॥
यस्ठाउमा यति चुकेछ भनी सच्याईं ।
दीनूभया अझ मत बहुतै रमाई ॥ ९३ ॥
धन्न्यै दियेर अरको[illegible] छपाइ माहा ।
सोही बमोजिम तयर् गरन्याछु वाहाँ ॥
छन्दै मिलाउन बनायर रस्व दीर्घै ।
दीर्घै पनी काहि बनायर साफ रस्वै ॥ ९४ ॥
जोडी लिझा अडवडै गरि अल्प ज्ञानूले ।
मात्रा वमोजिम गरि [illegible] यसलाइ सवूले ॥
भन्नूभया दिरघ [illegible]स्व विचार राखी ।
गड्वड् हुन्या छइन [illegible] छन्द विषे कदापी ॥ ९५ ॥
रोग्ब्याध् केहि न[illegible]ागि खूप वलवान् सम्पूर्ण प्राणी हउन् ।
वेसै देखिलिउन् भ[illegible] सुनिलिउन् निर्धन् धनी खुप् हउन् ॥
छोरा नाति पनाति[illegible]ले सहित हुन् उद्योगिनै सव् हउन् ।
गौरी शङ्करको उपती[illegible]सक भई दिर्घायु साग[illegible] हउन् ॥ ९६ ॥

इति यूरोपयात्रा समाप्तम्



ति
कं
कत
वांस
लेखद

अशुद्ध	द्ध		पङ्क्ती				
प्रस्थान का				भनि	भनी	१६	१
पाचूलाइजिती	पाचूलाति	२	११	बस्नलाइ	बस्नलाई	१६	३
बजरयोगिनी	वजरयो	४	१६	सिद्धिइ	सिद्धिई	१६	१२
उपर	उपर्	४	१६	पाल्नु	पाल्नू	१७	१६
हजुर	हजुर्	४	१६	ताहाँ	तहा	१७	२०
उपर	उपर्	४	१८	लेफ्टेनेन्टवाइली	लेफ्टेनवइली	१९	३
नजर	नजर्	४	१८	साहबस्मेत्	साहेबसमेत	१९	४
चल्नु	चल्नू	५	४	महाराज	महराज	१९	११
बसि	बसी	६	११	सिक्रटरी	सिक्यटरि	१९	१८
गाऊँ	गाउँ	८	११	जङ्गिपोसाक	जङ्गिप्वसाक	२०	२
भाइ	भाई	९	१५	यकूढुइ	यकूढि	२०	६
अगाडि	अगाडी	९	१	स्वधर्म	सोधर्म	,,	१२
केहि	केही	७	१६	महाराज	महराज	२१	२०
ओह्रालो	वह्रालो	८	१	सेक्रेटरी	सेस्यटरी	२२	१०
वाइलि	वइलि	६	१४	जाहाज	जहाज	२३	१६
महाराज्को	महराज	,,	१७	माहाराज	महराज	२४	१०
महाराज्को	महराज	१०	७	,,	,,	२४	१७
,,					समुद्रकाण्ड		
	,,	,,	९	मरीचमानसिङ	मरीच्मानसिङ्	२	६
,,	,,	,,	१०	ड्राइभर	ड्रइभर	२	२०
,,	,,	"	१५	ड्राइभर्हरूले	ड्रैभर्हरूले	३	१
लेफ्टेनेन्टवाइली	लेफ्टेने	,,	२०	जाहाज्	जाहाज्	४	१०
थिय	थिया	११	१७	भाहा	महा	४	११
माहाराज	महरा	११	२०	ड्राइभर्हेरु	ड्रैभर्हेरु	५	१८
ड्राइभर	ड्रैभर	१४	४	कामलाइ	कामलाई	५	१८
फेफागिरी	फेफर्गी	४	५	खनुपीनु	खानुपीनू	८	१
सवमा	सवमह		१२	दूइ	द्वी	६	२
देखि	देखी	१	१२	किताप	कीताप	९	३
पाल्नुभो	पाल्नूभे		१३	पढनु	पढ्नू	,,	५
येति	येती	१	४	...देव	मध्य...	१५	२०
शोभिइ	शोभिई	१५	७	...ग्नोलि	सिग्नलि	१६	१४
हेदार्मा	हेर्दाभा	,,	९	...ीग्रफर	व्यलीग्रफर	,,	२०
इस्मोकिङ्रुं	इस्मोकिङ्रूप		१२	...नियेर	इनजिनर	३३	१
तमाखु	तमाखू		१४	ले...	लेफ्टेन्	२...	

तँहिनै	तँहीनै	२८	६
पाल्नुभो	पाल्नुभो	२६	५
पाल्नुभो अरूपनी	पाल्नुभोअरुपनी	२४	१४
निम्तीको	निम्तिको	४१	१६
ढुलै	ढूलै	४२	१६

लण्डन् काण्ड

प्राइभेट	प्रैभेट	२	१८
देखि	देखी	३	१३
भिक्टोरीया	भिक्टोरिया	५	२
सव	सय	५	२०
लाई	आई	६	१
दिया	दीया	६	५
लिइ	लिई	८	१९
यक्कै	येक्कै	१०	१३
नाउँ	नाऊँ	१२	४
थिया	थीया	१५	५
एक्जीवीसन	एक्जिबीसन	१५	१५
अघिपछि	आघिपछी	१७	१३
हरन	हेरन	१७	१७
गंती	गन्ती	२१	१०
देखि	देखी	२७	१७
माथी	माथि	३१	१२
हेन	हेर्न	३२	१
यस्लाइ	यस्लाई	३८	८
बाँधूबर्झेट्झटी	बाँधूबेर्झेट्झटि	४२	२
मनमाफि	मनमाफि	५१	१४
कुस्ति	कुस्ती	५३	२१
थियो	थीयो	५४	१
दखिन्	दक्षिण्	५६	१
पूरान्	पुरानु	५७	६
रमीता	रमिता	५७	२१
अरू	अरु	५८	७

उतारी	उतारि	५८	
स्पन्ट	स्यन्ट	५८	१२
झल्कन्या	ढल्कन्या	६६	७
दरवी	देरवी	६५	१७
डिल्लीमशेर	डिल्लिसमशेर	७३	१६
चारलसफे	चारलसफेर्	७४	१
न्छव्	न्छन्	७७	१७
टाली	टालि	८०	५
टफीन्	टीफीन्	८५	१६
हूल	दिन	८७	९
थरको	ढारहो	९०	१७
हमीहामिप:	हामीहामिमहापनी	९३	४
न्नु	जान्नू	९७	१०
नीमन्मा	मनितहामन्मा	१०१	१७
केसार	कीसोर	१०३	१०
मइ	मई	१०३	१५
डुलन्बर	डुवन्बर	११०	७
हादा	रहदा	१११	८
मइ	मई	११२	२
अलिअलि	अलीआलि	११८	१२
सलगि	सलागि	११९	१९
हुन्या	हुन्या	१२०	३
भीडे	भिडे	१२३	२०
बजाइ	बजाई	१२४	४
लेडिके	लेडीके	१२७	५
खुसी	खुसि	१२८	१२
देव	दाव	१३१	७
रानी	रानिको	१३२	३
निष	निष्ठुर	१३३	७
साप	साफ्	१३३	१८
प्रभ	प्रभू	१३६	४
सफ्	सफ्येरट्	१३८	१६
यडे	यडवडे	१३९	५
कुत	कुला	१३९	९

[illegible]	दूइ	१४०	११
[illegible]दार्मा	हेर्दामा	१४०	१६
[illegible]ाउँ	वढाऊँ	१४०	२०
[illegible]तिपाती	लेतिपाति	१४१	१४
[illegible]हि	कहीं	१४२	[illegible]
[illegible]	लिइ	१४२	[illegible]
[illegible]ासरमा	औसरमाहा	१४२	[illegible]
[illegible]तछु	लेस्तछु	१४४	[illegible]
[illegible]व	जीव	१४६	[illegible]
[illegible]	फश्च	१४९	[illegible]
[illegible]व	पुरव	१५०	[illegible]
[illegible]नहो	सदैनहो	१५[illegible]	[illegible]
[illegible]जुरको	अवहजुरको	१५[illegible]	[illegible]
[illegible]	छाडेन	१६[illegible]	[illegible]
[illegible]ागी	वारिपारी	१[illegible]	[illegible]
[illegible]नैछिल्बीली	बाहीरमैछिलिली	१[illegible]	[illegible]
[illegible]ी	गुडुलिकि	[illegible]	१६
[illegible]न्द	चिदानन्द	[illegible]	१२
[illegible]क्तीको	शिवशक्तिको	[illegible]	६
[illegible]	योगि	[illegible]	८
[illegible]	आफू	[illegible]	१
[illegible]र्छु	पर्छु	[illegible]	१३
[illegible]गर	सरग	[illegible]	११
[illegible]थिविमा	पृथिवीमा	[illegible]	१८
[illegible]याको	गयाको	[illegible]	६
[illegible]ल	फुल	[illegible]४	११
[illegible]घारे	यघारे	[illegible]६	१७
[illegible]सैको	यसको	[illegible]००	१६
[illegible]फरि	फिरी	[illegible]०३	१३
अघाई	अघाइ	२०३	१५
तिच्लाई	निच्लइ	२०४	८
सर्चाल्स्	सर्चाले	२०५	४
पनि	पनी	२०[illegible]	३
[illegible]	भीलाई	२०६	६
[illegible]न	चार्दीन	२०९	२१
[illegible]	हेरु	२११	३
[illegible]ो	गईगो	२११	२६
[illegible]गराऊँ	नगरगराऊँ	२१२	७
[illegible]हिले	पहीले	"	८
[illegible]ा	मेरो	२२२	२२
[illegible]ाहि	सोही	"	१२
सब्लाइ	सब्लाई	२२३	३
येडिन्वहा	येडिनवरा	२२६	१४
ग्रिहास्थि	गृहस्थि	२३४	३

प्यारिस काण्ड

प्यारी	प्यारी	१	३
घेरै	धेरै	३	१०
पुरागरी	पूरागरी	६	१२
बिचा	विचार्	१२	४
भर्न	भर्न	२२	१
पाल्नुभो	पाल्नुभो	३५	२२
छुन्तरफ	छुनतरफ	४२	६



This PDF you are browsing is in a series of several scanned documents containing the personal colleciton of Jagannath Bhattarai ji from Kathmandu, Nepal.

CV:

Jagannath Bhattarai
Date of Birth: 31 December 1960
Place of Birth: Kathmandu, Nepal
Address: Nagarjun (Ramkot), Kathmandu

Educational Qualifications
Bachelor of Science (B.Sc.) – Major in Biology
Master's Degree – Sociology & Anthropology
Shastri (Ongoing) – Balmiki Vidyapeeth

Professional Experience
Government School Teacher (Madhyamik Pratham Shreni)
Taught at Secondary Level (Madhyamik)
Taught at Higher Secondary Level (Uchcha Madhyamik)
Served as Head Teacher
Led academic and administrative development
Strengthened institutional performance and student outcomes

Areas of Interest
Sanskrit Vyakaran
Spiritual & Philosophical Studies
Educational Leadership

Digitization by eGangotri Trust
Funding by MIDF, New Delhi